# परिच्छेद एक

# शोध परिचय

## १.१ शोध शीर्षक

नेपाली साहित्यमा भक्तिधाराको विश्लेषण ।

## १.२ शोधार्थीको पूरा नाम

प्रमिला कुमारी रजौरे

महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज (नेपाली स्नातकोत्तर विभाग)

## १.३ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायतर्फ महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ प्रस्तुत ।

## १.४ शोधसमस्या

नेपाली भाषाको विकाससँगै धेरै कविहरुले साहित्य साधना गर्दै आएका छन् । ती व्यक्ति प्रतिभाहरुको परिचय, काव्य परम्परा र काव्यात्मक प्रवृत्तिहरुको पहिचान तथा कविताकाव्यको मूल्याङ्कन यथेष्ट मात्रामा हुन पाएको छैन । नेपाली साहित्यको भिन्नभिन्न कालमा विभिन्न प्रवृत्तिका कविताकाव्यको रचना भएको पाइन्छ । ती मध्येको एक काल भक्तिकाल हो र भक्तिप्रधान कविताकाव्य यस चरणका प्रमुख साहित्यिक रचना हुन् । नेपाली साहित्यमा भक्तिकालीन कविताकाव्यको अध्ययन विश्लेषण गर्ने जमर्को नभएको होइन यस कालको जति महत्व छ, त्यसको तुलनामा कम भएको पाइन्छ । भक्तिकालीन नेपाली साहित्यको पृष्ठभूमि कस्तो थियो ? भक्तिधाराका के कति उपधारा थिए ? काव्यात्मक परम्परा र कविताकाव्यका प्रवृत्तिहरु के कस्ता थिए ? भक्तिकालीन काव्यपरम्पराका विशिष्ट कवि को थिए र काव्यकृति के थियो ? भक्तिकालीन कविताकाव्यले नेपाली साहित्यमा के कस्तो योगदान दियो ? भन्ने जस्ता

समस्याहरुको स्पष्ट र सुव्यवस्थित अध्ययन विश्लेषण गर्नु नै यस शोधपत्रका प्रमुख विशेषताहरु रहेका छन् । यिनै आधारभुत समस्याहरुलाई लिई भक्तिकालीन कविताकाव्यको विश्लेषण र प्रवृत्तिको समग्र अध्ययन प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.५ शोधपत्रको उद्देश्य

यस शोधपत्रका तल देहाय बमोजिमका उद्देश्यहरु रहेका छन् :

(क) नेपालीहरुमा मानसिक चोट पुऱ्याउने गरी गरिएको सुगौली सन्धि वि.सं. १८७२ पछिदेखि माध्यमिक काल/श्रृङ्गार कालको प्रारम्भ हुनुपूर्व (वि.सं. १९३९) सम्म करिब सात दशकको भक्तिकालीन काव्यधारा के कस्तो थियो भन्ने बारे केलाउने,

(ख) भक्तिकालीन कवि व्यक्तित्वहरुले नेपाली साहित्यमा पुऱ्याएको योगदान बारे चर्चा गर्ने,

(ग) भक्तिकालीन विशिष्ट कवि व्यक्तित्व तथा काव्यकृतिको निरुपण गर्ने,

(घ) नेपाली साहित्यमा भक्तिकालीन कवि तथा काव्यकृतिको स्थान निरुपण गर्ने,

(ङ) भक्तिकालीन काव्य प्रवृत्तिहरु स्पष्ट्याउने,

(च) भक्तिकालीन कवि व्यक्तित्वहरुको परिचय दिने,

(छ) समग्रमा भक्तिकालीन कवितकाव्यले नेपाली साहित्यमा पुऱ्याएको योगदानको अध्ययन एवं विश्लेषण गर्ने ।

## १.७ शोधपत्रको सीमाङ्कन

नेपाली साहित्यको पूर्वमध्यकाल/भक्तिकाल र यसको पृष्ठभूमि भक्तिकालीनकाव्यको विश्लेषण, कविव्यक्तित्व, काव्यात्मक प्रवृत्तिहरु, विशिष्ट कवि प्रतिभा, विशिष्ट काव्यकृति र भक्तिकालीन कविताकाव्यको मूल्याङ्कन गर्नु नै यस शोधपत्रको क्षेत्र वा सीमा रहेको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

भक्तिकालीन कवि र कविताका बारेमा कलम चलाउने परम्परा धेरै लामो भएको छैन । जेजति प्रयास भए त्यसको समीक्षा गर्ने प्रयास यहाँ गरिएको छ ।

सुवानन्ददासले नेपाली साहित्यमा प्रथम कविका रुपमा परिचित हुने मौका पाएका छन् । वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, केशवप्रसाद उपाध्याय, गणेशबहादुर प्रसाई, ठाकुर पराजुली जस्ता अनुसन्धानकर्ताहरुले विभिन्न खोज तथा अनुसन्धान पश्चात् सुवानन्ददासलाई प्रथम कविका रुपमा उभ्याएको पाइन्छ । आजसम्मको नेपाली भाषामा प्राप्त सबैभन्दा पहिलो कृति (कविता) को रुपमा परिचित हुन पुगेको वि.सं. १८२६ तिर रचना गरिएको भनिएको सुवानन्ददासको 'पृथ्वीनारायण' शीर्षकमा रचित कविता नै हो । यो क्रम अर्थात् वीर भावनाले युक्त भएर कविता लेख्ने प्रक्रिया वि.सं. १८२६ देखि वि.सं. १८७२ सम्म

प्रवल रहेको पाइन्छ । वि.सं. १८७२ सालमा भएको सुगौली सन्धि पश्चात् नेपाली जनमानसमा युद्धप्रति घृणा भाव उत्पन्न भएको देखिन्छ । यसको परिणाम स्वरुप युद्ध वीरहरुको प्रशंसागान गर्ने प्रक्रियाको अन्त्य भई अलौकिक शक्तिमाथि विश्वास गरी हृदयलाई शान्त तुल्याउन भक्तिपरक कविताहरु लेख्ने काम गरियो । यद्यपि नेपाली समाजमा सुरुदेखि नै अर्थात् प्राचीन समयदेखि नै आफ्ना आराध्यदेव तथा देवीको पूजाआजा गर्ने प्रचलन रहेको पाइन्छ । जुन आजसम्म पनि कायमै छ । पहिलेदेखि नै (प्राचीन समय) सुषुप्तावस्थामा भए पनि मानिसका मनमा अलौकिक शक्तिमाथिको श्रद्धाभाव कायमै रहेको पाइन्छ । । वि.सं. १८७२ को सुगौली सन्धि पश्चात् सो सुषुप्तावस्थामा रहेको भक्तिभाव सक्रियताका साथ कविता काव्य मार्फत प्रष्फुटन मात्रै भएको हो । त्यो प्रष्फुटनका लागि सुगौली सन्धिले नेपाली हृदयमा पुऱ्याएको चोट मूल कारक तत्व बनेको पाइन्छ । यसरी आफ्ना आराध्य देवदेवीप्रति नतमस्तक भई कविता रचना गर्ने क्रमले वि.सं. १८७३ देखि करिब सातदशक अर्थात वि.सं. १९३९ सम्म निरन्तरता पायो । यसै अवधिमा रचना गरिएका भक्तिपरक कविता काव्यलाई आधार मानी नेपाली साहित्यमा पूर्वमध्यकाल/भक्तिकालको भक्तिधारा भनी आङ्कलन गरिएको छ ।

डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लिखित 'नेपाली साहित्यको संक्षिप्त इतिहास' ( वि.सं. २०४६, तृतीय संस्करण) मा "जनमानसमा थेग्रिरहेको डरको भावनालाई पखाल्ने काम भक्तिकालका कविहरुबाट अत्यन्त इमान्दारी र धैर्यका साथ भएको छ । डरबाट मुक्ति पाउने उपायका रुपमा कविहरुले जनतालाई ईश्वर भक्तिको बाटो निरन्तर देखाउँदै रहेको पाइन्छ । सबैजसो कविहरुले ईश्वरको शरणमा जाने अनि उनैले रक्षा गर्छन् भन्ने भक्तिवादी काम गरिएको छ । डा. दयाराम श्रेष्ठको अर्कै कृति 'नेपाली साहित्यका केही पृष्ठ (वि.सं. २०६३ पाँचौ संस्करण) कृतिमा भक्तिकालको निर्मितका कारणहरुका साथै पृष्ठभूमि, उपलब्धी र योगदानका बारेमा भने सामान्य जानकारी प्रस्तुत गरिएको छ । गणेशबहादुर प्रसाईले 'सुवानन्ददासदेखि राजीवलोचनसम्म' (वि.सं. २०६४ दोस्रो संस्करण) कृतिमा नेपाली साहित्यमा भक्तिधाराको प्रभावलाई प्रस्तुत गरेका छन् । यिनले यस कृतिमा पूर्वप्राथमिककालका कविताहरु भानुभक्त आचार्य, यदुनाथ पोखऱ्याल, वसन्त शर्मा र ज्ञानदिलदास र उनीहरुका कविताकाव्यको बारेमा जानकारी दिइएको छ । त्यस्तै डा. केशवप्रसाद उपाध्यायको प्राथमिककालीन कविता र काव्यप्रवृत्ति (वि.सं. २०६४ दोस्रो संस्करण) कृतिमा नेपाली साहित्यमा भक्तिधाराको प्रभावलाई प्रस्तुत गरेका छन् । यिनले यस कृतिमा पूर्वप्राथमिककालका कविताहरु भानुभक्त आचार्य, यदुनाथ पोखऱ्याल, वसन्त शर्मा र ज्ञानदिलदास  र उनीहरुका कविताकाव्यको बारेमा जानकारी दिइएको छ । त्यस्तै डा. केशवप्रसाद उपाध्यायको प्राथमिककालीन कविता र काव्यप्रवृत्ति -वि.सं. २०६० चौथो संस्करण) कृतिमा धार्मिक काव्यअन्तर्गत निर्गुणभक्तिकाव्य र सगुण भक्तिकाव्यका प्रेरणास्रोत र परम्परालाई प्रस्तुत गरिएको छ । निर्गुण भक्तिधारा अन्तर्गत जोसमनी र तिनका मान्यतालाई प्रस्तुत गर्ने क्रममा ज्ञानदिलदास र उनका काव्यकृतिको विश्लेषण गरिएको छ । यसैगरी यसैअन्तर्गत सगुण भक्तिकाव्यअन्तर्गत रतिभावरहित कृष्णभक्तिकाव्यमा, यदुनाथको

योगदान, त्यस्तै वसन्त शर्मा र उनको काव्यप्रवृत्ति, रतिभावरहित कृष्णभक्तिकाव्यमा पतञ्जलीको योगदान, श्रृङ्गारमुखी वा रतिरागपूर्ण कृष्णकाव्यको चर्चा गरिएको छ । त्यस्तै इन्दिरस, विद्यारण्यकेशरी, हीनव्याकर्णी विद्यापतिको परिचयका साथै उनका कविताकृतिको चर्चा गरिएको छ । रामभक्ति अन्तर्गत भानुभक्त, रघुनाथ, पतञ्जलीका काव्यप्रवृत्तिको चर्चा गरिएको छ ।

भक्तिरस प्रधान कविताकाव्यका बारेमा विभिन्न विद्वानहरुले आफ्ना मत प्रस्तुत गर्ने गरेका छन् । उनको नेपाली साहित्यको परिक्रमा (वि.सं. २०५६ दोस्रो संस्करण) मा उनीले भक्तिसाहित्यको पृष्ठभूमि र त्यसको पूनर्मूल्याङ्कन गरेका छन् । त्यस्तै यसमा यदुनाथ पोखऱ्यालको भावधारा, नेपाली साहित्यका प्रथम अधिष्ठाता भानुभक्त र उनको रामकथा आदिको बारेमा उल्लेख गरिएको छ । उनले भक्तिसाहित्यको पृष्ठभूमि उल्लेख गर्ने क्रममा हाम्रो आरम्भिक भक्तिकाव्य सिलो खोजे जस्तो दूर्बल र स्वल्प सीमित पनि छ । जहाँ त्यो चोट ( सुगौली सन्धिको चोट) र जातीय स्वाभिमानी अटाउनु त्यति सम्भव देखिन्न । सुगौली सन्धिको घाउलाई भानुभक्तसम्म पुऱ्याउनु हाँस्यास्पद हुन्छ भनी उल्लेख गर्दै "वास्तवमा नेपाली भक्ति साहित्यको प्रादुर्भावको मुख्य कारण तत्कालीन राजनैतिक घटनाचक्र हाम्रो आफ्नो धार्मिक, शैक्षिक र राजनैतिक परम्परा नै यसको मुख्य कारण थियो ।" भन्ने मत जाहेर गर्दछन् । नेपाली भक्ति साहित्यको पृष्ठभूमिको बारेमा आफ्नो मत जाहेर गर्ने क्रममै पराजुली जोडदार सित यो पनि भन्दछन् । "नेपालको भक्ति साहित्य भक्तिभावको तन्मयता वा भावमयताको साहित्य नभई धार्मिक तथा पौराणिक आख्यान र कथा काव्यकै समष्टि नाम हो । "यस कृतिमा पराजुलीले भक्तिकालीन कविहरुको परिचय तथा कविताकाव्य प्रवृत्तिका बारेमा प्रकाश पारेका छन् । त्यसैगरी कृष्णविलास पौड्यालको 'नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना' (वि.सं. २०६०) कृतिमा सगुण भक्तिधारा अन्तर्गत् कवि र उनका कृति तथा निर्गुण भक्तिधाराअन्तर्गत सन्त कविहरुको उल्लेख गर्नुको साथै वसन्त शर्मा, यदुनाथ पोखऱ्यालको पनि उल्लेख गरिएको छ ।

भक्तिधाराअन्तर्गत्का कवितकाव्य र कविका बारेमा अनुसन्धान गर्ने अनुसन्धानताहरुमध्ये बालकृष्ण पोखऱ्याल, जनकलाल शर्मा, कमल दीक्षित, ईश्वर बराल, भागवत आचार्य, डा. रामनाथ ओझा र मधुसुदन गिरी, मोहनराज शर्मा, खगेन्द्र लुइँटेल आदिले नेपाली साहित्यको पूर्वध्यकाल/भक्तिकालका मूलधाराअन्तर्गतका कवि र काव्यका बारेमा विभिन्न लेख रचना प्रकाशित गरी अध्ययन विश्लेषण गर्ने प्रयास गरेको पाइन्छ ।

नेपाली साहित्यको इतिहास लेख्ने क्रममा विभिन्न विद्वानहरुले नेपाली साहित्यमा पूर्व-मध्यकाल । भक्तिकालको योगदान र स्थान निरुपता गर्दै भक्तिकालीन कवि र कविताका बारेमा सामान्य चर्चा गरेका छन् । यस्ता कृतिहरुमा तारानाथ शर्माको 'नेपाली कविता भाग- ४, ठाकुरप्रसाद पराजुलीको 'नेपाली साहित्यको परिक्रमा' बाबुराम आचार्यको 'पुराना कवि र कविता' आदि मुख्य देखिन्छन् । यी कृतिहरुबाट भक्तिकालीन कविता, काव्य, कवि व्यक्तित्व,

काव्य परम्परा, काव्य प्रवृत्ति, भक्तिकालीन सर्वश्रेष्ठ कवि व्यक्तित्व काव्यकृतिका बारेमा पूर्ण परिचय पाउन अलि अप्ठ्यारो देखिएको छ । प्राय : सबै कृतिहरुमा नेपाली साहित्यमा देखापरेको भक्तिकाललाई छुट्टै कालका रुपमा निरुपण गरी स्थान नदिइएको पाइन्छ । नेपाली कविता इतिहासको चर्चा गर्ने क्रममा भक्तिकालको साङ्गोपाङ्गो अध्ययन एवं विश्लेषण मात्रै भएको देखिन्छ । त्यसको आंशिक पूर्ति गर्ने उद्देश्य अनुरुप यो शोधपत्र तयार गरिएको छ ।

## १.८ शोधविधि/पद्धति

प्रस्तुत शोधपत्र तयार गर्दा पुस्तकालीय शोधविधि अपनाइएको छ । यो विश्लेषणात्मक शोधपद्धतिलाई आत्मसाथ गरी तयार पारिएको छ । आंशिक रुपमा ऐतिहासिक तथा वर्णनात्मक शोधपद्धतिलाई पनि स्थान दिइएको छ ।

## १.९ अध्ययनको औचित्य, महत्व र उपयोगिता

पूर्वमध्यकालीन नेपाली कविताको भक्तिधारा अन्तर्गत कविताकाव्य, कवि व्यक्तित्व र तिनका प्रवृत्तिका बारेमा खोज तथा अनुसन्धान हुँदै नभएको होइन । प्राय : विद्वानहरुले समग्रमा भक्तिधारा र वीरधारालाई सँगसँगै राखी प्राथमिक कालअन्तर्गतका छुट्टाछुट्टै धारा भनी छोटकरीमा अध्ययन एवं विश्लेषण गरेका छन् । पूर्वमध्यकालीन भक्ति साहित्यको अध्ययन एवं विश्लेषण गरी तयार पारिएको यस शोधपत्रमा चोखो रुपमा भक्तिकालीन कविहरु, काव्यकृति र प्रवृत्ति, भक्तिकालीन विशिष्ट कवि प्रतिभा र काव्यकृतिको मात्र परिचय दिइएको छ । विद्वानहरुलाई थप पूर्ति गर्ने उद्देश्यले यो शोधपत्र तयार पारिएको छ । यो शोधकार्य नवीन ज्ञान प्राप्तिका लागि नभई पूर्वमध्यकालीन नेपाली कविताको भक्तिधाराअन्तर्गतका कविताकाव्य, कविव्यक्तित्व, काव्यप्रवृत्ति, विशिष्ट कवि प्रतिभा, विशिष्ट काव्यकृतिको गहन र पर्याप्त ज्ञान प्राप्तिका लागि पारिएको छ ।

पूर्वमध्यकालीन नेपाली कविताको भक्तिधाराको खोज तथा अनुसन्धानसम्बन्धी जति पनि शोधकार्य गरिएका छन्, तिनमा छुट्टै र भिन्न तरिकाले शोधसमस्याको समाधान पूर्ण नभएर अधुरो, अपूर्ण र अस्पष्ट तथा अव्यवस्थित भएकाले फेरि अध्ययन, अनुसन्धान, परीक्षण गर्नु आवश्यक भएको हुँदा प्रस्तावित शोधकार्य स्वभाविक रुपमा औचित्यपूर्ण र महत्वपूर्ण देखिन्छ । यसले भविष्यमा पूर्वमध्यकालीन नेपाली कविताको भक्तिधाराको अध्ययन गर्ने व्यक्तिलाई सजिलो हुने र भक्तिधारा चोखो तथा सुस्पष्ट धाराका रुपमा चिनिने भएकाले यो उपयोगी ठहर्ने देखिन्छ ।

## १.१० प्राक्कल्पना

नेपाली कविताको दोस्रो काल वा युगका रुपमा पूर्वमध्यकाल देखिएको छ । यस युगको काल विस्तार १८७३ देखि १९३९ सम्म निर्धारित गरिएको छ । यस समयवधिमा मूलत : लौकिक शक्तिको गुणगान, वयान, विश्लेषण गर्न छोडी पारलौकिक शक्तिको गुणगान, वयान, विश्लेषण गर्दै कविताकाव्य रचिएकाले यस अवधिलाई भक्तिकाल र यस कविताकाव्यधारालाई भक्तिधारा भनिएको हो । ईश्वरोस्तुति यस कालको अर्थात् यस कालका कविको मुख्य प्रवृत्ति हो । काव्यिक मूल्याङ्कनका दृष्टिकोणले पनि यस चरणका कविताकाव्यकृति उपयुक्त देखिन्छन् । प्रमुख रुपमा कृष्ण, राम तथा निर्गुण परब्रह्मको निराकार रुपको वर्णन गर्दै यस चरणका कविताकाव्य रचिएका छन् ।

## १.११ शोधपत्रको रुपरेखा :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : नेपाली साहित्यको पूर्वमध्यकाल/भक्तिकालको पृष्ठभूमि

तेस्रो परिच्छेद : पूर्वमध्यकालीन/भक्तिकालीन विश्लेषण

चौथो परिच्छेद : भक्तिकालीन कवि व्यक्तित्व र कविता काव्यकृति

पाँचौ परिच्छेद : शक्तिकालीन कविता-काव्यप्रवृत्ति

छैठो परिच्छेद : भक्तिकालीन कवितकाव्यको मूल्याङ्कन

सातौ परिच्छेद : उपसंहार

# परिच्छेद दुई

# नेपाली साहित्यको पूर्व मध्यकाल/भक्तिकालको पृष्ठभूमि

कुनै पनि साहित्यको विकासमा भाषाको महत्व हुन्छ । भाषाका कारणले नै मानिसले सामाजिक प्राणीका रुपमा कार्य गर्न सफल हुन्छ । भाषा एक माध्यम हो ; त्यसैले मानिसका अनुभव, अनुभूति र विचार सम्प्रेषणका निम्ति सहयोग गर्दछ । भाषालाई विचार विनिमयको साधनको रुपमा पनि हेर्न सकिन्छ । भाषाको जन्म मानिसका विचार, भाव तथा इच्छा व्यक्त गर्ने क्रममा भएको हो । भाषा विना साहित्यको निर्माण हुन सक्दैन । साहित्यलाई भाषाको प्रयोगकै परिणति मान्नुपर्दछ । व्यवहारिक, कलात्मक, बौद्धिक प्रयोजनका लागि पनि भाषाको प्रयोग गरिन्छ । भाषारुपी रुखमा फूल्ने सौन्दयात्मक फूल हो साहित्य । नेपाली कविताको विकासको कुरा गर्दा नेपाली भाषाको उद्भव र विकासलाई पनि चर्चा गर्नुपर्ने हुन्छ ।[१]

कुनै पनि साहित्यको अभिव्यक्ति भाषामा नै हुने हुँदा नेपाली साहित्यको उठानमा पनि नेपाली भाषाको लामो भूमिका रहेको कुरालाई बिर्सनु हुँदैन । एघारौं शताब्दीको आरम्भदेखि नै नेपाली भाषाले भूमिका खेल्दै रहेको पाइन्छ । वि.सं. १०३८ को दामुपालको अभिलेख चर्चामा पनि आइसकेको छ तर अझ यो अभिलेख विवादस्पद रहेकाले त्यसको निर्क्यौल नभएसम्म सम्बत् १३१२ को अशोकचल्लको अभिलेखलाई हामीले नेपाली भाषिक प्रारम्भिक बिन्दु मान्नुपर्ने अवस्था छ । लिपि विशेषज्ञ, भाषा विशेषज्ञ, इतिहास विशेषज्ञ र आवश्यक परे पुरातत्वविद समेतको सहमति सहित बहुमान्य र समयसिद्ध निष्कर्षका आधारमा यस्ता ऐतिहासिक वस्तुको प्रमाणिकतामा विश्वास गर्नुपर्ने भार इतिहासमाथि छ । दायुपालको अभिलेखले अझै यस्ता गौणा, गक्षिणा पार गर्नु बाँकी नै छ ।

पन्ध्रौ शताब्दीको अन्त्यतिर भास्वती, खण्डखाद्य जस्ता ज्योतिषीका ग्रन्थहरु नेपाली भाषामा आइसकेको हुँदा १५औं शताब्दीदेखि नै नेपाली भाषाले अभिलेख युग पार गरेर ग्रन्थ वाङ्मय युगमा प्रवेश गरिसकेको देखिन्छ । यी ग्रन्थको काल निर्धारण त्यस ग्रन्थमा अवशेष रहेको ब्रह्म-लिपि र भाषाको बनोटको आधारमा गरिएको छ ।

यद्यपि प्राचीन युगका कतिपय पाण्डुलिपि र ग्रन्थहरुमा लेख र मितिको पनि उल्लेख भएको पाइन्छ तर त्यसबेला मूल लेखेकोलाई रचित र अरुको प्रतिलिपि गर्नेलाई लेखक भन्ने परम्परा रही आएकोले दुबै कुराको औचित्यको आधारमा काल निर्धारण गर्नुपर्ने देखिन्छ । राष्ट्रको ऐकिकरणको राष्ट्रिय भावनाको निर्माणसँग नेपाली साहित्यको पनि यात्रा आरम्भ भएको कुरा अहिलेसम्मको खोजबाट प्रमाणित भएको छ । त्यसैले भाषिक यात्राका आधारमा आठसय ग्रन्थ वाङ्मयका आधारमा पाँच सय र साहित्यिक अभिव्यक्तिका दृष्टिले तीनसय वर्षको यात्रा नेपाली साहित्यको इतिहासले पार गरिसकेको छ । नेपाली भाषाको विकासकै क्रममा नेपाली साहित्यका एक विधाका रुपमा नेपाली कविताको विकास भएको हो ।

नेपाली कविताको पृष्ठभूमि-कालअन्तर्गत पूर्वपृष्ठभूमिकालका सुरुमा ऐतिहासिक लोकगीत सामग्री फेला परेनन् तर कर्णाली र डोटी भेगका कतिपय संस्कार गीतमा पहाडी

१. डा. रामनाथ ओझा र मधुसुदन गिरी- भाषा विज्ञान, पृ. १, सनलाइट पब्लिकेशन, संस्करण चौथो, २०६२ ।

अपभ्रंश कालका नजीकका हुनसक्ने पुराना भाषिक प्रयोगका अवशेष भेटिएको पाइन्छ । डोट्याली सगुन (संस्कार गीत) मा पाइने अवशिष्ट पुरानो भाषिक रुप-सगुन दिअ सराइनीका बोल । जयो मङ्गल गाउन्ती । शुभ लच्छिन बोलन्ती हुन् । यस पृष्ठभूमि कालको वीरगीतअन्तर्गत जितारी मल्लसम्बन्धी दुई गाथाका अंशहरु निम्नलिखित छन् :

"ए बड्ड ठाकुर जितारि मल्लौ । ए गोसाइँदेव जालन्धरी
देव-देवौ जुग-जुग बाल अवतार । जुग जुग बाल अवतार । हाः हा :
ए इपडी-पाप्रडी जुझनि आयो । निम्तली पत्तचतार
जुझदा जाभा हो ए अरिराजौ । सियिर पखतार ।

ताइँथी पड्या जैयतु भट्टा । अरि है हाल्या बिन्ती
आजका बास गोयती गाउ । दुबली चौड हुन्ती
प्रत्थरु गिरन्ना हे महाराजौ । जालपा माईका हाँक
थली र नौबीस पूजन्ती माई । आलम मागदी पाख ।

प्राथमिक कालका वीरधारा र भक्तिधाराको विकास हुनुभन्दा अगाडि मौखिक लोकधाराको विकास भएको हो । मौखिक लोकधारा वि.सं. १८२६ तिर आधुनिक नेपालको निर्माणक्रमसँगै शिष्ट कविता धारा थालिनुभन्दा अघिको लगभग आठ शताब्दीको समयलाई मानिन्छ । नेपाली कविताको पृष्ठभूमि कालका रुपमा मौखिक लोकधारालाई लिइन्छ त्यसपछि शिष्ट लेख्य धाराको

विकास हुन्छ । श्री ५ पृ.ना.शा. को एकीकरण अभियानसँगै शिष्ट र लेख्य नेपाली कविता यात्राको सुरुवात भएको हो । शिष्ट र लेख्य धाराले व्याकरणको अनुशासनलाई अङ्गालेको छ भने यसले छापाखाना युगमा पनि प्रवेश गर्दै नव-नव प्रवृत्ति तथा गुणस्तरको खोजका चरण प्राप्त गरेको छ । [२]

नेपाली कविताको प्राथमिक काल वि.सं. १८२६ देखि १९४० सम्मको एक शताब्दीभन्दा केही बढी समयावधिलाई लिइन्छ । प्रथम कवि सुवानन्ददासदेखि मोतीराम भट्टपूर्वको कालखण्ड नेपाली शिष्ट-लेख्य कविताको समय हो । यो कालले एक हजार वर्ष जति लायो यात्रा पार गरेको छ । यस समयावधिमा मौखिक लोकगीतमा रमाएका लोकप्रतिभाहरु लेख्य नेपाली कवितातर्फ आकर्षित हुन थाले अति संस्कृत कविता लेख्न पनि आकर्षित भए । यस समयमा वीरवन्दना वा शासक स्तुति एवम् धार्मिक आध्यात्मिक अभिव्यक्ति नै बढी प्रकट भएका छन् ।

२. वासुदेव त्रिपाठी, नेपाली कविता भाग २, पृ. ३०५, साझा प्रकाशन, २०४९ ।

प्राथमिककाललाई वीर र भक्तिधाराको संयुक्तकाल मानिन्छ । यस समयमा वीरगीत र देवगीतकै वाहुल्यता रहेको छ । भानुभक्तको 'रामायण' को बालकाण्डको मुद्रण वि.सं. १९४१ मा मोतीराम भट्टले गर्नुभन्दा अघिको लेखोट काललाई प्राथमिक कालको पहिचानको रुपमा लिन सकिन्छ । नेपाली कविताको प्राथमिक काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ :- (१) पूर्वा काल ( वि.सं. १८२६- १८७२) (२) उत्तरार्द्ध काल (वि.सं. १८७३-१९४०) नेपाली कविताको प्राथमिक काल पूर्वाद्धलाई वीरधाराका रुपमा लिइन्छ । यसलाई नेपाली कविताको पूर्व प्राथमिक काल पनि भन्न सकिन्छ । प्राथमिककालीन नेपाली कविताको पूर्वार्द्धमा वीर भावधारामुलक कविताहरु लेखिएका छन् । यसभन्दा बाहेक नेपाली कवितामा आध्यात्मिक, नैतिक, सामाजिक, हाँस्य श्रृङ्गारयुक्त कविताहरु पनि फाटफुट रुपमा फेला पर्छन् । यस अवधिमा विशेषगरी वीर गीत नै बढी देखिन्छन् । सुगौली सन्धिपछि भने भक्तिमुलक कविताको बढी प्राधान्य रहेको छ ।

नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्ध भक्ति वा धार्मिक आध्यात्मिक धाराका रुपमा चिनिन्छ । भक्तिधारालाई नेपाली कविताको उत्तर प्राथमिककाल पनि भन्न सकिन्छ । यस धारालाई प्रवर्तन र संवर्द्धन गर्नका लागि संस्कृत धार्मिक पौराणिक पद्यवद्ध परम्पराबाट प्रभावित कविहरु र जोसमनी सन्त समुदायबाट प्रभावित सन्त कविहरुको योगदान रहेको छ । वीरधाराका तुलनामा भक्तिधारामा मौलिक सृजनाभन्दा अनुवाद-रूपान्तरणको प्रवृत्ति बढी प्रकट भएको छ । नेपाली कविताको प्राथमिककालको उत्तरार्द्धमा पनि परम्परित वीरधारा अवशेषका रुपमा रहेको पाइन्छ । यसका अतिरिक्त हास्यव्यङ्ग्य, श्रृङ्गारिक चेतनाका साथै सामाजिक नैतिक चेतना यस अवधिका कवितामा फेला पार्न सकिन्छ तापनि उत्तरार्द्ध बेलाको मुख्य प्रवृत्ति नै भक्ति धार्मिक-आध्यात्मिक नै मुख्य हो । नेपालको राष्ट्रिय राजनीतिमा घटेका भीमसेन थापाको पतन एवम् कोतपर्व, नेपाल-अंग्रेज युद्ध र सुगौली सन्धि, शासनसत्तामा जङ्गबहादुरको उदयजस्ता

घटनाहरुले यस अवधिको नेपाली कवितालाई वीरधाराबाट पन्छाउँदै भक्तिधारा तिर अभिप्रेरित गरेका हुन् ।

प्राथमिककालीन नेपाली कविताको भक्तिधारा विभिन्न प्रकारका धार्मिक-आध्यात्मिक चेतनाबाट प्रभाव ग्रहण गरेको छ । यो धारा ब्रज-अवधी र मैथिलीका रायकाव्य तथा कृष्णकाव्यबाट पनि यो धारा केही अंशमा प्रभावित रहेको छ । त्यस्तै संस्कृत पौराणिक ग्रन्थ अध्यात्म रामायण श्रीमद्भागवत् तथा साङ्ख्य, योग र वेदान्त जस्ता पूर्वीय दर्शनका परम्पराबाट यो धारा प्रभावित रहेको छ । नेपाली समाजमा विद्यमान विभिन्न देवदेवीका पूजा आजाको धार्मिक चेतनाबाट पनि यो धारा प्रभावित रहेको छ । त्यस्तै गोरखनाथ र जोसयनी सन्त सम्प्रदायका धार्मिक-आध्यात्मिक चेतनाबाट पनि यो धारा प्रभावित रहेको छ । यस धारामा पृष्ठभूमिकालको देवगीतको मौखिक लोकधारा शिष्टलेख्य स्तरमा नयाँ दिशातर्फ रुपान्तरित हुन पुगेको छ । राम, कृष्ण, हरि वा विष्णुजस्ता सगुण अवतारहरुकै लीला वर्णन यस धारामा बढी पाइन्छ र भक्तिका शैव र शाक्त एवम् अन्य पाटाहरु त्यति उघारिएका भने छैनन् तापनि विष्णुकै अन्य अवतार र अन्य देवीदेवताका स्तुति-भक्तिका फाटफुट कृतिहरुमा आधारित छन् ।

प्राथमिक कालीन नेपाली कविताको उत्तरार्द्ध बेलामा देखापरेको भक्ति वा धार्मिक-आध्यात्मिक धारालाई सगुण धारा र निर्गुण धारा गरी दुई वर्गमा विभाजन गरिएको छ । कृष्ण भक्ति र रामभक्ति गरी दुई उपधारा सगुण भक्तिधारा अन्तर्गत पर्दछन् त्यस्तै निगुर्ण धाराअन्तर्गत सन्त धारा पर्दछ । राम र कृष्णको चरित्र कथाको मूर्त लीला वर्णन र उपासनामा केन्द्रित प्राथमिक कालीन र नेपाली कविताको सगुण भक्तिधारा अन्तर्गत पर्दछ । केही मात्रामा यस धारामा हरि वा विष्णुका अन्य अवतार र अरु देवदेवीप्रतिको भगवत्भक्ति देखापर्दछ । गोपीगीतका माध्यमबाट श्रृङ्गारमुलक कृष्णभक्ति भावनालाई कृष्णभक्ति उपधाराका कविहरुले प्रस्तुत गरेका छन् । निर्गुण धाराचाहिँ सधुक्कडी परम्पराबाट विशेष प्रधावित छ र निर्गुण, निराकर, निरञ्जन, सच्चिदानन्दमय, ब्रह्माको अमूर्त उपासनामा केन्द्रित रहेको छ । त्यसकारण यस धारालाई भक्तिधाराको निर्गुण शाखा भन्नु भन्दा धार्मिक-आध्यात्मिक धाराकै निर्गुण शाखा भन्नु बढी उपयुक्त हुन्छ । यस उपधाराका कविहरुले सामाजिक विकृतिप्रतिको व्यङ्ग्य चेतनालाई पनि प्रस्तुत गरेका छन् ।

प्राथमिककालीन नेपाली कविताको उत्तरार्द्ध बेलाका सगुण भक्तिधारा अन्तर्गत कृष्णभक्ति उपधाराका प्रमुख कविहरू हुन् :- इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, छविलाल नेपाल र हरिदास आदि । यस कृष्णभक्ति-उपधाराका केन्द्रीय कवि वसन्त शर्मा हुन् । सगुण भक्तिधारा अन्तर्गत रामभक्ति उपधाराका प्रमुख कविहरु हुन् :- रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जलि गजुऱ्याल र रामदास आदि । भानुभक्त आचार्य यस उपधाराका केन्द्रीय कवि हुन् । निर्गुण धार्मिक आध्यात्मिक धारा अन्तर्गत मुख्य कविहरु हुन् :- दैवज्ञकेशरी अर्ज्याल, शशिधर, गोविन्ददास वीरशाली पन्त, ज्ञानदिलदास आदि । निर्गुण धार्मिक आध्यात्मिक धाराले प्राथमिक कालका सबै कविहरुलाई प्रभावित पारेको छ । यस धाराले प्राथमिक कालका

सबै कविहरुलाई प्रधावित पारेको छ । यस धाराका केन्द्रीय कवि सन्त ज्ञानदिलदास हुन् । उनीलाई आध्यात्मिक चेतना र व्यङ्ग्य चेतनाका सशक्त निर्गुण कविका रुपमा लिइन्छ ।

प्राथमिक कालको उत्तरार्द्धका भक्तिधाराका चर्चित कवि भानुभक्त आचार्य हुन् । वास्तवमा यिनी भक्तिधाराअन्तर्गत पनि रामभक्ति उपधाराका केन्द्रीय कवि मात्र नभई मोतीराम भट्टले मूल्याङ्कन गरेझैं पूरै भक्तिधाराका सर्वश्रेष्ठ कवि हुन् । नेपाली कविताका भक्तिधारामा उनको स्थान मोतीराम भट्टले मूल्याङ्कन गरेझैं अद्वितीय नै छ । भानुभक्त आचार्य उत्तरप्राथमिक काल वा भक्तिधारामा मात्र नभई नेपाली कविताको उत्तरवर्ती युगका भक्ति प्रयोगहरुकै सन्दर्भमा पनि अद्वितीय नै सावित भएका छन् । उनी नेपाली भक्ति कविताका सर्वाधिक प्रभावकारी कविका रुपमा तथा सर्वोच्च कविका रुपमा अहिलेसम्म अजेय रहेका छन् । उनले नेपाली कविताको पूरै प्राथमिक काललाई भाषाशैली र वर्णमात्रिक सङ्गीतका साथै श्लोकवद्ध कथारस तथा भक्तिभावको परिपाक र आध्यात्मिक चिन्तनलहर एवम् सामाजिक-व्यङ्गयात्मक संवेदनशीलता र नैतिक चेतको दृष्टिले युगीन सापेक्षतालाई उचाईमा पुऱ्याउन सफल भएका छन् । नेपाली महाकाव्यको अत्यन्त महत्वपूर्ण प्रारुपका रुपमा ‘रामायण’ लाई लिन सकिन्छ । ‘रामायण’ मौलिकता र अनुवादको दोसाँधको रुपान्तरण नै भए पनि यसको विशेष महत्व छ । उनलाई नेपाली कविताको प्राथमिक वा आदिकालका शिष्ट-लेख्य  सर्वोपरि कविका रुपमा यिनलाई लिइन्छ । प्राथमिककालीन भक्तिपरम्पराअन्तर्गत रामभक्तिधारामा विशेष योगदान पुऱ्याएका कारण लाक्षणिक अर्थमा उनलाई अझै पनि नेपाली भाषाका आदिकवि मानिन्छ ।

प्राथमिककालीन नेपाली कविताको भक्ति वा धार्मिक आध्यात्मिक धाराका दृश्य विषयका दृष्टिले मूलतः राम, कृष्ण र अन्य देवदेवीलाई अराध्यदेव मानेर, भक्ति भावना प्रकट गरेको पाइन्छ । यस कालका कविले सांसारिक तृष्णा र क्लेशबाट मुक्तिको चाहना प्रकट गर्दै सगुण वा निर्गुण बह्मापतिको आस्था प्रकट गरेका छन् । कविहरुले यस धारामा मूलत : संस्कृत वर्णमात्रिक छन्दको प्रयोगमा रुचि देखाउनुका साथै कतिपय कविले लहरी र सवाईजस्ता लोकछन्द र लोक काव्य ढाँचाको प्रयोग गर्न रुचाएका छन् । यस धाराका कविहरुमा भाषाशैलीका दृष्टिले हेर्दा कृष्णभक्ति उपधाराका केही कविहरुमा ब्रज-अवधि भाषाको प्रभाव ज्यादा देखिन्छ भने अरु उपधाराहरुका कविहरुले कथ्य नेपाली भाषा प्रति रुचि देखाउँदै आआफ्नै ढङ्गबाट कविताभाषा प्रयोग गरेका छन् । कतिपय कविहरुले यस अवधिमा अन्त्यानुप्रास र शब्दालङ्कारहरुको प्रयोगमा रुचि देखाएका छन् ।

प्राथमिककालिन नेपाली कविताको भक्तिधाराका सबैजसो कविहरुले मूलत : रामकृष्णको कथावर्णन गर्दै धार्मिक आध्यात्मिक विचारको प्रस्तुतिमा विशेष जोड दिएको देखिन्छ तापनि कतिपय कविहरुले सौन्दर्य चेतना र कल्पनाशीलताको क्षमता पनि प्रस्तुत गरेका छन् । प्राथमिक कालको यस उत्तरार्द्ध बेलासम्म आइपुग्दा नेपाली कविताले भाषिक लालित्य लयात्मक माधुर्य तथा शैली र शिल्पको सौन्दर्यसमेत केही मात्रामा प्राप्त गर्न थालेको देखिन्छ । तापनि भगवद्भक्तिको प्रस्तुति, अध्यात्म दर्शनको प्रतिपादन, अनुवाद-रुपान्तरणमै उनीहरु बढ्ता

रमाएको देखिन्छन् । कविताका लघुत्तम र लघु रुपको फाटफूट प्रयोग प्राथमिककालीन नेपाली कविताको यस चरणमा प्रयोग भएको छ । त्यस्तै खण्डकाव्य र लघुकाव्यको प्रयोगतर्फ यस अवधिका कविहरु आकृष्ट रहेका छन् । कविताको बृहत रुप महाकाव्यको रचनाको अर्थ मौलिक चासो देखाउन रामभक्ति उपधाराका कवि भानुभक्त आचार्य हुन् । यस अवधिमा कविताका विभिन्न उपविधागत रुपहरुको प्रयोग देखिएतापनि मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्यका विधागत संरचनाबारे कविहरु त्यति सचेत रहेको देखिंदैन । यस युगको कवितात्मक प्राप्तिको सर्वाधिक उन्नत स्थिति समष्टिमा भानुभक्तकै 'रामायण' तथा अन्य कृतिले बहन गरेका छन् । [३]

संस्कृत भाषा नेपाली भाषाको उद्‍गम भाषाका रुपमा रहेको छ । नेपाली साहित्यको आदिकालले पूर्वीय काव्य परम्परालाई अङ्गाल्ने कार्य गरेको पाइन्छ । संस्कृत भाषालाई दुई भागमा वर्गीकरण गरिएको छ । वैदिक संस्कृत र लौकिक संस्कृत वैदिक संस्कृत भाषा वेदको भाषा हो । यस भाषामा यजुर्वेद, अर्थवेद, सामवेद तथा विभिन्न ब्राह्मणग्रन्थहरु र उपनिषदहरुको रचना भएको छ । लौकिक संस्कृतमा अठार पुराणहरु, स्मृतिहरु, धर्मशास्त्र र साहित्यिक कृतिहरुको रचना भएको पाइन्छ । भाव, भाषा, रचनाविधान र रसव्यञ्जनाका दृष्टिकोणले रामायण, महाभारत लौकिक संस्कृत साहित्यका उत्कृष्ट कृति बनेका छन् । [४]

संस्कृत भाषाले प्रभाव पार्ने क्रममा नेपाली साहित्यको प्राथमिककाललाई मैथिली, नेवारी भाषाले प्रभावित पारेको देखिन्छ । नेपालमा बोलिने भारोपेली परिवारका भाषामध्येको एक भाषा मैथिली पनि हो । यस भाषालाई लोकप्रिय भाषाका रुपमा पनि लिइन्छ । यो भाषा मिथिला प्रदेशको भाषा हो भनी यसको नामाकरणबाट पनि स्पष्ट हुन्छ । यो भाषा नेपालका सिराहा, मोहत्तरी, सर्लाही, धनुषा जिल्लामा अत्याधिक मात्रामा बोलिन्छ । यस भाषाको लिपिलाई मिथिलाक्षर वा तिरहुता भनिन्छ । आजभोलि देवनागरी लिपिमा लेख्ने चलन छ । तराईका विभिन्न भागमा यस भाषालाई बोल्ने व्यक्तिहरु प्रशस्त मात्रामा रहेका छन् । यो भाषा तराईका केही जिल्लामा साझा सम्पर्क भाषा पनि बनेको छ । मल्ल राजाहरुले समेत मैथिली भाषामा नाटक रच्ने कार्य गर्दथे । उपत्यकामा मैथिली भाषामा लेखिएका नाटक खेलाइने तथ्य पनि पाइन्छ । पृथ्वीनारायाण शाहले गोसाइँ (गोस्वामी) हरु लेखेका चिठीपत्रहरुमा मैथिली भाषाका नमूनाहरु पाउन सकिन्छ । सेन राजाका समयमा पनि यस भाषाले अग्ररुप लिएको पाइन्छ । मल्लकालमा पनि यो भाषा निकै फस्टाएको थियो ।[५]

ऋग्वेदकालीन समयमा मानिसहरु साहसिक कार्य गर्नका लागि अग्रसर रहेका थिए । त्यतिबेला विभिन्न लडाई हुने गर्दथे । विजय अनिश्चित हुँदा मानिसहरुले अलौकिक शक्तिमाथि विश्वास गर्दथे । देवगणको पूजा आराधना गर्दथे । उनी ईश्वरीय शक्तिलाई महत्वपूर्ण शक्ति मान्दथे । उनीहरु भन्ने गर्दथे ईश्वरीय शक्तिभन्दा अरु कुनै ठूलो शक्ति छैन भन्ने ठान्थे ।

३. वासुदेव त्रिपाठी, नेपाली कविता भाग २, पृ. ३२९, साझा प्रकाशन, २०४९ ।

उनीहरु ईश्वरीय भक्तिमा बढी विश्वास गर्ने भएकाले ईश्वरीय भक्ति देखाउन कुरामा कहिल्यै चुक्दैनथे । उनीहरुले ठूलाठूला, लडाई लड्न जाँदा ईश्वरको आराधना गरेर मात्र जाने गर्दथे । लडाईमा हार भए पनि उनीहरु ईश्वरको आराधना गर्दै फेरी लड्न जाने गर्दथे । त्यतिबेलाका मानिसहरु धैर्य कर्ममा विश्वास राख्थे । यसबाट के कुरा थाहा पाउन सकिन्छ भने ऋगवेदकालीन समय भक्तिभावनाले निकै ओतप्रोत भएको मानिन्छ ।

ऋगवेदपछि संस्कृत साहित्यमा उत्कृष्ट काव्य रामायण र महाभारत हुन् । यी काव्यमा विभिन्न घटनाहरुसम्बन्धी ईश्वर महिमा प्रस्तुत गरिएका छन् । यी आदिकाव्यबाट भक्तिकालीन नेपाली साहित्यकारहरुले आफ्ना कृतिहरुमा कतै विषय पक्षबाट र कतै शैली पक्षबाट प्रभाव ग्रहण गरी नेपाली साहित्यलाई उर्जा प्रदान गरेका छन् । लिच्छविकालका राजाहरुमा संस्कृतप्रति

४. देवीप्रसाद गौतम, नेपाली भाषा परिचय, पृ. ३०, साझा प्रकाशन, २०४९ ।

५. ऐजन., पृ. १९७ ।

रुचि भएकाले र त्यसप्रतिको उत्साहले गर्दा देशभरि नै संस्कृत भाषाले चर्चा पाएको थियो । प्राचीन कालमा संस्कृत भाषालाई देव भाषाका रुपमा लिएका थिए त्यसैले संस्कृत भाषालाई राज भाषाका रुपमा लिइएको थियो । [६]

भक्तिकालको पृष्ठभूमिको रुपमा वीरकाल रहेको छ । भक्तिकालको चर्चा गर्नुभन्दा पहिला वीरकालको सीमारेखालाई पनि बुझ्नुपर्ने हुन्छ । साहित्य सधै एकनासको हुँदैन । साहित्य आर्थिक, सामाजिक, सांस्कृतिक, कुनै घटना, समसामयिक राजनैतिक अवस्था आदिका कारणबाट पनि स्वतः परिवर्तन भने हुन्छ । यही परिवर्तन स्वरुप नै भक्तिधाराको पनि सुरुवात भएको हो । समालोचकहरुले साहित्यको काल विभाजन गर्दा ऐतिहासिक तथ्य तथा तत्काल देखिएको काव्यप्रवृत्तिलाई मध्यनजर गर्दै काल विभाजन गर्ने गर्दछन् ।

काल विभाजन गर्ने क्रममा सबभन्दा सुखको अवधि आदि काल वा वीरगाथा काल हो । आदि काल श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको बाईसी तथा चौबिसी राज्य एकीकरण अभियानसँग सम्बन्धित छ । युद्ध कालको रुपमा यस काललाई लिइन्छ । यस कालमा योद्धा तथा उसका वीरताको बढी महत्व रहेको हुन्छ । यस समयमा जनमानसमा वीर योद्धाको साहस, त्याग, वीरताले धेरै नै प्रभाव पारेको हुन्छ । यस समयमा समाज नवराष्ट्रको नव निर्माणमा परोक्ष रुपमा लागेको हुन्छ । वीरहरुलाई राष्ट्र निर्माणका लागि जोस जाँगर थप्नका लागि पनि वीरतासम्बन्धी गाथाहरु गाइएका कविताहरुको प्रधानता रहन्छ । त्यसैले यस किसिमका कविता निर्माण गरिएको छ । युग विशेषका घटनालाई प्रस्तुत गरी नेपाली कविताको काल विभाजन गर्ने काम डा. दयाराम श्रेष्ठ र प्राध्यापक मोहनराज शर्माले 'नेपाली साहित्यको संक्षिप्त इतिहास' मा गर्नुभएको छ । यसको आधारमा नेपाली कविताको काल विभाजन यसरी गरिएको छ ।

(१) आदिकाल वीरगाथा काल : वि.सं. १८०१ देखि १८७२ सम्म

(२) पूर्वमध्यकाल वा भक्तिकाल : वि.सं. १८७३ देखि १९३९ सम्म

(३) उत्तरमध्यकाल वा श्रृङ्गारकाल : वि.सं. १९४० देखि १९७४ सम्म

(४) प्राक्-आधुनिक काल वा नव्यकाल : वि.सं. १९७५ देखि २००७

(५) आधुनिक काल : २००८ देखि हालसम्म ।

माथि उल्लेख गरिएको काल विभाजन मध्ये वि.सं. १८७३ देखि वि.सं. १९३९ सम्म नेपाली साहित्यमा पूर्व मध्यकाल वा भक्तिकाल शोधको विषयवस्तु भएको छ । [७]

नेपाली साहित्यको काल विभाजन विवादस्पद रहँदै आएको देखिन्छ । विवादले तथा तथ्य र ज्ञानको खोजलाई अगाडि बढाउँछ । काल विभाजन गर्ने परम्परा बाबुराम आचार्यको पुराना कवि र कविताको प्रकाशन २००३ देखि नै हुन थालेको हो । पुराना कविहरुको सीमाङ्कन गर्ने क्रममा बाबुरामले काल विभाजनको उठान गरेका थिए । यसै क्रममा बालचन्द्र शर्मा, डा. बासुदेव त्रिपाठी, मोहनराज शर्मा, डा. दयाराम श्रेष्ठ आदि नयाँ पुराना लेखक विद्वान्हरुले पनि आआफ्ना धारणा प्रस्तुत गरेका छन् । यसका अतिरिक्त देशभित्र र देश बाहिरका कतिपय विद्वान्हरुले पनि यसमा भाग लिएका छन् । कसैले कुनै एक वा दुई कालखण्डको मात्र निर्धारण गरेका छन् र त्यसको नामाकरणमा मात्र सीमित रहेका छन् भने कसैले सबै कालखण्डमा चासो लिएका छन् ।

अहिलेसम्म देखापरेका काल विभाजनका आधार र नामाकरणका नमूना यस्ता देखिन्छन् । [८]

(क) राष्ट्रिय घटना (जस्तै राष्ट्रको एकीकरण, सुगौली सन्धि, मकैपर्व, सात सालको क्रान्ति पञ्चायतको प्रवर्तन आदिका आधारमा वीरकाल, भक्तिकाल, प्रजातन्त्र काल, पञ्चायत काल)

(ख) साहित्यमा आएका परिवर्तनका आधारमा (जस्तै शिलन्यास काल, निर्माण काल, प्रजातन्त्र काल, पञ्चायत काल)

(ग) साहित्यिक र राष्ट्रिय विभूतिका आधारमा (पृथ्वीनारायण युग, भानुभक्त युग, मोतीराम युग आदि)

(घ) साहित्यिक प्रगतिका दृष्टिले (जस्तै प्रारम्भिक युग, उत्थान युग, विकास युग आदि)

(ङ) साहित्यिक प्रवृत्तिका आधारमा (जस्तै वीरधारा, भक्तिधारा, श्रृङ्गार धारा आदि)

---

६. वासुदेव त्रिपाठी, नेपाली कविता भाग २, पृ. ३१९, साझा प्रकाशन, २०४९ ।

७. गोपिकृष्ण शर्मा, संस्कृत साहित्यको रूपरेखा, पृ. २३, अभिनव प्रकाशन, संस्करण द्वितीय, २०५६ ।

यसका अतिरिक्त गोरखापत्र, शारदा, युगवाणीको प्रकाशनलाई पनि काल विभाजनका प्रमुख घटनाका रुपमा लिएका छन् भने कसैले प्रत्येक विधाका अलग अलग कालखण्ड निर्धारण गरी सो अनुरुपको नामाकरण गर्ने काम गरेका छन् कतिपय विद्वानहरुले आफ्नो काल विभाजनमा दुई/तीन थरी आधारको छ्यासमिस पनि गरेका छन् । यसो गर्दा कुनै एउटा काल भित्र विभिन्न रुपमा विकसित धारा वा प्रवृत्तिलाई पनि कालखण्डको रुप दिएको देखिन्छ । कुनै राष्ट्रिय घटनाले साहित्यिक प्रवृत्तिलाई खास प्रभाव पार्न नसकेपनि नाम भने राष्ट्रिय घटना कै दिएकै पाइन्छ । यसरी हेर्दा काल विभाजनमा एकरुपता नदेखिनुका साथै नामाकरणको सार्थकता रहेको देखिन्छ । निश्चय पनि यस्ता विवाद र मत भिन्नताले पाठकलाई केही अन्योलमा पारेका छन् । तापनि तिनले बौद्धिक जिज्ञाशा बढाउने काम भने गरेका छन् । वास्तवमा काल विभाजनमा विक्रम सम्वत्का दृष्टिले नामाकरणमा पनि एकरुपता र नाम सार्थकताको पनि अपेक्षा गरिन्छ । नामबाट पनि त्यस कालको साहित्यिक परम्परा वा रुपको सुस्पष्ट छवी प्रस्टिन सकोस् भन्ने कुरा रेन बेलेकले नामाकरणमा मिश्रित पद्धतिको आलोचना गरेका छन् । सम्भव

८. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. २६, साझा प्रकाशन, संस्करण चौथो, २०४९ ।

भएसम्म नामाकरणको आधार एउटै होस् तर एउटै पार्नका लागि साहस, प्रयास हुनसक्छ । विशेष गरेर २०२८ सालतिर नेपाली साहित्यको इतिहासलाई ऐतिहासिक क्रमअनुसार प्राथमिक काल (आरम्भ-१९४०), माध्यमिक काल (१९४१-१९७४) र आधुनिक काल (१९७५-अहिलेसम्म) कालमा विभाजन गर्ने र ती काल भित्रका रचनामा देखापरेका युगीन प्रवृत्ति र राष्ट्रिय घटना वा चेतनालाई धारा उपधाराका रुपमा समुन्नत पार्ने प्रयास पाइन्छ । यस धारा वा आन्दोलनका नामाकरणमा मूल साहित्यिक चेतना र प्रवृत्तिलाई समेट्ने प्रयास गरिएको छ । यस्ता आधार दूर्बल भएका ठाउँमा, राष्ट्रिय धारामा आएका सामाजिक सांस्कृतिक प्रवृत्तिलाई झल्काउने प्रयत्न भएको पनि देखिन्छ । अत : सम्पूर्ण कालखण्डलाई तीन खण्डलाई विभाजन गर्ने प्रवृत्ति इतिहास सम्मत् प्रवृत्ति पनि हो । सर्वसम्मत प्रवृत्ति पनि हो । त्यसैले काल विभाजनको निष्कर्षमा पुग्दा ऐतिहासिक आधारलाई लिनु नै उपर्युक्त देखिन्छ ।

प्राथमिक कालका प्रारम्भिक पद्यधारालाई राष्ट्रिय परिवेश देखापरेको वीरता र धार्मिक पौराणिक धारा वा प्रवृत्तिका रुपमा विभाजन गरिएको छ भने भक्तिधारालाई राम, कृष्ण र सन्तका उपधाराका रुपमा पनि व्याख्या गरिन्छ । नेपाल राष्ट्रका निर्माता र उनका सहभागी योद्धाका वीरता र सहासका बारेमा लेखिएका कविताहरुलाई वीरधाराको नामाकरण गर्नु उपयुक्त नै देखिन्छ तर भक्ति परम्पराका पौराणिक साहित्यको रचनालाई सुगौली सन्धिपछि पराजित र खिन्न मानसिकताको उपज मान्नु त्यति उपर्युक्त देखिन्न । सुगौली सन्धिले वीरता प्रदर्शनको पूर्णविराम लागेको कुरा यथार्थ भएपनि केवल यसैबाट हतास र कुण्ठित भएर हाम्रा कविहरु भक्ति साहित्यतिर फर्केका हुन् भन्ने व्याख्या यथार्थभन्दा परको व्याख्या हुनसक्छ । लोक कण्ठले

परम्परादेखि साँच्दै आएको संस्कार गीत र त्यस अन्तर्गतका गणेशको भाउलो (प्रार्थना) मागल गीत आदि धार्मिक परम्परा र महाभारत तथा रामायण गद्य रुपान्तरणको व्यवस्थित परम्परा भइरहेको आफ्नै सहज भूमिका रहँदा रहँदै भक्ति साहित्यलाई सोही जीवन प्रवृत्तिको सहज उत्पत्ति नमानी पराजित मानसिकताको उपज मान्नु निश्चय नै अयथार्थ हुन जान्छ । उदाहरणका लागि प्राथमिक कालको गद्य एकातिर आत्मकथा र प्रवचन साहित्यका रुपमा दिव्य उपदेश गद्यकारिता बिजोड अर्कातिर जङ्गबहादुरको बेलायत यात्राले यात्रा साहित्यको राम्रो जग राखेको छ । प्राथमिक कालको गद्य आख्यान पनि कम सम्पन्न छैन । महाभारत, स्वस्थानी र रामायणजस्ता धार्मिक अनुष्ठान मूलत : पौराणिक आख्यानको एउटा अटुट धारा देखिन्छ भने शुक्रबहत्तरी, वीरशिक्का, मधुमालती जस्ता संस्कृत प्राकृत मूलका लोककथा पनि देखिएको पाइन्छ । त्यस्तै 'हास्यकदम्ब' जस्ता व्यङ्ग्यात्मक आख्यान र 'मित्रलाभ' जस्ता नीतिमूलक आख्यान पनि कम छैनन् ।

यस कालका प्रमुख प्रतिभामध्ये सुवानन्ददास, उदानन्द अर्याल, शक्तिबल्लभ अर्याल, यदुनाथ पोखेल र ज्ञानदिलदासजस्ता प्रतिभाको उल्लेख धारा वा प्रवृतिगत योगदानका रुपमा गरिन्छ भने भानुभक्तलाई यस कालका केन्द्रीय कविका रुपमा प्रस्तुत गरिन्छ किनभने उनलाई विभिन्न कोण र प्रवृत्तिका रुपमा केलाउनुपर्ने हुन्छ ।

नेपाली कविताका तीन कालखण्ड छन् तीमध्ये एक शताब्दीभन्दा बढी नै लामो समयावधि प्राथमिककाललाई 'नेपाली कविता' (भाग २) मा समावेश गरिएको छ । नेपाली साहित्यको कविता विधाको इतिहासमा भक्तिधाराले त्यतिबेलाको समयको परिवेश तथा वातावरणलाई उपज रुपमा अङ्गिकार गरी एक सशक्त धाराको रुपमा देखापरेको छ ।

नेपाली कविताको थालनी वीरवन्दनाबाट सुरु भएको स्पष्ट हुन्छ । नेपाली कवितालाई तिथिमितिको घेरामा रेखी लगाउनुभन्दा एउटा निश्चित विन्दुलाई आधार मान्नुपर्ने हुन्छ । विजयीको रुपमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको वीरत्वपूर्ण व्यक्तित्वले पूर्णत : प्रस्फुटन पाई उत्कर्षतिर क्रमिक रुपमा गतिशील भएदेखि विक्रम सम्वत् १८७२ मा भएको अङ्ग्रेजसँगको सुगौली सन्धिसम्म नेपाली काव्यधारा वीर पुरुषहरुको व्यक्तित्वको चित्रण गर्ने प्रवृत्त रहेकोले यस प्रवृत्तिको मूल अस्तित्व रहेसम्मको समयलाई वीरकाल भन्नु उपयुक्त देखिन्छ ।

नेपाली साहित्यको कविता विधाको आदिकालको समय निर्धारण भएपछि अस्तित्वमा आएको भक्तिकालको बारेमा चर्चा गर्नु नै महत्वपूर्ण मानिन्छ ।

नेपालको प्राकृतिक सुन्दरता हावापानी, जङ्गल, हिमाल, खनिज आदिबाट अङ्ग्रेजहरु लोभिएका थिए । त्यसैले उनीहरु नेपालप्रति आकर्षित थिए । उनीहरुको गिद्दे दृष्टिले नेपालमा परेको थियो । अङ्ग्रेजहरुले वि.सं. १८७२ सालमा भारतमा एकछत्र शासन गरेका थिए । अङ्ग्रेजहरुले नेपालमाथि पनि आफ्नो कब्जा जमाउन प्रयत्न गर्न खोज्दा वीर गोर्खालीहरु पनि आई लाग्नेमाथि जाइ लागेका थिए । सारा विश्व नै कब्जा गरी सम्पूर्ण देशहरुको अस्मिता मिची

संसारमै औपनिवेशिक शासन प्रणाली सञ्चालन गर्न खोज्ने बेलायतीहरुको दुष्प्रयासको सीमा दिनदिनै बढ्दो क्रममा गइरहेको थियो । ब्रिटिशहरुले नेपाललाई आफ्नो योजना अनुसार औपनिवेशिक राज्य बनाउन चाहन्थे र नेपालको जति पनि प्राकृतिक सुन्दरता छ त्यसको उपभोग गर्न चाहन्थे । नेपालका प्राकृतिक सम्पदा जल, खनिज सम्पदाको प्रचुर सम्भावनालाई देखेर नेपालतर्फ आकर्षित भएका साम्राज्यवादी औपनिवेशवादी अङ्ग्रेजसँगको युद्धमा बहादुर नेपाली यौद्धाहरुले हार खानु परेको थियो र परिणामत : वि.सं. १८७२ मा सुगौली सन्धि गरी आफ्नो दुई तिहाइ भूभाग नेपालले गुमाउनु परेकाले वीर भावनाको उत्साह स्थायी भाव समाप्त भएर त्यहाँ कुण्ठा, निराशा र पराजयको बोधले वैराग्य र शान्त रस निष्पत्तिको स्थिति सिर्जना भयो ।

नेपालले आफ्ना कब्जामा रहेको दुई तिहाई भूभागमा सुगौंली सन्धि (वि.सं. १८७२) मा गुमाएको थियो । यसरी भूभाग गुमाउनु दुःखको कुरा थियो । पृथ्वीनारायण शाहको उद्गार “मेरा साना दुःखले अर्ज्याको मुलुक होइन” सम्झिदा पनि बुझ्न सकिन्छ कि नेपाल राज्यको निर्माण कार्यमा कति दुःख परेको थियो होला । सुगौली सन्धिले आम नेपालीको हृदय छियाछिया बनेको थियो । यो असफलताले या पराजयले गर्दा वीर मानिएका वीर भावनाले ओतप्रोत भएका नेपालीको स्वाभिमान, अखण्डता, राष्ट्रप्रेम तथा स्वअस्तित्वको भावनामाथि नै ठूलो आघात पर्न गएको थियो । पराजय तथा असफलताले मान्छेमा या प्रतिशोधको भावना जन्माउँछ कि वैराग्यको भावना गोर्खालीहरु लडाइमा लड्दा लड्दा दिक्क भइसकेका र निर्बल, दूर्बल भइसकेकाले प्रतिशोधको भावना जागे पनि क्रियाशील हुन असम्भव थियो । नेपाली लौकिक वीरहरु नेपाली जनता, नेपाली कवि एवम् लेखकका आस्थाका केन्द्र बन्न सकेनन् । यसैको परिणाम स्वरुप उनीहरुले अलौकिक शक्तिको शरण लिएको देखिन्छ । यिनै अलौकिक शक्तिहरुको आराधना वा उपासनाका क्रममा संस्कृत ग्रन्थहरुका त्यस्ता शक्तिसँग सम्वद्ध ग्रन्थहरु रामायण, महाभारत, श्रीमद् भागवत् इत्यादिको अनुवाद-रुपान्तरण थालियो । यही चरण र प्रवृत्ति नेपालमा वि.सं. १९४१ मोतीरामको उदय नहुञ्जेलसम्म चलिरह्यो । अत : यही चरणको लेखनलाई भक्तिधारा भनेर चिनिन्छ र यसै समयलाई भक्तिकाल भनेर चिन्नुपर्ने हुन्छ ।

भक्ति परम्पराको सूक्ष्म वीजरुप वीरपरम्परामै अङ्कुरित भएको पाइन्छ भने वीर परम्पराको राष्ट्रिय भावयुक्त काव्य प्रवृत्तिलाई भक्ति परम्पराले पनि अंशत : वहन गरेको पाइन्छ । त्यसैले यी दुई काल परस्पर श्रृङ्खलावद्ध छन्- यही नै यी दुई कालको ऐतिहासिक स्वरुप पनि हो । [९]

उन्नाइसौं शताब्दीको उत्तरार्द्धका सुरुदेखि नै संस्कृत छन्दमा फाट्टफुट्ट कविता लेखिन सुरु भए तापनि यो क्रम नेपाली साहित्यको आदिकालमा आएर मात्र बढी उत्पादनशील बनेको पाइन्छ । वि.सं. १८७१-७२ यो युद्ध समाप्त भएपछि नेपाल राष्ट्रको रचना गर्नका निमित्त आफ्ना भाषमा काव्य लेखनको आवश्यकता त्यस समयका विद्वानहरुले गरेको देखिन्छ । वि.सं. १९९४ मा वसन्त कविले लेखेको ‘श्री कृष्णचरित्र’ प्रकाशित भयो । त्यसै समयमा उपनिषद्,

रामायण, महाभारत, भागवत् र अरु फुटकर काव्य तथा नाटक पनि गद्यमा अनुवाद भएका पाइन्छन् । वसन्त कविभन्दा पहिले इन्दिरस, विद्यारण्यकेशरीले लेखेका श्रीकृष्ण सम्बन्धी तीन थरी पद्यमय लेख पाइन्छन् । यिनै समयका वीरशाली पन्त र यी भन्दा पनि अघिका परमानन्द कविहरुको नाम सुनिन्छ, तर यी पछिल्ला दुई कविका कुनै कविता पाइएका छैनन् । अहिलेसम्म पाइएका भक्तिधाराका कविताहरु मध्ये सबभन्दा पहिलो कविताको चर्चा गर्ने प्रयास यहाँ गरिन्छ ।

भक्तिकाल वा पूर्व र मध्यकालका प्रतिभावान् कविका रुपमा इन्दिरस, विद्यारण्यकेशरी, यदुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, रघुनाथ पोखऱ्याल, वसन्त शर्मा, पतञ्जलि गजुऱ्याल विशेष रुपले चिनिने गर्दछन् । यी सबै कविहरुले लेखेका कवितामध्ये निश्चित जन्म र वासस्थान थाहा हुन नसकेका इन्दिरस कविद्वारा रचित 'गोपिकास्तुति' वसन्त कविको 'श्रीकृष्णचरित्र' तथा विद्यारण्यकेशरीका 'युगलगीत' र 'वेणुगीति' लगभग एकै समयमा १०/८ वर्षभित्र बनेका देखिन आएका छन् । विद्यारण्यकेशरीको 'वेणुगीति' पाइएको छैन । तर पण्डित विरेन्द्रकेशरीले उल्लेख नगरे पनि काशीबाट प्रकाशित भएको द्रौपदीकृत कृष्णास्तुति यिनै विद्यारण्यकेशरीको हो भन्ने

९. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. १२, साझा प्रकाशन, संस्करण चौथो, २०४९ ।

अनुश्रुति छ । गोपिकास्तुति भागवत्‌बाट लिइएको छ । यसलाई एकदम छायानुवाद गर्ने चेष्टा गरिएको छ तर अनुप्रास मिलाउने चेष्टा गर्दा छाया ठीकसँग उत्रेको छैन । युगलगीतमा अनुप्रासको प्रयोजन राखिएको छैन । यो कविता भागवत्‌का संस्कृत पद्यजस्तै गरी नेपाली भाषामा लेखिएको छ । कविता लेख्ने अभ्यास गर्नलाई पहिले छायानुवाद गर्न सिक्नु स्वभाविक हुन्छ । यस नियमानुसार इन्दिरसको 'गोपिकास्तुति' पहिलो कविताका रुपमा देखिन्छ । [१०]

हुन पनि नेपाली साहित्यको पृष्ठभूमिकालमा पनि देवभजन, माङ्गल इत्यादि जस्ता भक्तिपरक गीतहरु गाइने परिपाटी रहेको पाइन्छ । ती देवभजन तथा माङ्गलबाट पनि मानिसहरु देवताप्रति आस्थावान् भई चित्तशुद्धिका लागि देवदेवीको पूजाआराधना गर्दा देवस्तुति गर्ने गर्दथे तर सबै देवस्तुतिहरु अलिखित रहेकोले तिनलाई केवल भक्तिकालको पृष्ठभूमिका रुपमा मात्र लिनु बढी युक्तिसङ्गत देखिन्छ । नेपाली साहित्यमा वीरकाल वा आदिकालको समाप्तीपछि भक्तिकालको वा पूर्वमध्यकालको सुरुवात गर्ने श्रेय इन्दिरसको गोपिकास्तुतिलाई नै जान्छ ।

काव्य जीवनको आलोचना मात्र नभएर मानवको अन्त : प्रेरणाको सजीव अभिव्यक्ति पनि हो । यही अन्तः प्रेरणाले मानवको जाति, वंश र वातावरणसँग सम्वद्ध भई लिखित अभिव्यक्ति पाउँछ । त्यसैले विश्वको कुनै पनि साहित्यको इतिहासको युग प्रवृत्ति वा त्यस प्रवृत्तिमा प्रभावित काव्यकारको रचना त्यस युगका सम्पूर्ण मानिस र इतिहासको सच्चा स्वरुप हो । कुनै पनि साहित्य सिर्जना गर्दा त्यस समयको पृष्ठभूमिले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । नेपाली साहित्यमा मात्र होइन विश्व साहित्यमा समेत समसामयिक वातावरण र परिवेशले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । भक्तिकालमा मानिसहरुमा जुन किसिमको युद्धप्रति जागेको

घृणाको भाव थियो त्यसैले नै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । भक्तिकालभन्दा अगाडि देखापरेको काल वीरकाल हो यस कालमा वातावरण युद्धमय थियो । यस समयमा पृथ्वीनारायण शाहले एकीकरण अभियान थालेपूर्व नेपाल ससाना राज्य-रजौटाहरुमा विभाजित भएको थियो । विभिन्न राज्यहरुका बीच एकआपसमा मेलमिलाप नहुनाले एकअर्कामाथि आक्रमण, प्रत्याक्रमण भइरहन्थ्यो । काठमाडौं उपत्यकामा तीन स्वतन्त्र राज्यहरु काठमाडौ, ललितपुर, भक्तपुर थिए । त्यतिबेलाको समयमा यी राज्यहरुलाई क्रमश : कान्तिपुर, पाटन र भादगाउँ भनिन्थ्यो । काठमाडौं उपत्यका यी तीन राज्यहरुका बीच पनि एकआपसमा मेलमिलापको वातावरण थिएन यहाँका राजाहरुले हामीहरु भनेका एउटै वंशका दाजुभाइहरु हौ भन्ने भावना नै विर्सिसकेका थिए । उनीहरुले एकअर्कालाई प्रतिद्वन्दी ठान्थे । आफ्ना कट्टर प्रतिद्वन्दी हुन भन्ने मानेर सधै झैभ्रुगडा गरिरहन्थे । उनीहरुमा अन्य राज्यहरुमा शंका र अविश्वास थियो । उनीहरुले अन्य राज्यका जनताहरु आफ्नो राज्यमा आउँदा समेत कैद गरेर राख्ने गर्दथे ।[११]

---

१०. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. १, साझा प्रकाशन, संस्करण चौथो, २०४९ ।

११. हिरण्यप्रसाद शर्मा, नेपाली कवितामा भक्तिधारा : परम्परा र प्रवृत्ति, पृ. १९, म.ब. क्याम्पस, नेपालगन्ज, अप्रकाशित, एम.ए. शोधपत्र, २०६२ ।

भक्तिकाल आउनुभन्दा अगाडिको काल वीरकालमा वीरभावयुक्त कवितामा श्री ५ पृथ्वीनारायण शाहको रुची हुनुबाट नै त्यस बेलाको राष्ट्रिय चेतनाको उत्कर्षमय स्थितिबारे अवगत हुन्छ । समकालीन लक्ष्मण कविले आफ्नो 'कवितानिकषोपल' मा उल्लेख गरेअनुसार श्री ५ पृथ्वीनारायण शाहले शक्तिवल्लभ अर्याल, महेश्वर र हरिदत्त यी तीन जना पण्डितलाई आफ्नो परामर्शदाता बनाएर, देश देशान्तरबाट आएका अरु कविहरुले रचेका कविताको परिक्षण आफूले गर्ने गर्दथे । यिनै कविले के पनि लेखेका छन् भने काठमाडौं घेरामा परेका बेला पृथ्वीनारायण शाह र युवराज प्रतापसिंह शाह समेतले बालाज्यूमा कवि सम्मेलनको आयोजना गराएका थिए । बाबुराम आचार्यले लक्ष्मण कविको यस वर्णनलाई काल्पनिक भनी टिप्पणी गरेका छन् किनभने यसमा वर्णन गरिएका कुराहरु ऐतिहासिक सत्यसँग साम्यता राख्दैनन् । जेहोस्, लक्ष्मण कविको यस वर्णनमा काल्पनिकता भए पनि पृथ्वीनारायण शाह वीरभावयुक्त कविताका प्रेमी थिए भन्ने तर्कलाई भने त्यसै पन्छाउन सकिंदैन । भाषावंशावलीमा रघुनाथ भाटले पृथ्वीनारायण शाहलाई कविता सुनाएको कुराको उल्लेख गरिएको छ । काशीयात्रादेखि आफ्नो जीवनको अन्तिम दिनसम्म विजय कार्यमा संलग्न रहेका पृथ्वीनारायण शाहले वीरभावयुक्त कवितामा रुचि राख्नु उनमा निहित महान् राष्ट्रिय चेतनाको परिचायक हो । यसैद्वारा उनले नेपाललाई उजिल्लाए, प्राण दिए अनि पछिसम्म नेपाललाई बचाइराख्ने मन्त्र दिए ।

पृथ्वीनारायण शाहले आफू गोर्खाली भन्ने साम्प्रदायिक भावना निमिट्यान्न पार्नका लागि एकीकरणपछि विभिन्न उदार नीतिहरु अँगाली नेपालमा राष्ट्रिय चेतनाको विशाल महल खडा

गरे । गोरखाको सट्टा काठमाडौंलाई नै नवनिर्मित राज्यको राजधानी उनको कम दूरदर्शिता थिएन । जति जति उनले राज्यहरु जित्दै गए, उति उति उनले प्रत्येक क्षेत्रमा साम्प्रदायिकता भावनालाई मास्दै गए । आफूभित्र उनले साम्प्रदायिकताको बीज अङ्कुरित हुन पटक्कै दिएनन् । बिना रक्तपात नेपाल एकिकरण गरी दक्षिण सीमाबाट बढ्दो ब्रिटिश शक्तिको सामु डटेर लड्ने सामर्थ्यको सञ्चालनार्थ उनी संलग्न रहे, तैपनि त्यस बेलाको राजनैतिक स्थितिद्वारा विवश भएर उनले कति ठाउँमा रक्तपात नगरी धेरै पाएनन् । आर्थिक नाकाबन्दी नै उनले युद्धकुशलता थियो । नेपाल उपत्यकाका तीन मल्लराज्यहरु आर्थिक नाकाबन्दीद्वारा पिरोलिएका भए तापनि पृथ्वीनारायण शाहले त्यहाँको जनजीवन र कला संस्कृति माथि कुनै हस्तक्षेप नगरेको हुँदा मल्ल प्रजाहरु उनीबाट असन्तुष्ट रहेनन् बरु ती प्रजाहरु उनको आगमनलाई पर्खिरहेका थिए । यसबाट पनि पृथ्वीनारायण शाहको दूरदर्शिताको परिचय पाइन्छ, जुन दूरदर्शिताले गर्दा एकीकरणपछि प्रजाबाट उनले पूरा सहयोग, सद्भावना र सहानुभूति सहजै प्राप्त गर्न सकेर विजय कार्यक्रमको निम्ति राष्ट्रिय चेतनाको शङ्घोष गर्न सके । जनताको मनोभावनालाई चिनेर त्यसको कदर गर्न सक्ने क्षमता यदि उनमा नहुँदो हो त आधुनिक काल निर्माणको जग त्यति बलियो हुन सक्ने थिएन । एकीकरणपछि जुन जुन ठाउँमा जस्तो जस्तो प्रकारको चलन चाँजो र रीतिथिति प्रचलित थिए, तिनलाई उनले पूर्ववत् कायम राखे । पृथ्वीनारायण शाहको महता यतिमा मात्र टुङ्गिदैन, अझ उनले धेरै उदार नीतिद्वारा जनताको भावनालाई अरु सक्रिय बनाई राष्ट्रलाई सुहाउँदिलो राष्ट्रिय भावनाको बृद्धिको निम्ति कार्य गरे ।

नवगठित नेपाल राज्यको निर्माणभन्दा अघि प्रचलित तथा स्थापित जनभावनानुकूलका थिति तथा बरबन्दोबस्तलाई ध्वस्त गर्ने कठोर नीति पृथ्वीनारायण शाहको थिएन, किनभने उनको युद्धाभिलाषिता कुनै धार्मिक सम्प्रदायद्वारा प्रेरित थिएन । राज्यको नवगठनपछि प्रचलित सबै धर्मलाई उनले मान्यता प्रदान गरी संरक्षण प्रदान गरे । आफ्नो धर्मसित निकट सम्बन्ध भएको शैव तान्त्रिक मतावलम्वी नेवारहरुको धर्मको मात्र संरक्षण गर्नमा उनी राजी भएका थिएनन् कि बौद्ध धर्म मतावलम्वी जनताको धर्मको पनि संरक्षक बन्न उनले मन्जुर गरे । धर्म जनताको जीवनमा सबभन्दा गहिरो रुपले सम्बद्ध रहने कुरा हो । यसको विनाश भयो भने जनतामा रोष तथा असन्तोष पैदा हुन्छ भन्ने तथ्यसँग पृथ्वीनारायण शाह पूर्णत : परिचित थिए । फलत : जनता उनीसँग हार्दिक सम्बन्ध जोडी उनको आकाङ्क्षासँग समर्थित हुन सके ।

नेपाली भक्ति साहित्यको प्रादुर्भावको मुख्य कारण तत्कालीन राजनैतिक घटनाचक्र थिएन । शैक्षिक, धार्मिक र राजनैतिक परम्परा नै यसको मुख्य कारक तत्व थिए । समष्टिमा नेपालको सांस्कृतिक परम्परा एक युग वा शताब्दीले निर्मित भएको मानिदैन । नेपालको सांस्कृतिक प्रवाहलाई जन्म दिनुमा लिच्छविकालदेखि चल्दै आएका हाम्रा परम्परा र आस्थालाई नै मान्नुपर्दछ । धार्मिक अनुष्ठान, ब्रत, पूजा, पुराणवाचन यसै क्रमका उपज हुन् । नेपालमा विभिन्न धर्म तथा सम्प्रदायको लामो इतिहास रहिआएको छ । सबै धर्म र सम्प्रदायले राम र कृष्णका शौर्य र गाथालाई आदर साथ सुन्ने र अनुष्ठान गर्ने गर्छन् । यसै कारणले गर्दा भागवत्,

रामायण र महाभारतजस्ता आध्यात्मिक ग्रन्थहरु युगौदेखि हाम्रा दैनिक अनुष्ठानका केन्द्रविन्दु रहिआएका छन् । काशीमा विद्या आर्जन गर्ने र मथुरा, बृन्दावनबाट 'भागवत्' पुराणहरुको अध्ययन गर्ने गुरु, पुरोहित र पण्डित वर्गले परापूर्व कालदेखि नै पुराणवाचन परम्परालाई नेपालको धार्मिक संस्कारको अभिन्न अङ्ग बनाइ आएका छन् । त्यसै हुनाले गर्दा भागवत्, महाभारत र रामायण परम्परादेखि नै हाम्रा धार्मिक ग्रन्थका रुपमा प्रतिष्ठित हुँदै आएका पाइन्छन् । यसरी यी धार्मिक ग्रन्थहरुको अनुष्ठान र कथावाचनको लामो परम्पराले नेपाली भक्तिसाहित्यलाई जन्म दिएको कुरा सुगौली सन्धिजस्ता राष्ट्रिय घटनाभन्दा यहाँ बढी सहज र स्वभाविक देखिन आउँछ । यसै क्रममा इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा प्रभृति कथावाचकहरुले भागवत्का स्तुतिपथ र महाभारतका आख्यानहरुलाई नेपाली श्लोकहरुमा ढालेर पुराणवाचनका बीच बीचमा मिठास भर्दै भक्त कविका रुपमा आफूलाई स्थापित गरेको पनि देखिन्छ । नेपाली भक्ति साहित्यको निर्माण सुगौली सन्धिपछिको उपज नभई वीर साहित्यसँगै समानान्तर रुपमा भएको देखिन्छ । नेपालको भक्ति साहित्य भक्तिभावको तन्मयता वा भावमयताको साहित्य नभई धार्मिक तथा पौराणिक आख्यान र कथाकाव्यकै समष्टि नाम हो ।

वास्तवमा सुगौली सन्धि नेपालको इतिहासमा महत्वपूर्ण घटना थियो तर सर्वसाधारण नागरिकले यसलाई पहिले पहिलेको सम्झौता सरह सामान्य रुपमा लिएको अनुभव हुन्छ । नेपालमा एकिकरणको क्रममा लिच्छविकालदेखि अटुट रुपमा चल्दै आएको छ । मध्यकालसम्मका ती प्रयासलाई आधुनिक नेपालको निर्माण श्रृङ्खलासँग नमिसाए पनि पृथ्वीनारायण शाहदेखि सुगौली सन्धिकालका बीचमा हुन आएका जयपराजय, आक्रमण र सन्धि सम्झौता धेरैपटक धेरैसँग हुँदै आएका थिए र यसै क्रममा देशका कतिपय भूभाग कहिले यता र कहिले उता जुट्ने र टुट्ने गर्थे । यस्ता अनगिन्ती सन्धिसम्झौता सुन्दै र भोग्दै आएका नेपाली जनताले सम्वत् १८७२ को नेपाल-अङ्ग्रेज सन्धिलाई पनि सामान्य रुपमै लिएको देखिन्छ । यस्तै सामान्य जनता भित्रका व्यक्ति थिए इन्दिरस, विद्यारण्यकेशरी आदि कविहरु ।

नेपाली साहित्यमा ईश्वरभक्ति र पौराणिक विषयमा आधारित रचनालाई भक्तिसाहित्यका रुपमा लिने प्रचलन छ । विद्वान समालोचक डा. ईश्वर बराल र बालचन्द्र शर्माले भक्तिसाहित्यको उद्भव सुगौली सन्धिकै भक्तिसाहित्यको प्रमुख कारण मान्नुको तात्पर्य के थियो भने त्यस सन्धिले एकारितबाट नयाँ नयाँ प्रदेशमाथि विजय गर्दै नेपाललाई अरु विशाल गराउने नेपालको जुन अहम् वा महत्वकाङ्क्षा थियो त्यसमा बिर्को लगाई दिएको थियो भने अर्कातिर महाकालीपारी पश्चिमतिरका सबै विजित प्रदेशहरुलाई यस सन्धिको शर्तअनुसार नेपालले गुमाउनु पनि परेको थियो । विश्वप्रसिद्ध गोरखाली जातिले अङ्ग्रेजका अगाडि पराजित बनेर शिर समेत झुकाउनुपर्‍यो । यति मात्र होइन अङ्ग्रेजजस्तो विधर्मी जातिसँग हार स्वीकार गर्नुपर्दा र सत्तासीन वर्गमा चलेका आपसी सङघर्षले गर्दा देशभक्त योद्धाहरुमा मोहभङ्गको स्थिति पैदा भयो । यसप्रकार सम्वत् १८७२ मा भएको सुगौली सन्धिले नेपालको स्वाभिमान र मर्यादालाई दबाएको हुँदा राष्ट्रले जुन मानसिक आघातको अनुभव गर्‍यो त्यो आघात

ईश्वरभक्तिका रुपमा परिणत भयो । राष्ट्रिय पीडालाई शमन गर्ने एक मात्र उपाय ईश्वर शाखा नै हुन गयो र त्यसबेलाका कवि लेखकहरुमध्ये कसैले द्रोपदीका माध्यमबाट आफ्ना दीन भाव प्रकट गरे भने कसैले कुण्ठाको चरित्र बखान गरेर सुगौली सन्धिले पारेको असह्य राष्ट्रिय चोटलाई हलुका पारे । यसरी नै भक्तिसाहित्यको उद्भव भएको थियो ।[१२]

निष्कर्षमा के भन्न सकिन्छ भने नेपाली साहित्यमा पूर्वमध्यकालको सुरुवात भक्तिधाराबाट भई विभिन्न चरणहरु पार गरी मोतीरामको उदय अर्थात श्रृङ्गारकालसम्म गएर सेलाएको छ । यस समयमा पनि भक्तिधारा पूर्णरुपले हटेको भने होइन तर प्रवलता श्रृङ्गारिक कविताकाव्यको रहेकोले भक्तिधारा सेलाएको जस्तो लाग्ने गर्दछ । नेपाली साहित्यमा पूर्वमध्यकालको भक्तिधाराको स्थापना कुनै एउटा घटना वा कारणले मात्र नभई विभिन्न घटना वा कारणहरुको योगबाट भएको हो । पूर्व मध्यकालको पृष्ठभूमि युद्धग्रस्ता र असुरक्षाको समय थियो । यस्तो समयमा वातावरण र परिवेश पनि असुरक्षा र आतङ्कलाई टेवा दिने खालको हुन्छ । जतातत‌ै त्रासको स्थिति सिर्जना हुन्छ । यसले निश्चित दिशा बोकेर गन्तव्यमा पुग्ने प्रयास गरेको हुन्छ । देशको वातावरण र परिवेश नै अशान्ति र असुरक्षामा होमिएको समयमा

१२. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. ५, साझा प्रकाशन, संस्करण चौथो, २०४९ ।

कवि र लेखकहरु निस्सासिएर बस्नुभन्दा समस्याको समाधानार्थ वा निराकरणार्थ आफ्नो आशा-भरोसाको केन्द्रको समीप पुग्ने चाहना साहित्य मार्फत व्यक्त गर्न रुचाउँछन् । अर्कातर्फ देशको असुरक्षित स्थितिदेखि तर्सिएर बसेका पाठकहरु समेत आफ्नो आशाभरोसाको केन्द्र (ईश्वर) माथि विश्वस्त भई भगवानका महिमा गानमा आधारित कविताकाव्य पढ्न पाउँदा सन्तुष्ट बन्दछन् । पाठकहरु पनि ईश्वरस्तुतिमा लीन भई आफ्नो दुःखको हरणकर्ता ईश्वरमाथि सारा, समस्या थुपारी पूरा गरिदिने अनुरोध गर्दछन् र सन्तुष्टिको श्वास फेर्दछन् । यसरी भक्तिधारा प्रारम्भ हुँदाको समयदेखि यो मत्थर नभएसम्म अर्थात् श्रृङ्गारिक धाराको उदय नभएसम्म यसले कसैलाई पनि अछुत राख्न सकेन । कवि र लेखकहरुले आफ्नो सिर्जनाको विषयवस्तु समाजबाट नै लिने भएकाले जस्तो समाज छ त्यस्तै किसिमको साहित्य रचना गर्ने गर्दछन् । यसरी भक्तिकालमा ईश्वरीय स्वरुपको प्रशंसा गरी सुगौली सन्धि सँगसँगै भक्तिभावप्रधान साहित्य सिर्जना गर्ने काम श्रीगणेश हुनु स्वभाविक देखिन्छ ।

नेपाली साहित्यको पूर्वमध्यकाल वा भक्तिकालको पृष्ठभूमि सुगौली सन्धिका कारण नेपालीको मानसिकतामा पुगेको चोट, युद्ध र हिंसाप्रतिको घृणाभाव, अशान्ति र असुरक्षाको आभास अनि कमजोर बनेको अनुभव र यी सबै समस्याको समाधानका लागि ईश्वरको स्तुति गर्ने समय थियो । त्यस समयको भाषासाहित्यले आफ्नो परिवेश र युगको साझा आकांक्षाहरुलाई आत्मसाथ गर्दै भक्तिभावको एउटा धारा स्थापित गरी नेपाली साहित्यमा एउटा बलियो भक्तिधाराको जग हाल्न सफल भएको देखिन्छ । यसरी नेपाली साहित्यको इतिहासमा पूर्वमध्यकालमा भक्तिधारा स्थापित गर्न सफल हुनु त्यस समयको युद्धग्रसित र असुरक्षित

वातावरण सृजना गराउने सुगौली सन्धिलगायत अन्य थुप्रै हिंसात्मक क्रियाकलापहरुको पृष्ठभूमि नै हो भन्दा अन्यथा नहोला । यद्यपि नेपाली समाजमा प्राचीनकालदेखि नै ईश्वरको आराधना गर्ने सनातन परम्परा रहेको छ र त्यो नेपाली साहित्यको पूर्वमध्यकालमा देखापरेको भक्तिधारालाई आमन्त्रण गर्ने एक कारणका रुपमा रहेको पाइन्छ ।

# परिच्छेद तीन

# भक्तिकालीन/पूर्वमध्यकालीन विश्लेषण

नेपालीमा धार्मिक काव्यलाई भक्तिकाव्य भन्ने गरिएको छ । धार्मिक काव्यको विकास र उद्‌भवको चर्चा गर्दा हाम्रा विद्वानहरुले बाहिरी प्रेरणाको रुपमा हिन्दी भक्तिकाव्य र आन्तरिक प्रेरणाको रुपमा राष्ट्रिय परिस्थितिलाई औल्याएका छन् । यी दुबै तथ्यको निकट पुग्न खोज्ने आंशिक सत्य हुन्, पूर्ण सत्य होइनन् किनभने हामी जान्दछौं 'तुलसीस्तव' आयो । सं. भने राष्ट्रिय परिस्थितिको प्रतिक्रिया बनेर आउन कुनै प्रवृत्तिको लागि स्थूल वातावरण वा देशीय बाह्‌य स्थिति हेतुका रुपमा तब नै पूर्ण सक्षम हुन्छ, जब लेखकमा राष्ट्रिय कर्तव्य अथवा सामाजिक उत्तरदायित्वको भाव स्पष्ट गरी चेतनाको स्तरमा आइपुगेको हुन्छ । लेखकमा यस्तो चेतना आउन जनतामा राष्ट्रिय चेतनाको अन्तर सामाजिक चेतना आउनुपर्दछ । अनि यस्तो चेतना आएपछि सामाजिक वृति भौतिक निर्माण र विकासतिर नै लाग्छ, संसारलाई 'माया' भनेर हेला गर्दै 'हरिभजन' तिर लाग्दैन । हाम्रो भक्तिकाव्यको उद्‌भव 'सुगौली सन्धि' को कारणले नै भएको हो भन्ने मान्दा अनेक समस्या आइपर्छन् । सिद्धान्तहरुका रुपमा के स्वीकार्नुपर्ने स्थिति रहेको छ भने भक्तिकाव्यका प्राथमिक प्रणेताहरुमा सामाजिक दायित्वबोध थियो, सामाजिक चेतना थियो । त्यसो हो भने 'सुगौली सन्धि' ले साँध लगाइदिएको युद्धोत्साहलाई तिनले कर्मोत्साहमा परिणत गरी जो बचेको भूखण्डलाई भौतिक समृद्धिले भर्न प्रेरणा दिने काव्य रच्नु हुँदैनथ्यो । वास्तवमा भन्ने हो भने धार्मिक काव्यको रचना गर्ने प्रवृत्ति नेपालमा नेवारी, मैथिली, हिन्दी, संस्कृत र नेपालीमा 'सुगौली सन्धि' भन्दा पूर्वदेखि नै चलिआएको देखिन्छ र आजको भौतिकवादी चेतनाको युगमा पनि धार्मिक काव्य सक्रिय रुपमा अगाडि बढेको छ ।

जब हाम्रा आलोचकहरुले भक्तिकाव्यको विश्लेषण गर्न थाले, त्यो भन्दा अगाडि हिन्दीको भक्तिकाव्य र हिन्दी साहित्यको इतिहास थियो । त्यस इतिहासको क्रम हेर्दा वीरगाथाकाल, भक्तिकाल, रीतिकाल, श्रृङ्गारकाल र आधुनिक काल रहेको छ । नेपालीमा वीरगाथा आइसकेको थिएन, भक्तिकाल देखिको क्रम हिन्दीको जस्तै थियो । हिन्दीको प्रभाव नेपालीमा परेको छ ।

हिन्दीको पनि रहेको छ । त्यसैकारणले हाम्रो विद्वानहरुले हिन्दीकै विश्लेषण परम्परालाई लिएर नेपाली भक्तिकाव्यको उद्भवको कारण पत्ता लगाउन खोजेका हुन् । हिन्दी 'भक्तिकाव्य' आउनाको कारण पनि रहेको छ जसमा विद्यार्थीहरुको आक्रमण र अत्याचारले अपाङ्ग र शिथिल भएर मरणासन्न भएको हिन्दू धर्ममा भक्तिको सञ्जीवनी भरेर त्यसलाई उठाउने आग्रह रहेको थियो । साम्प्रदायिक भेदभावले जर्जरित र छिन्नभिन्न भएको समाजलाई 'सबै ईश्वरका समान सन्तान हुन्' भन्ने जनाई तिनलाई ईश्वरीय भक्तिको माध्यमको भावात्मक एक्यमा बाँध्ने ईच्छा थियो, यहाँ कुनै विधर्मीको आक्रमणले धार्मिक, सङ्कट पनि आएको थिएन । यस्तो स्थितिमा टुप्लुक्क भक्तिकाव्य आइलागेको देख्ता एकातिर हिन्दीको प्रभाव र अर्कोतिर 'सुगौली सन्धि' ले व्याप्त नैराश्य र कुण्ठालाई त्यसको कारक तत्वका रुपमा लिन सकिन्छ । माथिमाथिबाट बगेको धारालाई हेरियो, धाराको आन्तरिक स्रोतलाई हेरिएन । निश्चित रुपमा नै त्यो स्रोत नेपाली जीवनमा भिजेको धार्मिकता र त्यस धार्मिकतालाइृ सुरक्षित पारेर राखिदिने संस्कृत साहित्य नै हो । हामीले भन्न सक्ने स्थिति भने छैन हिन्दूधर्मावलम्बी नेपालीले हिन्दूमतानुयायी भारतीय भन्दा अघिपछि अथवा सँगसँगै कहिले विष्णु-लक्ष्मी, राधा-कृष्ण, शिव-पार्वती, सीता-राम आदिलाई चिन्यो । अनि यसैगरी धर्म, अर्थ, काम, मोक्ष एवम् ज्ञान, भक्ति र वैराग्यको मर्म उसले कहिलेदेखि जान्यो, त्यो भन्न गाह्रो छ । वैदिक युगदेखि कि पौराणिक युगदेखि भन्न सकिंदैन ।

ऐतिहासिक वस्तुतथ्यलाई हेर्दा शिवको पशुपति रुप किरातकालपूर्वको देखिन्छ तर पशुपतिको मूर्ति र मन्दिर लिच्छविकालमा पाँचौ शदीमा बनेको बुझिन्छ । वंशावलीअनुसार बुद्धका पूर्वताराको नेपाल आगमन पनि किरातकाल वा त्यस पूर्व नै भएको मानिन्छ । लिच्छविकालमा ईशाको चौथो शताब्दीपछि विष्णुमूर्तिहरु स्थापित गर्ने क्रम बसेको पाइन्छ । यस युगमा प्राय : ईशाको दशम शताब्दीसम्म वैष्णवभक्ति विशेष प्रचलित भएको बुझिन्छ । मल्लकालमा विष्णुमूर्तिहरुका साथै राम र कृष्णका मूर्तिहरुले स्थापित हुने अवसर पाए । पाटनको कृष्णमन्दिर सर्वातिशायी ऐतिहासिक र सांस्कृतिक निधि बन्यो । पशुपतिनाथको निकट लवकुशसहित रामको स्थापना मल्ल राजाहरुबाटै भयो । यसैगरी विभिन्न देवदेवीहरु स्थापना भएर नेपाल 'मन्दिरहरुको देश' कहलायो । यसै क्रममा जनकपुरका मन्दिरहरुको सम्झना गर्न सकिन्छ । तर यी राणा कालीन निर्माण हुन् । कान्तिपुरमा ईशाको एघारौं बाह्रौ शताब्दीतिर भारतबाट लखेटिएका बौद्धहरुको बाढी नै पस्यो । तन्त्रमन्त्रले जरो गाडे । शङ्चार्यले वेदान्तदर्शनको लुप्त-सुप्त महत्वलाई पुनर्जीवित गरेर नेपालमा पनि ल्याइदिए । योग र भक्तिलाई समन्वय गर्ने नाथपन्थी मत्स्येन्द्रनाथ देवरुपमा स्थापित भई हिन्दू र बौद्ध दुबैका देवता बने । उता श्री ५ पृथ्वीनारायण गोरखनाथका उपासक भए । धर्मसमन्वय नै हुँदै रह्यो, धर्मसङ्कट आएर धर्मविग्रह भएन । यस्तैमा 'जोसमती मत' पनि आयो र पहाडतिर फैलियो ।

वेदलाई भक्ति र ज्ञान दुबैको मूल स्रोतका रुपमा लिन सकिन्छ । वेदको पठनपाठन नेपालका ब्राह्मणहरुमा प्रचलित छ । पुराणहरु खास गरिकन श्रीमद्भागवत्, रामायण र

महाभारत ज्यादै प्रचलित छन् । श्रीमद्‌भागवत् गीता, रामायण र महाभारत भक्ति वा धार्मिक वृत्तिका कृतिहरु लेख्न उत्प्रेरक रहेका छन् । पुराणहरु पुराणवाचकको सहायताले अशिक्षित र निरक्षर नरनारीहरुमा पनि भिजेर बसेका छन् । यिनैको प्रभावस्वरुप लोकजीवनमा भक्तिपरक भजन वालुनहरु लोकगीतका रुपमा प्रचलित भए । तिनमा राम, कृष्ण आदि देवताहरुको गुणगान पाइन्छ । यिनलाई पनि नेपाली भक्तिकाव्यको स्रोत मान्नुपर्छ । पण्डितहरुले संस्कृतका पौराणिक र धार्मिक ग्रन्थहरु नेपालीमा उल्था गर्न आवश्यक ठाने । सं. १७८० मा 'प्रायश्चित प्रदीप' भाषामा उल्था भयो । 'नृपश्लोकी' को अनुवाद भयो । यी दुबै कृति प्रेमनिधिका थिए । सम्वत् १८५१ मा रामचन्द्र पाध्याले लक्ष्मीधर्म संवाद दिए । सं. १८६६ मा ज्योतिनरसिंहको कुनै प्रवृत्ति बाहिरी प्रभावको भरमा व्यापक र स्थायी हुँदैन । अनि हामी के पनि जान्दछौं 'गोरक्षयोगशास्त्र' पनि आयो । जोसमनीका सन्तकाव्य र शास्त्र आए । सुन्दरानन्दको गद्य रामायण आयो । विक्रमको उन्नाइसौं शताब्दीको अन्तिम चरणमा जब गद्य र पद्य दुबैमा प्राय : एकै समयमा पौराणिक कथा वा प्रसङ्गहरुलाई अनुवाद र अनुकरणद्वारा नेपाली भाषामा लिखित रुप प्रदान गरियो । पौराणिक कथाहरु अज्ञात समयदेखि जनजीवनमा प्रचारित रहे पनि नेपालीमा भक्तिकाव्य हिन्दी भक्तिकाव्य भन्दा सयकडौं वर्षपछि किन रचियो र लगत्तैपछि किन रचिएन । यसरी नरचिनुमा अनेक कारणहरु छन् :

(१) भिमसेन थापाको समयसम्म आधुनिक नेपालको स्वरुप पूर्णतया निश्चित भएको थिएन, जसलाई हामी राष्ट्रियता, देशप्रेम तथा जातीय भावना भनेर बुझ्छौ, त्यो चेतनामा पूणरुपले जमिसकेको थिएन यी दुई कुरा नभइसकेकाले जनसाधारणलाई बुझाउन काव्यनिर्माणको प्रेरणा कवि मानसमा उत्पन्न नहुनु स्वाभाविक छ ।

(२) नेपाली भाषा भाव वहन र विस्तृत अभिव्यक्तिका लागि सम्पन्न भइसकेको थिएन । धार्मिकता वा भक्तिभावनाको परितोष भक्तहरु ब्रज, अवधि आदिका, अरुले र आफैले बनाएका भजनहरुबाट गर्दथे र सन्तुष्ट थिए ।

(३) नेपाली ब्राह्मणहरु पौरोहित्य र पुराणवाचनका लागि सस्कृत पढ्नु आवश्यक ठान्दथे । कसैको ज्ञान पौराहित्य चलाउनुसम्म र कसैको ज्ञान कनीकुथीकन पुराणको भाव अर्थ्याउन सक्नुसम्ममा सीमित थियो । विरलै ब्राह्मण साँचीका विद्वान हुन पाउँथे । साधन सुविधाको अभावले यस्तो हुन्थ्यो । हामी शशिधर र वाणीविलास जस्ता नाउँ धेरै देख्तैनौं, पुरानो जमानामा । जो यस्ता विद्वान हुन्थे तिनी यदि कवि प्रतिभा सम्पन्न भए भने संस्कृतमा लेख्नु नै गौरव ठान्दथे । यसरी राष्ट्रिय चेतना एवम् भाषिक चेतनाको उदय विलम्बका साथ भएको शिक्षाको ज्यादै कमी भएको र भाषामा साहित्य रच्ने क्षमता र रुची भएका प्रतिभाहरुको कमी भएको हुनाले नेपाली काव्यको इतिहास नै ढिलो आरम्भ भएको हो र यसको विकास हिन्दीको भन्दापछि परेको हो ।

नेपाली भाषामा गद्य, पद्य दुबैमा धार्मिक वा भक्तिकाव्यको रचनातर्फ विशेष ध्यान सं. १८८४ देखि गएको हो र यसको निकै विकास हुँदै गएको देखिन्छ । यदुनाथको कृष्णचरित्र, वसन्तको कृष्णचरित्र, इन्दिरस र विद्यारण्यकेशरी कृष्णस्तुति, विद्यापतिको गीत गोविन्द र उता गद्यमा विजयानन्दको महाभारत गदापर्व देखापरे । जुन भक्तिकाव्यको परम्परा हो त्यसलाई रघुनाथ, भानुभक्त आदिले अगाडि बढाएर माध्यमिक काल हुँदै यो परम्परा आधुनिक कालसम्म पनि चल्दै आएको देखिन्छ । नेपाली जनमानसमा चिरकालदेखि अन्तर्निहित रहेको भक्तिभावना नै यथासमय काव्यमा प्रस्फुटित भएको बुझिन्छ । यसरी मूलत : नेपाली भक्तिकाव्यको प्रेरणास्रोत आफ्नै धार्मिक परम्परा र संस्कृत भक्तिकाव्य हो भन्ने देखिन्छ र यसको व्यापक रुपमा रचनाका लागि तत्कालीन समाजको मनोदशा र हिन्दीका भक्तिकाव्यको प्रभावले भूमिका खेलेको अनुभव हुन्छ ।

वि.सं. १८७३ सालपछि नेपाली कविताको फाँटमा भक्तिधाराको जन्म हुन पुग्दछ । नेपाली जनताहरु अर्थात नेपाली वीरहरु अङ्ग्रेजी सेनासँग हार खाएपछि साथै नेपाली सेनाले राज्य विस्तार गर्न छाडेपछि नेपाली जनतामा नै नैराश्यता छाउँछ । जसको फलस्वरुप वीरतापूर्ण भावना बोकेका नेपाली कविहरु पनि भक्तिधारामा समाहित हुन पुग्छन् । ईश्वरभक्तिमा समर्पित भएर त्रास आतङ्कबाट मुक्ति दिलाउने र मनलाई स्थिर राख्न भक्ति धाराका कविताहरु सिर्जना भएको पाइन्छ । ईश्वरको गान गाएमा अर्थात भक्तिभावमा लागेमा ईश्वरबाट रक्षा हुन्छ भन्ने धारणा यस धाराका कविहरुको रहेको पाइन्छ । यस भक्तिधारा काललाई सगुणा भक्ति धारा र निर्गुण भक्तिधारा गरी विभाजन गरिएको छ । त्यसमा पनि सगुण भक्तिधारालाई दुई उपधारामा विभाजन गरिएको छ कृष्ण भक्तिधारा, रामभक्ति धारा ।

**कृष्णभक्तिधारा :**

कृष्ण भक्तिधाराका कविहरुले भगवान श्रीकृष्णलाई आरध्यदेव मानेर कविता सिर्जना गरेका छन् । भगवान् कृष्णको चरित्रसँग सम्बन्धित रहेर कविता सिर्जना गर्ने कार्य यस धाराका कविहरुले गरेका छन् । यस धाराका उल्लेखनीय कवि र तिनका कृतिहरु निम्नानुसार रहेका छन् । इन्दिरस- 'गोपिकास्तुति', विद्यारण्यकेशरी- 'अर्ज्याल युगलगीत', 'द्रौपदीस्तुति', वसन्त शर्मा लुइँटेल- 'श्रीकृष्णचरित्र', वीरशाली पन्त- 'श्रीकृष्णचरित्र', हीनव्याकरणी विद्यापति- 'गीतगोविन्द', पतञ्जली गजुर्‍याल- 'बालगोपालवाणी' आदि । यी कृष्ण भक्तिधाराका कविताहरुलाई हेर्दा कृष्णभक्ति धाराका विशेषताहरु निम्न रहेको पाइन्छ :-

(क) कृष्णलाई मुख्य चरित्रको रुपमा उभ्याउनु ।

(ख) श्रीमद्भागवत गीतालाई आधार बनाएर नेपालीमा अनुवाद गरी कविता सिर्जना गर्नु ।

(ग) ईश्वरको साकार निराकार रुपको वर्णन गर्नु ।

(घ) पूर्वीय संस्कृत साहित्यको प्रभावमा कविताहरुको रचना हुनु ।
(ङ) लोक छन्द र शास्त्रीय द्वन्द्वमा कविताहरु सिर्जना हुनु ।
(च) विशुद्ध नेपाली वाङ्गी प्रस्तुत नहुनु ।
(छ) केही कठिन शैलीका कविताहरु पनि प्रयोग हुनु ।
(ज) कवितामा कृष्णको चरित्र वर्णन गर्दा अलङ्कारको प्रयोग अत्याधिक हुनु ।[१३]

कृष्ण भक्तिधाराका उल्लेखनीय कविहरुमध्ये एक इन्दिरस पनि हुन् । वीरभावले ओतप्रोत नेपाली कवितालाई भक्तिभावको सन्चो प्रदान गर्ने जेठा कविका रुपमा इन्दिरसलाई लिन सकिन्छ । हिन्दू धार्मिक संस्कृतिमा जनरक्षकका रुपमा परिचित अलौकिक पुरुष भगवानलाई नायक बनाई भक्ति चरित्रकाव्य रचना गर्न अग्रसर हुँदा इन्दिरसले मूलस्वरुप नेपालीमा पनि स्वागता छन्द अँगालेका छन् । यिनीद्वारा रचित उन्नाइस श्लोके 'गोपिकास्तुति'लाई यस कालको शुभारम्भ गर्ने पहिलो कविता मानिन्छ । इन्दिरसको यो कवितात्मक रचना श्रीमद् भागवत्को दशौं स्कन्दको पूर्वार्द्धको एकतीसौ अध्यायको नेपाली रुप हो । १८८४ अगावै रचिएको यस कवितामा कृष्णको प्रजापालक र दुःख निवारक स्वरुप यसरी प्रष्ट गरिएको छ :

१३. डा. केशवप्रसाद उपाध्याय, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, पृ. ६५, साझा प्रकाशन, संस्कारण चौथो,२०६० ।

ब्रजनिवासिको दुःख दुर हुन्या ।
तिमरी मूर्ति हो लोक पालन्या ॥
धरि पालक निमेस हामि सम्झया ।
हृदयरोगको दर्द हर्दिन्या ॥

नम्रितका हितै ब्रम्हा पुजन्या ।
भूमि शिंगारन्या सम्झि बेस् हुन्या ॥
चरणरुप कमल् सुख स्वरुप हुन्या ।
घर कुचै उपर् दर्द हर्दिन्या ॥
(पुराना कवि र कविताबाट साभार)

अंग्रेजहरुसँग परेको युद्धको भयङ्कर परिणामका रुपमा देखापरेको सुगौली सन्धिको अपमानजनक हस्ताक्षरले तत्कालीन नेपालको राजनैतिक दृष्टिकोण मात्र नबदली जनभावनामा समेत ठूलो परिवर्तन ल्याएको पाइन्छ । एकीकरण अभियानद्वारा नवीन नेपालको निर्माण गर्ने

जुन मेसो थालिएको थियो त्यो अंग्रेज नेपाल युद्धका कारणबाट टुङ्गिन्छ साथै युद्धपछि अंग्रेजी शक्तिको खतरा रहिरहेको हुँदा सो खतराबाट आफ्नो सुरक्षा खलबलिने प्रत्यक्ष अनुभव जनमतले गरेको बुझिन्छ । यस प्रत्यक्ष अनुभवले गर्दा विजयमा रौसिदै आइरहेका नेपालीहरुको मुटुमा डरले गहिरो र दरो जरो गाडेको उल्लेख पाइन्छ । युद्धमा नेपाली फौजले वीरता र बलिदानको कीर्तिमान स्थापित गरे पनि नेपालको मुटु भएर रहेको काठमाडौं उपत्यका छेउछाउको इलाकासम्म अंग्रेज सेनाको जङ्गी बुटले कुल्चिसकेको हुँदा र खास उपत्याकभित्र पनि खुट्टा छिराउन सक्ने उनीहरुको हविगत देखिएको हुँदा आत्मरक्षाको यस डरले जनताको मुटुभित्र गुँड लगाई घरजम गर्नु स्वाभाविकै देखिन्छ । जनरल भीमसेन थापाको विशाल शैनिक तयारी र कहर अंग्रेज विरोधी नीतिले गर्दा यो डरपछि केही मत्थर भएर जान्छ तर जनसाधारणका मनमस्तिष्कबाट एकदमै पखालिएको चाहि देखिँदैन । वीर भावलाई केन्द्र तुल्याएर उर्लिदो आदिकालको कविताधारा त्यतिखेर आएर एकदमै मधुरो हुन्छ र पूर्व मध्यकालको प्रारम्भको विगुल फुक्दै कविताले भक्तिधारा बगाउन थाल्छ । युद्धबाट भयभीत नेपालीहरुलाई सान्त्वना दिन युद्धको ध्वंस बिर्सिएर कृष्णोस्तुतिमा आधारित कविता लेखी कवि विद्यारण्यकेशरी कृष्णको महिमा आधारित यसरी गाउँछन् :-

सन्ध्याकाल जसै उदाइ दिनको सन्ताप हरण गर्दछन् ।
जस्तै चन्द्र गजेन्द्रको गमि गरी यादव कुलैका मणी ॥
ब्रजका हामी सबै वियोगीजनको सन्माप शयन गर्नको
इच्छा भैकन देखिया नगिचमा नगिचमा पूर्णेन्दु जस्ता हरि ॥

ब्रह्मा शंकर इन्द्र चन्द्र प्रभृती सर्वज्ञ ईश्वर पनि ।
एकाग्रै मनले नुहाइ शिरलाई धेरै विचार्दा पनि ॥
जान्दैनन् हरिगीतका स्वर गती ताल् मुर्छ नामा प्रकार ।
सुन्छन् प्रेम गरी हरी वश परी सब दिन् मधुवाँसरी ॥

बाउँ काँधउपर बिसाइ चिउँडो बाँके गरी भू-नयन् ।
पैह्री मोर मुकुट रतन् मणि जडित कुण्डल् श्रवण्पर् धरी ॥
कोमल् अंगुली चालि-चालि मुरली राखी अधर्पर् भली ।
बाजी कृष्ण जहाँ बिझी संगिनी हो ज्यूनू कसोरी अब ॥

(पुराना कवि र कविताबाट साभार)

भक्तिकालमा देखापरेको कृष्णभक्तिधारा निकै संवृद्ध र सशक्त रुपमा अगाडि बढेको देखिन्छ । यस पराजयवोधले घाइते नेपाली मानसिकतालाई शान्ति प्रदान गरेको देखिन्छ । भाषा

र साहित्यको विकासलाई पनि यस धाराले द्रुत गतिमा अघि बढाएको छ । यस कालमा लीलानटेश्वर श्रीकृष्णका लीलासँग सम्बद्ध आख्यानको अनुवाद रुपान्तरण एवम् आराधना, उपासना, भजन-किर्तन पनि प्रवल रुपमै रहेको देखिन्छ । कृष्ण-गोपिनीका नौरङ्गी लीलाको चित्रण वर्णनक्रममा श्रृङ्गारिक प्रवृत्ति समेत भटिन्छ । यसै समयबाट नेपाली साहित्यमा श्रृङ्गारिक प्रवृत्तिको वीजाङ्कुरण भइसकेको पाइन्छ । यस धारामा महाभारत, हरिवंशपुराण, श्रीमद्भागवत्, गंगासंहितादि धार्मिक-आध्यात्मिक ग्रन्थमा वर्णित कृष्णको प्रभावकारी व्यक्तित्वको नेपाली रुपान्तरण भएको पाइन्छ । यस धाराका त्यस्ता कृतिहरु गोपिकास्तुति, श्रीमद्भागवत्, द्रौपदीस्तुति, समुन्द्रलहरी, श्रीकृष्णचरित्र, स्तुतिपद्य आदि हुन् । भक्तिकालीन काव्यपरम्पराको थालनी नै लीलानटेश्वर विष्णुका दश अवतारमध्ये एक कृष्णको गानबाटै भएको हो । यस क्रममा कृष्णभक्ति उपधारा गोपिगीतका क्रममा श्रृङ्गारिकमूलक कृष्णभक्तितर्फ झुकेको छ । कवि इन्दिरसद्वारा रचित गोपिका स्तुतिबाट साभार केही कवितांशहरु दिइएका छन् जसले श्रृङ्गारिकताको परिचय दिन्छन् :

रति बढाउन्या शोक नासन्या ।
ब्रज त वेणुले स्वाद पाइन्या ॥
अरु कुरा सबै विर्सिजाइन्या ।
अमृत ओठले धौ मिठो हुन्या ॥
(पुराना कवि र कविताबाट साभार)

त्यस्तै पण्डित विद्यारण्यकेशरीद्वारा रचित युगलगीत कविताको यो अंशले पनि श्रृङ्गार रसको परिचय दिन्छ :-

नाना भाव गरी सब भरी टेढी नजरले सखी ।
हाम्रो छातिउपर अनङ्गशरले भेदन्गरी हिड्दछन् ।
मोहैले स्तनदेखि शान्ति पनि ता गिर्दा रसन् केशको ।
खुल्दा याद छुटी भञ्रू द्रुम झअी आलि जहाँका तही ॥
(पुराना कवि र कविताबाट साभार)

श्रृङ्गार रसमा प्रेमप्रेमिका बीच रतिरागात्मक भावनाहरुको विनिमय तथा कामको पूर्ति हुने गर्दछ । कामोभावले छट्पटाएका गोपिनीहरु कृष्णलाई रतिक्रियामा समावेश होउन् भनी इच्छा प्रकट गर्दछन् । आफ्नो यौवनिलो मनको काम तिर्खा कृष्णको क्रियाकलापले मात्रै पूर्ति हुन सक्ने उनीहरुको विश्वास छ । जस्तै :

किन्नर्नारि र सिद्ध देव मुनिका फिर्या विमान्मा बसी ।
आफ्ना स्वामिसहित् भई रसभरी गर्न्या विहारै पनी ॥
देखी कृष्णचरित्र कामशरले छाती विदीरण् भई ।
नीवी खुस्किगई सलज्ज मनले धिक जन्म भन्छन् सखि ॥
(पुराना कवि र कविताबाट साभार)

यसरी कृष्णभक्ति उपधारा कृष्णोगान सँगसँगै गोपीगीतका क्रममा श्रृङ्गारमूलक कृष्णभक्तितर्फ उन्मुख भएर भक्ति कालीन काव्यपरम्परामा महत्वपूर्ण योगदान पुऱ्याउन अत्यन्त सफल छ ।[१४]

---

१४. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, पृ. ३५, साझा प्रकाशन, संस्करण चौथो, २०४९ ।

**रामभक्ति धारा :**

कृष्णपरक काव्यझैं रामपरक काव्य पनि नेपालीमा कुनै सन्त कविबाट प्रवर्तित भएको छैन । हिन्दीमा यो शाखा रामानन्दनामक साधुबाट विक्रमीय संवत्को सोह्रौ शताब्दीको आस्थामा प्रवर्तित भयो र सत्रौ शताब्दीको पूर्वाद्धमा तुलसीदासले रामचरित्र मानसजस्तो विशाल र उत्तम महाकाव्य लेखेर यसको गौरवलाई चरमचुलीमा पुऱ्याइदिए । हिन्दीमा यो धारा एकातिर निर्गुणपन्थीहरुको निराकार उपासना, सूफी-सन्तहरुको रहस्यवाद र विधर्मीहरुको धार्मिक आक्रमणको तथा अर्कोतरि कृष्णभक्ति सम्प्रदायको अमर्यादित र विलासमय प्रेमोपासनाको प्रतिक्रिया बनेर देखा पऱ्यो । तर यो प्रतिक्रिया मात्र नभएर रामको मर्यादावादी, लोकमङ्गलविधायक चरित्रको गुणानुवाद गरी समाजलाइ चतुवर्ग (धर्म, अर्थ, काम, मोक्ष) को प्राप्ति गराउने महान् उद्देश्यले प्रेरित थियो । नभन्दै यसबाट समाजले हिन्दू संस्कृतिको सामाजिक-राजनीतिक आदर्श, ईश्वरको वास्तविक स्वरुप र धर्मकर्मको मर्म बुझ्न पायो । तुलसीदासको प्रमुख लक्ष्य भनेको रामको कर्मसौन्दर्यलाई भावसौन्दर्यले सिँगारेर प्रस्तुत गर्नु हो । जसमा उनलाई पूर्ण सफलता पनि मिल्यो । यसरी रामकाव्य सन्तबाट प्रवर्तित भएर सन्तबाट नै समृद्ध भयो ।

यस भक्तिधाराका कविहरुले भगवान श्री रामलाई आरध्यदेव मानेर कविता सिर्जना गरेको पाइन्छ । यस धाराका कविहरुले संस्कृतको आध्यात्मक रामायणलाई आधार मानेर कविताहरु सिर्जना गरेका छन् । जसमा मौलिक भाषाको साथसाथै सरल नेपाली जनजिब्रोमा भिजेको भाषालाई पनि प्रस्तुत गरेको पाइन्छ । यस समयका केन्द्रिय प्रतिभा भानुभक्त आचार्य हुन् । भानुभक्त अगाडि थुप्रै कविहरु आएतापनि प्रकृतिको चित्रण सामाजिक चेतना र

राजनीतिक परिवेशको वातावरणको स्पर्श गर्न सकेका छैनन् तर भानुभक्त आचार्यले नेपाली सामाजिक सांस्कृतिक तथा राजनैतिक परिवेशलाई स्पर्श गरेर सरल शैलीमा कवितात्मक अभिव्यक्ति दिएका छन् । यसभक्ति धाराका अर्को प्रमुख कवि रघुनाथ पोखेल पनि हुन् उनले पनि भगवान रामको अनुशासित र आदर्शलाई समेट्ने कार्य आफ्ना कवितामा गरेका छन् ।[१५] तसर्थ यस रामभक्तिधाराका विशेषतालाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) भगवान् रामलाई केन्द्रिय चरित्रको रुपमा उभ्याउनु ।

(ख) भगवान् रामको भक्तिभावना तीब्र रुपमा प्रस्तुति हुनु ।

(ग) रामको कष्टकर अनुशासित र आदर्श जीवन प्रस्तुति हुनु ।

(घ) सरल भाषाशैलीको प्रयोग गर्नु ।

(ङ) संस्कृत रामायणको भावलाई समेटेर काव्य सिर्जना गर्नु ।

(च) नेपाली प्रकृति समाज तथा संस्कृतिको अवस्थालाई पनि स्पर्श गर्नु ।

१५. डा. केशवप्रसाद उपाध्याय, पृ. १६०, पूर्ववत् ।

(छ) अनुवाद र मौलिकताको दोसाधमा काव्य देखा पर्नु ।

(ज) लोक छन्द र शास्त्रीय छन्दमा कविता सिर्जना हुनु ।

रामभक्तिधाराका उल्लेखनीय तथा कुशल कवि भानुभक्त आचार्य हुन् । भानुभक्त नेपाली साहित्यको प्राथमिक कालका उत्तरार्द्ध (सं. १८७५-१९३९) को भक्तिवादी चरणका कवि भए पनि र उनले विशेषगरी भक्तिकाव्यकै रचना गरेका भए पनि उनी सामाजिक कविका रुपमा पनि देखिन्छन् । उनी परलोक र लोक दुबैतिर चनाखो दृष्टि भएका गृहस्थ कवि हुनाले उनमा वैराग्य भक्ति र ज्ञानप्रति आकर्षण देखिन्छ भने प्रकृति, समाज र देशप्रति पनि आकर्षण देखिन्छ । उनमा केही मात्रामा श्रृङ्गारी वृत्ति पनि पाइन्छ भने उनमा व्यङ्ग्यविनोदको प्रवृत्ति देखिन्छ । कवि भानुभक्तलाई एक वाक्यमा भन्नुपर्दा धर्म, अर्थ, काम, मोक्ष यी चारै पुरुषार्थका लागि काम्य देखिन्छन् । शिक्षाप्रद, मनोरञ्जक र ज्ञानवर्द्धक कविताका स्रष्टा भानुभक्तका सबै काव्यात्मक प्रवृत्तिहरुको प्रतिनिधित्व रामायणले गरेको छ । भानुभक्तका सर्वाधिक महत्वपूर्ण कृति रामायण हो तर पनि उनका प्रत्येक कृतिको कुनै न कुनै महत्व रहेको छ । जनतालाई जनभाषामा सरल र काव्य दिने भानुभक्तले नेपाली समाजलाई भावनात्मक एकताका सुत्रमा बाँध्ने काम अग्रणी र सर्वाधिक महत्वपूर्ण भूमिका खेलेका हुनाले उनी हाम्रा पहिला जातीय कवि हुन् । उनलाई वास्तवमा आदिराष्ट्र कवि पनि भन्न सकिन्छ । उनलाई नेपाली भाषाका आदिकवि भनिन्छ । वास्तवमै उनी हाम्रा आदिकवि हुन् ।

भानुभक्तले रामायणको लेखन भीमसेन थापाको पतनपछि कुनै यस्तो चतुर र कुशल राजनीतिज्ञको उदय नभइसकेको र सत्तामा प्रभुत्वका लागि षड्यन्त्रमुलक सङ्घर्ष चलिरहेको

अन्योल र उथलपुथलका घडीमा आरम्भ गरेका थिए र यसको समापन चाहिँ उनले कोतपर्व मच्चाएर राणाशासनको जग हाल्ने जङ्गबहादुरले शासनसूत्र हातमा लिई मुलुकमा राजनीतिक स्थिरता कायम गरिसकेको शान्तिपूर्ण वातावरणमा गरे ।

आदिमहाकवि भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्टका अनुसार आदिकविले बालकाण्ड सं. १८९७ मा रम्घामा आफ्नै घरमा बसेर लेखेका थिए अनि अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्ड पाँच महिनाजति कुमारीचोकमा थुनुवा परेका बेला सं. १९०९ मा लेखेका थिए भने युद्धकाण्ड र उत्तरकाण्ड थुनुवाबाट निस्केपछि सं. १९१० मा पूरा गरेका थिए र रामगीता चाहिँ उनले सं. १९२५ मा जीवनको अन्तिम अवस्थामा आफूले मौखिक रुपमा पथ बोल्दै आफ्ना छोरा रामनाथलाई लेख्न लगाएर प्राण त्यागेका थिए । मोतीराम भट्टका जीवनीकार नरदेवले लेखेअनुसार मोतीरामले भारतजीवन प्रेसका मालिक रामकृष्ण वर्माका सहयोगबाट रामायणको बालकाण्ड सं. १९४१ मा प्रकाशित गरेका थिए भने रामायणका सातै काण्ड सं. १९४४ मा प्रकाशित गरेका थिए । कमलमणि दिक्षितका अनुसार चाहिँ भानुभक्तको रामायणका सातैकाण्ड यसभन्दा पूर्व अर्थात सं. १९४२ मा नै डमरु वल्लभले प्रकाशित गरिसकेका थिए । भानुभक्तलाई नररुपधारी ब्रह्माका रुपमा चित्रण गरिएकोछ । यिनले पनि रामलाई विष्णुको अवतार मानेका छन् । उनले रामको मानवीय रुपको चित्रण गर्नुका साथै दैविरुप चित्रण गरेका छन् । उनले रामका साथै अन्य चरित्रहरुका व्यवहार तथा तिनका जीवनमा घटेका घटनाहरुका माध्यमबाट तत्कालीन समाजको चित्रण गरी रामायणको सामाजिक महत्व दर्शाएका छन् । उनले आध्यात्मरामायणको अनुसरण गर्दै रामायण संसार पार गर्न सर्वसाधारण मनुष्यका लागि सजिलो साँघु हो यो र यो जानेर यसको पाठ गर्नेहरु संसारका सब सुख भोगी यसबाट सहजै पार गर्न सक्दछन् भनेका छन् र रामायणको आध्यात्मिक धार्मिक महत्व देखाएका छन् ।[१६]

रामायणमा प्रत्येक प्रसङ्गमा रामप्रति श्रद्धा प्रकट गरिएको छ । रामायण महाकाव्य भानुभक्तको रामको चरित्रप्रतिको अपरिमेय श्रद्धा र भक्तिको उपज हो । रघुनाथको भक्तिले मुक्ति मिल्दछ तसर्थ सम्पूर्ण तन्त्रमन्त्र छाडेर रामको नाम लेऊ भनी भानुभक्त पटकपटक आग्रह गर्दछन् । यस काण्ड (अरव्यकाण्ड) का जति पनि घटनाहरु छन् र तिनमा राक्षसलाई मारिएको प्रसङ्ग छ, ती सबैको उद्धार भएको र मोक्ष प्राप्त गरेको कुरा वर्णन गरिएको छ । सरभङ्ग ऋषि, जटायु गन्धर्वले श्राप पाएर भएको राक्षस, जटायु, शवरी आदिसँग रामको दृष्टि पर्ने बित्तिकै उनीहरुको सब सन्ताप नाश भएको अनि उनीहरुलाई रामले मुक्त गरिदिएको कुरा यहाँ वर्णन गरिएको छ । यस सन्दर्भमा कविले सप्सङ्गको महत्व विशेष रुपमा देखाएका छन् :

नौ साधन कि त भक्ति छन् ति नवमा पैले त सत्सङ्ग हो ।
पैले साधन पो भयो पनि भन्या बाँकी रह्याका ति जो ॥
आठ साधन हुन ति ता क्रमसितै मिल्छन् असल सङ्गले ।

सत्को सङ्ग भया सबै बनिगयो क्या हुन्छ कुन सङ्गले ॥
(रामायण -अरण्यकाण्ड, पृष्ठ ६५)

यसरी संसारमा सत्सङ्ग भएपछि सबै कुरा मिल्छ । लोकमा सबै चीज असत्य छन् तर ईश्वर सत्य छ । तसर्थ ईश्वरको भक्तिद्वारा अरु सम्पूर्ण कुरा मिल्दछ भनेर माथिका पङ्क्तिमा राम शवरीलाई ज्ञान प्रदान गर्दछन् । त्यस्तैगरी ज्ञान र विज्ञानका बारेमा राम लक्ष्मणको अज्ञानतालाई हटाउँदै भन्छन् :

यै ज्ञान कहिन्छ सुन येहि कहिन्छ विज्ञान ।
यो रीत् गरीकन बस्या हुँदि छुट्छ अज्ञान् ॥
(रामायण -अरण्यकाण्ड, पृ. ५०)

---

१६. डा. केशवप्रसाद उपाध्याय, केही रचना केही विवेचना, पृ. १, साझा प्रकाशन, संस्करण दोस्रो, २०६२ ।

आदिकवि भानुभक्त आचार्यको उद्देश्य भन्नु नै सत्यको ज्ञान दिएर ईश्वरप्रति भक्तिभावना जगाई लोकको कल्याण गर्नु हो । यही कारणले नै श्रीरामको चरित्रलाई यहाँ भगवान कै रुपमा चित्रण गरिएको पाइन्छ । यही नै रामायणको मूल विषय बनेको छ ।[१७]

भानुभक्त आचार्यले रामगीता लेखेका छन् । यसमा रामचन्द्रजीले आफ्ना भाइ लक्ष्मणलाइ वेदान्त दर्शनको माध्यमबाट जीवात्माको व्याख्या गरेका छन् । यिनले मुख्य रुपमा तत्वमसी भनेर जीव र परमात्माको एकतालाई देखाउँदै विभिन्न उदाहरणहरु प्रस्तुत गरेका छन् जसको विश्लेषण यसप्रकार गरिएको छ :

आत्मै मात्र छ सत्य यो सब जगत् झुटै छ झुटो पनी ।
डोरी सर्प बुझ्या सरी बिबुझमा देखिन्छ साँचो भनी ॥
जान्नू जानिइयेन यो भनि भन्या मेरा चरण्मा परी ।
सेवा गर्नु र जान्दछन् नतर ता टर्दैन कसतै गरी ॥
(रामगीताबाट साभार)

राताका सँगामा रह्या स्फटिक ठिक्, देखिन्छ रातै सरी ।
तस्तै आत्म पनी उपाधि सँग भै हुन्छन् उपाधी सरी ॥
आत्मामा छ उपाधि केहि न फटिक्मा क्यै छ रातो कतै ।
झुट्टै मात्र छ यो झलक् यहि विचार खुप् राख्नु जताततै ॥
(रामगीताबाट साभार)

जो यो तत्वमसी छ वाक्य यसको वाक्यार्थ जानी लिनू ।
यस्मा तिन पद छन् ति तीन पदका तात्पर्यमा मन् दिनू ।
तत्का अर्थ परात्म हुन् ति पदमा त्वं भन्नु जीवात्म हो ।
इन्को ऐक्य बुझाउन्या असि छ पद् रात् दिन् विचार् गर्नु यो ।
(रामगीताबाट साभार)

रघुनाथलाई रामभक्ति धाराअन्तर्गतका अर्का कविका रुपमा लिन सकिन्छ । यिनले रामायणको सुन्दरकाण्ड लेखेका छन् भने यसका अतिरिक्त फुटकर कविता पनि लेखेका छन् । जसमा राजनैतिक षड्यन्त्रका गन्धहरु पाइन्छन् । सुन्दरकाण्डको पाँचौ सर्गसम्म १८७ श्लोकको रचना गरेर खण्डकाव्यात्मक कृति सिर्जना गर्ने काम गरेका छन् । जुन खण्डकाव्य भानुभक्त

१७. भागवत आचार्य, कविता सिद्धान्त र नेपाली कविता, पृ. २४०, नवीन प्रकाशन, २०५८ ।

आचार्यका अगाडि लोकप्रिय हुन सकेन र कतिपय कमजोरीका कारण श्लोक प्रिय हुन पुग्यो । तैपनि यिनी रामधाराका उच्च काव्यका रुपमा प्रतिष्ठित छन् ।[१८] काशीमा गएर सुन्दरकाण्डको पद्यानुवाद गरे, सायद उहाँ गएर हनुमान्का उपासक बनेका थिए । यो अनुवाद पनि भानुभक्तकै जस्तो अध्यात्म रामायणका सुन्दरकाण्डको अनुवाद छ । यो सुन्दरकाण्ड काशीमा नरहेको हुनाले यी परलोक भएका १७ वर्षपछि उही छापिने मौका पाएर अब जनसाधारणका सम्मुख आइपरेको छ । [१९] रघुनाथलाई भानुभक्तकै प्रतिभासम्पन्न र रससिक्त सहज कवि भन्ने ठाउँ छैन । उनी उनलाई बेग्लै रुपका श्लोकाकारका रुपमा लिन सकिन्छ । मोतीरामको शब्दावलीको प्रयोग गरौ भने उनी हुन् संसर्गी कवि । हामी आधुनिक शब्दावलीमा उनलाई 'तुकबन्दी' मिलाउने वा श्लोकार भन्न सक्छौं- उनको कविकर्तृत्व स्फुट रचनामा पनि झिनो छ । उनको कवित्वको पहिचान गर्न 'सुन्दरकाण्ड' नै मुख्य आधार बन्छ तर एउटा रामभक्तिपरक यो पद्य विचारार्थ लिन सकिन्छ जो मौलिक छ र जसको हिन्दी रुप पनि उनले स्वयम् दिएका छन् :-

वचन राखी आया रघुवर पिताको सहजमा ।
उ आफ्नो मन्दिरमा जनक तनयाका नगिचमा ॥
कमल जस्ता कोमल चरण ति पखाली जल पिइन् ।
सुवर्णैको सिंहासन तहि लगी बैठन दिइन् ॥
मलिन, मुख देख्नाले जनक तनयाले किन भनिन् ।
मयुर पंखा फेरी कर चमर डोलाउँदि भइन् ॥
प्रभूको त्यो शोभा त्यजि दिनुभयाको पनि कहाँ ?

कहाँ सेतो छाता मणिमुकुट पैरन पनि कहाँ ॥
कहाँ मन्त्री कुंजर किन पइदलै आउनुभयो ।
भनी सीताजीले रघुपतिसितै सोध्नुभयो ।

यहाँ छन्दको निर्वाह ठीकसँग भएको छ, शिखरिणी छन्द प्रयोग भएको छ । यहाँ अन्त्यानुप्रास पनि सहज ढङ्गले मिलाउने कार्य गरिएको छ । रामलाई आलम्बन तुल्याई सीताको माध्यमबाट चिन्ता र वीरको अभिव्यक्ति गरिएको छ । यसमा भावविधान पनि मौलिक प्रकारको छ । यसमा मानवीय विषादानुभूतिलाई प्रकट गरिएको छ । 'कमल जस्ता कोमल चरण' को रुपमा ठाउँमा उपमा दिएर भावलाई सिँगार्ने चेष्टा पनि गरिएको छ । वर्णन विशद छ र दृश्याङ्कन राम्रो भएको छ । फलत : अभिव्यक्त रसमय भएको छ ।[२०]

---

१८. ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३४२, न्यू हिरा बुक्स इण्टरप्राइजेज, कीर्तिपुर, २०६२ ।

१९. बाबुराम आचार्य, पुराना कवि र कविता, पृ. १२०, साझा प्रकाशन, संस्करण नवौं, २०६२ ।

२०. डा. केशवप्रसाद उपाध्याय, पृ. २२४, पूर्ववत् ।

**निगुर्ण भक्तिधारा (सन्तधारा) :**

नेपाली कविताको प्राथमिककालको उत्तरार्द्ध (१८७३-१९४०) मा व्याप्त रहेको भक्तिधाराअन्तर्गतको एउटा उपधारा हो निर्गुण भक्तिधारा । प्रचलित धार्मिक विश्वासहरुमा जब रुढि र अनैतिक विश्वासहरुले प्रवेश पाउँछन् तब ती प्राचीन धार्मिक विश्वासहरु जनताको जीवनको उपयोगी हुन छाड्छन् । धर्म समाज सञ्चालन गर्ने एक व्यावहारिक पद्धति हो । कुनै पनि धार्मिक मतको प्रवर्तनको उद्देश्य यही हो । धार्मिक मतको अर्थ केवल परामर्श साधन कदापि होइन । धर्म एक व्यवहार नै हो । तर कालान्तरमा धर्मको व्यवहारिक रुप वा पक्ष लुप्त हुँदै जान्छ र जनतामा त्यस धर्मप्रति अन्धविश्वास पैदा हुन जान्छ । सन्तहरु अवश्य नै समाजदर्शी हुन्छन् । समाजमा भएका कुरीतिहरु र संगठनको अभावमा समाजमा हुन आएका कमजोरीहरुलाई सन्तहरु केलाएर हेर्दछन् । केवल आफ्ना आत्मशुद्धिको निमित्त अथवा पारलौकिक साध्यका लागि कन्दरामा तपस्या गर्ने सन्तहरु र मत प्रवर्तन गर्ने सन्तहरुमा ठूलो अन्तर छ । जनजीवनसित प्रयोजन नराखी आफ्नै साध्यका लागि जपतप गर्ने सन्त र सिद्धको अस्तित्व अब छैन । जसले समाजलाई हेरेर धर्म र मतलाइ समाजको लाभको निमित्त प्रस्तुत गर्दछन्, तिनको प्रचार गर्दछन् त्यस्ता मत प्रवर्तक सिद्धहरुको अस्तित्व अहिलेसम्म पाइँदैछ । कुनै पनि धार्मिक विश्वासको प्रारम्भमा दोष नपाइएलान् । तर कालान्तरमा त्यस विश्वासको अनुसार आचार गर्नेहरु आफ्नू अनुकुल त्यस विश्वासको व्याख्या गर्दछन् । हरके मतले जीवनलाई संयममा राख्ने उपदेश दिन्छ तर आचार गर्नेहरु त्यसलाई पालन गर्न सक्तैनन् । धर्मको नाममा जनता मूल तत्वबाट टाढा भएर अवान्तर पक्षमा रङ्गमगिन थाल्छ र बिस्तार

बिस्तार जनतालाई जीवन दिने खालको ओज त्यसमा रहँदैन । समाज अरु दुष्प्रभावित हुन्छ र त्यस्ता स्थितिमा नयाँ मत लिएर सन्तहरुको प्रादुर्भाव हुन्छ ।[२१]

जोसमनी सन्त सम्प्रदायका सन्तहरुले यसलाई हुर्काउने काम गरेका हुन् । यी सन्तहरु सगुण भक्तिधारामा जस्तो ब्रह्माको साकार रुपको आराधना उपासना नगरी निराकार परब्रह्माको उपासना गर्दछन् । यसबाहेक जोसमनी सन्त सम्प्रदायका नेपाली कविहरुले अर्को विशेषता के छ भने यिनीहरु आफ्नो लेखनको उद्देश्य निर्गुण परब्रह्मको उपासना गरी ब्रह्मामा एकाकार हुनुपर्ने जीवनको लक्ष्यलाई मात्र अभिव्यक्ति नदिई सामाजिक सुधारका पक्षतर्फ पनि त्यतिकै स्वर दिएको देखिन्छ । यस धारामा लेख्ने सन्त कविहरुमा धिर्जे दिलदास, शशिधर, धौकदास, प्रेमदिल, अभयानन्द, श्यामदिल, अच्युतदिलदास, धर्मदिलदास, सन्तदिलदास, अगमदिलदास, अखण्डदिलदास, धरणीदिलदास, कमलदास, कृष्णदास, ज्ञानदिलदास आदि देखिन्छन् । यी मध्ये कति सन्त कविहरले आफ्ना भजनद्वारा प्रस्तुत निराकार परब्रह्मको उपासनाको आध्यात्मिक साधनाद्वारा परत्रसुधारको मार्ग अपनाएका छन् । सन्त परम्पराका केही रचनाहरु केवल व्यक्तिगत साधना तथा व्यक्तिगत जीवनको वैराग्य र त्यसद्वारा वैयक्तिक परम सुधारको मार्गमा मात्र सीमित नभई मानव र उसको सिङ्गो जाति तथा समाज सुधारको स्वर उराल्नेतर्फ लागेका छन् भने कतिपय रचनाकारहरुले नेपाल र नेपाली समाजको सुधारका आवाज पनि दिएका छन् । यहाँका तत्कालीन विकृति विसङ्गतिप्रति व्यङ्ग्य र सुधारका स्वर पनि दिएका छन् ।

२१. जनकलाल शर्मा, जोसमनी सन्तपरम्परा र साहित्य, पृ. १, साझा प्रकाशन, संस्करण द्वितीय, २०५२ ।

ब्रह्मप्राप्तिको मार्गमा लोभलालच, मायामोह आदि सांसारिक कुराहरु बाधकका रुपमा आउने गर्दछन् । यिनी सबै कुराहरुलाई त्यागेपछि सन्यास रुप धारण गरी उक्त लक्ष्यमा पुग्न सकिन्छ । त्यो बाटो बैराग्यको बाटो हो, त्यो बाटो निराकार परब्रह्मको उपासनाको बाटो हो भन्ने निर्गुणपन्थी भक्त कविहरुमध्ये कोही गृहस्थ पनि हुन्छ र कोही गृहत्यागी पनि । कर्मकाण्ड, बली, जातीय भेदभाव र अनाचारको विरोध गरी मानवताकोस्वर उराल्नु वा बाटो समात्नु त्यसैमार्फत मोक्ष एवम् स्वर्गको प्राप्ति यिनीहरुको अभीष्ट नै हो । नेपालमा हिन्दू, शैव, शाक्त, वैष्णव, बौद्ध, नाथ, सिद्ध र जोसमनी सन्तहरुको अस्तित्व छ । मन्दिरै मन्दिर र देवतै देवताहरुको देश नेपालका जनता धर्मभीरु भएकाले यिनीहरुमा सन्तहरुप्रति पूर्ण श्रद्धा र विश्वास छ । यिनै सन्तहरुबाट पृथ्वीनारायण शाहले गोरखनाथको स्तुति गाउन लगाएका थिए भने रणबहादुर शाहले पनि सन्त शशधिरबाट दीक्षा प्राप्त गरेको देखिन्छ । यसप्रकारले गर्दा नेपालमा सन्तकाव्यको परम्परा लामै भएको देखिन्छ । जोसपनीको खासठेट अर्थ निकाल्न नसक्ने भएको भएतापनि व्युत्पत्ति ज्यातिर्मनिबाट ज्योतिर्मनी हुँदै भएको भनिन्छ । ज्योति स्वरुप बह्माको उपासना गर्ने भएकाले यस सम्प्रदायको नाम जोसमनी रहेको चर्चा गरिएको पाइन्छ ।

जोसमनीलाई विभिन्न अर्थमा अर्थायाउने क्रममा ब्रह्माज्योतिको ध्यान गर्दा गर्दै स्वयम् पनि ज्योति हुन जाने भन्ने अर्थमा पनि लिइन्छ । यस सम्प्रदायका प्रथम प्रयोक्ता शशिधरले ज्योतिर्मठाधीश शंकराचार्यबाट ब्रह्मज्ञान प्राप्त गरेको चर्चा पनि पाइन्छ ।

सन्त परम्परा कविहरुको आध्यात्मिक पक्षतर्फ हेर्दा निर्गुण भजन र त्यसक्रममा विभिन्न रागहरुको रचना यिनीहरुले गरेका छन् । यसरी भक्त कविका रुपमा रहेका जोसमनी सन्तहरुले निर्गुण उपासनामा लीन भई वैराग्यको भावनालाई आफ्ना कृतिहरु मार्फत् अभिव्यक्त गर्दै ब्रह्मतत्वको खोजी गरेका छन् । यी सन्त कविहरु र यिनका कृतिहरु मूर्तिपूजाका कट्टर विरोधी देखिन्छन् । परम्परागत ब्राह्मणवाद प्रति यिनीहरुले घोर विरोध गर्ने गरेको देखिन्छ । समाजलाई धार्मिक कट्टरताले आक्रान्त पारिरहेको धारणा व्यक्त गर्दै पुराणादिका रुढ मान्यताले ग्रस्त रुण समाजको अस्थिपञ्जरमा उनीहरु मानवतारुपी प्राण भर्न चाहन्थे । यिनीहरु लाग्ने बाटो भनेकै संस्कृति परम्पराका नाममा देखिएका जाति प्रथाका खराब परिणामहरु औँलाउँदै समाजलाई सही बाटो देखाउनतर्फ हो । यस बाटो तर्फ लागेका जस्ता देखिने यी साधकहरुले भजन, आरती, राग आदि भक्तिपरक कृतिको रचना गरेका छन् । यसप्रकार सन्त कविहरुमा भएको प्रबल सामाजिक चेतनाले समाजको रुग्ण, भग्न र जीर्ण स्वरुप देखेर चिन्तित हुँदै त्यसको कारक सामाजिक आडम्बरको विरोध गरेका छन् । रुढि र अन्धविश्वासको बादल फटाउनका लागि व्यङ्ग्य तथा सुधारका औजारहरु फ्याक्ने कार्य गरेका छन् । धर्मका तथाकथित ठेकेदारहरुबाट धर्मका सकारात्मक पक्षहरुलाई खोसी सर्वसुलभता प्रदान गरेका छन् । यिनीहरुले जातीय आडम्बरलाई जरैदेखि उखलेर मानवतालाई नै धर्मका रुपमा प्रतिस्थापन गर्ने प्रयास गरेका छन् । धामी, झाँक्री, ज्योतिष र कर्मकाण्डी पण्डितहरुको ठगीका विरुद्ध विरोधका स्वरहरु उराल्दै न्याय र मानवताका पक्षमा स्वर गुन्जाएका छन् । सन्त कविहरुको दार्शनिक चिन्तन प्रणाली गहन थियो । यिनीहरुले तीब्र सामाजिक चेतना र गहिरो अर्न्तदृष्टियुक्तलाई प्रस्तुत गर्ने कार्य गरेका छन् । आत्मतत्वको खोजी, मायावी सांसारिकताप्रति वितृष्णा, वैराग्य आदि आध्यात्मिक पक्षतर्फ पनि उनीहरुको आकर्षण व्यक्तिएकै देखिन्छ । यही परम्परालाई सफलतापूर्वक अघि बढाउने कवि ज्ञानदिलास हुन् उनी एकजना सफल र सशक्त साधन हुन् ।

सन्तहरुको कवितालाई हेर्दा निर्गुण भक्तिधाराका विशेषतालाई बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

(क) ईश्वरको निराकारको कल्पना गर्नु ।

(ख) धर्मको नाममा गरिने रुढिगत आडम्बरको विरोध गर्नु ।

(ग) धर्म र कर्मकाण्डको नाममा गरिने भेदभाव जातिपाति आदिको विरोध गर्नु ।

(घ) छुवाछुतको विरोध गर्दै समाज सुधारको आग्रह गर्नु ।

(ङ) यस धाराका कविताहरुमा मिश्रित भाषा (संस्कृत, बज्र, अवधि तथा मैथलि) प्रयोग हुनु ।

भारतमा भारतीय सन्त कविहरुले विभिन्न प्रदेशको भाषा मिसाएर एउटा भिन्न भाषाको माध्यमबाट साहित्यको रचना गर्ने गरेको भेटाइन्छ त्यो भाषालाई सधुक्कडी (मिश्रित भाषा) भनिन्छ । त्यस्तै नेपालमा पनि जोसमनी सन्त कविहरुले मिश्रित भाषाको प्रयोग गरेका छन् । सधुक्कडी भाषा प्रयोग गरेर निराकार परब्रह्मको खोजमा लाग्न प्रेरित गर्ने काम सन्त कविहरुले गरेको पाइन्छ ।[२२] सधुक्कडी भाषामा रचित कविताको अंश तल प्रस्तुत गरिन्छ :-

निराकार निर्लेप्को भेद नजाने कोहि ।
जो करता सब जगत् के मषान प्रभुस्वही ॥
जन्म मरण से रहित है नारायण करतार ।
हरि भक्तनको हेतु सै ले तुँ भूमी अवतार ॥
(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

२२. डा. रामनाथ ओझा र मधुसुदन गिरी, लोकसाहित्य, पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध, पृ. १८७, स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स, संस्करण दोस्रो, २०६२ ।

प्राथमिककालको उत्तरार्द्धदेखि चलेको यो भक्तिधारा माध्यमिककालमा पनि गौणरुपमा रहेको छ । यस धाराले पौराणिक आख्यानलाई कवितावद्ध गरी समाजलाई नैतिक उपदेश वा सन्देश दिएको छ । लोभक्रोध मोह मद मात्सर्य विनाशका कारण हुन्, संसार मायाजाल मात्रै हो । संसारबाट मुक्त हुन र परमार्थ तत्वको खोज गर्न र जीवनमा शक्ति पाउन भक्ति अध्यात्ममा लाग्नु पर्दछ ।

यस किसिमको भक्तिधारामा कृष्णभक्ति रामभक्ति दुबै धाराका कवि र कविताकृति देखापरेका छन् । यसमध्ये कृष्णभक्ति धाराका सुब्बा होमनाथ केदारनाथको महाभारत विराट्पर्व, कृष्णप्रसाद रेग्मीको देवी भागवत्, मोतीराम भट्टको गजेन्द्र मोक्ष प्रल्हाद भक्तिकथा र शम्भुप्रसाद ढुङ्गेलको महाभारत केही पर्वको अनुवाद तथा शिखरनाथ सुवेदीको कृष्णचरित्र एवं चिरञ्जीवी पौडयालको सुखार्णव श्रीमद् भागवद्को अनुवाद रहेका छन् भने रामभक्ति धारामा रमाकान्त बरालको अद्भुत रामायण भोजराज भट्टको आनन्द रामायण, हेम बल्लभ पाण्डेको अग्नि रामायण, होमनाथ, केदारनाथको रामाश्वमेध रामायण र कृषणप्रसाद श्रेष्ठको राधेश्याम रामायण आदि रहेका छन् । [२३]

मोतीरामले नेपाली साहित्यको रचनात्मक अभियानमा नयाँ युवाहरुलाई आकर्षित गर्न र साहित्यका पाठकहरुमा नयाँ रुचि पैदा गरी अनुकूल वातावरण तयार गर्नका लागि श्रृङ्गारजस्तो सरस विषयलाई अगाडि सारे पनि परम्परागत भक्तिभावबाट पनि उनी सर्वथा विमुख रहेका छैनन् । श्रृङ्गारी कवितासँगै उनले ईश्वरभक्ति र पौराणिक महत्वका विषयमा पनि उत्तिकै ध्यान

दिएर कविता रचेको पाइन्छ । यस परम्परामा उनले लेखेका रचना पनि कम छैनन् । काशीमा रहँदा गरेको गौ रक्षा (सं. १९४१ माघ) नै पहिलो कृति हो कि ? भन्ने अनुमान हुन्छ । मोतीरामका भक्तिभावपरक कृतिहरुमा गङ्गास्तुति (१९४१ तिर ?), गजेन्द्रमोक्ष, शारदाष्टक, दक्षिणकालीस्तुति, प्रह्लादभक्ति कथा मुख्य छन् । गजेन्द्रमोक्ष भागवत अष्टम स्कन्धअन्तर्गतको गजेन्द्रोपाख्यानबाट रुपान्तरित गरेको देखिन्छ भने प्रह्लादभक्ति कथा विष्णुपुराण अन्तर्गतको प्रह्लादभक्ति कथा यी दुबै रचना आफ्नो युगमा ज्यादै लोकप्रिय भइसकेका पनि हुन् । गजेन्द्रमोक्ष उनको प्रारम्भिक रचना भए पनि त्यस बेलाका पाठक र रसिक वर्गमा यो अति नै लोकप्रिय रहेको पाइन्छ । विशेष गरेर पुरानो पुस्ताको साहित्य र आफ्नो युगको साहित्यसँग पुल हालेर सम्पर्क जोड्नमा मोतीरामका गजेन्द्रमोक्ष र प्रह्लादभक्ति कथाजस्ता दुई कृति सशक्त माध्यम बनेका देखिन्छन् । मोतीरामले श्रृङ्गारको नयाँ धारा चलाए पनि परम्परागत भक्तिधारा त्यत्तिकैमा पूर्णविरामभित्र मौन साधेर बसेको छैन । माध्यमिक कालभरि नै रामायण (गद्यानुवादका रुपमा पनि), महाभारत र भागवत (गद्य र पद्य दुबैमा रुपान्तरण, मुख्य गरेर 'कृष्णचरित्र' का प्रसङ्गको अनुवाद) जस्ता पौराणिक कृतिको रुपान्तरण, भावानुवाद यसका साक्षी

---

२३. ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, पृ. ३४६, न्यू हिरा बुक्स इण्टरप्राइजेज, कीर्तिपुर, २०६२ ।

छन् । माध्यमिक कालको भक्तिसाहित्यलाई छापाखाना युगले गर्दा बढी लोकप्रिय गराएको बुझिन्छ । विशेषगरेर पौराणिक श्रद्धालुका बीचमा रामायण, महाभारत र भागवत्का नेपाली रुपान्तरहरु ज्यादा लोकप्रिय रहेको देखिन्छ । त्यस बेलाका यस्तै दुई थरी रुचिलाई ध्यानमा राखी मोतीरामका भक्तिविषयक कृति र श्रृङ्गारविषयक रचनाको प्रशंसा गर्दै नरदेव पाण्डेयले लेखेका छन् :-

वेदान्तको रस्कन योगिलाई
श्रृङ्गारको रसकन हामिलाई
(क. मोतीराम भट्टको जीवनी, पृ. ५८)

वास्तवमा मोतीरामका भक्तिविषयक रचना र श्रृङ्गारविषयक दुबै आआफ्ना क्षेत्रमा उत्तिकै बेजोड देखिन्छन् । भक्तिविषयक रचनामा मात्र होइन; भक्तिभावको अभिप्राय के हो ? यसको मर्मसम पुग्नमा पनि मोतीराम उत्तिकै कुशल देखिन्छन् । मोतीरामले आफ्ना पूर्ववर्ती कविहरुका भक्तिविषयक रचनाको मूल्याङ्कन गर्दै भानुभक्तलाई नै भक्त कविका रुपमा स्थापित गरेका छन् र उनले आफ्नो समीक्षात्मक योग्यताको परिचय दिएका छन् । जेहोस् नेपाली साहित्यको मूल प्रवाहका रुपमा श्रृङ्गारीधारालाई प्राथमिकता दिए पनि गौण वा अवशिष्ठ प्रवृत्तिका रुपमा भक्तिधारालाई यथोचित आदर गर्दै उनी श्रृङ्गार र भक्ति दुबै धारालाई जोड्ने पुल बनेका देखिन्छन् । [२४]

यसरी भक्तिधाराका कवितामा भक्तिभाव प्रबल रुपमा देखापर्छ । सामाजिक, नैतिक, हाँस्यव्यङ्ग्यात्मक प्रवृत्तिका साथै आंशिक रुपमा श्रृङ्गारिक भाव पनि व्यक्त गरेको पाइन्छ । भक्तिधाराका कविहरुले कृष्ण, रामका अतिरिक्त विभिन्न देवदेवीका गाथालाई विषयवस्तु बनाएर कविता लेख्ने परम्पराको थालनी गरे । यो नै यस धाराको महत्वपूर्ण कवितात्मक उपलब्धि मान्न सकिन्छ । यस्तै सांसारिक मोह, माया, दुःख, मुक्ति चाहना र आध्यात्मिक भावको प्रवलता देखापर्नु अर्को महत्वपूर्ण कवितात्मक उपलब्धी हो । लयका दृष्टिले यस धाराका कविहरुले वर्णमात्रिक र लोकलयलाई अँगाली कविता लेखे । जसमा कृष्ण र रामभक्तिधाराका कविहरुले वर्णमात्रिक छन्दलाई अँगाली उच्चकोटीका कविता लेखे भने सन्तधाराका कविहरुले लोकल्याणलाई आत्मसात् गरी कविता सिर्जना गरे । कवितामा सौन्दर्य चेतना प्रस्तुत गर्ने प्रवृत्ति देखापरे पनि अनुवाद र रुपान्तरणको प्रक्रिया ज्यादा देखापर्दछ । त्यसैले मौलिकताको कमी देखिन्छ र सम्पूर्ण कविहरु भगवत्स्तुतिमा मात्र केन्द्रित रहेका देखिन्छन् । विधागत चेतनासहित कविता संरचना गर्ने प्रवृत्तिको विकास भइसकेको पाइँदैन तापनि प्रशस्त फुटकर कविता, गीत, भजन, खण्डकाव्य, महाकाव्य सिर्जना गरिनुले नेपाली कविताले ऐतिहासिक उपलब्धि हासिल गर्न

२४. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पृ. १३०, साझा प्रकाशन, संस्करण दोस्रो, २०५६ ।

सकेको अनुभव हुन्छ । प्राथमिककालीन कवितालाई हेर्दा रामभक्तिधारा एक सशक्त धाराका रुपमा देखापऱ्यो र भानुभक्त आचार्य प्राथमिककालकै चर्चित प्रतिभाका रुपमा देखिए । नेपाली कविताका प्राथमिककालको उत्तरार्द्धलाई सगुण र निर्गुणधारा एवम् तिनका उपधाराका मोटामोटी रुपरेखामा राखी विभाजन गर्न खोज्दा सगुण धाराअन्तर्गत कृष्णभक्ति, रामभक्ति र अन्य भक्तिका उपधारा सकार्दै निर्गुणधारा अन्तर्गत शास्त्रीय उपधारा र लोकमुखी सन्त (जोसमनी) उपधारा रहेको मान्न सकिन्छ । यस उत्तरार्द्धअन्तर्गत प्रथमत : निर्गुण शास्त्रीय र सधुक्कडी प्रवृत्ति सल्बलाई त्यसपछि क्रमशः कृष्णभक्ति, रामभक्ति र अन्य भक्ति उपधारा एवम् ठेट नेपाली लोकमुखी जोसमनी सन्तउपधारा प्रकट भएको मान्न सकिन्छ । यसरी उत्तरप्राथमिककालको नेपाली कविता यात्रा मूलतः सगुण आराध्यदेवप्रतिको भगवद्भक्ति र सांसारिकता मिथ्या मोहमाया र क्लेशकृष्ट एवम् रागतापभन्दा पर वैराग्यका साथै मुक्तितर्फ चासो राख्दै परमतत्व ( सगुण हरि वा निर्गुण ब्रह्म) का आध्यात्मिक आकर्षणमा रमाएको पाइन्छ ।

परिच्छेद चार

# भक्तिकालीन कवि व्यक्तित्व र कविता-काव्यकृति

भक्तिकालीन कविहरुमध्ये धेरैको तिथिमितिसहित चिनारी दिन गाऱ्हो छ । केही कविहरुलाई प्राक्कल्पनाका आधारमा चिनाउनुपर्ने स्थिति यथावत छँदैछ । यिनीहरुको बारेमा यथार्थ विवरण दिन खोज तथा अनुसन्धानहरुलाई ठूलो जिम्मेबारी थपिएको छ । नेपाली साहित्यमा काव्यरुपी भक्तित्वको जग हाल्ने हाम्रा अमूल्य निधिहरुलाई पहिचान गर्न र प्राप्त अभिलेख तथा पाण्डुलिपिहरुको सही अर्थ लगाई जानकारी दिन ठूलो समस्या उत्पन्न भएको देखिन्छ । सुगौली सन्धि (वि.सं. १८७२) देखि माध्यमिककालको सुरुवात हुनुपूर्व (वि.सं. १९४०) सम्म करिब सात दशकको अवधि पाएको भक्तिधाराले धेरै कवि तथा काव्यकृति जन्मायो । आफ्नो पहिचान र अस्मिता जोगाउन नेपाली साहित्यमा भक्तिधारा सफल छ । यस धाराको महानतम् उपलब्धिका रुपमा भानुभक्त आचार्यद्वारा रचित महाकाव्य 'रामायण' लाई लिइन्छ । यो काल नेपाली साहित्यमा आदिकवि जन्माउन सफल छ । मूल कथा वाल्मीकिरचित संस्कृत भाषाको रामायणकै लिइएको भए तापनि यो महाकाव्य अन्य अनुदित कविताकाव्य जस्तो नभई नेपालीपनको छ । यसमा भानुभक्तको मौलिकता र कालीगडी झल्किएको पाइन्छ । सिङ्गो नेपाली साहित्यकै पथ प्रदर्शकका रुपमा यस काललाई हेर्न सकिन्छ । त्यसैले नेपाली साहित्यमा यस कालको ऐतिहासिक महत्व रहेको छ ।

वि.सं. १८२५ बाट वीरधाराअन्तर्गत कविताका लघु वा फुटकर रुप देखापर्दै आइरहेका थिए । तर त्यस समयावधिमा कविताका मझौला (मध्यम) र बृहत रुपको विकास भइसकेको थिएन । वि.सं. १८७२ पछि पनि भक्तिधाराअन्तर्गत लघु रुपमै कविता लेखिदै आएकोमा वि.सं. १९१० पुग्दानपुग्दै नेपाली साहित्यकै अमूल्य सम्पत्तिका रुपमा चिनिने 'रामायण' को रचना भयो । त्यस्तै वसन्त शर्माद्वारा रचित 'श्रीकृष्णचरित्र' को रचना भयो । कविताका विभिन्न रुपको

रचनाको दृष्टिकोणले यो काल ज्यादै नै उर्वर देखिन्छ । सातदशकको छोटो अवधिमा नै आफ्नो स्थान कायम राख्न भक्तिधारा सफल देखिन्छ । यसको श्रेय भक्तिकालीन कविहरुलाई नै जान्छ ।

भक्तिकालीन कविहरुले वर्णनात्मक स्वरुपलाई अभिव्यक्तिको माध्यम बनाएका छन् । उनीहरुले रामचन्द्र, कृष्ण र निराकार ईश्वरीय स्वरुपको भक्तिपरक वर्णनलाई नै आफ्नो अभिव्यक्तिको माध्यम बनाए । भक्तिकालीन कविहरुले ईश्वरी अवतार राम भगवान्, कृष्ण भग्वान र निराकार परब्रह्मको स्तुति कवितामार्फत गरी नेपाली जनतामा आध्यात्मिक चेतना जगाउने काम गरे । यस कालका कविहरुले युद्धग्रस्त मानसिकताले छट्पटाइरहेका नेपालीको हृदयमा शान्तिको मल्हमपट्टी लगाउने कार्य कविताकाव्यको माध्यमबाट गरे । विभिन्न रुपमा कविताकाव्य रचना गरी नेपाली साहित्यलाई एक समृद्ध साहित्यको रुपमा चिनाउने महिमामय कार्य गरे । भक्तित्वको ज्वाला ईश्वरीय स्तुतिको ज्वाला कवितामा पोख्ने भक्तिकालीन प्रमुख कविहरुका बारेमा शोधखोज र अध्ययन अनुसन्धानबाट प्राप्त भएका तथ्यका आधारमा यहाँ चिनाउने प्रयास गरिएको छ ।

वीरपूजाबाट थालनी भएका नेपाली काव्यपरम्परा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नुवाकोट विजय (वि.सं. १८०१) देखि सुगौली सन्धिपूर्व सशक्त रुपले द्रुतर गतिमा अगाडि बढेको पाइन्छ । यसै समयमा धेरै कवि तथा काव्यको जन्म भयो । जब वि.सं. १८७२ मा नेपालीको मुटुमा चोट पुऱ्याउने गरी सुगौली सन्धि भयो तब नेपाली समाजमा युद्ध र वीरताप्रति विरक्ति उत्पन्न भयो । धेरै समय खर्चेर आर्जेको मान थोरै समयमा अपमानमा परिणत हुँदा नेपाली हृदयले घृणाको महशुस गर्न थाल्यो । मान्छे आफू कमजोर हुँदा हेपिदा वा चेपिदा अन्तिम सहारा दैवलाई लिने गर्दछ । नेपालीलाई सहयोग गर्ने अर्को भरपर्दो कुनै मित्रशक्ति नभएपछि युद्धले सिर्जिएको पराजय स्वीकार गर्दै नेपाली समाजमा ईश्वरोस्तुतिको जग बसाल्ने मूलभूत मुद्दा हो । यद्यपि नेपाली समाजमा ईश्वरपूजा गर्ने प्रचलन धार्मिक संस्कारको उपज हो । हिन्दू पद्धतिअनुसार, भगवानको अर्चना गर्ने परम्परा नेपाली समाजमा परापूर्वकालदेखि नै विद्यमान पाइन्छ । त्यतिबेलासम्म जतिबेला कि आजको नेपाल विभिन्न ससाना राज्यरजौटाहरुमा विभाजित थियो । तर कुरो के भने सुगौली सन्धिपछि युद्धग्रस्त मानसिकताले पीडित नेपालीहरु आफ्नो सनातनी प्रक्रियाभन्दा पनि त्यो चोटमा मल्हमपट्टि लगाउने हेतुले ईश्वराधनामा लाग्न पुगे । कविता लेख्न पुगे काव्य सिर्जन पुगे र नेपाली साहित्यलाई महिमामय स्थान दिन महत्वपूर्ण योगदान पुऱ्याउन पुगे । समाज त्यसरी ईश्वर आराधनाप्रति नतमस्तक देखिएपछि कविहरु पनि सो समयको वातावरण र परिवेश अनुसार आफ्ना मनका भावनाहरु कविताको रुपमा सजाउन थाले । ईश्वरप्रति अटूट आस्था राखी आराधना गर्नाले आफ्नो शरणमा लिन्छन् र दु:ख विनाश हुन्छ भन्ने आध्यात्मिक विश्वासमा विश्वस्त भई ईश्वरको आराधना गर्दै कविता लेख्दा कविहरुले प्रशंसा पनि पाए । त्यो प्रशंसाका कारण उनीहरुको हौसला बढ्दै गयो र परिणामस्वरुप त्यसले लामो समयसम्म निरन्तरता

पायो । ईश्वरको आराधनामा व्यस्त भई कवितमार्फत आफ्ना भावना पोख्ने भक्तिकालीन प्रमुख कवि व्यक्तित्वहरु यसप्रकार छन् :

१. इन्दिरस
२. पण्डित विद्यारण्यकेशरी
३. वसन्त शर्मा
४. यदुनाथ पोखऱ्याल
५. वीरशाली पन्त
६. हीनन्याकर्णी विद्यापति
७. पतञ्जलि गजुऱ्याल
८. भानुभक्त आचार्य
९. रघुनाथ पोखऱ्याल
१०. अगमदिलदास
११. अषडदिलदास
१२. ज्ञानदिलदास

## १. इन्दिरस

यिनको जन्म मृत्युको तिथि र रचनामिति पनि अज्ञात छ । बाबुराम आचार्यका अनुसार यिनलाई विद्यारण्यकेशरीभन्दा जेठा मानिएको छ । 'गोपिकास्तुति' भागवत्को दशम स्कन्ध, पूर्वाद्धको एक्तीसौं अध्यायमा छ । कवि कुशल र सफल अनुवादक हुन सकेका छन् । संस्कृतजस्तो समृद्ध र सन्धि समासयुक्त भाषामा लेखिएको पक्षलाई उही छन्दमा छायानुवादको चेष्टा गर्नु यिनको कठिन साहसको परिचायक छ । उनले अरु शब्दानुवादको समेत प्रयास गरेका छन् । उनको साहस र प्रयास ठाउँ ठाउँमा असफल भएको छ । यिनी पूर्वका अन्य भक्तकवि नभेटिइन्जेल यिनलाई नै भक्तिधाराका प्रवर्तक कवि भन्नुपर्ने हुन्छ । यिनका विषयमा बाबुराम आचार्यले उनको पुराना कवि र कविता (२००३) मा दिएको जानकारी भन्दा बढी जानकारी प्राप्त हुनसकेको छैन ।[२५]

वीरभावले गडगडाउँदो नेपाली कवितालाई भक्तिभावको सन्चो प्रदान गर्ने कविका रुपमा इन्दिरसलाई लिन सकिन्छ । यिनको प्रामाणिक समय र जीवनीसम्बन्धी बोलविस्तार अझै अँध्यारामा सियो झैँ हराएको छ । इन्दिरस रचित उन्नाइस श्लोक गोपिकास्तुतिलाई यस कालको शुभारम्भ गर्ने पहिलो कविता मानिन्छ । वि.सं. १८८४ अगावै रचिएको यस कवितामा कृष्णको प्रजापालक र दुःख निवारक स्वरुप यसरी प्रकट गरिएको छ :

ब्रजनिवासीको दुःख दुर हुन्या ।

तिमरि मूर्ति हो लोक पालन्या ॥
धरि पलक निमेस हामी सम्भन्या ।
हृदय रोगको दर्द हर्दिन्या ॥
(पुराना कवि र कविताबाट साभार)

इन्दिरसको भक्तिभाव श्रृङ्गार भावसँग जोल्ठिएर हिडेको हुँदा कविताको शैली काव्यात्मक मधुरता र सङ्गीतात्मक लयालुताको दोभान भएको छ । भाषिक दृष्टिले संस्कृत, अरबी र फारसीका साथै अवधी, भोजपुरी र मैथलीका शब्दहरुको पनि बढी प्रयोग भएको हुँदा 'गोपिकास्तुति' मा नेपाली भाषाको चाहिदो छटा देखिएको छैन तर आलङ्करिक दृष्टिले यमक, उपमा र अनुप्रासको प्रयोग गरिएको हुँदा रचना रुचिपूर्ण र चमत्कारयुक्त भएको छ । अविकल रुपान्तरणमा पनि वर्णनको मार्मिकता हुनु यसको विशेषता हो । इन्दिरसले मूल अनुरुप नेपालीमा पनि संस्कृतकै स्वागता छन्द अङ्गालेका छन् ।[२६]

---

२५. बाबुराम आचार्य, पुराना कवि र कविता, साभा प्रकाशन, संस्करण नवौं, २०६२ ।

२६. डा. केशवप्रसाद उपाध्याय, प्राथमिककालीन कवि र काव्य प्रवृत्ति, पृ. १४१, साभा प्रकाशन, संस्करण चौथो, २०६० ।

हालै प्राप्त पैतीस श्लोके 'गोपीरक्षा'लाई इन्दिरसको कृति र गोपिकास्तुतिको पूर्ण संस्करण मानिएको छ । गोपिरक्षामा गोपिकास्तुतिका उन्नाइस श्लोक बाहेक थप सोह्र श्लोक पनि छन् । उनका यी कवितामा हिन्दीको प्रभाव पनि परेको देखिन्छ । गोपिकास्तुतिमा रतिरागजन्य श्रृङ्गारिक भावको प्राधान्य रहेको छ । श्री कृष्णप्रति अनुरक्त गोपिनीहरु विषतुल्य भनिएको विषयसुखका निमित्त सुरनाथ भनिएका श्रीकृष्णलाई आमन्त्रण गर्दछन् ।[२७] उनको अधरको रस पिउन लालायित ग्वालिनीहरु कृष्णलाई भन्छन् ।

मधुर शब्दले बेस बोलिने ।
बुभ निहारका चित्त चोरले ॥
अकल गुम् भयो हामी दासिको ।
रस पिलाउ हे कृष्ण ओठको ॥
(पुराना कवि र कविताबाट साभार)

माध्यमिककालीन श्रृङ्गारधाराको बीजाधान यही भइसकेको अनुभव हुने प्रस्तुत श्लोकका अतिरिक्त यस अघि नै कामदग्ध गोपिकाको स्तुति यसप्रकारको देखिन्छ ।

शरदमा कमल् लेस भेषले ।

श्री हरी दिन्या तिम्रि नेत्रले ॥
सुरतनाथ ! हे हामि दासिको ।
वध हुँदैन की कामदेखिको ॥
(पुराना कवि र कविताबाट साभार)

यस अनुवादमा मूलको भाव ठिकसित प्रकट हुन सकेको छैन । मूलको छाया पनि धमिलो भएको छ । लेखकले आफ्नो तर्फबाट 'बेस भेषले' थपेका छन् । यो थप अशंले कुनै सहायता गरेको छैन, बरु 'कमला र श्रीहरीदिन्या तिम्री नेत्रले' को बीचमा बसिदिएर अन्वयलाई छेकी अनुवादकको आशयलाई समेत अलमल्याइ दिएको छ । मूलमा श्रृङ्गार रसको जुन मधुर व्यञ्जना छ, यिनले त्यसलाई वाच्यानार्थमा प्रकट गर्न खोजेका छन् तर मूलको आशय छ, हरिले नयनवाण चलाएर गोपिनीहरुलाई जसरी आहत पारेका छन् । त्यो एकप्रकारको हत्या नै हो । व्यङ्ग्य छ, गोपिनीहरुको कामपीडा र हरि मिलनको तीब्र लालसा अनुवादक भन्दछन् हरिले नेत्रवाणले हान्नु गोपिनीहरुका कामको वध हो । कामकै वध भएपछि, गोपिनीहरुले विरह वेदना किन प्रकट गर्ने ?

२७. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पृ. ३५ , पूर्ववत् ।

कृष्णका कमला लाललाल पैतलालाई कमलसँग उपमित गरेर एक सुन्दर उपमा अलङ्कारको सिर्जना गरिएका केही पङ्क्तिहरु पनि यस्ता छन् :-

गउ चराउँदै जानु हुन्छ बन ।
कमल झै नरम् लाल पाउ छन् ॥
गडि दिनन् तिखा पत्थरै ति झन ।
भनि त हामरो पग्लि जान्छ मन् ॥
(पुराना कवि र कविताबाट साभार)

श्रीकृष्णको मनोहरी रुपस्मृतिले व्यथित गोपिकाहरु आफ्नो मनको दशा यसरी पोख्दछन् :-

वदन जानिन्या काम जन्मन्या ।
वढ्न हासन्या प्रेम नजर दिन्या ॥
लक्ष्मिको निवास् छाति देखिन्या ।
कलपि जाइन्या मोहमन् हुन्या ॥
(पुराना कवि र कविताबाट साभार)

यसका अतिरिक्त कृष्णको रात्रिगमन अर्थात् प्रेमालापको संकेत पनि गोपिकाले यसरी बकेकी छन् :

कोमल् चरण कमल जौन् तिमी राति राख्छौ ।

विस्तार कठोर  कुचमा भए मानी हाल्छौ ॥
जान्छौ तिनै चरणले तिमी ता वनैमा ।
प्राण ! हामरो अधिक खेद भयो मनैमा ॥

यसप्रकार सरल, सरस र परिमार्जित भाषामा प्रभावकारी ढङ्गले संस्कृत जस्तो जटिल भाषाबाट समच्छन्दमा प्रस्तुत गरिएको यस रुपान्तरणमा भक्ति र श्रृङ्गार दुबै रसको हुन गएको छ । यसरी इन्दिरसले नेपाली भक्तिकालीन कविताको विकास गर्नमा ठूलै योगदान पुर्‍याएका छन् ।[२८]

## २. पण्डित विद्यारण्यकेशरी

श्री ५ गीर्वाणयुद्धविक्रम शाहका राज्यारम्भ कालका राजपुरोहित वैयाकरणकेशरी अर्ज्यालका भाइ दैवज्ञकेशरी एक विद्वान् पण्डित  थिए । तिनैका छोरा विद्यारण्यकेशरी थिए । विक्रम सम्वत् १८६२ माघमा यिनको जन्म भएको थियो । यस कालका  आरम्भमा  दैवज्ञकेशरी

२८. डा. रामनाथ ओझा र मधुसुदन गिरी, पृ. १०९, पूर्ववत् ।

काठमाडौंबाट निकाला भएका हुनाले नुवाकोट जिल्लाका सुनाखानी भन्ने गाउँका आफ्ना बिर्ता जग्गामा गएर बसेका थिए । यही विद्यारण्यकेशरीको जन्म भएको थियो । वृद्धावस्थामा दैवज्ञकेशरी काशीवास गएका र साथसाथैमा विद्याभ्यासका निमित्त विद्यारण्यकेशरी पनि उही गएका थिए । प्रसिद्ध पण्डित बालशास्त्री यिनका सहपाठी थिए । दैवज्ञकेशरीको परलोकवास भएपछि विद्यारण्यकेशरी सुनाखानी नै आएर बसे । यस समय अर्थात् विक्रम सम्वत् १८८४ का आसपासमा नेपाली भाषामा कविता लेख्ने चलन काठमाडौंमा आउन पाउँदैनथे, यसकारणले नयाँ बनेको कविता यिनले देख्न पाएको लक्षण देखिंदैन । विक्रम सम्वत् १८९४ मा यिनलाई काठमाडौं आरम्भ भइसकेको  देखिन्छ । विद्यारण्यकेशरी काठमाडौंमा आउने आज्ञा मिल्यो तर त्यहाँ आएर संस्कृत शास्त्रहरुको पठनपाठनमा जिन्दगी बिताई वि.सं. १९०२ मा यिनी परलोक भएका थिए । यिनका जो कविता पाइन्छन् । यी नेपाल काठमाडौंमा नआउँदै सुनाखानीमा बसेर केवल श्रीमद् भागवत् र महाभारतका आधारमा लेखिएका देखिन्छन् ।[२९] बाबुराम आचार्यका अनुसार यिनका रचना सम्वत् १८९४ भन्दा पहिलेका हुन् । यिनका कृतिहरु देखिन्छन्- युगलीगीत, द्रोपदीस्तुति । युगलगीत भावानुवाद हो र द्रौपदीस्तुति मौलिक हो ।

विद्यारण्यको द्रौपदीस्तुति द्रौपदीलाई माध्यम बनाएर गरिएको कृष्णस्तुति हो । यो महाभारतको प्रसङ्गबाट लिइएको हो । यो कुनै अनुवाद त होइन, मौलिक योजना हो तर यसमा निहित भाव सर्वथा मौलिक चाहिँ छैनन् । किनभने द्रौपदीले महाभारतमा यसैगरी विलाप गरेकी छन् । यसमा दश श्लोक छन् र यो स्वागता छन्दमा छ । वर्णहरु छन्दको नियमानुसार राखिएका

छन् । तैपनि कही कही छन्द टुटेको   छ । जस्तै तेस्रो श्लोकको पहिलो पाउमा राजसूय बडो यज्ञले गरी- यसमा छैटौ वर्ण लघु हुनुपर्नेमा गुरु छ । यसको शैली परिमार्जित छ । पदशथ्या मिलेको छ, वाक्य योजना ठीक छ । शब्दहरु प्राय : सग्ला छन्, बिगारिएका छैनन् । यस्तो प्रसादगुणी ललित शैली भएर के गर्नु ? यसमा हिन्दी शब्दहरुको प्रवेश ज्यादा छ । हिन्दीका संज्ञा र विशेषण मात्र हैन, यसमा त हिन्दीका वाक्यहरु नै निर्धक्कसँग बसेका छन् । सुरुदेखि अन्त्यसम्म यही स्थिति छ । कुनै कुनै श्लोक निक्खर नेपाली छन् । जस्तै-

तीन दीनकी म छू रजस्वला, माननीय सब छन् भला भला ।
लोकको बिच विषे कसो होला, प्राण मेरि पुगिगै गला गला ॥

युगलगीत श्रीमद्भागवतको ३५औं अध्यायमा छ । यसमा जम्मा २६ श्लोकहरु छन् । पहिलो र अन्तिम पद्य अनुष्टुप छन्दमा छ, शेष स्वागतामा कवि केशरीले यसको अनुवाद गर्दा यसलाई १९ अक्षरे शार्दूलविक्रिडित छन्दमा परिवर्तित गरेका छन् र आफ्नो तर्फबाट श्लोकहरु

---

२९. डा. केशवप्रसाद उपाध्याय, पृ. १४२, पूर्ववत् ।

थपेका छन् । शार्दूलविक्रिडित नै प्रमुख छ, एकाध श्लोक अन्य छन्दका पनि छन् । यिनले आफ्नो अनुवादलाई 'छायानुवाद' भनेका छन् । यिनको कवि कार्य छन्द प्रयोग, भावविस्तार, भावोद्भावनको स्वच्छन्दता अनि मौलिक श्लोक रचनासम्म फैलिएको छ । यसरी इन्दिरसलाई भन्दा मूलको भावपूर्ण रुपमा उतार्ने सुविधा वा अवसर प्राप्त थियो । तर दुर्भाग्यवश यिनलाई पनि सफलता प्राप्त भएको छैन र यिनले योग्यता प्रदर्शनको स्थानमा कही त भद्दा अयोग्यता प्रदर्शित गरेका छन् । लामो छन्द बनाए तापनि भावार्थलाई राम्रो गरी उतार्ने क्षमता यिनमा थिएन, न थियो उपयुक्त पदहरु हालेर छन्दलाई मनोहर बनाउने कुशलता । फलत : यिनले कही मूल भावलाई त्यसै छाडी आफ्नो तर्फबाट टुक्का गाँसी जस्तो पुराणवाचक पण्डितहरु गर्ने गर्दछन् श्लोक पूरा गरेका छन् ।[30]

महाभारतको सभापर्वमा रहेको द्रौपचीरहरण प्रसङ्गका आधारमा द्रौपदीस्तुति रचेका छन् तेस्रो कृति वेणुगीतको पनि नामोल्लेख पाइन्छ, तर रचना भने फेला पर्न सकेको छैन । विद्यारण्यकेशरीले द्रौपदीस्तुतिमा अन्त्यानुप्रासको ओइरो लगाएका छन् । यसको विशेषता छन्द प्रयोग होइन विषयवस्तुको स्वतन्त्र प्रस्तुतीकरण हो । यसले विद्यारण्यलाई इन्दिरसभन्दा बढी मौलिक तुल्याएको छ । तसर्थ यिनका कवितामा मौलिकता नै छैन भन्नु उचित देखिन्न । साथै यसमा प्रयुक्त हिन्दी वाक्यबाट तर्सेर यिनलाई कवि दर्जा दिन नै अनुपयुक्त ठान्नु पनि उत्तिकै बेठिक देखिन्छ किनभने यस दोषको निकै परिमार्जन युगलगीतमा भएको पाइन्छ । स्वागतमा

बाँधिएको मूलको भावलाई युगलगीतमा शार्दूलविक्रिडितद्वारा अभिव्यक्त गरेर यिनले छन्दप्रयोग र भाव निवेदनमा नौल्याइँ मौलिकता पट्टि ढल्किने पहिलो लिस्नो लगाएका छन् । यो कृति झनै चोखो नेपाली भाषामा लेखिएको छ ।

विद्यारण्यकेशरीले हिन्दीमा लेखेको वंशीचरित्रको पनि उल्लेख पाइन्छ । छाँटले यो कवितामाथि उल्लेख गरिएको अप्राप्त कविता वेणुगीत कै नायन्तर हो । यसो हुन किन पनि सम्भव छ भने यिनको रचना द्रोपदीस्तुतिको द्रौपदीविलाप भन्ने नामान्तरण पनि पाइन्छ ।

नेपालमा उन्नाइसौ शताब्दीको पूर्वाद्धसम्म हिन्दुस्थानी (भोजपुरी, अविधि वा ब्रजभाषा) भाषामा कविता लेखपढ हुने चलन भएकोले पण्डित विद्यारण्यकेशरीले नेपाली भाषामा कविता लेखे तापनि उनका कविताहरुमा हिन्दुस्तानी भाषाहरुको प्रभाव परेको पाइन्छ । यसका साथै यिनले छायानुवादी प्रवृत्तिलाई समेत अंगाली कविता रचना गरेको पाइन्छ :-

---

३०. बाबुराम आचार्य, पुराना कवि र कविता, पृ. १५, साझा प्रकाशन, संस्करण नवौं, २०६२ ।

**द्रौपदीस्तुतिको पद्य-**

पाँच पाण्डवकी मै पटरानी ।
यज्ञसेन नृपकि त बहिनी ॥
सासि हुँ चरणकी म जन्मकी ।
बात राख अब नाथ शरणकी ॥
(पुराना कवि र कविताबाट साभार)

**युगलगीतको पद्य-**

बाउँ काँधउपर बिसाई चिउँडो बाँके गरी भू नयन ।
पैह्री मोर मुकुट रतन मणि जडित् कुण्डल् श्रवणपर् धरी ॥
कोमल अंगाली चाली मुरली राखी अधर्पर भली ।
बाजी कृष्ण जहाँ बिझी संगिनीको ज्यूनू कसोरी अब ॥
(पुराना कवि र कविताबाट साभार)

विद्यारण्यकेशरीका कवितामा अनौठो लिङ्ग विधिको प्रभाव परेको देखिन्छ । संस्कृतका ह्रस्व अथवा दीर्घ इकार र लकारलाई क्रमश : दीर्घ र ह्रस्व गराई यिनले प्रयोग गरेको पाइन्छ । यसरी तत् समयमा संस्कृतका विभिन्न ग्रन्थका श्लोकहरुको अनुवाद होस् वा हिन्दुस्थानी भाषाबाट प्रभावित भएर होस् विद्यारण्यकेशरीले नेपाली भक्तिकालीन कविताको विकासमा पुऱ्याएको योगदान स्मरणीय रहेको छ ।[३१]

## ३. वसन्त शर्मा

वसन्त शर्माको जन्म वि.सं. १८६० मा भएको हो । यिनको मृत्यु वि.सं. १९४७ मा भएको थियो । नेपाली कविताको प्राथमिक कालका उत्तरार्द्धमा विकसित भक्तिधाराका सशक्त कविका रुपमा परिचित छन् । यिनले 'श्रीकृष्ण चरित्र' (१८८४), समुन्द्रलहरी (१९०१) को रचना गरेका छन् । यिनको 'श्रीकृष्ण चरित्र' भक्तिमूलक काव्य हो । यो शार्दूलविक्रिडित छन्दमा १६९ श्लोकमा चरिएको छ । यिनको समुन्द्रलहरी सवाइ छन्दमा लेखिएको सवाइकाव्य हो ।[३२] यिनले आफ्ना रचनामा स्वयम् जेजति परिचय दिएका छन्, त्यसभन्दा बढी थाहा पाउन सकिएको छैन । यिनले आफूलाई भाद्गाउँदेखि उत्तरपर्ने धौपुर गाउँका निवासी जातले बाहुन जैसी र

३१. डा. केशवप्रसाद उपाध्याय, पृ. १४५, पूर्ववत् ।

३२. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, प. ३६, पूर्ववत् ।

परमानन्दका छोरा बताएका छन् । यिनी १८६० तिर जन्मेका सतासी वर्षको उमेरमा मरेका लुइँटेल थर भएका र केही ज्योतिष पढेका भन्ने पनि अड्कल गरिएको छ । श्रीकृष्ण चरित्रमा नेपाली भाषा र वातावरणको अद्भूत त्रिवेणी पाइन्छ ।[३३] संक्षिप्त र सरल जनभाषा र वार्णिक छन्द प्रयोग उनको कृष्ण चरित्रको वैशिष्ठ्य हो ।

प्राथमिककालीन कृष्णभक्तिको परम्परा कृष्णभक्तिको भावनालाई स्पष्ट स्वर र अत्यन्त रसिलो ढङ्गले अभिव्यक्ति दिने व्यक्ति वसन्त शर्मा नै हुन् । उनको 'कृष्णचरित्र' शार्दूलविक्रिडित छन्दमा लेखिएको छ । कृष्णको जन्मदेखि यसको कथाको थालनी भएको छ । यसको आधारग्रन्थ भागवत हो । दुई खण्डमा विभाजित यसको पूर्वाद्धमा ८७ श्लोक र उत्तरार्द्धमा ८२ श्लोक छन् । समाज हितका उद्देश्यले रचना गरिएको यस खण्डकाव्यको पूर्वाद्धमा श्रीकृष्णका जीवनका पूर्वाद्धका घटनाहरुलाई वर्णन गर्ने क्रममा कंशका कठोर कारागारमा कृष्णको जन्म, कृष्ण जन्मने बित्तिकै बन्दीखानाका पालेपहरा मूर्छित भएको ढोकाहरु आफै खोलेका अनि नवाजत शिशु कृष्णलाई बोकेर वसुदेवले हात्ति, सिंह र सर्पको पहराबाट उम्केर यमुना नदीलाई पारगरी गोकुल पुऱ्याएको र त्यहाँबाट मायादेवीलाई मथुरामा ल्याएको घटना वर्णन छ । त्यसपछि बालिका जन्मको सूचनापछि कंशले बालिका वधको प्रयत्न गर्छ तर उक्त बालिका मायाले उसबाट मुक्त भई उसको वध गर्ने बालक गोकुलमा जन्मेको आकाशवाणी छ । अनि कंशले गोकुलका सबै बालक मार्न लगाएको प्रसङ्ग पनि छ । कालीनागको वध, ऋषिपत्नीहरुलाई

सम्मोहित गरेर यज्ञबाट भगाउनु, गोपिनीहरुका वस्त्र हरण, कंशवध, वसुदेव देवकी लगायतका बन्दीको मुक्ति आदि घटना श्रृङ्खला वा कथावृत पूर्वाद्ध अन्तर्गत वर्णित छन् । कथाको यो दीर्घवृत्त अर्थात् घटना वाहुल्यका सापेक्षतामा वर्णन शैली संक्षिप्त र खण्डकाव्यको आयाम लघु मान्नुपर्ने हुन्छ । त्यति भए पनि घटना स्पष्टै छन् । यहाँ श्रीकृष्णको व्यक्तित्वलाई अलौकिक र रहस्यमय अर्थात् दीव्यलीलायुद्ध अलौकिक व्यक्तित्वका रुपमा प्रस्तुत गरिएको छ ।

उत्तरार्द्धमा कंशका ससुरा जरासन्धको वध, भस्मासुर वध, शिशुपाल हत्या, इन्द्रप्रस्थमा पाण्डव कौरव जुवा भएको, द्रौपदी चीरहरण, पाण्डव बनारस, महाभारत युद्ध र पाण्डव दाह, वाणासुरका हात काट्नु, कृष्णको स्वार्गारोहण आदि घटनाहरु छन् । श्रीमद् भागवत्का कतिपय कथालाई शर्माले ठाउँठाउँमा केही संशोधन गरेका छन् र कृष्णचरित्र एवम् कृष्णभक्तिद्वारा नेपाली जनमानसलाई आप्लावित गरेका छन् । असुर दमन र त्यस क्रममा असत्यमाथि सत्यको विजयको प्रस्तुतीकरणलाई अभीष्ट बनाइएको छ । कंश वधपूर्व कंशद्वारा राज्य र ज्यान रक्षाको याचना गरेका तर कृष्णले क्षमादान नदिएको देखाइएको छ, जसले वंशको सबल खलनायक व्यक्तित्व र कृष्णको नायक व्यक्तित्वमा क्षमाशीलताको अभाव जस्ता कुराहरु खट्किन्छन् ।

भाषा प्रयोगमा पनि यसमा केही नेपालीपन वा निजत्व देखापर्दछ । यसै क्रममा यहाँ यशोदालाई जसुद्धा तथा जसुमती, कंशलाइ कङ्गाल, वृहन्नलालाई वृण्डाला पारिएको छ । यसमा

३३. कृष्णविलास पौड्याल, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना, पृ. ९२, नवीन प्रकाशन, २०६० ।

नेपाली समाजका रीतिथिति, मान्यता, विश्वास, चालचलन समेतको वर्णन गरिएको छ । कृष्णलाई डोकामा हाल्नु, उनको सातो जानु, न्वारनमा नौमती बाजा बजाउनु, साइत गरेर हिड्नु, केटी माग्नु जस्ता मौलिक नेपाली संस्कृति र परम्पराको चित्र यहाँ उतारिएको छ । प्रतिभाशाली कवि शर्माका सरस छन्दमय कवितायुक्त यस कृष्णचरित्रका विषयमा गोपाल भण्डारीले प्राग्भानुभक्तीय नेपाली काव्यमा अझ बढी चर्चा गरेका छन् । शार्दूलविक्रिडित छन्दमा रचित पूर्वाद्धको सुरुमा जन्मदादेखि नै हातमा शङ्ख, चक्र, गदा र पद्म लिएका चार हातयुक्त कृष्ण जन्मको वर्णन वसन्त शर्माले यसरी गरेका छन् :

> कोही एक् मथुरापरी, नगरिमा श्रीकृष्ण औतार भया ।
> शङ्खै चक्र, गदा, पद्म, भुजविषे पाऊ कमल झै थिए ॥
> नीधारमा मणिका मुकुटकन जडीचक्रे सुदर्शन लिया ।
> देख्या श्री वसुदेवले चतुरभुज सम्पूर्ण दर्शन दिया ॥

यसप्रकार सरल, सहज र आलङ्कारिक ढङ्गमा रचिएको वसन्त शर्माको कृष्णचरित्र प्राथमिककालीन कृष्णभक्ति धाराको एक प्रभवोत्पादक कृति हो । यो जनमानसमा लोकप्रिय भएको छ ।[३४]

यिनको वर्णन शैली राम्रो छैन । कैयन वाक्यको अर्थ अस्पष्ट रहेको छ । तैपनि त्यस समयमा यत्तिको कविता लेखिनु पनि कठिन काम थियो । यिनले जत्तिको नेपाली भाषाको प्रयोग ज्यादा गरेका छन् उत्तिकै ज्यादा प्रयोग गरी कविता लेख्न अचेलका कविहरुलाई कठिन पर्दछ । संस्कृत शब्दको प्रयोग कम भएको हुनाले साधारण पाठकहरुलाई बुझ्न सजिलो भएको छ । यसैकारणले साधारण नेपाली पढ्नसम्म सक्ने जनसमुदायमा यसको निकै प्रचार छ । यिनले शार्दूलविक्रिडित छन्दको प्रयोग गरेका छन् । हुन त यी भन्दा पहिले बनेका 'जसले सातु गऱ्यो मकैकन पिंधी' इत्यादि पद्य पनि यसै छन्दमा लेखिएको हुनाले यो छन्द व्यवहार गर्ने पहिला कवि यी होइनन् । चलि आएका परम्परा अनुसार छन्द व्यवहार गरेको देखिन्छ । तर समग्र श्रीकृष्णचरित्रमा यो छन्द व्यवहार गरेका र पछिका भानुभक्त आदि कविले पनि यिनको अनुकरण गरी ज्यादा पद्य यसै छन्दमा लेखेका हुनाले यस छन्दलाई नेपाली छन्द भने पनि हुने भएको छ । यसरी एक नेपाली छन्द बनाउनमा यी वसन्त कविले मुख्य भाग लिएका हुनाले यस विषयमा यिनको नाम चिरस्मरणीय भएको छ ।[३५]

---

३४. डा. रामनाथ ओझा र मधुसुदन गिरी, पृ. १८०, पूर्ववत् ।

३५. बाबुराम आचार्य, पृ. ३०, पूर्ववत् ।

कवि वसन्त शर्माका श्रीकृष्णचरित्रमा काव्यगत त्रुटि छन् जसलाई यसरी टुङ्गो लगाउन सकिन्छ-

(क) रामैराम भजिहरि चलिगया चोला त ताही रह्या ।
पुनसका तपको फलै हुन गई श्रीकृष्ण स्वर्गै गया ॥
आठ औतार हरिका व्यतित हुन गया बौद्ध कलङ्की रहया ।
चाडै नै हरिद्वारदेखि ती पनि वैकुण्ठमा गैया ॥ (६२ उत्तरार्ध)
(पुराना कवि र कविताबाट साभार)

(ख) 'बालकलाई नमार' देवकिजिले बिन्ती गरिथिन् जसै ।
राता नेत्र गरेर कंश रिसले दीएन उत्तर तसै ॥
मयाका वशमा जफत गरिलियो मार्छु अवश्यै भनी ।
ढोका खोलि निकाल्दा गजबको हा हा पऱ्यो तैपनि ॥ (६ पूर्वाद्ध)
(पुराना कवि र कविताबाट साभार)

(ग) राजा कंश मऱ्यो जिमिन तल पऱ्यो मुर्दा भइ तेर्सियो

तेस्को प्राण हरण हुँदा मुलुकमा वाजित्र मङ्गल भयो ।
शत्रु कृष्णजिको मऱ्यो र बरिया कीर्ति रह्यो लोकमा ।
ताहाँका दुनिया सब खुशि भया दर्शन हुँदा मोजमा ॥ (८५ पूर्वाद्ध)
(पुराना कवि र कविताबाट साभार)

माथिका उद्धरण 'क' को प्रथम पङ्क्तिमा 'चलिगया' क्रियापदको प्रयोगले भ्रम उत्पन्न गराउँछ । 'हरि चलिगया' भन्दा सदेह प्रस्थान गरेको चित्र प्रस्तुत हुने हुनाले 'चोला त ताही रहया' को भावलाई आत्मसात् गर्न पाठक अलमलमा पर्छन् । कविले प्रत्येक शब्दको उपयुक्तता हेरर प्रयोग गर्नुपर्छ र प्रष्ट चित्र वा विम्व प्रस्तुत गर्न सक्नुपर्दछ । तेस्रो पङ्क्तिमा 'बौद्ध' शब्दको प्रयोग भएको छ । बौद्ध शब्दले मत, सम्प्रदाय वा धर्मको बोध गराउँछ व्यक्तिको होइन । यो मत, सम्प्रदाय वा धर्म खडा गर्ने व्यक्ति बुद्ध हुन् र उनी विष्णुको नवौं अवतार मानिन्छन् । यस किसिमका शब्दको छाडा प्रयोगबाट कविले पाठकका मनमा ब्युँझाउन खोजेको भावको सट्टामा अन्य भाव ब्युँझाइदिन पुग्छन् र त्यसबाट कवि र पाठकका बीचमा अन्तर वा विरोधाभास उत्पन्न हुन पुग्दछ । यस्तो हुनु कविका कमजोरी हुन् ।[३६]

---

३६. गणेशप्रसाद प्रसाई, सुवानन्ददासदेखि राजिवलोचनसम्म, साझा प्रकाशन, संस्करण दोस्रो, २०६४ ।

कविले महाभारत जस्तो अतिविस्तृत विषयलाई प्रस्तुत गर्दा कतै अत्यन्त संक्षिप्तता र कतै विस्तृत शैली अपनाएका छन् । श्रीकृष्ण नै स्वयम् महाकाव्यका विषय हुन् । त्यसैले प्रस्तुत खण्डकाव्यमा अटाउन खोज्दा उनको चरित्र गुण्ठुनिएको छ । यसको कथावस्तु गतिशील छ । कतिपय ठाउँमा कविले फड्का मारेका छन् । तत्कालीन नेपाली जनमानसमा निकै लोकप्रिय भएको प्रस्तुत काव्यले श्रीकृष्णका प्रमुख जीवन चरित्रहरुलाई प्रस्तुत गरेका छ । यसको पूर्वाद्धका घटना अझ सशक्त बनेका छन् ।

कविले काव्य विषयमा प्रवेश गर्दा ब्रह्मायणी माईको शरणमा परेका छन् । धार्मिक उपदेश दिने उद्देश्य राखेर यो काव्यको रचना गरेको देखिन्छ । यो कृष्णभक्ति धाराको सशक्त काव्य हो । प्रस्तुत काव्यमा व्याकरणगत अभाव देखिए पनि सरल र स्वभाविक प्रस्तुतीकरणले गर्दा यो काव्य लोकप्रिय बनेको थियो । कविले यो संसारबाट मुक्तिको कामना गर्दै ईश्वरप्रतिको भक्तिभाव दर्शाएको यो काव्य नेपाली कविताको इतिहामा महत्वपूर्ण उपलब्धि मानिन्छ । [३७]

## ४. यदुनाथ पोखऱ्याल

यदुनाथ पोखऱ्यालको वि.सं. १८६८ तिर नरभौ, सप्तरीमा जन्म भएको थियो । यिनले संस्कृत साहित्यको अध्ययन गरेका र दरबारिया पण्डितका रुपमा सेवा गरेका थिए । यिनका कृष्णचरित्र र स्तुति पद्यहरु पुराना कवि र कवितामा (२००३) मा सङ्कलित छन् ।

यदुनाथ पोखऱ्यालको जीवनवृत्तसम्बन्धी आधिकारिक तथ्याङ्क हालसम्म प्राप्त हुन नसकेतापनि कृष्णचरित्र र स्तुतिपद्य नामक दुई कृतिहरु उपलब्ध छन् । यी कृतिका आधारमा यिनलाई वीरधारा र भक्तिधारामा सशक्त रुपले काव्य रचना गर्ने कविका रुपमा लिन सकिन्छ । २१ श्लोकमा आवद्ध यिनको कृष्णचरित्र भक्तिवादी कविता हो । श्रीमद्भागवत्को दशम स्कन्धमा आधारित कृष्णचरित्रमा श्रीकृष्णको बाललीलाको सुन्दर ढङ्गले चित्रण गरिएको छ । यो कृति भावानूदित भएर पनि यसमा मौलिकताका लक्षणहरु पनि पाइन्छन् । सङ्गीतात्मकताको कुशल संयोजन गरी भुजङ्गप्रयात छन्दमा संरचित यस काव्यमा यथोचित रसको प्रयोग गरी श्रीकृष्णको बाललीलाको वर्णन गरिएको छ । स्तुति पद्यहरु शीर्षकहरुको कविता वीरताको वर्णन गरिएको मौलिक कृति हो । यस पद्यलाई बाबुराम आचार्यले पुराना कवि र कविता नामक पुस्तकमा स्तुति पद्य (१) स्तुति पद्य (२) र स्तुति पद्य (३) नाम दिई सङ्कलन गरेका छन् । यसमा कविले तत्कालीन प्रधानमन्त्री भीमसेन थापाको वीरता, साहस र सौन्दर्यको वर्णन गरेका छन् । तत्कालीन महामन्त्री भीमसेन थापाको गुणगान गरिएको छ । यसमा राजा र मन्त्रीका असल

३७. कृष्णविलास पौड्याल, पृ. ९२, पूर्ववत् ।

कार्यहरुको वर्णन गर्नुको साथै गोरखाली सेनाको वर्णन गरिएको छ । भीमसेन थापाले आफ्ना सेनामा सुधार गरी विभिन्न ठाउँमा गरिएको किल्लाहरुको वर्णन गरिएको छ । राष्ट्रियता र वीररसरलाई महत्व दिएर लेखिएको यो कविता तत्कालीन अर्थात् प्राथमिक कालमा महत्वपूर्ण मानिएको छ ।

प्रस्तुत स्तुतिपद्यमा भीमसेन थापालाई नायक बनाएर उनको राष्ट्रिय व्यक्तित्व सैनिक गतिविधि उनको प्रभाव र कृतिको वर्णन गरिएको छ । भुजङ्ग प्रयात इन्द्रबज्रा छन्दमा लेखिएको यस कविताले नेपाली वीरताको वर्णन तत्कालीन हिन्दुस्तानका फिरङ्गी -बेलायति सैनिक) हरु, नेपाली सैनिकहरुसँग परस्पर रहेर देशभक्तिको भाव सुसेल दिएको छ । नेपाल र अङ्ग्रेज युद्ध, सुगौली सन्धि प्रधानमन्त्री भीमसेन थापाको शासनकालमा भएको नेपाली सैनिकको पुर्नसंगठन सैनिकहरुमा भएको वीरता वर्णन एवं सैनिक सहयोग एकत्रित गरी अङ्ग्रेजलाई समुद्रपार पठाउने नेपालीहरुको रणनीति यसमा प्रतिविम्वित भएको छ । साथै गंगामा पुगी आफ्ना खुकुरी र खुडाहरु पखाल्ने नेपालीहरुको राष्ट्रिय मानसिकता यसमा प्रस्तुत भएको छ । नेपाली सेनाको गौरवको वर्णन यसमा गरिएको छ । प्रत्येक नेपाली वीर र सैनिक हुन् भन्ने भाव व्यक्त गरिएको छ । यस कवितामा वर्णन गरिएको नेपालका वीर सिपाहीको वीरताको गौरव अङ्ग्रेज शक्ति पनि

नेपाली वीरहरुका अगाडि भयभित भएको प्रसङ्ग यसमा व्यक्त गरिएको छ । नेपाली वीरहरुका हरेक कार्यमा सफल भएको हात्ती, घोडा आदिमा चढेर लड्न तयार भएको अभिव्यक्ति पनि यो घोडा आदिमा चढेर लड्न तयार भएको अभिव्यक्ति पनि यो स्तुति पद्यमा व्यक्त भएको छ । विभिन्न उपमा अलङ्कारको माध्यमबाट वीर रसको संचार यस कवितामा भएको छ ।[३८]

यदुनाथ पोखऱ्याल सप्तरीका विर्तावाल ब्राह्मण थिए । यो कुरा उनले भीमसेन थापाका स्तुतिमा लेखिएको दोस्रो थरी स्तुति पद्यका सोह्रौ पद्यमा कविले यसरी बताएका छन्-

गादी आधी भनी त सप्तरीमहाँ मोहर हजुरको थियो ।
नाफा दिनु कहाँ उसै त बलले मोहर पनि खोसियो ॥
(पुराना कवि र कविताबाट साभार)

सप्तरीका विर्तावालाहरुमा पोखऱ्यालहरु विशेष प्रसिद्ध थिए । यिनै मध्यका यदुनाथ पोखऱ्याल पनि एक हुन् । भीमसेन थापाका स्तुतिमा छैटौं पद्यमा सप्तरीमा विर्ता र गुठी पाई ब्राह्मण र वैरागी खुशी भएको कुरा उनले यसरी बताएका छन्-

३८. कृष्णविलास पौड्याल, पृ. ९५, पूर्ववत् ।

पान्साला थिति भो सबै मुलुकको राजी दुनिञा अती ।
विर्ता, जागिर गुठि पाई षुशि छन् वैरागी ब्राह्मण जती ॥
(पुराना कवि र कविताबाट साभार)

राजस्तुतिलाई छोडेर प्रधानमन्त्रीको स्तुति गर्ने यिनी पहिला कवि मानिन्छन् । यिनी राष्ट्रिय भावनाले ओतप्रोत कविता रचनाको प्रारम्भ गर्ने प्रतिभाशाली कवि हुन् । यिनले आफ्ना काव्यमा भीमसेन थापाको शारीरिक व्यक्तित्वका साथै वेशभूषा एवं उनका महलको पनि अतिशयोक्तिपूर्ण वर्णन गरेका छन् ।

यदुनाथको काव्यमा राष्ट्रिय भावना, वीरता, उत्साहजस्ता वीरोचित भावना अभिव्यञ्जित भएको पाइन्छ । यिनले आफ्ना कवितामा देशभक्तिको भावना व्यक्त गरेका छन् । ओजपूर्ण ढङ्गले राष्ट्रिय जागरणको वीरोचित भावना अभिव्यञ्जित भएको पाइन्छ । यिनले आफ्ना कवितामा देशभक्तिको भावना व्यक्त गरेका छन् । ओजपूर्ण ढङ्गले राष्ट्रिय जागरणको शङ्खघोष गर्ने पोखऱ्यालका कवितामा देशभक्तिको जीवन्त चित्रण पाइन्छ । यिनले देशको तत्कालीन

वस्तुस्थिति र परिस्थितिलाई सशक्त रुपमा आफ्ना काव्यमा भित्र्याएका छन् । यिनी राष्ट्रियता, तत्कालीन सामाजिक वस्तुस्थिति नेपाली सैन्य आदिको यथार्थ वर्णन गर्ने राष्ट्रवादी कवि हुन् ।

ईश्वरभक्ति र देशभक्तिको भाव अभिव्यक्ति गर्नु कवि पोखऱ्यालको प्रमुख वैशिष्ट्य हो । यिनले आफ्ना काव्यमा उत्साह उमङ्ग र राष्ट्रिय भावनाको अभिव्यक्त दिएका छन् । यिनी नेपाली कविताको प्रारम्भकालीन इतिहासमा देशभक्तिको सशक्त अभिव्यक्ति दिने महत्वपूर्ण कवि मानिन्छन् । यिनका कवितामा भीमसेन थापा कालीन राष्ट्रिय भावनाको प्रतिध्वनि अभिव्यञ्जित भएको छ । यिनका कवितामा राष्ट्रप्रेम र देशभक्तिको भाव मुखरित भएको पाइन्छ । यिनी वीरधारा र भक्तिधारा दुबै कविता सिर्जना गर्ने स्तुतिवादी, भक्तिवादी कवि मानिन्छन् ।

यिनले कवितालाई साङ्गितिक बनाउन लाटानुप्रास, यमक र उपमा, स्वभावोक्ति आदि अलङ्कारको प्रयोग गरेको पाइन्छ । यिनले इन्द्रबज्रा, शार्दूलविक्रिडित, मालिनी, स्रग्धारा आदि छन्दलाई सफलतापूर्वक प्रयोग गरे तापनि भुजङ्गप्रयात छन्दलाई बढी मन पराएको देखिन्छ । अन्त्यानुप्रास, पदलालित्य, शब्दयोजना, वर्णन सामर्थ्य आदि दृष्टिबाट यिनको कवित्व शक्ति उल्लेख्य मानिन्छ । यिनले उपयुक्त ढङ्गले अलङ्कारको प्रयोग गरी आफ्नो मौलिकपनलाई प्रस्तुत गरेका छन् । उर्दू, फारसी शब्दका साथै अङ्ग्रेजी शब्दतिर पनि झुकाव राख्ने यदुनाथ पोखऱ्यालले भाषाको परम्परित रुपभन्दा निकै भिन्न रुप प्रस्तुतगरेका छन् । उनको भाषिक प्रयोग त्यति परिष्कृत र परिमार्जित नभए पनि तत्कालीन सन्दर्भमा हेर्दा यसलाई उल्लेखनीय मान्नुपर्छ ।

कृष्णचरित्रमा लेखेका कविताहरु मामुली भक्तिरसले भिजेका छन् । परन्तु भीमसेन थापाका वयानमा लेखिएका कविताहरुमा देशभक्ति भरपूर छ । भानुभक्तले कान्तिपुरीलाई अमरावती ठान्नुभन्दा पहिले यिनले नेपाललाई अमरावति र नेपालका राजा सुरपति (इन्द्र) ठानेका थिए । नेपालका अगाडि काबुल, खुरासान, बेलायत, कन्दहार, बलख, लङ्का, चीन, आसाम आदिलाई तुच्छमानेका थिए । मिथ्यास्तुतिमा लेखिएका पद्यहरु प्राय : नीरस हुन्छन् तर यिनले यी स्तुतिपद्यमा देशभक्तिको रस भरिदिएका हुनाले रसिला बनेका छन् ।[३९]

## ५. वीरशाली पन्त

यिनको जीवनवृत र जीवनकाल अझै खोजीको विषय छ । यिनलाई उपर्युक्त कविहरुको समकालीन ठहऱ्याइएको हुनाले यिनको जन्म १८६० मानिएको छ । वागलुङ्मा जन्मेका र वैष्णवहरुको गढ मथुरावृन्दावनमा पनि बसेका वीरशाली पन्त शशीधरका शिष्य बनेका थिए भन्ने उल्लेख पाइन्छ । यिनको 'श्रीकृष्णचरित्र' भन्ने रचना अझै फेला परेको छैन । तर 'विमलबोधानुभव' भन्ने रचना चाहिँ फेला परेको छ । अध्यात्मवादको गहिरो रोगन लागेको यस रचनामा कृष्णको अर्को रुप विष्णुको स्तुति गरिएको छ । तत्सम शब्दको बढी प्रयोग गरी पण्डित्यपूर्ण शैलीमा कविता लेख्ने वीरशाली पन्तमा शब्द बिगारे पनि छन्द नबिगार्ने सतर्कता

देखिन्छ । कवि पन्तको 'विमलबोधानुभव' श्रीमद्भागवत्को दशौं स्कन्धमा रहेको कृष्ण बाललीलामा आधारित छ ।[४०]

यिनले श्रीकृष्णचरित्र (अप्राप्य), विमलबोधानुभव, सरस प्रेमावली आदि कृतिको रचना गरेका छन् । शिखरिणी छन्दका साढे अठासी श्लोकमा लिखित, ६ तरङ्गमा विभाजित विमलबोधानुभवलाई हेर्दा यिनको शैली पण्डितपूर्ण देखिन्छ । श्रीकृष्णका बाललीलामा आधारित सरस प्रेमावली ७४२ श्लोकमा आवद्ध छ । शब्द संयोजनमाभन्दा छन्द विधानमा विशेष जोड दिइएका यिनका यी दुबै कृतिमा अध्यात्मवादी चिन्त पाइन्छ ।[४१]

## ६. हीनव्याकर्णी विद्यापति

विद्यापतिले आफूलाई हीनव्याकर्णी भनेका छन् । नाम अगाडि थपिएको यो विशेषण यिनको विनयी र साधु स्वभावको परिचायक हो भन्ने मानिएको छ । प्रौढ भाव र भाषामा अनुदित गद्यकृति गीतगोविन्दको रचनाकाल १८८० मानिएको हुँदा सोही आधारमा यिनको जन्मकाल १८५० भन्दा अगाडि हुनुपर्छ भन्ने अड्कल गरिएको छ ।

सात राग, सात नायिका र गीतवाणी गरी यिनका तीन थरी पद्यहरु पाइएका छन् । यसरी यिनको प्रवृति श्रृङ्गारी वा रीतिवादी देखिन्छ । गीतगोविन्दका लेखक जयदेव हुन् र यो कृति संस्कृत साहित्यमा गीतिकाव्यको उत्कृष्ट उदाहरणको रुपमा विख्यात छ । जयदेवकृत

३९. बाबुराम आचार्य, पृ. ६०, पूर्ववत् ।

४०. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पृ. ३७, पूर्ववत् ।

४१. कृष्णविलास पौड्याल, पृ. ८३, पूर्ववत् ।

गीतगोविन्द १२ सर्गहरु छन् । प्रत्येक सर्ग कोमलकान्त गीतहरुले भरिएको छ । यो संस्कृत भाषाको सौन्दर्य र माधुर्यको पराकाष्ठाको परिचायक छ । यो श्रृङ्गारपूर्ण भक्तिरसले ओतप्रोत छ । श्रृङ्गारशिरोमणि कृष्ण भगवत् तत्वका प्रतिनिधि हुन् । उनका प्रेमिका गोपिनीहरु जीवका प्रतीक छन् । राधाकृष्णको मिलन जीव वर ब्रह्मको मिलन हो । साधना मार्गका अनेक तथ्यहरुको रहस्य यसमा सम्झाइएको छ । यो प्रेम मार्गी भक्तिको रसमय अभिव्यक्ति हो । विद्यापतिले आफ्नो अनुवादलाई टीका भनेका छन् । यिनले एउटै रचनालाई पद्य र गद्यमा अनुवाद किन गरे ? सायद उनलाई यो सारै मन पर्‍यो र उनले यसको भावमाधुर्यको रस नेपाली भाषीलाई चखाउन खोजे, तर पद्यमा त्यसो गर्न आफूलाई सफल भएको नठानी गद्यमा पनि प्रयास गरे । यिनले स्वयम् विनयपूर्वक भनेका छन्- "जहाँ जस्तो हो तस्तो छोडी टीकामा अशुद्ध असंयत लेषयाको जती छु ।" ध्यान दिनुपर्ने कुरा के छ भने विद्यापतिले उही प्रसङ्ग र भावलाई पद्य र गद्यमा उतारेका छैनन् । उनले त गीतगोविन्दमा प्रस्तुत कथात्मक वर्णनलाई गद्यमा उल्था गरेका छन् र भावात्मक अभिव्यक्तिलाई पद्यमा ।

गीतगोविन्द सन्धि समासयुक्त लामो लामो वाक्य योजना भएको अत्यन्त कसिलो रचना हो । यसलाई नेपालीमा मूलमा निहित तथा भावसौन्दर्यका साथ प्रस्तुत गर्नु कठिन काम हो, तर त्यसको यथाशक्य प्रयास गर्दा रचनालाई नेपाली भाषाका पाठकका निम्ति बुझ्निन योग्य तुल्याउनु यिनको प्रशंसनीय कार्य भएको छ ।

भक्तिका अतिरिक्त विद्यापति रतिगात्मक प्रवृत्ति पनि थियो । 'सात राग र सात नायिका यसका परिचायक छन् । 'सात राग' मा सात पद्यहरु छन् र प्रत्येकमा एक रागको लक्षण दिइएको छ । जस्तै : गुर्जरी, गौडामालत, वसन्त, रामकरी, देशाष, वैराडी र गुणकारी । यो पनि संस्कृतबाट गरिएको अनुवाद हो । यसमा संस्कृतको समास शैलीको विशेष प्रयोग भएको छ । श्रृङ्गार र भक्तिभावको समिश्रण गरिएका यिनका कृतिहरुमा तत्समनिष्ठ एवं जटिल खालको भाषाशैली पाइन्छ । [४२]

## ७. पतञ्जलि गजुर्‍याल

पतञ्जलि गजुर्‍यालको जन्म भानुभक्त आचार्यको भन्दा सातवर्षपछि र सन्त ज्ञानदिलदासको भन्दा दुईवर्ष अघि भएको देखिन्छ । यिनको पुर्ख्यौली गाउँ इमाडोलमा १८८० मा जन्मेका र सही १९४४ मा मरेका कवि पतञ्जलि गजुर्‍यालकापिताको नाम अरविन्द गजुर्‍याल हो । पतञ्जलिले १९२५ तिर बाग्लुङ्गमा तहविलदारको जागिर खाएका थिए भन्ने उल्लेख पाइन्छ । हिसाबमा चारसय रुपियाँको तलमाथि परेको हुँदा यिनी केही समय थुनामा

४२. डा. केशवप्रसाद उपाध्याय, पृ. १५४, पूर्ववत् ।

रहेको जानकारी पनि पाइन्छ । यिनले कृष्णभक्ति सम्बन्धी तीनवटा काव्य रचना गरेका छन् : बालगोपालवाणी, हरिभक्तमाला र जैमिनी-भारत यिनका अन्य रचना हुन् । तीर्थावली मत्स्येन्द्रनाथको कथा, उत्तरगया, बोक्सीचरित्र, अध्यात्म रामायणको बालुन आदि ।[४३] यिनले अनेक रचना तयार गरेका थिए भनिन्छ तापनि उनका सबैजसो त्यस्ता कृति अरुहरुका हातमा परी हिनामिना भइसकेको हुनाले उनको तीर्थावलिमा परेका मात्र शेष रहन गएका पाइन्छन् । तीर्थावलि हेर्दा पौराणिक कथा,लोककथा र किवदन्तीको एउटा विशाल भण्डार भएका व्यक्ति पतञ्जलि गजुर्‍याल हुन् भन्ने छलङ्ग हुन्छ । त्यो विघ्न विषयवस्तु भएका कविले कलात्मक परिष्कार दिऊँ भन्ने जाँगर देखाएको भन्ने प्रमाणित हुँदैन ।

पतञ्जलि गजुर्‍यालको तीर्थावली १३ अध्याय भएको एउटा बृहत ग्रन्थ हो । नेपाल र भारतका सबैजसो प्रमुख तीर्थस्थलको वर्णन गरेको त्यो ग्रन्थमा किसिमकिसिमका रोचक कथाहरु पारिएका छन् । हात्तीबारको विशाल र विस्तृत घारीभित्र छिरेर त्यहाँका एउटा-दुइटा फल लागेका रुखमा चढ्नु र तिनको आस्वादन लिनु जतिको कठिन कार्य ठहरिएला त्यो भन्दा

कम कठिन ती कथाको रसास्वादन गर्नु पनि  ठहरिदैन । त्यसमाथि छन्दको अनावश्यक परिवर्तन, कविका तरङ्ग परेर नोटिएका, चेप्टिएका, थेच्चिएका र डल्लिएका शब्दावलिको जन्जाल अनि छन्दका लागि ह्रस्व स्वरलाई दीर्घ र दीर्घ स्वरलाई ह्रस्व उच्चारण गरिदिनुपर्ने हुँदा पाठकले नै बेहोरिदिनुपरेपछि एकप्रकारले खपिनसक्नु नै हुन पुग्दछ । इतिहासशिरोमणि बाबुराम आचार्यले उखुका लाँक्रालाई चुस्नुपर्दाको अनुभव पतञ्जलिका पद्य पढ्दा प्राप्त हुन्छ भन्ने खालको आशय प्रकट गरेर वास्तवमा ती कविप्रति बढ्तै उदारता देखाएका छन् । त्यस युगका अन्य कविहरुका आँखाले नटिपेका लोककथा एवं किवंदन्ती त्यस ग्रन्थमा परेको नहुँदो हो त त्यस ग्रन्थलाई पल्टाउने झन्झटसम्म पनि कसैले गर्ने थिएन । त्यो ग्रन्थ अत्यन्त नीरस छ ।

तीर्थावलीको प्रथम अध्यायमा मङ्गलाचरणपछि तीर्थोत्पत्ति योगी, देवर्षि, राजर्षि र मुनिहरुका नाम, विभिन्न अवतार, शिव र दक्षका द्वेषको कारण र सती भष्म भएको कथा छ । द्वितीय अध्यायमा सृष्टि, उत्पत्ति, सप्तलोक, दिशा र स्वामी, सप्तसागर, नौखण्ड, नदी, वन, क्षेत्र, तलाउ, सप्तपुरी, चारधाम, गयामहात्मय, काशी, प्रयाग, मथुरा महात्मय र अन्तर्गृही विधिको वर्णन हेर्न पाइन्छ । तृतीय अध्यायमा बद्रीधाम र वरिपरिका तीर्थस्थल, अयोध्या, जगन्नाथ रामेश्वर चौसठ्ठी योगिनी, भरतखण्डका मुख्य देश, देवीदेवताका वर्णन पढ्न पाइन्छ भने चतुर्थ अध्यायमा नेपाल पाशुपत क्षेत्रको सीमा, सप्तगण्डकी, सप्तकौशिकी, गण्डकीको उत्पत्तिको कथा, शालिग्राम महिमा, तुलसी महिमा, त्रिशुली, कान्तिपुर वरिपरिका देवीदेवता र भेडासिङको कथा पढ्न पाइन्छ । त्यही किसिमबाट पञ्चम अध्यायमा पाटन अर्थात् ललितपुरका मत्स्येन्द्रनाथको कथा र नेपाल शाखाका नगरको वर्णन, षष्टम अध्यायमा पाशुपत ज्योतिलिङ्गको उत्पत्तिको कथा,

४३. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पृ. ३८, पूर्ववत् ।

कामदेव भस्म भएको र पार्वतीविवाहको कथा, नन्दी उद्धारर श्लेषमान्तक वनको फल रुख, लता, फूल र चराचुरुङ्गीको वर्णन, मृगरुप शिवको कथा, पशुपति क्षेत्रको माहात्म्य सप्तम अध्यायमा नेमुनिसँग विरुपाक्षको भेट, चौसठ्ठी लिङ्गमध्ये कुशेश्वरको माहात्म्य, अष्टम अध्यायमा वाग्मती महिमा र तीर्थयात्रा विधान लेखेर ग्रन्थको समापन गरिएको देख्न पाइन्छ । त्यसपछिको त्रयोदश अध्यायमा ब्रतका दिन त्याज्य पदार्थको विवरण, प्रार्थना र तीर्थावली श्रवण महिमा लेखिएको छ । यसरी हेर्दा त्यो ग्रन्थ त्यस्तै समयमा छापिन सकेको भए माध्यमिक कालका कवि र लेखकहरुले त्यसबाट प्रशस्त लाभ उठाउन सक्ने थिए भन्ने छर्लङ्ग हुन्छ । त्यसो हुन सकेको भए हाम्रा कविशिरोमणि लेखनाथ पौड्यालले आफ्ना काव्यको रचना गर्दा भारतीय इतिहास परम्परा संस्कृतिको त्यस्तरी आडलिने थिएनन् भन्ने सार्थक कल्पना पनि गर्न सकिन्छ तर त्यो ग्रन्थ त्यसबेला प्रकाशित हुन सकेन र त्यो आयामको भावभूमि निखिइसकेपछि अर्थात वि.सं. १९९२ मा प्रकाशित गरिनुको मूल्य र महत्व नै कायम हुन सकेन आज लोककथा र किंवदन्तीका जानकारी प्राप्त हुने अन्य स्रोत खुलिसकेका अवस्थामा त्यो ग्रन्थलाइ कसैले

श्रद्धावंश पढिदिने धैर्य देखाउँछ भने त्यो बेग्लै कुरा हो, अन्यथा भाषा, छन्द, कला र भावका प्रस्तुतीकरण हेर्दा त्यो काव्य पठनीय हो भन्ने लाग्दै लाग्दैन । पद्यमा लेखिएको त्यो गद्यबाट रस चुहुँदै चुँहुदैन ।

यिनले वसन्तको श्रीकृष्णचरित्र र भानुभक्तका रामायण आदि पढिसकेका थिए । यसकारणले यिनले भागवत दशमस्कन्धका श्रीकृष्णचरित्रका कथालाई र रामायणका कथालाई छोडेर अरु पौराणिक कथाका आधारमा नेपाली कवितामा कथाहरु लेख्न थाले । धेरै कथाहरु बाग्लुङ्ग नजादै लेखेका थिए त्यहाँबाट फर्केपछि पनि लेख्ने सिलसिला चलाइरहे । बृद्धावस्थामा यिनकी पत्नी र जेठा छोरा परलोक भएका हुनाले दुःखित भई कविता लेख्न छोडे । तैपनि परलोकको ख्याल राखी हरिभक्तमाला र तीर्थावली लेखेका थिए ।

यिनले लेखेको बालगोपालवाणी कविको नाम नदिई भाषासप्तरत्नमा गाभिएर अनेक आवृत्ति भई प्रकाशित भएको छ । वि.सं. १९९३ मा राजर्षि महाराजबाट काशीमा छपाई विनामूल्यमा वितरण गराइएको पाइन्छ । यो तीर्थावली पण्डित षडानन्द गजुऱ्यालले संशोधन गरेका थिए । पतञ्जलिका नौ दश पुस्ताका भाइ नाता पर्ने यी पण्डित थिए । तीर्थावलीमा लेखिएको उच्चारणशैली अनौठा छन् । यो स्पष्ट देखाउनका निमित्त भाषासप्तरत्नमा र यस तीर्थावलीबाट बालगोपालवाणीको एक पद्य यहाँ उद्धृत गरिन्छ :

म आमै माछो भै बहुत डुलेथ्याँ सागरमहाँ ।
जगत् सब एक् छत्तै भइकन रहयाको थियो तहाँ ॥
देख्याँ माछा ग्राहा सकल जलजन्तुहरुको भाउ ।
देखीन कस्तो छ कसो गरि त्यो आउँछ कउन् हाउ ॥
(भाषा सप्तरत्नबाट साभार)

म आमै माछो भै बहुत डुलेथ्याँ सागर महाँ ।
जगत्सब् एक छत्तै भइकन रह्याको थियो तहाँ ॥
देख्याँ माछा ग्राहा सकल जल जन्तूहरु क्व भाउ् ।
देखीन कस्तो छ कसो गरि त्यो आउँछ कहुन् हाउ् ॥

वास्तवमा 'बालगोपालवाणी' र 'हरिभक्तमाला' अलग-अलग निबन्ध हुन् । पतञ्जलिले नै तीर्थावलीमा गाभेको हुन पनि सक्छ ।

यिनका पाइएसम्मका ग्रन्थहरु मध्ये मुख्य तीर्थावली हुन आएको छ । यो ग्रन्थ कम्याण्डर-इन चीफ जनरल धीरशम्शेर जङ्गबहादुर राणाका आदेशअनुसार पतञ्जलिले लेखेका हुन् भन्ने पण्डित षडानन्दको कथन छ । परन्तु कविले भने धन, मन र तनले कम भएका

निर्धाहरुले अह्वाउँदा यो ग्रन्थ लेखेको हुँ भनी स्पष्ट लेखका छन् । यो ग्रन्थ लेखेको समय पनि यसरी बताएका छन् :-

कोही सज्जनहरु धन जन र तन्ले कमि भई ।
फगत् सत्सङ पाई प्रभू चरणमा मन् कहि गई ॥
परत्रैको आशा सुनेर यमपाशा ति डरेका ।
उपायै खोज्दामा फगत भर तीर्थैको परेका ॥

मलाइ लाया भारी तिरथ सब सारी देउ भनी ।
विषैले लठ्ठयाको बेहोसले रहयाको त म पनी ॥
जो देख्या सून्याका मुनिहरु बडाले त भनेको ।
केही जम्मा गर्छू पछि पछि अरु केहि बनेको ॥

महाराजाधिराज् पृथिविविर विक्रय नृपतीका ।
प्रतापोज्जवल् राजमा प्रभु श्रीरणउद्दीप गतिका ॥
श्रीधीर् समशेर जङ्का ललित मुखत्यारी समयमा ।
हजार् पाँचलाइ पन्ध्रै वरष कमि यो जूग गएमा ॥

संवत यो उन्नैस सय एक चालीस् ।
भन्थ्या सबै यो किन तैले थालीस् ॥
रोज् रोज बनाउँदा बहु दीन लाऱ्याँ ।
शुभम् समाप्तम् भया अब देखाऱ्या ॥

वि.सं. १९४१ को कार्तिकमा कम्याण्डर-इन-चीफ जनरल धीरशमशेर जङ्गबहादुर राणाको स्वर्गवास भएको हुनाले त्यस सालका आरम्भका तीन-चार महिनाका बीचमा यो लेखेको देखिन आएको छ ।[४४]

### (८) भानुभक्त आचार्य

भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका एक चर्चित प्रतिभा हुन् । नेपाली साहित्यमा आदिकविका रुपमा चिनिने भानुभक्त आचार्यको जन्म तनहुँ जिल्लाको रम्घा चुँदी भन्ने गाउँमा वि.सं. १८७१ सालमा भएको थियो । यिनका बाजेको नाम श्रीकृष्ण आचार्य र पिताको नाम धनञ्जय आचार्य थियो । यिनलाई आफ्ना बाजेले संस्कृतको ज्ञान गराएका थिए ।

उनका पिता ठूला पण्डित थिए । उनका पिताबाट भन्दा पनि बाजेबाट यिनले धेरै प्रेरणा पाएका थिए भनिन्छ, घाँसीबाट प्रेरणा पाएर 'रामायण' जस्तो उत्कृष्ट काव्यसमेत यिनले लेखे । आफ्ना पिताको मृत्युपछि कुमारीचोकमा थुनिदा यिनले 'रामायण' का धेरै काण्डहरुको अनुवाद गरेका थिए । जेहोस् भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका सर्वाधिक शक्तिशाली र प्रसिद्ध कवि हुन् । यिनले लेखेको प्रसिद्ध महाकाव्य 'रामायण' हो । यो महाकाव्य वि.सं. १९९० सालतिर पूरा भएको थियो । यिनका 'वधुशिक्षा, भक्तमाला र 'रामगीता' प्रसिद्ध र चर्चित खण्डकाव्य हुन् । यिनले बालाजु र कान्तिपुरीको वर्णन गरेको कविता पनि बढी लोकप्रिय बनेको पाइन्छ । नेपाली भाषा र साहित्यको दीर्घसेवा गर्ने भानुभक्त आचार्यको मृत्युचाहिँ वि.सं. १९२५ सालमा भएको थियो ।

भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका प्रमुख कवि हुन् । वास्तवमा भानुभक्तमा आइसकेपछि नेपाली कविता साहित्यले नयाँ कोल्टो फेर्छ । यिनले नेपाली साहित्यलाई ठूलो गुण लगाएका छन् । नेपाली भाषालाई सर्वप्रथम काव्यभाषाको रुप दिने काम यिनैबाट भयो । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको राजनीतिक एकीकरण गरे भने भानुभक्तले भाषिक एकीकरण गर्ने कार्यमा ऐतिहासिक योगदान पुऱ्याएका छन् । उनले लेखेको 'रामायण' महत्वपूर्ण काव्यकृति बनेको पाइन्छ । संस्कृतिको 'अध्यात्म रामायण' महाकाव्यलाई आधार बनाए तापनि रामायणलाई उनले प्रशस्त मौलिकता साथ प्रस्तुत गरे भाषाको प्रचारप्रसारमा विशिष्ट योगदान पुऱ्याउने र नेपाली भाषालाई गरिमामय स्थान प्रदान गर्ने भानुभक्त आचार्य नेपाली साहित्यका प्राथमिक कालका बिर्सनै नसकिने प्रतिभा हुन् ।

---

४४. बाबुराम आचार्य, पृ. १५७, पूर्ववत् ।

यिनी समयका दृष्टिले प्रथम कवि नभए पनि प्रभावकारिताका दृष्टिले पहिलो कवि भएकाले उनलाई आदिकवि मानिएको हो । कविताका फाँटमा यिनले फुटकरदेखि महाकाव्यसम्मको रचना गरेका छन् । यिनको महाकाव्य रामायणलाई नेपाली साहित्यको अद्वितीय कृति मानिन्छ । यो वाल्मिकी रामायण र अद्यात्मरामायणबाट गृहित एवं प्रभावित भएतापनि नेपालीको मौलिक ग्रन्थ सरह नै छ । यसको लोकप्रियता, प्रभावकारिता र नेपालीपनले गरिमा बढेकोले नेपाली साहित्यको प्राथमिक कालमा महत्वपूर्ण कार्य गरेकाले भानुभक्तलाई मृत्यु उपरान्त वि.सं. १९४८ मा आदिकविको उपाधिले विभूषित गरिएको हो ।१३

भानुभक्त भक्तिधाराका महान् कवि हुन् । यिनले रामभक्ति धारामा 'भानुभक्त रामायण' नामक महाकाव्यको रचना गरेका छन् । 'भानुभक्त रामायण' नेपाली पहिलो उल्लेखनीय काव्य हो । यसमा राम कथाको माध्यमबाट आदर्श जीवनको व्याख्या गरिएको छ । पितृभक्ति, मातृप्रेम,

पतिव्रता धर्म र राष्ट्रपतिको आस्था तथा रामलाई आदर्श राजा र आदर्श भाइ, दशरथलाई आदर्श पिता, कौशल्यलाई आदर्श माताका रुपमा प्रतिस्थापित गरिएको छ । रामको मर्यादा पुरुषोत्तम रुप चित्रित गरेर पनि यिनले आदर्शकै स्थापना गरेका छन् । आफ्‌ना कृतिमा राम अर्थात् सत्य एवं आदर्शको विजय देखाएर यिनले आदर्शकै अनुशरण गर्ने सन्देश दिएका छन् । त्यसकारण यो महाकाव्य हाम्रो अमूल्य सम्पत्ति हो नेपाली जातीय छन्दको लोकप्रियता भानुभक्त रामायणलाई प्राप्त छ । शब्दहरु सजिला छन् । जनजिब्रो भाषाको लयात्मक रुपमा रचिएको उनको रामायण साधारण मानिसहरु समेत बुझ्दछन् ।

भानुभक्त आचार्यका कवितामा युगवोध र हाँस्यव्यङ्ग्य र स्वच्छन्दतावादी भावना पाइन्छ, "बिन्तीडिट्ठा विचारी" भन्ने कवितामा (को प्रसङ्गमा) हाँसो मिसिएको व्यङ्ग्य छ । यसमा युगीन अभिव्यक्ति पनि पाइन्छ । जस्तै वालाज्यू वर्णनमा :-

यति दिनपछि मैले आज बालाजि देख्याँ ।
पृथ्वितल भरीमा श्वर्ग हो जानि लेख्याँ ॥
वरिपरि लहराया भूलि बसन्या चरा छन् ।
मधूर वचन बोली मन लिदा क्या सुरा छन् ॥
(पुराना कवि र कविताबाट साभार)

माथिका पंक्तिमा प्रकृतिप्रेमका साथै स्वच्छन्दतावादी भावनाको झलक पाइन्छ । वधूशिक्षामा युगवोधको चित्रण पाइन्छ । यस्तै भानुभक्तले कान्तिपुरी वर्णनमा सौन्दर्य प्रेम तथा तत्कालीन नेपाली चपला अवलाहरुको निश्चल, कोमल हृदयको वर्णन गरी कवितामा राष्ट्रियताका भावना पोखेका छन् । यति सबै भएपनि भानुभक्तको मुख्य प्रवृत्ति चाहिँ नैतिकता र आध्यात्मिकताको प्रचार गर्नु हो । भक्तिकालीन युगका प्रतिनिधि कवि हुनाले भानुभक्तमा नैतिक मूल्य र आदर्श जीवनका झिल्का झिल्की पाइन्छन् । प्राथमिक कालका विशिष्ट साहित्य साधना गर्ने कवि भानुभक्त नेपाली साहित्यका महान् प्रतिभा हुन् । त्यसैले महाकवि लक्ष्मीप्रसाद देवकोटाले एकातिर उनलाई नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुषका रुपमा स्वीकारेका छन् भने अर्कातिर शुक्र तारा सुन्दर हाम्रा नेपाली हे प्रथम ध्वनि भनी अभिनन्दन गरेका छन् ।[४५]

भानुभक्तका जीवनयात्रामा कुमारी चोकका टन्टाले र गिरीधारीसँगका झगडाले खिचोला गरे तापनि बाँकी जीवन आनन्दसँग बिताएको देखिन्छ । आनन्दी पुरुषमा नै कविता गर्ने शक्ति पैदा हुन्छ । भानुभक्त किशोर अवस्थादेखि ने कवितातिर यी लागेका थिए । तर यिनमा ग्रन्थ लेख्ने साहस थिएन । कुमारीचोकमा नथुनिएका भए सायद रामायणको बालकाण्डभन्दा ज्यादा लेखिने थिएन । यिनले तारापतिका घरमा बासबस्दा सासुबुहारीको झगडाले झोक उठाइदिदा मात्र पाँच सात घडीमा ३३ पद्यको वधूशिक्षा रचिदिएका थिए । उमेर ढल्केपछि परलोकतिर ध्यान जानु स्वभाविक थियो । यसकारणले शङ्कराचार्यका नामबाट प्रकाशित भएका दुई

सुभाषितको पद्यानुवाद गरी ४८ पद्यको प्रश्नोत्तरमाला लेखे । यी दुई कविता बाहेक भक्तमाला भन्ने २२ पद्यको सानो निबन्ध पनि लेखे । यस भक्तमालाका रसिला भावदेखि मुग्ध भएर पाल्पाली पण्डित ढुँडिराज पौड्यालले संस्कृत भाषामा अनुवाद पनि गरिदिए । वि.सं. १९२५ तिर भानुभक्त रम्घामा छँदा उनीसँग रामगीताको पद्यानुवाद पनि गरिदिनुहोला भनी धर्मदत्त ज्ञवालीले अनुनय गरेका थिए । परन्तु काठमाडौमा फर्केपछि मात्र यो काम गर्ने यिनको विचार थियो । यसै अवस्थामा यी बिरामी हुँदा आफ्नो अन्त्यकाल नजिकदेखि आफ्नो मुख र रमानाथको कलम लगाएर रामगीता तयार गरिदिए । त्यसपछि यिनको देहान्त भएको हो ।

यिनी वडा खरा मानिस थिए । सज्जनसँग नम्रतापूर्वक व्यवहार गर्दथे । परन्तु आफ्ना इष्टमित्र, साथीभाइ कसैको पनि अर्घेलो देख्न सक्तैनथे । आँशु कवि हुनाले बातचीत वा चिठी पत्रमा एकदुई रसिला पद्यको व्यवहार गर्दथे । यस किसिमको सयकडौ पद्य यिनले लेखेका होलान् । तर यी पद्यहरु कागतका साना टुक्रामा लेखेर छाडिदिने गरेका वा मुखले भन्ने गरेका हुनाले अचेल पाइँदैनन् । पद्य अझसम्म सुनिदै छन् । एकदिन भानुभक्तकी धर्मपत्नी उनका सामुन्नेमा हाँसिछन् । भानुभक्तले पत्नीको हाँसो मन नपर्दा यो पद्य भनेथे-

हाँस्नु छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन् ।
वैश्या लौ नहउन् तथापि घरको काम् ती अब नास्तछन् ॥
एकले हाँस्न हुँदैन कोहि नभई अर्को सँगी भो जसै ।
हास्तैमा दिन जान्छ यहि रितले सब काम बित्छन् तसै ॥
(पुराना कवि र कविताबाट साभार)

---

४५. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, नेपाली कविता आख्यान, पृ. ११२, नवीन प्रकाशन, २०५५ ।

गजाधर भन्ने सोती थर भएका तनहुँका एक ब्राह्मण भानुभक्तका मित्र थिए । एकदिन गजाधर घरमा बास बस्न जाँदा उनी नरहेका र घरमा तरुनी बुहारी र बालक छोरो मात्र साथ रहेकाले उनकी ब्राह्मणीले बास बस्न नदिदा अलि पर गएर बसे । तर गजाधरलाई समाचार दिन आवश्यक देखेर यो पद्य एक कागतका टुक्रामा लेखी सानो छोराको तुनामा बाँधिएर बाटो लागे-

गजाधर् सोतीकी घर बुढी अलक्षिन्कि रहिछन् ।
नरक जानालाई सबसित बिदाबादि भइछन् ॥
पुग्यो साँझमा तिनका घर पिढि महाँबास गरियो ।
निकालिन साँझैमा अलिक पर गुलजार गरियो ॥

(पुराना कवि र कविताबाट साभार)

एकदिन तनहुँ ओकलाङका एकजैसी ब्राह्मणका घरमा जाँदा उनले मकै भुटेर थालमा ल्याइ दिए । सीतन नदेखेर यो पद्य भने-

असल मुङ्ग्रे केरा कि त महि अवस् बेस अमिलो ।
कि ता सेता मूला कि त बरु अवस् साग उसको ॥
असल हुन्थ्यो धूपमा नतर कसरी खानु यसरी ।
भुटी ल्यायौ थालमा मकइ तिमीले क्यान यसरी ॥
(पुराना कवि र कविताबाट साभार)

भानुभक्तको कविताभ्यास १२ वर्षको उमेरदेखि प्रारम्भ भएको थियो । भानुभक्तले ज्योतिष पढ्नाको फलस्वरुप प्रथम कविता यस्तो थियो :-

श्रि शाली वाहन्का समय षडत्रिशत् भइकन ।
अनी आषाढ् मासको दिन पनि उनन्तिस गइकन ॥
घटी एक तिस् माहाँ विघटि पनि बत्तिस परिकन ।
नवाँशक कठीख् धनुष परि जो बेस लगन ॥
(पुराना कवि र कविताबाट साभार)

ज्ञानपक्ष नै अध्यात्मरामायणको मुख्य प्रतिपाद्य हो र रामलाई परमात्मा सिद्ध गर्ने प्रचेष्टा त्यसको मुख्य उद्देश्य । भानुभक्त यस पक्ष र प्रयत्नसित पूर्व सहमत छन् र त्यसलाई अपेक्षाकृत रुपमा बढी महत्व दिएर निकैबेर अडी अडीकन सत्य, आत्मा, परात्मा, माया, जन्म, मृत्यु, ज्ञान, वैराग्य, भक्ति, उपासनाजस्ता गम्भीर कुराहरुलाई अर्थ्याउछन् । बालकाण्डको भूमिका एवम् राममाहात्मय, वनवास जाने कुरा सुनेर उत्तेजित भएका लक्ष्मणलाई रामद्वारा दिइएको गुहय र लक्ष्मणको संवाद, नारद र देवताहरुको स्तुति, तारालाई रामले दिएको उपदेश, शङ्कर र पार्वतीका कुरा, ऋषिमुनिहरुका स्तुति आदि र रामगीता काव्यात्मक दृष्टिले पट्यारिला भए पनि उनी मनोयोगसाथ तिनलाई समावेश गर्छन् । ज्ञानपक्षमा पनि उनी मूलभन्दा छोटकरीमा लेख्छन् तर कथात्मक वा मानवीय (लौकिक) हर्षविवादको अभिव्यक्तिको तुलनामा केही बढी रुचि देखाउँछन् । उपदेशात्मक पक्षप्रति विशेष आग्रहको फलस्वरुप अध्यात्मरामायणमा नभएको रावण-लक्ष्मण मिलन पनि उनी गराउँछन् रामको वाणले आहत भएर रावण भूइँमा अडेपछि उसबाट ज्ञान लिन लक्ष्मणलाई प्रेरित गर्दै राम भन्छन्-

हे भाइजन क्वै थिएन जगमा रावण् समान्को यहाँ ।
सारा शास्त्र कला विचार, गुणहरु यस्कै थिए पेट महाँ ॥
संसार्का बिच रत्नझैं हुन गइ बस्थ्यो सुयशले भरी ।
बढ्ता बुद्धि थियो मदेखि पनि ता दबथे विचार खुब गरी ॥
आफ्नो नाश हुने वखत यदि भए बिग्रन्छ सबको मति ।
यसले नाश हुने बखत भई गऱ्यो गर्नु नगर्नु अति ।
लाग्यो मर्न ठूलो थियो तर पनि कल्का तहाँ वश परी ।
जाऊ ल्यौ तिमी अर्ति शीघ्र अब ता अत्यन्त श्रद्धा गरी ॥
(रामगीताबाट साभार)

अध्यात्मरामायणका राम आदर्श छदै छन् भानुले यो प्रसङ्ग थपेर रामको चरित्रमा गुण ग्राहयताको पक्ष जोडेका छन् ।[४६]

उनको 'वधूशिक्षा' मित्र परिवारका सासू बुहारीको झगडाप्रतिको प्रक्रिया हो । तारापतिको घरमा सासुबुहारीको कलह देखेर उनले वधूशिक्षा लेखे । दोष सासुको पनि हुँदो हो तर कविले आफूभन्दा ठूलाको दोष देखाउनुभन्दा सानाले शिष्ट र उचित व्यवहार गरेर आफूमाथि दोष वा गाल गर्ने स्थिति नै आउन नदिनु बुद्धिमानी हो भनिठाने । त्यसैले बुहारीलाई तालिम दिन खोजे तालिम कसरी दिने त? कर्तव्याकर्तव्यको शिक्षा दिनु नै तालिम हो । कविले स्पष्ट घोषणा गरेका छन् :-

---

४६. बाबुराम आचार्य, पृ. ८८, पूर्ववत् ।

साह्रै झोक उठ्यो मलाइ र वधू शिक्षा बनामा पनि ।
यस्ले पत्नि, बुहारी, छोरिहरुको तालिम गरौला भनी ॥
(पुराना कवि र कविताबाट साभार)

यहाँ कुरा तारापतिलाई सम्बोधित गरेर भनिएको छ "बुहारी यदि कर्कशा हुनगया क्या घर, गरौला तिमी" भनेर बुहारीलाई नै दोषी मानिएको छ तर आरम्भमा तिम्रा यी जति छन् जहानहरु त जुधन्या रह्या छन् अति भनी तारापतिकी पत्नी र बुहारी दुबैलाई दोषी देखाइएको छ र तालिम पत्नी, बुहारी, छोरी तीनै थरीलाई दिनुपर्ने कुरा बताइएको छ । अब 'वधूशिक्षा' नाम भए पनि यो 'नारी-शिक्षा' वा नारी-आचार-संहिता हो । हुन पनि कसैकी बुहारी कसैको सासू हुन्छे र कसैकी छोरी पनि हुन्छे । कविका विचारमा गार्हस्थ जीवनमा सुख-शान्तिको

स्थापना गर्ने दायित्व नारीमा नै हुन्छ । उनका विचारमा धन, इज्जत, घरबार जोडी जमाई कुने चीजको कमी हुन नदिनु पुरुषको दायित्व हो र घरलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्नुप्रेम, करुणा र ममता राखेर सेवा गरी शान्तिमय वातावरणको सिर्जना गर्नु नारीहरुको नाम हो अनि सफल र सुखी जीवनको उपाय यही हो । यो उपाय कविले तारापतिलाई लक्ष्य गरेर नारीलाई सिकाएका छन् । तर भानुभक्तकालीन नारीहरु साक्षर त थिएनन् । जो यसलाई पढेर कर्तव्यवोध गर्न सकुन् । त्यसैले तारापतिलाई तालिम गर्ने सल्लाह दिए । तालिम गर भन्नाको आशय हो वधूशिक्षा पाठ गरेर घरका नारीहरुलाई सुनाउनु र सोही अनुसार चरित्र निर्माण गरी कार्य गर्न प्रेरित गर्नु । दुर्भाग्यवश कविको युगमा नारीहरु अपठित भएकाले यो कृति उस्तोविधि सार्थक हुन पाएन होला, विरलै पुरुषले तालिम दिन पाए होलान् उप्रान्त नारी शिक्षित हुँदै गएपछि खासगरी आधुनिक कालमा ऐन कानुन र सामाजिक चालचलनमा परिवर्तन आएकाले यसको उपयोगिता नै कम भयो अनि यो आलोच्य मात्र भयो । जेहोस् तर नारी शिक्षाको सूत्रपात गर्ने त भानुभक्त नै भए । एउटा कुरा बिर्सनु हुँदैन त्यो के भने यो रचना गरीब घरपरिवारलाई लिएर लेखिएको रहेनछ । प्रशस्त धनसम्पत्ति भएको, नोकरचाकर राख्न सक्ने बहुविवाह गर्न सक्ने परिवारलाई लक्ष्यमा राखेर लेखिएको रहेछ । तैपनि सामान्यतया उद्देश्य त नारी मात्रलाई तालिम दिनु हो । सतीप्रथाको उल्लेख र नारीले हाँस्नसम्म नहुने कुराको उद्घोष गर्दा यो कृति कठोर आलोचनाको सिकार भएको छ । नारीलाई जीवनभरि पुरुषकी सहधर्मिणी र मुर्दासँग सती जाने सहचरी बनाएर त कविले पौराणिक मूल र मान्यताको प्रतिष्ठा गरे, तर कविको स्वकीय विवेकको परिचय दिन खोजनन् । पुराणभन्दा अघि सरेर उनले हाँस्ने नारीप्रति असहिष्णु र अनुदार रहेछन् भन्ने देखियो । फेरी उनले “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता”को पौराणिक आदर्शको बिलकुल वास्ता नगरी नारीलाई हाडछालाले बनेकी आफ्नै मनप्राण भएकी प्राणी नमानी पुरुषको सेवा मात्र गर्ने र बदलामा केही चाहना नै नगर्नु मेसिन मात्र ठाने । यसको विषयमा प्रशस्त लेखिएको हुनाले विस्तारमा जानु आवश्यक देखिंदैन । एउटा कुरा चाहिँ भन्नु उचित छ । भानुभक्तले किन हो कुन्नि नारीलाई भनेका छन् :- पाहुनाको खुब कदर गर्नु, मर्यादा नचुक्नु, रवाफ देखाउनु तर पापी र कठोर चोरहरुलाई जस्ताको तस्तै जवाफ दिनु-

पाहुना जति आउँछन् घर माहाँ दर्जा छ तिन्को जति ।
सो जानेर उसै बमोजिम गरोस मर्ज्याद् नचूकोसरति ॥
पउन् पापि कठोर चोरहरुले सोही बमोजिम जवाफ् ।
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा अमृत सरीको रवाफ ॥

(पुराना कवि र कविताबाट साभार)

भानुभक्तले नारीलाई घरको मालताल र सम्पत्तिको राखन धरन र सुरक्षा, धर्मकर्मको पालन, अतिथिसत्कार, आश्रित बालबृद्ध र पशुपक्षीको चिन्ता, नोकरचाकरहरुमाथि शासनजस्ता

गृहस्थाश्रमको सम्पूर्ण दायित्व सुम्पिदिएका छन् र पापी, चोर र डाँकुबाट पनि बच्न सक्ने क्षमताले युक्त मानेका छन् । यसी सबै कुराहरुको पालन हरेक घरका नरीहरुले आवश्यकता र क्षमताअनुसार गरेकै हुन्छन् । कर्तव्यनिष्ठा, मधुरवचन, प्रेम, सेवा, भावना, त्याग, परिश्रम पनि नेपाली नारीको चारित्रिक वैशिष्ठ्य हो । कविले अलिकति नारीको प्राप्य के हो ? उसको अधिकार के हो ? यस विषयमा पनि विचार गरिदिएका भए उनको आदेश आज पनि मान्य हुन सक्थ्यो । नारीको मनभित्र चियाउने किञ्चित पनि वास्ता नराखेकाले उनको यो आचारशास्त्र डिक्टेटरको फौजी आदेश मात्र हुन गयो । मर्यादावादी कविले यस्तो विचार नराख्नु दुर्भाग्यको कुरो हो ।

यस कृतिका पनि शैलीगत दुर्बलता पनि छन् र ती बढी नै छन् । कतिपय ठाउँमा अनुपयुक्त शब्दको प्रयोग भएको छ । जस्तै :- उद्धृत श्लोकमा 'अमृत सरीको रवाफ' । अमृतजस्तो बोलीवचन पो सुहाउँदो प्रयोग हुन्छ, 'अमृत जस्तो रवाफ' उपयुक्त प्रयोग मानिन सक्तैन । कही कथ्य पूरा भएको छैन वा वाक्ययोजना अधुरो छ । जस्तै :-

अर्काका घरमा नजानु कहिल्यै आफ्ना घरैमा बसी ।
जे जे हुन् सब चिज जती छ घरमा कूना र कानी पसी ॥
(पुराना कवि र कविताबाट साभार)

कही उही कुरालाई लगत्तै बारम्बार दोहोऱ्याइएको छ :-

यस्ता रित्सित चीज् बनाइ बढिया सासू ससूरा पनि ॥
लाई ख्वाइ सकेर फेरि घरका ख्वाउन जहान छन् जति ।
ख्वाई प्याइ सकेर सर्व परिवारले खाइसक्छन् जसै ॥
(पुराना कवि र कविताबाट साभार)

कही भनाइ स्पष्ट भएको छैन र शब्द प्रयोग ठीक छैन-

पूजाव्रतादिहरुका जति तीथि पर्छन् ।
संझेर गर्नु नभूलीकन पाप हर्छन् ॥
ठूला ब्रतै त पनि सेवन गर्नलाई ।
क्यै छैन फेरि अरु निश्चय नारिलाई ॥
(पुराना कवि र कविताबाट साभार)

भानुभक्तको अर्को कृति प्रश्नोत्तरमा नैतिक उपदेशलाई सरल भाषामा लयात्मक ढङ्गले प्रस्तुत गरिएको छ । सरस, सहज र सरल भाषिक प्रयोग गर्नुका साथै उपजाति छन्द

बसन्ततिलका छन्द आदिको प्रयोग गरिएको छ । समानुपातिक वर्णवितरण र अन्त्यानुप्रासको संयोजन भएको छ तथा लयात्मक र श्रुति मधुर पनि छ । उपमा, दृष्टान्त अलङ्कारको प्रयोग गरिएको नैतिक उपदेशहरुको प्रस्तुति नै यसको विषयवस्तु रहेको छ । यसमा ठूला ठूला तृष्णा भएकालाई गरीब र सन्तोषले खुसी रहेकालाई धनी मानिएको छ । पाप कर्म कहिल्यै नगर्नु र शास्त्रज्ञान गर्नु भन्ने नैतिक उपदेश पनि प्रस्तुत गरिएको छ । अनपढ मूर्ख पशुतुल्य हो भन्दै पापीहरुको सङ्गत कहिल्यै नगर्नु भनिएको छ । उपर्युक्त समयमा नबोल्ने व्यक्तिलाई लाटो ठान्दै यिनले सत्कार्य गरेर कीर्ति राख्ने आग्रह गरेका छन् । प्रश्न र उत्तरका ढाँचामा व्यवहारिक ज्ञान र नैतिक उपदेश प्रस्तुत गरिएको छ । यसमा जति दियो उति बढ्ने विद्याका महिमा अपरम्परा छ र यसले आमाले जस्तै सुख दिन्छ भनिएको छ । जस्तै-

मतासरी सुख दिन्या कुन चीज जान्नू ?
विद्यै छ त्यस्तो अरु कौन खोज्नू ।
कुन हो जति-जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ॥
(पुराना कवि र कविताबाट साभार)

उनको 'रामगीता' रामायणको उत्तरकाण्डअन्तर्गतकै अंश हो । यो कृति शार्दूलविक्रिडित छन्दमा रचना गरिएको छ । चार पङ्क्तिको एक श्लोक र त्यस्ता चार पङ्क्तिमा रचिएका तीसवटा श्लोकहरु यस कृतिमा रहेका छन् । यसमा उपमा, रुपकजस्ता अर्थालङ्कारका साथै हरेक श्लोकमा अन्त्यानुप्रासको सुन्दर संयोजन गरिएको छ । त्यसैले शास्त्रीय नियमलाई अक्षरश : पालना गरी लेखिएको सुगठित संरचना भएको काव्यका रुपमा यो कृति देखापरेको छ । अनुभूतिका हिसाबले यो कविताको लघु रुप हो भने आकारका दृष्टिले खण्डकाव्य हो । त्यसैले यसलाई कतिपय विद्वानहरुले खण्डकाव्यकै कोटिमा राखेर चर्चा पनि गरेका छन् । यो कृति प्रश्नोत्तर शैलीमा रचना गरिएको छ । यसमा ईश्वर चिन्तनको मार्गलाई उद्घाटन गरिएको हुनाले अनुभूतिका आधारमा पनि यसलाई खण्डकाव्यकै कोटिमा राख्न सकिन्छ । जेहोस् आन्तरिक र बाह्य दुबै संरचना सशक्त रहेको छ । यस काव्यको संरचना पक्षका साथै भावपक्ष पनि सशक्त रहेको छ । यस कृतिमा वेदान्तले प्रस्तुत गरेको रहस्यमय ज्ञान र ईश्वर चिन्तनको मार्गलाई उद्घाटन गरिएको छ । संसार, जीवन, प्रकृति र ईश्वरका चिन्तनको मार्गलाई उद्घाटन गरिएको छ । संसार, जीवन, प्रकृति र ईश्वर सम्बन्धमा रहस्यमय पक्षको उद्घाटन गर्ने प्रस्तुत कृतिमा रामचन्द्रले भाइ लक्ष्मणलाई उपदेश दिएको सन्दर्भमा आधारित छ । लक्ष्मणले रामलाई मानिसको रुप धारण गरेर ईश्वरको रुप लिएका कारण आफूले यो संसार, आत्मा र जीवात्माका बारेमा उनीसँग जिज्ञासा राखे । यस्तै उनले संसाररुपी भवसागर तर्न उपाय बताउन आग्रह गरे र रामचन्द्रले वेदले निर्देशन गरेका तत्वज्ञान दिलाए । तत्वज्ञान प्राप्त

गर्न गुरुको सङ्गत गर्नुपर्ने र संसारमा कर्म गरिरहनुपर्ने कुरा रामचन्द्रले बताए । यसका साथै मानिसमा अज्ञानता रहुञ्जेल रहस्यमय ज्ञान प्राप्त हुँदैन र ऊ संसारको दुःखमा फस्ने गर्छ । मानिसले तत्वज्ञान प्राप्त गर्दै तत्वामसीको रहस्य पनि थाहा पाएर ईश्वरको आराधना गर्नुपर्छ । यसरी रामगीतामा ईश्वरचिन्तनसम्बन्धी रहस्यमय पक्षलई सरल भाषाशैलीका माध्यमबाट प्रस्तुत गरिएको छ । अर्को शब्दमा ईश्वरभक्तिको मार्ग प्रशस्त गरिएको छ ।[४७]

यै आत्म कन चिहन पर्छ गुरुका वेद्का वचन्ले गरी ।
आत्मालाई चिहनयो भन्या बुझि लिनू त्यो मुक्त भो तेस् घरी ॥
तस्मात् आत्मविचार गर्नु जनले यस् रुपका हुन् भनी ।
अज्ञान् नष्ट गराउना कन अवर् छैनन् उपाई पनी ॥
आत्मा यस् रितले चिहिनन्छ पहिले एकान्तमा गै बसोस् ।
दस इन्द्रीय जितेर मन् पनि जिती आत्मैविचार्मा परोस् ॥
जानोस् जो छ जगत् प्रकाश सकल यो हो आत्मसत्ता भनी ।
येही तत्व बुझी त पूर्ण रुपको होइन्छ आफू पनी ।
(रामगीताबाट साभार)

४७. कृष्णविलास पौड्याल, पृ. ९८, पूर्ववत् ।

## ९. रघुनाथ पोखऱ्याल

रघुनाथ पोखऱ्यालको जन्म नक्साल (काठमाडौं) मा भएको थियो । बाबुराम आचार्यका अनुसार यिनको जन्म वि.सं. १८६८ तिर भएको थियो । यिनका पिता चक्रधर पोखेल श्री ५ राजेन्द्रका दरबारिया पण्डित थिए । यी कविको सप्तरी नर्घोका बिर्तवाल पृथ्वीधर पोखेलकी छोरीसित विवाह भएको थियो । विवाह भएपछि गोत्र भिन्नै भए पनि ससुरा र आफ्ना थर एउटै भएकोमा अप्ठयारो मानी आफ्नो थरमा भट्ट लेख्ने गरेका थिए । आफ्ना जेठान कवि यदुनाथ पोखेलसँग यिनको काव्यात्मक सम्बन्ध पनि थियो र दुबैमा चिठीपत्र पद्यमा हुन्थ्यो ।

रघुनाथ काव्यात्मक देन र प्रतिभासँग परिचित थिए र प्रशंसा पनि गर्थे । उनले लेखेका पत्रमा यदुनाथको प्रशस्ति गरिएको छ :-

स्वस्ती श्री मतिशील शिल्पहरुले सब् गुण बसैमा लिन्या ।
धैर्यादी गुणले अकृत्यहरुको स्तंभन् गराई लिन्या ॥
युक्तीले पनि ता गुणी जन सबै मोहन् गरी राखन्या ॥
उच्चाटन पनि दृष्टलाई सहजै चातुर्यले लाउन्या ॥

रघुनाथ आलसी र मनमोजी स्वभावका मानिस थिए । मातापिताको मृत्युपछि यिनी बराबर आर्थिक सङ्कटमा रहन थाले । उडन्ते प्रकृतिले गर्दा जो भएको पैतृक सम्पत्ति चाँडै नै सखाप पारेका हुनाले जीवन निर्वाहका लागि यिनले ससुरालीको मुख ताक्नुपरेको थियो । बराबर चिठी लेखेर जेठानसित सहयोग माग्नु यिनको बानी भइसकेको थियो । जेठानले कहिलेकाही खर्च पठाउन ढिलाउँदा वा बेवास्ता गर्दा यिनी ताकिता गर्न चुक्तैनथे । ससुराली धनाढ्य छन् भन्ने थाहा भएकाले कहिले दया र कहिले सहानुभूतिका लागि अनुरोध गरिरहन्थे । "राख्नू दया पर्छ न गर्नु हाँ हाँ ।" कहिले नजानिदो भएर लेख्थे-

उप्रान्त धेरै त बखान सुन्छु, तेसले सदा सदा भऋी म हुन्छ ।
मातापिता दाजु पनि त छैनन्, काम काज् तपाऋीसित हाजिरै छन् ॥
जेठानलाई उपदेश पनि दिन्थे-
दान भोग नगर्दा धन जान्छ खेरै ।
जान्या तपाऋी कति लेखुँ धेरै ॥

आफ्नो हातपाखुरा अथवा बुद्धि दौडाएर पौरख गर्नेतिर नलागि ससुरालीसित हात पसार्ने, दया, दान, धर्म र कर्तव्यको दुलाई दिएर धनीसित धन माग्ने, आफूलाई बिलकुनै हीन दास सरह मान्ने रघुनाथमा स्वाभिमान भनेको पटक्कै नरहेको देखिन्छ । धनीले हेला गरी धन दिदा दिक्दार भएर बरु बैरागी भावना यिनको मनमा फुर्थ्यो, तर आत्मनिर्भर भएर केही काम गर्ने आँट, जाँगरको भावना उत्पन्न हुँदैनथ्यो । ससुरालीले त्यतिकै ज्वाइँलाई खर्च भरिरहनुभन्दा तिनीसित काम लिएर पारिश्रमिक को रुपमा पालन पोषणको भार उठाउनु उचित ठाने । रघुनाथ नर्घो आएर ससुरालीको खेतीपाती हेर्न थाले । रघुनाथ नर्घोमा सपत्नीक नै बसेका हुँदा हुन् । यी प्रकृतिले नै मस्त प्राणी ठहरिए । नर्घोमा बस्ता यिनले गाँजाको दम लगाउन सिके । यिनी राम्रै गँजडी भएको देखेर कसैले यो अम्मल छाड्ने सल्लाह दिंदा यिनले पद्यमा जसरी जवाफ दिन्छन् :-

चन्द्रमा पनि कलंक देखियो, वेदमा त पशुघात लेखियो ।
ग्राहले जलधि रत्न रोकियो, यो विना कुदिनले ति झै भयो ॥

यी चिन्ताग्रस्त रहन्थे र यिनको मन सधैं अशान्त रहन्थ्यो । फलत : यी रिसाहा पनि भएका थिए । एकदिन हलीलले हलो भाँच्दा झोक्किएर यो पद्य भन्ने-

हरिस् खा हे हर खा अनि पछि त पाला पनि तँ खा ।
लदा खा मेरन् खा अनि पछि तँ चोकी पनि चपा ॥

पत्नीको देहान्त भएपछि यी विरक्त भएर काशी गए । उही सं. १९१८ मा यी परलोक भए । [४८]

रघुनाथ पद्यरचनामा निकै सिद्धहस्त देखिन्छन् । यिनले पनि कुनै घटना र प्रसङ्गमा तत्काल पद्यात्मक प्रतिक्रिया जनाएको देखिन्छ । अनुभूति र अभिव्यक्तिलाई काव्यात्मकता प्रदान गर्न जुन किसिमको भाषिक सङ्गठन वा पदवाक्य योजना अपेक्षित हुन्छ त्यसतर्फ यिनी भानुभक्तझैं सचेत देखिदैनन् । यिनलाई हिन्दीको राम्रो ज्ञान थियो र यी हिन्दीमा पद्यरचना पनि गर्न सक्तथे भन्ने देखिन्छ । हिन्दीसितको घनिष्ठ सम्बन्धले गर्दा यिनमा हिन्दीको विशेष प्रभाव देखिनु स्वभाविकै भयो । शब्दहरुलाई बिगारेर र कथ्यलाई अपूर्ण रहन दिएर भए पनि जसरी तसरी गण पूर्ति गरी छन्दको रचना गर्न पाए यिनी सन्तुष्ट हुन्थे ।

रघुनाथमा कवित्व शक्ति देखिन्छ तर नेपाली भाषामा यिनलाई भानुभक्तलाई जति अधिकार रहेको देखिंदैन । प्रकृतिले गर्दा यिनमा भानुभक्तको जस्तो रसिकता र विनोदात्मकता पाइन्छ । यिनले भक्तिभन्दा इतर विषयमा केही पद्य रचेका भए पनि यिनको मुख्य भावधारा भक्ति नै हो । यिनमा भानुभक्तको जस्तो व्यापक सामाजिक दृष्टि थिएन तर यिनले नेपालमा भएको सत्ता परिवर्तन सम्बन्धी रोमाञ्चकारी राजनैतिक घटनालाई एक पद्यमा साङ्केतिक रुपले देखाई अन्य प्राचीन कविहरुले नगरेको काम गरेको देखिन्छ । यिनका समकालीन कविहरु राजकाजी विषयमा सोच्नु, बोल्नु र लेख्नु वर्जित ठानी यस प्रसङ्गमा मौन रहेकोमा जङ्गबहादुर राणाका नेतृत्वमा घटित कोतपर्व र भण्डारखालपर्वको घटनालाई एककूट पद्यमा शब्दवद्ध गरेर यिनले नेपाली काव्य जगत्मा एक नौलो र साहसिलो काम गरेका हुन् भन्न सकिन्छ । राजनैतिक घटनालाई स्पष्ट नलेखी यी कविले एक कूट पद्यमा लेखेका थिए । त्यो पद्य पाठकका मनोरञ्जनका निमित्त छ । जस्तै :-

आकास्को जुन शेर हो उ पनि ता घायल् भया चोरले ।
सिर्को वर् जुन हो थियो ऊ पनि ता घायल् भया सोरले ॥
सिद्धैका जुन जङ् थिया उ विर ता घायल् भया भोरले ।

४८. डा. केशवप्रसाद उपाध्याय, पृ. २२२, पूर्ववत् ।

भाग्यैले परिपाठ पर्दछ कि यो बुद्धिका जोरले ॥
(पुराना कवि र कविताबाट साभार)

भानुभक्तको सुन्दरकाण्डमा जस्तो सजिलो र रसिलो यो सुन्दरकाण्ड छैन । तैपनि यस सुन्दरकाण्डमा कविको एक विशेष प्रकारको शैली पाइन्छ, जो भानुभक्तका शैलीदेखि बिलकुल भिन्न छ । यिनका कविताका पद र वाक्यहरु अलि क्लिष्ट छन् । छन्द पूरा गर्नालाई अनावश्यक पद पनि थपिएका छन्, तैपनि शैली सुन्दर हुनाले यिनका कविताबाट थोरबहुत रस निस्कन्छ । भानुभक्तले आफूभन्दा पहिलेका विद्यारण्यकेशरी या वसन्त कविका कविता पढेका हुनाले उनीहरुको अनुकरण गरी आफ्ना कवितामा 'अब', 'आज' यी दुई स्वरको प्रयोग प्रशस्त गरेका छन् । तर रघुनाथले ती पुराना कविका कविता सायद पढेका थिएनन् । त्यसैकारणले संस्कृत भाषामा व्यवहार हुने गरेका स्वरवर्ण मात्र व्यवहार गरेका छन् । हुनत दार्जीलिङबाट प्रकाशित भएका रघुनाथका सुन्दरकाण्डमा 'आउ' शब्दको व्यवहार दुई ठाउँमा गरिएको छ । तर मूल पाठमा यिनै स्वर प्रयोग हुनमा सन्देह छ । यही हाल ह्रस्व 'ओ' का विषयमा देखिन्छ । सुन्दरकाण्डमा ह्रस्व 'ए' को उच्चारण प्रयोग गरेका छन् । तर यस स्वरका बदलामा 'य' वर्ण लेखी संस्कृत वर्ण मात्र व्यवहार गर्ने नियम प्रकट गरेका छन् ।[४९]

रघुनाथको सुन्दरकाण्डमा गडबडी पहिलो हरफदेखि सुरु हुन्छ भनिएको छ- रामजी पिताको वचन राखेर आए । अब यस भनाइले त दशरथले वन जाने जुन आज्ञा दिएका थिए, त्यो सहजै स्वीकार गरेर सीतासित भेट गर्न आए भन्ने बुझिन्छ र वन गईवरी फर्केर आए भन्ने

४९. बाबुराम आचार्य, पृ. १२०, पूर्ववत् ।

पनि तर कविको आशय पहिलो नै हो । यो वाक्यविधानगत अनौचित्य हो । भन्न आँटेको कुरा सफासँग भन्न नसक्नु कविको दुर्बलता हो । अब वस्तुविधानको अनौचित्य वा अस्वाभाविकतालाई लिऊँ । राम सीतासँग थिए । उनीहरु लामो समयको निम्ति अलग भएका थिएनन् । राम सीतालाई खोपीमा छाडेर आफ्नो युवराज पदको अभिषेकका लागि हुने आयोजनाबारे बुझ्न दशरथको दरबारमा गएका थिए । त्यहाँ अर्कै परिस्थिति पऱ्यो । दशरथबाट राज्यको साटो वनवास जानुपर्ने आज्ञा पाई उनी आमा र पत्नीसित विदा माग्न आए । यस्तो स्थितिमा सीताबाट स्वागत-सत्कारको कविले वर्णन गरेजस्तो औपचारिक आयोजन यस रुपमा हुनु युक्तिसङ्गत छैन । राम आएपछि उनको सत्कारमा सीताले आफ्नो आसनबाट उठी पतिलाई बसाउनु, पङ्खा हम्कनु र मलिन मुख देखेर प्रश्न गर्नु नै स्वाभाविक हुनसक्छ । कविले भनेजस्तो धेरै दिनपछि भेट भएझैं पाउ पखालेर जल पिउनु स्वाभाविक छैन । लौ, मानिलिऊँ बाहिरबाट थाकेर आएका पतिको गोडा धुनु र जल पिउनु सम्भव पनि छ स्वभाविक पनि र

सीताको चरित्रको अनुकूल पनि । तर रामको चरणलाई चाहि कमलजस्तो कोमल भन्नु र कोमलाङ्गी सीताले सुनको सिंहासन जुरुक्क उचालेर 'तही लगी बैठन' दिइन भन्ने देखिँदैन । फेरि सिंहासन त राजाको वा युवराजको हुन्छ र त्यो राजसभामा रहन्छ, सुत्ने, बस्ने कोठामा त रहन्न, लौ कोठामा पनि हुन्थ्यो रे तर राम न राजा भएका थिए, न युवराज, उनको कोठामा सिंहासन कताबाट आयो ? सीताजी एकसाथ मयुरपङ्खा र करचमर डोलाउँछिन् । अब सीताको प्रश्नको विचार गरौ । कविले राजसी कल्पनाको दौड खुब लगाएका छन् । सीता सोध्छिन्- प्रभुको शोभा कहाँ गयो ? सेता छाता र मुकुट के भए ? मन्त्री खै ? हात्ती के भयो र पैदल आउनुभयो ? रामायणका राम सुखदुःखदेखि प्राय : तटस्थ देखाइएका छन् र खास गरीकन वनवासको प्रसङ्गमा अरु सबै उत्तेजित र मलिन भएका छन् । तर राम निर्विकार भएका छन् । रघुनाथले रामलाई मान्छेझैं दुःखी देखाउन खोजे । यसले केही बिग्रेन तर उनलाई कुनै छत्र चामर हरिएको र मुडुलो भएर हरुवा राजाझैं घर फर्केको बनाएर एउटा अमिल्दो कुरा गरे । सीताको दुःख र आश्चर्य प्रकट गर्न हुँदै नभएको स्थिति र चलनको उल्लेख गरेर कविले हाँस्यास्पद काम गरेका छन् । राम राजा वा युवराज नबनिसकेकाले सीताले छत्र, चामर र मन्त्री खै भनेर आश्चर्य प्रकट गर्नु अस्वाभाविक छ । तिनै औचित्यहीन कुराहरु लेखेकाले उनको वर्णनमा कल्पना र रसानुभूति भए पनि त्यो प्रभावपूर्ण हुन सकेको छैन ।[५०]

## (१०) अगमदिलदास

सन्त अगमदिलदासको नाम पहिले मेवाकर्ण थियो । उनको जन्म भोजपुर इलाका छिनामुख गाउँको राई परिवारमा विक्रम सम्वत् १८५० तिर भएको थियो । यिनका पिताको

५०. डा. केशवप्रसाद उपाध्याय, पृ. २२५, पूर्ववत् ।

नाम दित्तवीर थियो । यिनले सानै उमेरदेखि वैदिकदिलसित संस्कृतको अध्ययन गरे । तर उनी पढाइमा साह्रै मन्द थिए र उनले केवल गुरुको सेवामा अधिक जोड दिए । उनलाई संस्कृत पढाउने गुरु वैदिकदिलले उनको पढाइमा मन्द गति देखेर जोसमनीमतको योगाभ्यासको क्रम बताए अगमदिलले त्यसमा निकै चाख लिएर प्रगति गरे । रहँदा बस्ता उनीपछि गएर ज्योतिदिलसित विधिवत दीक्षा लिएर जोसमनी मतका एक अधिकार प्राप्त प्रभावशाली सन्त भए । उनले त्यस क्षेत्रमा जोसमनी मतको निकै प्रचार गरे । अगमदिलका चेलाहरुमध्ये निम्नलिखित व्यक्तिका नाम अहिलेसम्म पत्ता लागेका छन् :-

(१) मङ्गलदास

(२) कमलदास

(३) अषडदिलदास

(४) कृष्णदास

(५) सीतारामदास

रचनाको भाषामा अपभ्रंश वा सधुक्कडी भाषाको परम्परा भएकोले प्रेमदिलले जसरी जानीनजानी थोत्रो सधुक्कडी परमपराको नक्कल गरेका छन् त्यसरी नै अगमदिलले पनि गरेका छन् । अगमदिल सत्सङ्गका सन्त थिए, विद्वान् सन्त थिएनन् । फलत : उनका रचनामा स्थानीय नेपाली शब्दहरु जस्ताको तस्तै आएका छन् । अगमदिलमा आएर भाषाको द्वन्द हुन थालेको छ । सन्त परम्पराका कविहरुको पद्यरचनामा नेपाली भाषाले प्रशस्त प्रश्रय अगमदिलकोमा पाएको छ । यस परम्पराले अगमदिलमा नेपाली भाषामा रचना गर्ने प्रवृत्ति जगाएको देखिन्छ । उदाहरणार्थ रागनिर्गुण नामको उनको चौथो रचनामा भाषाको द्वन्दमा नेपाली भाषाको विजय भएको स्पष्ट फेला पर्दछ । यसप्रकार सन्त कविहरुको पंक्तिको यही विशेषता अगमदिलको छ । जस्तै :-

राम हरि राम हरि आज यहिं सत्य भजुँ राम हरि
चन्द्रमा सूर्ये एक सर दुज उदाउन लागे
रथ पर बेठी चौधेर जल जगत रंग देख्न लाग्यो
एक हि पुण्य दुज कर्म सोही आई प्रभु प्रकटे तहाँ देखो
आफै बुझी बुझ कहनी कहुँ कहनी कहि जानै लाग्यो
कृतन छल छली पगपग पहुँचे दुर मति दुरकर्म दण्ड सोही ।
(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

अगमदिलको नाम अहिले पनि माझकिरात र लिम्बुवानमा उनका अनुयायी जोसमनी साधुहरुले बिर्सेका छैनन् । उनी कोरा प्रचारक सन्त मात्र थिएनन् वस्तुत : सन्तकवि पनि थिए । अहिलेसम्म अगमदिलका १६ रचना प्राप्त भएका छन र ती जोसमनी सन्तपरम्परा र साहित्यमा संगृहीत छन् । उनको मृत्यु विक्रम सम्वत् १९२५ तिर भयो ।[५१]

## (११) अषड्दिलदास

अषड्दिलको जन्म माझकिरात इलाकामा विक्रम सम्वत् १८६८ तिर भएको थियो यिनी राई परिवारका हुन् । अषड्दिल सानै उमेरदेखि चतुर व्यक्ति थिए भन्ने निकै प्रख्यात छ । उनी आफ्नो किशोर अवस्थामै अगमदिलसित दीक्षित भएर माझकिरातबाट लिम्बुवानतिर लागे लिम्बुवानमा केही दिन घुमेर याङरुप मखुजामा उनले आफ्नू मुख्य निवास बनाए ।

अषड्दिलले लिम्बुवानमा गएर जोसमनी मतको निकै प्रचार गरेर ख्याति पनि पाए । उनका मठमा चारैतिरका मानिस आउन लागे फलत : उनी त्यहाँ प्रसिद्ध मात्र होइन अपितु धनी साधु पनि भए ।

अषड्दिलको समयमा जोसमनी सम्प्रदायमा एक प्रकारको भ्रष्टाचार आयो । यो सम्प्रदाय बडो सस्तो र सुलभ भयो । यसैको परिणाम यस सम्प्रदायको पुनरुत्थान गर्न सन्त ज्ञानदिलदासको आवश्यकता थियो । यसको चर्चा प्रसङ्गवश सन्त ज्ञानदिलदासको क्रममा हुनेछ । अषड्दिलले पनि जोसमनी सम्प्रदायको दीक्षा लिने अधिकार मनुष्यको बुद्धि, श्रद्धा र भक्तिमा आधारित नभएर शुल्कमा आधारित बनाए । यो कुरा उनको जीवन र श्रुति परम्पराबाट ज्ञात हुन्छ, उनको रचनामा यसको आभास पाइन्न । सम्भवत :अषड्दिलले सम्प्रदायको पक्षमा हलुङ्गो भए पनि सम्प्रदायलाई विस्तृत गराउने ध्येयको साथै आर्जनको ध्येय पनि राखेको हुन सक्तछ अथवा सम्प्रदायलाई विस्तार गर्ने ध्येयको साथै अर्थलाभ स्वत: हुँदै गएको पनि हुन सक्तछ ।

रचनाकारको रुपमा अषड्दिलका रचनामा भाषाको समिश्रण छ । उनले सन्तपरम्परामा जुन सधुक्कडीमा रचना हुँदै आएको थियो त्यसमा र नेपाली भाषामा पनि छ्यासमिसे रचना गरेका छन् । राग, आरती पढ्दा सधुक्कडीमा नेपाली भाषाको विजय भई सकेको देखिन्छ । राग निर्गुणको अन्तिम पद्यवाहेक अरु सबै छ्यासमिसे छन् । तर अन्तिम पद्य शुद्ध नेपालीमा छ । रचनाको आशय निरञ्जन निराकारको चिन्तन छ । तर अषड्दिलले निरञ्जन निराकार ईश्वरको विभिन्न रुपको कल्पना पनि गरेका छन् किन्तु अवसानमा सबैलाई उसै निर्गुण ईश्वरको माया बताएका छन् । आज्ञा चक्रको चिन्तन र नाडीको साधनामा उनले विशेष प्रेरणा दिएका छन् ।

जोसमनी मतमा दीक्षित हुने अनेक क्रम र परीक्षा छन् । त्यसमा उत्तीर्ण हुनेलाई मात्र दीक्षित गराउनुपर्ने कुरा शशिधरको प्रसङ्गमा छ । तर अषड्दिलले त्यसको कुनै वास्ता नराखी जोसमनी मतलाई सस्तो पारिदिए । जसले उनले बाँधेको मूल्य तिऱ्यो उसलाई परीक्षै नगरी गुरुको ज्ञान दिन थाले ।

---

५१. जनकलाल शर्मा, जोसमनी सन्तपरम्परा र साहित्य, पृ. ५४, साझा प्रकाशन, संस्करण द्वितीय, २०५२ ।

माथि नै भनियो- अषड्दिलले गुरुको ज्ञानलाई सस्तो पारिदिए । उनले चेला हुनेको बौद्धिक एवं विश्वासको स्तर हेरेनन् अपितु पैसाको स्तर हेरे । यस सम्बन्धमा भनिन्छ- अषड्दिलले चेला बनाउँदा लिइने भेटीको रुप वा दर निश्चित पनि गरेका थिए ।

यसरी गुरुको ज्ञानलाई उनले व्यापारको साधन बनाएर निकै धन जम्मा गरे । यो कुरा उनका गुरु अगमदिलले थाहा पाएर उनको तानाबाना खोस्न बोलाउँदा अषड्दिलले अब यस्तो गर्ने छैन भनी प्रतिज्ञा गरेका थिए । यो कुरा त्यस समयको साधु समाजमा व्यापक रुपले प्रचार भएको थियो । तर यिनको लागेको बानी छुटेन र उनले आफ्नो अन्तिम घडीसम्म त्यसैगरी काम चलाए । अषड्दिलको मृत्यु विक्रम सम्वत् १९३५ तिर भयो ।

माथि नै भनियो उनी ज्यादै चतुर थिए । यसरी गुरु ज्ञानलाई व्यापारको साधन बनाए तापनि त्यस समय जोसमनी मतको सर्वाधिक प्रचार यिनैले गरे । अषड्दिल सन्तपरम्पराका

कवि पनि थिए । अषड्दिलका रचना ५ (पाँच) भजन संग्रहमा छन् । पाँच भजन संग्रहमध्ये केही पंक्ति :-

गगन दृश्य गध्दु नीज गाउ
धनंज यक कमल पार पाउ
अनादि कृष्ण सि चराउ
हंसम सरुप पारतेरि जाउ
कन्चन सरुप सत्ये समाउ
धिरे सुभ क्री मुक्ति पाउ
दास अखण्डदिल आरति लाउ
हरि तन भक्ति सर नर धाम परं धाम पाउँ ॥

(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

**(१२) ज्ञानदिलदास**

सन्त ज्ञानदिलदासको जन्म विक्रम सम्वत् १८७२ तिर इलाम जिल्लाको फिकल गाउँमा भएको थियो । उनी लामिछाने थरका उपाध्याय ब्राह्मण परिवारका थिए । उनको जन्मस्थानका सम्बन्धमा एउटा अर्को मत्अनुसार धनकुटा जिल्लामा भएको थियो भन्ने पनि छ । तर जुनसुकै मतमतान्तर भएपनि उनी सुदूर पूर्वी नेपालका थिए यसमा कुनै सन्देह छैन । ज्ञानदिलदासको शिक्षाका सम्बन्धमा विशेष उल्लेख पाइदैन । अत : उनको शैक्षिक योग्यता कहाँसम्म थियो त्यो एकीन भन्न कठिन छ । उनका उत्तराधिकारीहरुको विश्वासअनुसार उनले संस्कृतको पनि अध्ययन गरेका थिए । यस कुरालाई उनका प्रौढ रचना र त्यसका विशेष उद्धरणले पनि केही मात्रामा पुष्टि दिन्छ । उनका प्रारम्भिक शिक्षा जतिसुकै भए तापनि उनी अध्ययनशील, मननशील र तीक्ष्ण बुद्धि भएका थिए भन्ने कुरामा कुनै तर्क गर्ने ठाउँ छैन ।

ज्ञानदिल सानै उमेरदेखि तीक्ष्ण बुद्धिका थिए । उनलाई त्यस समय पूर्वी नेपालमा चलेको जोसमनी सन्त सम्प्रदायले निकै प्रभाव पारेको थियो । फलत : उनी माथि प्रसङ्गवश चर्चा गरिएका जोसमनी मतका प्रसिद्ध सन्त श्यामदिलसित पूर्वी नेपालको पाँचथर इलाकाको नांगीन भन्ने ठाउँमा गएर जोसमनी मतमा दीक्षित भए । सन्त श्यामदिलसित दीक्षा लिएपछि ज्ञानदिल जोसमनी मतको अध्ययन र प्रचारमा निकै दत्तचित्त भएर काम गर्न लागे । फलत : चाँडै नै उनले निकै ख्याति पाए । ज्ञानदिलको विवाह रुमजाटारमा आएपछि भयो अथवा पहिले नै भएको थियो यस कुराको एकीन हुन सकेको छैन । तर उनी रुमजाटारमा बस्ता उनकी विवाहिता धर्मपत्नी शीतलामाई साथैमा थिइन् भन्ने कुरामा कुनै विवादको ठाउँ छैन ।

पूर्वी नेपालमा सन्त श्यामदिलदासको नाम निकै चलेको थियो । यसैकारण श्यामदिललाई पूर्वी नेपालको ओखलढुङ्गामा जोसमनी मतको प्रचारार्थ त्यहाँका जनताले आमन्त्रित गरे । यस कार्यका निमित्त श्यामदिलले ज्ञानदिलजस्ता तीक्ष्ण बुद्धि भएका लगनशील व्यक्तिलाई त्यहाँ पठाउनु उपयुक्त सम्झेर उनलाई खटाए । ज्ञानदिलले खुशीसाथ गुरुको आज्ञा शिरोपर गरेर जोसमनी-मतको प्रचार कार्यका लागि ओखलढुङ्गातिर लागे । जोसमनी-मत कर्मकाण्डको विरोधी, जातपातको भेदभाव नराख्ने, मूर्तिपूजाको निन्दक हो । यसकारण जोसमनी मत प्रचार गर्न सर्वप्रथम ब्राह्मणवादमा आस्था नराख्ने अन्य जातिमा प्रचार गर्न सुगम हुन्छ । यो कुरा ज्ञानदिलजस्ता तीक्ष्ण बुद्धि भएका व्यक्तिले राम्ररी बुझेका थिए । उनले सर्वप्रथम त्यस इलाकाको अध्ययन गरे र जोसमनी मतको प्रचारकेन्द्र रुमजाटारको गुरुङ गाउँमा राख्ने विचार गरे । ज्ञानदिलले रुमजाटारमा केन्द्र बनाएपछि जोसमनी मतको निकै प्रचार भयो । यस मतमा पहिले मतवालीहरु धेरै लागे । त्यसमा पनि गुरुङ जातमा त यस मतको ज्यादै प्रचारले गर्दा कर्मकाण्डको पेशा भएका ब्राह्मणहरु निकै क्रुद्ध भएका थिए । तर उनीहरुको क्रोधले ज्ञानदिललाई कुनै असर पारेन । उनको प्रचार दिनप्रतिदिन बढ्दै नै गयो । ज्ञानदिल हँसमुख र शान्त स्वभावका व्यक्ति थिए । साथै स्पष्ट वक्ता पनि थिए । उनी कुनै समस्यालाई पनि समस्या ठान्दैनथे । जुनसुकै काम कुरो पनि नहडबड इकन सहजै पार लगाउँथे । समय समयमा आएर उनका चेलाहरुले ब्राह्मणहरु क्रुद्ध भएको कुरा सुनाउँदा उनी स्वाभाविक रुपमा हाँसेर ठट्टा गर्दै भन्दथे-

"यो रुम्जाटारको कोदाको पिठो निर्गुनको दाउन ।
धर्म र कर्म गुरुङले गऱ्यो छक्पऱ्यो वाहुन ॥
हिराको दर्बार सुन गरिपर्वर छक्पऱ्यो बाहुन ।

उनको यस्तो प्रतिभाशाली व्यक्तित्वको प्रभावमा एकपल्ट सम्पर्कमा आएपछि त्यो व्यक्ति सहसा मुक्त हुन सक्तैनथ्यो । फलत : उनको प्रचार पूर्वी नेपालको सबै जाति र वर्गमा पुग्यो । अर्को अर्थमा भन्ने हो भने ज्ञानदिल पूर्वी नेपालका जननेता नै भए ।

ज्ञानदिल रजोगुण र तमोगुणमाथि विजय गरी सत्वगुणको उद्रेक गर्नुपर्ने आवश्यकतामा विचार गर्दछन् । आफ्नो विचारलाई सरल, सुबोध्य र रोचक तुल्याउन उनी कल्पनाको सहायता लिई बिम्बविधान गर्दछन् वा प्रतीकयोजना गर्छन् । उनी भन्छन्- सत र तमको बीच युद्ध पऱ्यो । सबै बलवान् थिए, को ठूलो भन्ने निर्णय हुन सकेन । अथवा तमले सत्लाई दबाउन खोज्यो । सत् र तम झगडीया थिए । सत्ले विचारी समक्ष अर्जी गऱ्यो । प्रतिवादी तम सत्को अर्जी लिएर गयो । सत् निर्धो थियो र उसले विचारीलाई न्याय गरिदिने प्रार्थना गऱ्यो ।

सत रज तमको महाँ जुद्दे भयो

सत् अर्जिली तम गुन गयो
निसापी बिचारी निसाप् हेरिदेऊ
सतगुनी निर्धाको सरन् अब लेऊ ।
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

न्यायकर्ता विचारी सत्वगुणी उज्जन भए यो सत्‌को पक्षमा न्याय दिन्थे । ती त लोभी र घुस्याहा थिए । जसले घूस दिन सक्यो, जित उसैको हुने भयो । ऐन धनी वा धनको लोभ राख्नेहरुले नै बनाएका थिए । उनीहरुको ऐनले घूस नदिने सज्जन (सत्) लाई जिताउने सक्तैनथ्यो, घूस दिने दुष्ट (तम) लाई नै जिताउन रुचि लिन सक्थ्यो । यस्तो स्थितिमा विचारीबाट न्यायको आशा के गर्ने ? रजोगुणी विचारीलाई सत् र तमको झगडामा निसाफ गर्न मुस्किल पऱ्यो । सत् र तमको मिश्रण नै रजोगुण हो । त्यसैले यहाँ 'रज' लाई विचारी बनाइएको रहेछ किनभने ऊ एकातिर 'सत्' को पक्षलाई बलियो मान्दथ्यो, अर्कोतिर 'तम'को पक्षमा न्याय दिनाले धन पाउने हुँदा लोभले ग्रस्त थियो ऊ दोधारे थियो, सोझो वा सच्चा निसाफ गर्न डराएर पछि सर्दथ्यो । भावार्थ भो; तम त्याज्य छ, तमलाई त्याग्न रजोगुणले मद्दत गर्दैन । सत्वगुणी भएपछि नै इष्टसिद्धि हुन्छ :-

अइन बज्र्यो धनिको फिऱ्यो जग माहाँ
घुस्याहा विचारी निसाप् हेर्छ काहाँ
रजोगुनी दोधारे दुईतिर लाग्छ
सिधा निसाप् गरी भनेपछि सरि भाग्छ ।
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

प्रत्यक्ष रुपमा यस प्रसङ्गले 'घुस्याहा विचारी' लाई 'रजोगुण' को उपमान वा प्रतीक बनाएर, रजोगुणको निन्दा र उपहास गर्दै तुच्छ र त्याज्य छ भने देखाएको छ तर परोक्ष रुपले घुस्याहा विचारी र ऐनलाई गरीब सज्जनहरुको शोषण गरी धन बटुल्ने साधनको रुपमा उपयोग गर्ने शासन र सत्तामाथि कटाक्ष गरेको छ । ज्ञानदिल र जनता दुबै थरीका लागि शासनको भ्रष्टाचारी रुप र न्यायको नाममा अन्याय गर्ने शोषणप्रवृत्ति कटु अनुभवका विषय थिए । यस्तो स्थितिमा प्रचलित र परिचित तत्वलाई प्रतीक रुपमा प्रस्तुत गरी आलोचनात्मक टिप्पणी वा कठोर व्यङ्ग्य गरेकोले कविको हैसियतले उनले सामाजिक पीडालाई व्यक्त गरे भन्नमा कुनै सङ्कोच मान्नु पर्दैन । उनको लक्ष्य सांसारिक प्रपञ्चको नग्न चित्र प्रस्तुत गरी त्यसको निस्सारता र निरर्थकता देखाउँदै आध्यात्मिक क्षेत्रतर्फ आकर्षित गराउनु नै हो । फलत : यस चित्रको उपलब्धि कवि दृष्टिमा 'ज्ञान' को उदय मात्र हो तर यस चित्रले जीवनको व्यवहारिक विषयलाई आलम्बन बनाएकाले समाजमा यसले आध्यात्मिकताका साथै लौकिक प्रभाव पनि पार्न सक्ने

कुरा बिर्सन सकिन्न । कवि सन्त भएकाले उनलाई शासन र समाज कसैको भय थिएन । उनले आफ्नो कथ्यको उपयोग कुनै राजनैतिक, आर्थिक वा सामाजिक महत्वाकांक्षाका लागि गर्ने प्रश्न नै थिएन । जसलाई भौतिक लाभको लोभ हुन्छ, कटु सत्य प्रकट गर्न भयको अनुभव उसैलाई हुन्छ । साधुलाई के को डर ? उसको वचन सबैलाई सह्य हुन्छ । ज्ञानदिल सन्त नभएर कोरा सामाजिक कवि भएका भए न उनले यस्तो भन्ने साहस गर्न सक्थे, न त्यसलाई शासनले सहन गर्न सक्थे । ज्ञानदिलका रचना मूलत : आध्यात्मिक वा धार्मिक आग्रहले प्रेरित भए पनि सामाजिक, धार्मिक र आर्थिक स्थिति र त्यसको प्रत्यक्ष आलोचनाका रुपमा पनि पाइन्छन् । निश्चय नै कविको भूमिका तिनमा पनि तटस्थ योगीको छ, तर त्यहाँ अप्रत्यक्ष ढङ्गको प्रतीक योजना गर्नुपरेको छैन र आफूलाई मन नपरेका विषय वा पक्षमाथि सोझै कबीरले झै आक्रमण गरिएको छ ।

ज्ञानदिल योगीका रुपमा धनलाई तुच्छ मान्दछन् । उनी संसारका सबै किसिमका तृष्णाहरुलाई काम, क्रोध, लोभ, मद्, मात्सर्यझै त्याज्य ठान्दछन् । उनको दृष्टिमा सच्च धन ज्ञान नै हो र सच्चा आनन्द ब्रह्मानन्द नै हो । उनी दुनियाँलाई भवसागर पार गर्ने उपाय देखाई ब्रह्म साक्षात्कार गराइदिने गुरुको सेवामा नलागी धनको सेवामा लागेको देखेर खिन्न र छक्क पर्छन् । धनले कसैलाई सन्तोष छैन । धनी झन् धनी हुन खोज्छ, तर त्यही धन पनि भाग्यमा नभए जतिसुकै मरिमेटे पनि पाइने होइन :-

धनीको धन छ गति न पति
धेरै तुल्याउँ भन्छ जतिको तत्ति
धेरै बनाउँ भनी रात दिन धाउँछ
कर्ममा नभए को कहाँ पाउँछ ?

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

गरीबलाई पनि धन कमाउने लालसा उस्तै छ । ऊ खाइनखाई गाउँबेसी गरेर कठोर परिश्रम गर्छ । भोको पेट, रिँगटाले रन्थनिन्छ । किसान धेरै काम गर्छ । तर के गर्नु खानलाउन नपाएर अकाल मै मर्छ ।

धनजन भन्दै गाउँब्याँसि गर्छ
लाग्छ रिगंटा भडषालामा पर्छ
काम र किसान धेरै धन्दा गर्छ
लाउन खान नपाई अकालैमा मर्छ ।

(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

यहाँ माथि नै भनिएअनुसार धनको निःसारता र धनप्राप्तिको कठिनाइ देखाउनु कविको इष्ट छ । यसै इष्टसिद्धिका लागि धनीको र गरीब किसानको आर्थिक दुरावस्थाको यथार्थ चित्रण बनेर उभिन आएको छ । कवि वीतराग योगी किन नहोऊन्, यस शब्दचित्रले उनको मानसमा काम गरेर पनि खान लाउन नपाउने किसान मजदुरवर्ग प्रति सच्चा सहानुभूति र माया र ममता रहेछ भन्ने प्रकट गरिदिएको छ । यसै कारणले यस प्रसङ्गलाई शोषित वर्गका दयनीय चित्र प्रस्तुत गर्ने आर्थिक चेतनापरक सामाजिक अनुभूति मान्नुपर्दछ । निश्चय नै नेपाली कवितामा राजनैतिक चेतनाझैं आर्थिक चेतनाका प्रथम प्रयोक्ता पनि ज्ञानदिल नै भएका छन् ।

ज्ञानदिल वेद र पुराणका निन्दक होइनन् । परन्तु बलिदानद्वारा धर्म हुन्छ वा मुक्ति मिल्छ भन्ने कुरामा उनी विश्वास राख्तैनन् । हिंसा वा मांसभक्षण गर्ने ब्राह्मणहरुलाई उनी अज्ञानी र पाखण्डी मान्दछन् र तिनको खिसी गर्दै यत्रतत्र बारम्बार प्रहार गर्दछन्-

तुलसी र वेद पूज्य छन्-
तुलसी र वेदको जो निन्दा गर्छ
ब्रह्मलोक छोडी जेम लोक पर्छ
(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

ज्ञानदिल त्यस्ता सबै विद्या र क्रियाहरुलाई त्याज्य र अग्राहय ठान्दछन्, जसले ज्ञान दिदैनन् र ब्रह्म साक्षात्कार गर्न सहयोग गर्दैनन् । उनी त्यस्ता सबै आचार (दुराचार), पाखण्ड र दुनियाँलाई ठग्ने प्रवृत्तिहरुको विरोध र निन्दामा रुचि राख्तछन् जसले समाजलाई अज्ञान निद्रामा सुताई शोषित गर्दछन् । त्यसैले उनले घुस्याहा विचारीको चित्र कोरी न्यायगत अन्यायको दिग्दर्शन गराएका हुन्, हिंसावादी ब्राह्मणहरुको उपहास गरेका हुन् र अब उनी ज्योतिषीको खबर लिन तत्पर भएका छन् । वस्तुत : एउटा सन्त र समाजसुधारकलाई सुहाउने किसिमले उनले सामाजिक, प्रशासनिक, आर्थिक र धार्मिक क्षेत्रहरुमा निहित अनैतिकता र आडम्बरको विरोध गरेका छन् ।

उनको प्रखर दृष्टिले समाजका सबैजसो दुर्बलताहरुलाई ठम्याएको छ र सुधारका लागि वा दृष्टिपरिवर्तनका लागि विचार एवम् आचारशुद्धिको सङ्केत गरेको छ । ज्योतिषीहरु प्राय : अल्पज्ञ वा अज्ञ हुन्छन् । यिनीहरुले ज्योतिष विधालाई आफ्ना जीविका चलाउने साधनको रुपमा प्रयोग गरिरहेछन् । यी अस्पष्ट र दोधारे भाषामा ग्रहहरुको भय देखाई समाजलाई ठग्छन् र आफ्नो दुनो सोझ्याउँछन् । कवि ज्योतिषीहरुलाई सम्बोधित गरी भन्दछन्- यी ज्योतिषीहरु बिहानै उठेर तिथि बार गन्छन्, ज्योतिषलाई ठूलो ज्ञान ठान्दछन् । पञ्चाङ्ग बनाएर वर्षफल लेख्छन् । चिना-चिट्ठा बनाउँछन्, ग्रहको पूजापाठ र जप गर भन्दछन् । यिनलाई कुनै ज्ञान हुँदैन, यी केवल औला गन्दछन् । यिनले ग्रह देखे ग्रहका पिता (परमात्मा)लाई कहिल्यै देखेनन् । परमात्मालाई त भक्तले नै देख्छन् । उनको विचारमा ज्योतिषबाट मुक्ति मिल्दैन । चारै युग

लगाएर हेरे पनि मुक्ति ज्योतिषीलाई प्राप्य छैन । ग्रह नै खोजिरहून् ज्योतिषी, तिनलाई ज्ञान हुँदैन । बरु आफ्नो खोजमा असफल भएपछि तिनले भक्तलाई सोधून्-

ज्योतिषले मुक्ति कैले हुन्थ्यो काँचै
सहयारी न सकनु चारै जुग माहाँ
ग्रहहरु कता छन् चाँडै गरि खोज
सुद्धि बुद्धि नपाया भक्तिजनलाई सोध
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

ज्ञानदिल सम्भवत : छूतछ्यात मान्दैनन् र कर्मलाई महत्व दिन्छन् । उनी 'जन्मना जायते शूद्र : संस्कारत् द्वेज उच्यत' को मान्यताको निकटमा रहन्छन् र ब्राह्मण संस्कारले बनाउँछ भन्ने धारणा राख्दछन् तर उनलाई सनातन धर्ममा स्वीकृत वर्ण व्यवस्थाप्रति विरोध छैन । उसैले उनीले हिन्दूधर्मशास्त्रहरुलाई पछ्याउँदै जाति वा वर्णअनुसार आआफ्नो कर्म सबैले गर्नुपर्दछ भन्ने देखाएका छन् । उनी भन्छन्-

ब्रह्म छेत्री बैसे सुद्र सबै थिया ताहाँ
आफ्नु आफ्नु कर्म बाँडी दिया ताहाँ
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

उनी कुनै नयाँ कुरा त भन्दैनन् तर नयाँ किसिमले नयाँ शब्दहरुको प्रयोग गर्दछन् । उनी कर्म विभाजन यसरी गर्छन्-

ब्रह्मालाई समाधी छेत्रीलाई नीत्रा
गोठ र घर बेपार बैसेलाई दिया
तीन जातको सेवा शुद्रले गुर्न
बाँडिएको कर्म गरी सबैले छ तर्नु ।
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

जोसमनीमत ब्राह्मणवादको विरोधमा आएको थियो र यसले खासगरी अब्राह्मण-क्षत्रिय, वैश्य, शुद्रजातिलाई नै समेट्ने प्रयास गऱ्यो र सबैलाई भेदभावरहित भएर ज्ञान दियो, योगी बनायो र गुरुपदको अधिकारी समेत बनायो ज्ञानदिल स्वयम् अब्राह्मण साधुको चरणोदक खान्छन् र त्यसो गर्दा उनी राँको बालेर जात खोज्छन् । यस मतका मोक्षमण्डल जातिवादलाई मुक्तिमार्गको बाधक मान्दछन् । 'जात कर्म वर्ण मर्ज्यादा यह बीच टट्टी लगाइ । भर्म गिऱ्यो पऱ्यो

चौरसीमे ऐसो मन भ्रमजाल बधाई ।' यस्तो स्थितिमा ज्ञानदिलले जातिवादको समर्थन गर्नु आश्चर्यजनक नै छ । कित उनी संशोधनवादी हुन् कि उनले जोसमनी मत र सनातनी मत दुबैभित्रका असल मान्यतालाई ग्रहण गर्ने र खराब आचारविचारलाई त्याग्ने उपदेश दिने मध्यममार्गी वा समन्वयवादी आचार्यको भूमिका लिन खोजेका हुन् भन्नुपर्छ । निश्चय नै उनमा विरोधाभास छ । एकातिर उनी कबीरले झैं सबै प्रकारका पाखण्डहरुको निन्दा गर्दछन् र अर्कोतिर स्वयम् सनातन धर्ममा निहित सङ्कुचित जातिवादी विचारका समर्थक भैदिन्छन् ।

ज्ञानदिलले जोसमनी मतमा घुसेको अनैतिकतालाई पनि लक्ष्य गरे उनलाई अखड्दिल राईले चेला बनाउँदा पचास रुपियाँ गुरुभेटीको दरबन्दी गरी पैसा बटुलेको मन परेन र उनले भने-

सुद्र साधु जति छन् धेरै धन भन्छन्
कण्ठी धारन् गर्दा पचास रुपियाँ गन्छन् ।
मोल न गर्नु अमोलको चीज,
बेपार गऱ्या होइन परंपदको बीच ।

(प्राथमिककालीन कवि र काव्यप्रवृक्तिबाट साभार)

सम्भवतः यसै कारणले उनले शुद्रलाई अनाधिकारी मानी हेला गरेका हुन् र जातअनुसारको कर्मको चर्चा गरेका हुन् । उनलाई के लाग्छ भने मानिसले जाति मर्यादा वा वर्णाश्रम व्यवस्थाले दिएभन्दा माथिको वा अन्य जातिको कर्म गर्दा ऊ संस्कारवंश पाएको अधिकारको दुरुपयोग गर्छ । दृष्टान्त उनको समक्ष छ, अषड्दिल राईको । यी राईले शुद्र भएर ब्राह्मणको कर्म (ब्रह्मज्ञान दिने) गरे, त्यस कर्मको महत्व र मर्यादालाई बुझेनन् र धन कमाउनमा त्यसको प्रयोग गरे । त्यसैले कवि अगाडि भन्दछन्-

सुद्रको सेवा गर्नु तिनै जात्को थियो
आफ्नु कर्म छोडि ब्रह्मज्ञान लियो
ब्रह्मज्ञान लियो र मद धेरै थियो
जगत्मा ब्रह्मज्ञान सस्तो गरिदियो ।

सुद्र साधु जति छन् धेरै धन भन्छन्
कन्ठी धार गर्दा पचास रुपञा गन्छन् ।

(प्राथमिककालीन कवि र काव्य प्रवृतिबाट साभार)

ज्ञानदिलको चिन्ता स्पष्ट छ, उनी ब्रह्मज्ञानलाई पैसाले बेचिएको देख्न सक्तैनन् । योग्य श्रद्धालुलाई श्रद्धा र विश्वासको आधारमा दिइनुपर्ने ब्रह्मज्ञानलाई पैसा दिन सक्नेलाई दिनु, पैसा दिन नसक्नेलाई नदिनु, उनलाई सहय छैन ।

उनले आफ्नो कर्म (तीन जातको सेवा) छाडी ब्राह्मणको कर्म गर्ने शुद्रको मात्र निन्दा गरेका छैनन्, अपितु स्वकर्ममा नरही हलो जोत्ने ब्राह्मणको पनि निन्दा गरेका छन् :-

कलिका ब्रह्मजाति सतमा गिऱ्याका
दसै काम छाडी क्रोधमा फिऱ्याका
ब्रह्मचोला जति छन् बडो निन्दा गर्‍र्या
हलो छ पियारी वेद नपर्‍र्या
काँधमा हलो जुवा गोरु छन् कांहाँ
बडा हुँ हामी भन्छन् नरलोक माहाँ ॥

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

क्षत्रीयले स्वकर्म त्याग गरी वैश्य कर्म गरेको पनि उनलाई मन पर्दैन-

दस राजा जिति आउनु क्षत्रीलाई थियो
धन जन धन्दाले बाटा थुनिदियो

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

ज्ञानदिन पुराणलेझैं सृष्टिका मूल त्रिदेवलाई मान्दछन्-

ब्रह्मालाई उत्पत्ति विष्णुलाई रच्छे
शिवलाई दिया सदा सर्व भन्छे

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

यी त्रिदेवभन्दा माथिको परमतत्वलाई उनी मान्दछन्, त्यसलाई 'धनी' भन्दछन् । यसै 'धनी' को हुकुम पाएर यी त्रिदेव 'माया' को सहायताले जगत्मा रजाई चलाउँछन् भन्ने उनको भनाइ छ :-

हुकुम भयो धनिको जगतमा आई
रजाई चलाया माया अघिलाई ।

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

उनी युगविभाजन पनि पौराणिक आधारमा गर्दछन् । तदनुसार 'सत्य, त्रेता, द्वापर र कलियुग' गरी चार युग छन् । पुराणहरुमा झैं नै उदयलहरीमा पनि कलियुगको निन्दा गरिएको छ ।

सत्ते त्रता द्वापर कली युग लाग्यो
दया-धर्म जति सबै पर पर भाग्यो
दया छैन मनमा धर्म छ काँहाँ
कल्याहा र क्रोधी कलियुग माँहाँ ॥

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

ज्ञानदिल कलियुगबारे भविष्यवाणी गरेझैं भन्दछन् :

यस कालमा बुढा छाडी बालक मर्नेछन्, धनीको अपहरण हुनेछ, बाबु-छोरा झगडा गरी गरी अकालैमा मर्नेछन्, सासूको जगल्टा बुहारीले लुच्नेछन्, दाजु-बहिनी, दिदीभाइ विहा गर्नेछन् । यिनको अतिरिक्त ज्ञानदिललाई शुद्रको वेदाध्ययन पनि स्वीकार्य थिएन भन्ने देखिन्छ । उसैले कलियुगको निन्दाको प्रसङ्गमा लेखेका छन्-

'ब्रह्माको वेद सुद्र पढन्याछन्'

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

ज्ञानदिलभन्दा आधि जोसमनी मतका स्त्री-शुद्र सबैलाई ज्ञान, भक्ति र योगको समान अधिकार रहेको र वेदाध्ययन ब्राह्मणेतरलाई पनि वर्जित नरहेको प्रतीत हुन्छ । ज्ञानदिलले ब्रह्मज्ञान नभएका, आफ्नो कर्म नगर्ने ब्राह्मणमाथि विशेष आक्रमण गरेका छन् । उनी वेदाध्ययन र शिखासूत्र धारण गर्दैमा कोही ब्राह्मण कहलाउन योग्य हुँदैन, वेदको मर्म बुझी ब्रह्मज्ञानी हुनु ब्राह्मणका लागि अनिवार्य छ, भन्दछन् :-

वेद परे पनि मुक्ति काहाँ पाउँछन्
छ डोरा जनै पनि व्यर्थ किन लाउँछन् ।

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

उनको निष्कर्ष छ, कलियुगमा ब्राह्मण आफ्नो सत्‌बाट तल खसेका छन्, तिनको पछि लागेर कल्याण छैन । यस युगमा भक्तकै पछि लाग्नुपर्छ, किनभने भक्तलाई नै ज्ञानको दीप प्राप्त छ-

ब्रह्मबाट ब्रह्म सत्ते गिऱ्यो कलियुग माहाँ
कलिका ब्रह्म जति साउनका राति
भक्ति जनले पायो झलपल बाती ।

(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

उनी मान्दछन् नारायण नरमा नै हुन्छन्- “नरमा नारायण छ थलामा जल छ ।” तर के गर्नु ? संसारमा पापको आगो बलेको छ, मानिस यस तथ्य र सत्यलाई बुझ्दैन । तसर्थ उनी दया, दान, स्वधर्म र स्वकर्म गर्दै भक्तिको आश्रय लिएर ब्रह्मज्ञान हासिल गरी परमपद प्राप्त गर्ने अर्ती दिन्छन् । यस कर्ममा उनी जोसमनी मतमा रहेको योगसाधनको चर्चा पनि यत्रतत्र गर्छन् । यसरी उनले भक्ति, ज्ञान र वैराग्यको साथै योगको महिमा पनि देखाएका छन् । योग दुई प्रकारको छ- कर्मयोग र समाधियोग अर्थात् सांसारिक कर्मको त्यागको सिफारिस उनी गर्दैनन् तर समाधिरत हुने सल्लाह उनी दिन्छन् । [५२]

सन्त ज्ञानदिलदासको ‘उदयलहरी’ को सवाईमा जम्मा १०९ श्लोक छन् । त्यो काव्यलाई लिपिवद्ध गर्ने कार्य वि.सं. १९३४ मा हुन गएको हो । तापनि त्यसको रचना भने कविको सङ्घर्षमय जीवन र अभियानको लामो अन्तरालमा निरन्तर भइरहेको बोध प्राप्त हुन्छ । कर्मकाण्डवादका आडम्बर, पाखण्ड, हिंसाचार, जातपात अनि धनी गरीबका प्रश्न खडा गरेर एउटा नयाँ समाजको संरचना गर्ने र सबैलाई समान रुपमा ब्रह्मज्ञान प्रदान गर्ने उद्देश्यले खडा भएको जोसमनी सम्प्रदाय नेपालका एउटा सशक्त धार्मिक अभियान हो । ब्राह्मणवादले खडा गराएको मायावी जन्जाल र त्यसका आडमा हुने गरेका सबै प्रकारका शोषणको अन्त्य गरी सबैलाई मुक्तिको मार्ग खोलिदिनु नै त्यो अभियानको अभिष्ट देखिन्छ । धर्मको सरलीकरण र सामाजिक सुधार जस्ता दुईवटा लक्ष्य भएको त्यो पद्धतिबाट पलाएको ब्राह्मणवाद र त्यसका विकृतिहरुसँग मूल टक्कर रहेको देख्न पाइन्छ । सन्त ज्ञानदिलदासले जोसमनी सम्प्रदायको

५२. डा. केशवप्रसाद उपाध्याय, पृ. ८७, ८८, ८९, पूर्ववत् ।

निवृत्ति र प्रवृत्ति दुवै पक्षलाई विकसित गराएर काव्य रचना गरिदिएका हुनाले अन्य सन्तका भन्दा उनका काव्यको चरित्र नै भिन्न पुगेको छ । त्यसो हुँदा ती कविले तत्कालीन समाजमा प्रचालित धार्मिक, आर्थिक, सामाजिक र न्यायिक शोषणका विरुद्धमा स्वर उरालेका छन् र उनका कविता हामी सबैका कविता हुन पुगेका छन् ।

यी श्लोकहरु कुनै ‘तगण मगण’ का नियममा बाँकिएका छैनन् मुक्त वा लोकलयी छन् । यस कृतिमा गुरु महिमा, ज्ञान महिमा, भक्ति, योग, समाधि, तत्वज्ञान इत्यादि दर्साई जोसमनी मतको महत्व, विशेषता र मर्म सम्झाउने प्रयत्न गरिएको छ । ठाउँठाउँमा कर्मकाण्ड, हिंसा, अज्ञान, ज्योतिष, घुस र गरिबीको बिरुद्ध, विद्रोह, व्यङ्ग्य र करुणा पनि व्यक्त भएको पाइन्छ ।

यसरी यसमा कविगत विभिन्न वृत्ति र मनोभावको अभिव्यक्ति भएको छ । ज्ञानदिलको धार्मिक मान्यता र जीवनदृष्टि यसको प्रमुख प्रतिपादन हो ।

ज्ञानदिल ब्रह्मवादी किन नहोऊन, उनलाई बहुदेवदेवीवाद र अवतारवादसित विरोध छैन । उनी आफ्नो ग्रन्थको प्रारम्भमा गणपतिलाई गुण, गायत्री, सावित्री र सरस्वतीलाई माता भनेर वन्दना गर्दछन् र गरीबलाई 'अष्टसिद्धि' देऊ भनेर अनुरोध गर्दछन् ।

श्रीगुरु गणपति बुद्धिका दाता
गायत्री सावित्री सरस्वती माता
धन्य हौ सरस्वती जगदम्बी माई
अष्टसिद्धि देउन गरिप जनलाई

(जोसमनी सतपरम्परा र साहित्यबाट साभार)

उनी 'हरिचरण'मा प्रमाण गरी सेवामग्न रहन चाहन्छन् । उनलाई अहङ्कार छैन, उनी आफूलाई सबैको दास मान्दछन् र वनवासी भिक्षुकको रुपमा परम पद विष्णुको स्मरण गर्दछन्-

बडो मता हुइन सबको दासी
भिक्षुकको जन्म सदावनवासी
जङ्गलको वास छ फलाहार सिक्नु
नित्ते दिन सुमेर्नु परम्पद विष्णु ॥

(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

यिनी वेदपुराणको निन्दा गर्दैनन् तर तिनको मर्म नबुझी नानाथरी आडम्बर रचेर दुनियाँलाई ठग्ने पण्डितहरुलाई लोभी भनी भर्त्सना गर्दछन् । यिनको मतमा वेदान्त नै ज्ञानको मुख्य आधार हो र सूक्ष्म (बह्म) को ज्ञान नै सच्चा ज्ञान हो । यिनी दयाधर्मको स्थापनामा जोड दिन्छन् । स्वर्ग-नरकको परिकल्पना यिनलाई मान्य छ । कलियुगमा पापले जितेको, दया, क्षमता, लोप भएको र धनको महिमा बढेको यिनलाई मन परेको छैन । धनधान्य र सन्तानप्राप्तिको निम्ति देवीको नाममा गरिने पशुघात यिनलाई सह्य छैन ।

धन जन भन्छन्, देवीलाई भाक्छन् ।
पशुघात भयो भन्या धर्म कहाँ राष्छन् ॥
गरिप्मारा पशुघात जो कोहि गर्छन् ।
नर्क तलाउ भासमा सहज गै पर्छन् ॥

(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

ज्ञानदिल धर्म र कर्मको तथा ब्रहमज्ञानको मर्म सम्झाउँदै आफ्नो मतले स्वीकार गरेको योग साधनामाथि पनि प्रकाश पार्दै जान्छन् । यसो गर्दा उनी रुपक विधानको पद्धतिलाई अँगाल्छन् ।

धर्मको ढाल बाँधी शब्दको सेली ।
सिलको वनले तमोगुन ठेली ॥
तम रज मारी सतगुन जगाउ ।
सहज आनन्दमा सुत्थ लगाउ ॥
(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

कमल आसन बाँधेर काम-क्रोध-लोभलाई धुनीमा डढाई अनहदको खलाँती चलाई मनप्राणलाई खिचेर योगसाधना गरेपछि मुक्ति प्राप्त हुन्छ । डडा, पिङ्गला र सुषुम्ना नाडीहरुको उल्लेख गरी उनले योगविधिको परिचय पनि यसैगरी दिएका छन् ।

योगसाधन, ज्ञान र मुक्तिका लागि गृहत्यागी वा कर्मत्यागी साधु भएर हिड्नु आवश्यक छैन । गृहधर्मी रहेर पनि यी कार्य र प्राप्ति सम्भव छन् । तीर्थ जानु पनि व्यर्थ छ-

छोटा-बडा जति छन् तिर्थै मात्र धाउँछन् ।
धेरै बसी जोगिजन तिनै लोक पाउँछन् ॥
(जोसमनी सन्तपरम्पराबाट साभार)

मनको शुद्धि नै वाञ्छनीय छ । यसको निम्ति सत्वगुणको उद्रेक आवश्यक छ । भक्तिपूर्वक हरिभजन गरेपछि परमधाम ज्ञान पाइन्छ । नित्य नै आत्मामा 'सुरत' लाएर ध्यान गर्दा मुक्ति पाइन्छ । आत्मा त अगम अगोचर ब्रह्मा नै रसाएर खेल्छ । ब्रह्मालाई गम्य वा सगुण रुपमा हेर्दा तमोगुणले बाधा पर्छ ।

ज्ञानदिल भक्तलाई पूज्य मान्दछन् र भक्तिमार्गप्रति श्रद्धालु छन् । तर सायद उनी योगलाई बढी महत्व दिन्छन् । भक्तिद्वारा मानिस परमधाम वा हरिको निकट पुग्छ । जन्ममरणको चक्रबाट छुट्न हरिमा मिली मुक्त हुनु अकाम्य होइन तर ज्ञानदिल सगुण उपासनाको कक्षालाई निर्गुण-उपासनाको कक्षाभन्दा श्रेष्ठ मान्दैनन् बरु उनी भक्तिद्वारा हरिप्राप्ति र त्यसपछि परमपदार्थको उपदेश पाइने क्रमलाई देखाउन खोज्छन् । यसरी उनी भक्तिबाट योग र त्यसबाट ब्रह्मप्राप्तिको क्रम स्वीकार गर्दछन् ।

उनले भनेका छन्- पहिले तीनै लोकमा भक्त पूज्य थिए, तिनले मोहवश भक्तिलाई पेट भर्ने साधन बनाइदिए, तिनले दुनियाँको धर्म लुटेर आफ्नो झोली भरे अनि ती कष्टकर भए ।

तिनै लोक पुज्यमान भक्तिजन थीया ।
नरको धर्म लुटी झोलि थापि लिया ॥
नरलाई भक्तिजन बडो बेथा भयो ।
हरि हरि भन्दै परम्धामा गयो ॥
(जोसमनी सन्तपरम्पराबाट साभार)

धार्मिक आडम्बर होस वा भक्ति कतैबाट पनि हुने वञ्चनालाई ज्ञानदिल सहन सक्तैनन् । भक्तिमार्गीको विडम्बनालाई देखाएपछि उनी योगमार्गीको महात्म्य दर्साउँछन् । योगीहरुले ब्रह्मको उपदेश पाएका हुन्छन् र आफैमा मग्न भएर ती ब्रह्मनन्द पाउँछन् ।

परम पदारथ उपदेश पाया ।
नित्ते दिन आत्मामा सुरथ लगाया ॥
(जोसमनी सन्तपरम्पराबाट साभार)

सन्तज्ञानदिलदासको अर्को काव्य झ्याउरे भजन गीतिकाव्य हो । टुङ्ना भजनचाहिं सामान्यत : नृत्यगीत हो । भेडी गोठालाहरुले टुङ्ना बजाएर गाउने र नाँच्ने लोकलयका अनेक किसिमका गीति शैलीहरुमध्ये एउटा उद्वार गर्ने कार्य त्यो टुङ्ना भजनबाट भएको छ । हठयोगको उच्चतम ज्ञान पोख्न लेखिएको त्यो नृत्यगीत वास्तवमा आफ्नो आयाम नाघेर उत्कृष्ट गीति कविता बन्न पुगेको छ ।

'टुङ्ना भजन' जोसमनी सम्प्रदायको नीरस दर्शनको प्रतिपादक भएर पनि बडो रुचिकर भएको छ-

'वंशी बज्यो तिरिरि अनहद्को छन्छन्
कमल फुल्यो रनवन, भँमराको भन् भन् ।
रामजी ! जोगी घुम्यो फन् फन् नि ॥
(जोसमनी सन्तपरम्पराबाट साभार)

पढ्दा रमाइलो छ, भाषामा लालित्य छ, गाउँले बोलीको आत्मीयता छ, तर भाव गहिरो छ । जोसमनीहरु नादपन्थी हुन्छन्, नादको अभ्यासले जोगी कमल (षट्चक्र) मा भँवरा रमाएझैं रमाउँछ र भँवरा गुफामा पुग्दछ ।

ज्ञानदिलदासको 'झ्याउरे भजन' मा रुम्जाटार र रानीभीरको स्थानीय स्थितिको उल्लेखसाथ सांसारिक सम्पत्ति गुमाएर गुरुको दयाले योगी भै मनले हीराको दरबारमा अवस्थित प्रभुको दर्शन पाउने भक्तको सौभाग्यको बढाइँ गरिएको छ । साथै गुरु र योगीको महिमा देखाइएको छ । यसमा ४८ हरफ वा झ्याउरे लयका २४ पद्य छन् । कविको मन भक्तिभावमा

रम्नुभन्दा श्रद्धालुलाई ज्ञान दिलाउने घोषणा गर्न उद्यत रहेको छ ।[५३] 'झ्याउरे भजनको केही पङ्क्ति तल दिएको छ-

मार्‍यो च्याङ्वा मार्‍यो,
षरानीमा पार्‍यो,
त्रिशुल् गङ्गा तार्‍यो,
चन्द्र सूर्जे नार्‍यो,
कमल् फल्मा सार्‍यो,
ब्रह्मज्ञान्मा पार्‍यो
रामजी । अति ठिक्क पार्‍योनी
(जोसमनी सन्तपरम्पराबाट साभार)

ज्ञानदिलदास निश्चय नै मालिक प्रतिभाका स्वामी हुन् । उनको कवित्व सहज र प्रभावी छ । प्राकृतिक रुपमा अद्भूत उनका कवितामा अध्यात्मिक रहस्यवाद मात्र नभएर जनताको मर्मवाणी पनि व्यक्त छ । उनले कवितालाई शशिधर वा अन्य सन्तहरुले झैं मतको विशेषता र धर्मकर्मको मर्म सम्झाउने रुपमा प्रयोग त गरेका छन् तर उनले अरुले नगरेको व ागर्न नसकेको रुपमा पनि कवितालाई प्रयोग गरेका छन् । उनको त्यो प्रयोग हो, तत्कालीन सामाजिक, प्रशासनिक र आर्थिक स्थितिको चित्रण व्यङ्ग्य र विद्रोहको तत्व पनि उनले नै नेपाली कवितालाई दिएको प्रतीत हुन्छ ।

ज्ञानदिलको मुख्य उद्देश्य हो, ज्ञान भक्ति र वैराग्यको प्रतिपादन गर्नु बमानन्द प्राप्तिको उपाय बताउनु । यस उद्देश्यको सिद्धिका क्रममा उनको सन्त आध्यात्मिक रहस्यलाई सम्झाउन कहिले लौकिक उपनायहरुको सहायता लिन्छ र कहिले कविको सामाजिक वृत्तिलाई वरण गरी समाजको आर्थिक, राजनैतिक र धार्मिक पीडा र पाखण्डलाई सचेत रुपमा अभिव्यक्त गर्छ ।

---

५३. बाबुराम आचार्य, पृ. ९५, पूर्ववत् ।

हुनत उनी सन्त नै रहन्छन् र राजनीतिक वा प्रशासनिक भ्रष्टाचार तथा आर्थिक विषमताको विरुद्ध जनचेतनालाई उचाल्ने र परिवर्तन ल्याउने आह्वान उनी गर्दैनन् । सांसारिक विषयवासनादेखि विरक्त भएर अध्यात्मिक सिद्धिका लागि प्रयत्नशील हुने शिक्षा दिने कलम चलाउने सन्त कविबाट यस किसिमको लौकिक वृत्तिको उद्वोधनको अपेक्षा गर्नु हाम्रो मुर्खता नै ठहरिने छ । तर अनायास वा अप्रत्याशित रुपले भए पनि उनले आफ्नो युगको विडम्बनालाई जसरी उद्घटित गरिदिएका छन् । त्यो कुरा उपेक्षा योग्य चाहिँ छैन । उनी कविताको इतिहासमा यी सन्तको सामाजिक कविको उत्तरदायित्व जसरी मुखरित भएको छ, त्यो त्यसरी

धार्मिक काव्यमा अरुबाट भएको देखिन्न । यस कार्यलाई सहजै रेखाङ्कित गरी ज्ञानदिललाई नयाँ आयाम ल्याउने कविको रुपमा श्रद्धा र सम्मान गर्नुपर्दछ ।

यसरी नेपाली साहित्यको पूर्वमध्यकालमा देखापरेको निर्गुण भक्तिधारा अन्तर्गतका विशिष्ट कवि प्रतिभाका रुपमा आफ्नो स्थान निर्धारण गर्न सन्त कवि ज्ञानदिलदास सफल देखिन्छन् । यिनीबाट नेपाली साहित्यको भण्डार भर्ने काम भएको हुँदा यिनी हाम्रा लागि एक स्मरणीय कवि व्यक्तित्व रुपमा युगौ युगसम्म बाँचिरहे छन् ।

# परिच्छेद पाँच

# भक्तिकालीन कविता काव्यप्रवृत्ति

नेपाली साहित्यको भक्तिकालका कविहरुको कविताकाव्यका प्रवृत्तिहरु पहिचान गर्दै त्यसको विशलेषण गर्ने प्रयास यहाँ गरिएको छ । यस कालको कविताकाव्यको मूल प्रवृत्ति भन्नु नै ईश्वरीय आराधना गर्नु हो । यसकालमा भक्तिरसलाई मुख्य विषयवस्तु बनाई यसैसँग सम्बन्धित कविताहरु पनि रचना भएका पाइन्छन् । यही ईश्वरको आराधनाकै सेरोफेरोमा देवस्तुति, राजनैतिक सचेतना, नैतिक चेतना, व्यङ्ग्य चेतनाका साथै तत्कालीन विविध विषयवस्तुहरुलाई समेत यस धाराका कविताकाव्यमा समेटिएको पाइन्छ । तर तिनको अध्ययन गर्नु यस शोधपत्रको सीमा वा क्षेत्र नभएकाले यहाँ भक्तिरसप्रधान कविताकाव्यका प्रवृत्तिहरु मात्रै औल्याउने कार्य गर्नु नै महत्वपूर्ण हुन जान्छ । भक्तिकालीन कविताकाव्यका प्रवृत्ति निम्नलिखित छन् :

१. ईश्वरआराधना

२. श्रृङ्गारिकताको प्रवेश

३. उद्दीपनका रुपमा प्रवृत्तिको चित्रण

४. परम्परागत भाषाशैली

५. विभिन्न अलङ्कार तथा रसको प्रयोग

६. नीति उपदेशलाई महत्व दिनु

७. धार्मिक एवम् पौराणिक विषयवस्तु

८. सामाजिकतामा जोड

९. नेपाली भाषाशैलीको प्रयोग

१०. हाँस्यप्रसङ्गलाई स्थान दिइनु

११. धार्मिक चेतनामा जोड

१२. अनुवादमा जोड

१३. धर्म तथा संस्कृतिप्रेमको भावना

१४. शास्त्रीय छन्दको प्रयोग

१५. विभिन्न रुपका कविताकाव्यको रचना

१६. लोकलयको प्रयोग

## १. ईश्वरआराधना :

नेपाली साहित्यको भक्तिकालमा कृष्ण, राम तथा निराकार ईश्वरीय स्वरुपको स्तुति गरिएको पाइन्छ । ईश्वरमा आधारित गीत प्रचलित छन् । सुगौली सन्धिले आहत तुल्याएको नेपाली मानसिक घाउमा शीतलतादायी मल्हमका रुपमा अलौकिक वीर वा भक्तिको सहारा अर्थात् आराधना उपासना गर्ने गरिएको हो ।[५४] भक्तिधाराको सुरुको अवस्थामा कृष्णको आराधना

५४. डा. रामनाथ ओझा र मधुसुदन गिरी, पृ. १७१, पूर्ववत् ।

उपासना गर्ने प्रवृत्ति देखापरेको पाइन्छ । कृष्णभक्तिधारा नेपाली कविताको प्राथमिककालमै निकै संवृद्ध र सशक्त रुपमा अघि बढेको देखिन्छ । यसले एकातिर पराजयबोधले घाइते नेपाली मानसिकतालाई शान्तिप्रदान गर्दछ भने अर्कातिर भाषा र साहित्यको विकासलाई द्रुत गतिमा अगाडि बढाएको छ । भगवान कृष्णको जीवनचरित्रसम्बन्धी अनेक कविताकाव्यको सिर्जना गर्ने कार्य गरिएको पाइन्छ । आफ्ना दुःख विनाशक, संरक्षक भनी श्रीकृष्णको बन्दना गर्दै कविताकाव्यको रचना गरिएको छ । जस्तै :-

शरदमा कमल् लेस भेषले
श्री हरीदिन्या तिम्रि नेत्रले
सुरतनाथ हे । हामि दासिको
वध हुँदैन की कामदेखिको
(पुराना कवि र कविताबाट साधार)

त्यसपछि रामको आराधना, उपासना गर्ने प्रवृत्ति देखापरेको पाइन्छ । यो प्रवृत्ति अपनाउने कविहरु हुन्- रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य आदि । यी कविहरुले भगवान् रामकै जीवनलीलाको सेरोफेरोमा आफ्ना काव्यकृतिहरुको रचना गरेका छन् । कर्तव्य परायणता, नैतिकता, आदर्श, भातृप्रेम आदि जस्ता विषयवस्तुलाई आफ्ना कविताकाव्यमा उपस्थित गराएका छन् । जीवनभर सुख, शान्तिपूर्वक जीउन र मरेपछि पनि सुविधा भोग गर्न पाइयोस् भनी श्रीरामको महिमा ज्ञान गर्ने तत्कालीन समाजको मूलस्वरलाई यस चरणका कविहरुले आत्मसात् गरी कविताकाव्य रचना गरेको पाइन्छ । यस कालका कविहरुले राम भगवान्को महिमागान गर्दै लेखिएको कविताको केही अंश यसप्रकार छ-

प्रतिज्ञा मैले यो यम सित गऱ्याँ जन्मि अब ता ।
सिताराम् भजन्या छू विषयहरुमा छाडि ममता ॥
प्रतिज्ञा सो बिर्सिकन जन धनै खोजी डुलियो ।

सिताराम् भज्न्या हो शिव शिव कसै आज भुलियो ॥

गयो बालक्कालको वय पनि उसै बालरसले ।
यसै रित्ले यौवन् पनि बितिगयो मोहवशले ॥
भयो वृद्धावस्था अझ् पनि भजीदैन मनले ।
कसो गर्नन् ख्यामित् मकन यमका दूतहरुले
(पुराना कवि र कविताबाट साभार)

ब्रह्म अर्थात् ईश्वरीय सत्तालाई निराकार तथा अगोचर मानेर ज्ञान र वैराग्य मार्गद्वारा उक्त ईश्वरीय सत्ताको आराधना उपासना गरी मोक्षमा प्राप्त हुने ज्ञानाश्रित मोक्षमार्ग निर्गुण भक्तिधाराको मार्ग वा पद्धति हो । यो धाराका कविहरु ईश्वरलाई ब्रह्मको रुप मान्दछन् र साकारभन्दा निराकार सगुणभन्दा निर्गुण ब्रह्मको उपासना गर्न पुग्दछन् । साथै ब्रह्म सत्य हो जगत् मिथ्या हो झूठो हो असत्य हो भन्दै ब्रह्ममा लीन हुन पुग्दछन् । यस धाराको कवितामा जाति विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन एवं मुक्तिलाई कविताको विषयवस्तु बनाएको पाइन्छ । यस धाराका कविहरु हुन् शशीधर, अगमदिलदास, अषड्दिलदास, ज्ञानदिलदास आदि निर्गुण भक्तिधारा अन्तर्गत जोसमनी सन्तधारा सधुक्कडी परम्पराबाट प्रेरित रही निर्गुण सच्चिदानन्द ब्रह्मस्वरुपतर्फ केन्द्रित हुँदै हिन्दू सामाजिक रुढिवादीपनप्रति व्यङ्गयशील रहेको छ ईश्वरको आराधना गरी समस्यामुक्त हुन सकिन्छ भन्ने धारणा यी कविहरुद्वारा रचित कवितामा उल्लेख भएको पाइन्छ । जस्तै :

आत्मा अगोचर अगमले षेल्छ
गम गरु भने तम गुन्ले ठेल्छ
सत रज तमको यहाँ जुद्धे भयो
सतको अर्जिली तम गुन गयो
निसापी बिचारी निसाप् हेरिदेऊ
सतगुनी निर्धाको सरन् अब लेऊ
(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

भक्तिधाराको प्रमुख प्रवृत्ति ईश्वरीय आराधना हो । युद्धबाट दिग्दार भएका नेपाली जनता आफ्ना पूज्य देवदेवीप्रति आस्थावान् भई कविताकाव्यको रचना गरिनु यस धाराको प्रमुख विशेषता हो । नेपाली कविताले लेख्य रुप प्राप्त गर्नुपूर्व लोकसाहित्यको लामो परम्परा रहेको छ । वस्तुतः श्री ५ पृथ्वीनारायण शाहको नेपालको एकीकरण अभियानसँगै नेपाली कविताको सिर्जना गर्ने क्रम सुरु भयो । तत्कालीन राजनैतिक परिवेश तथा नेपालीहरुको स्वभाव अनुकूल नेपाली

कविता वीर भावनाबाट प्रेरित भएर लेखिन थाल्यो । यो क्रम वि.सं. १८७२ सालसम्म कायम रह्यो । वि.सं. १८७२ मा भएको सुगौली सन्धिले वीर नेपालको निर्माणमा जुटेका नेपालीहरु खुम्चिएर बस्न वाध्य भए । नेपालीहरु देश निर्माणको निम्ति जुन उत्साहका साथ अघि बढिरहेका थिए त्यसमा विराम चिन्ह लाग्यो । वीर तथा उत्साही नेपालीहरु खुँडा, खुकुरी थन्काएर बस्न वाध्य भए । विशाल नेपालको नागरिक भएर बाँच्ने चाहनामा तुषारापात परेकाले नेपालीहरु आत्मग्लानि र चिन्तामा परे । यसैको फलस्वरुप नेपाली कविताको प्राथमिककालको उत्तरार्द्धमा आएपछि भक्तिधाराको सुरुवात हुन पुग्यो । भक्तिधारामा निम्नलिखित तीनवटा उपधारा देखापरे ती हुन् :- (१) कृष्णभक्तिधारा (२) रामभक्तिधारा (३) निर्गुणभक्तिधारा पूर्वमध्यकाल भक्तिकालको महत्वपूर्ण तथा प्रमुख प्रवृत्तिका रुपमा ईश्वरको आराधनालाई लिन सकिन्छ ।[५५]

## (२) श्रृङ्गारिकताको प्रवेश :

नेपाली कविताको पूर्वमध्यकालमा भक्तिधारामा निर्माण गरिएको कवितामा श्रृङ्गारिकता पाइन्छ । कृष्णभक्तिकाव्यको मुख्य र ठूलो भाग रतिरागपूर्ण भक्ति भावना नै रहेको छ । कविले आफूलाई राधा वा गोपिनीहरु एवम् कृष्णको अनुराग वा प्रेमलीलामा अनुरक्त पारेर पारमार्थिक प्रेम वा भक्तिको साधना गर्नमा नै विशेष रुचि देखाको पाइन्छ । गोपीकृष्णको सांसारिक दृष्टिले अमर्यादित एवम् उन्मुक्त प्रेममा वा रोमान्स भक्तिमार्गी कविहरुका निम्ति उपासनाको रमाइलो प्रसङ्ग भएको छ । नरनारीका बीचमा हुने रतिभावनालाई कवितामा प्रस्तुत गर्दा प्रमुख नायकका रुपमा दैवी स्वरुपलाई स्वीकारिनु समेत भक्तिकालको प्रवृत्ति हो । जस्तै :-

नाना भाव गरी रसै सब भरी टेढी नजरले सखी ।
हाम्रो छतउपर अनङ्गशरले भेदन् गरी हिड्दछन् ॥
मोहैले स्तनदेखि सान्ति पनि ता गिर्दा रसन् केशको
खुल्दा याद छुटी भञ्र द्रुम झली आली जहाँका तही ॥
(पुराना कवि र कविताबाट साभार)

गोपिकास्तुतिमा रतिरागजन्य श्रृङ्गारिक भावको प्राधान्य रहेको छ । श्री कृष्णप्रति अनुरक्त गोपिनीहरु कृष्णको आराधना अर्थात स्तुति गर्दछन् । काम+पीडाले गोपिकाहरु विषतुल्य भनिएको विषय सुखका निमित्त सुरनाथ भनिएका श्रीकृष्णलाई आमन्त्रण गर्दछन् । श्री कृष्णलाई मूल नायकका रुपमा उपस्थित गराइएको छ । रामभक्तिधारा र निर्गुण भक्तिधारामा भने श्रृङ्गारिकताको प्रयोग त्यति भएको देखिंदैन । कृष्णभक्तिधारामा यो प्रवृत्ति निकै भएको देखिन्छ । विभिन्न स्त्रीसँग प्रेमलाप गरेको, गोपिनीहरुसँग रतिक्रिडा गरेको जस्तो विभिन्न

रतिक्रियामूलक विषयहरुलाई कृष्णभक्तिधारा अन्तर्गत कवितामा उल्लेख गरिएको भेटिन्छ । जस्तै :

बसी चीरमहाँ द्विजस्त्री सखीमा ।
फिरी रासलीला हुँदामा ब्रजैमा ॥
यही रासलीला हुँदामा ब्रजैमा ।
अनन्तै सखामा बस्यमा हरिले ॥

(पुराना कवि र कविताबाट साभार)

---

५५. ईश्वरीप्रसाद गैर र कृष्णप्रसाद आचार्य, पृ. ३४३, पूर्ववत् ।

कविहरुले आफ्ना आराध्य कृष्ण र राधा एवम् गोपिनीहरुका रास-विहारका लीलाको वर्णन गर्ने प्रवृत्ति वरण गरेकाले यस धारामा स्वभाविक रुपले श्रृङ्गार रसको प्राधान्य रहेको पाइन्छ । कतै संभोग श्रृङ्गार र कतै विप्रलम्भ श्रृङ्गारको आयोजना गरिएका यस कालका लेखनमा राधाकृष्णको प्रणयलीलालाई स्वकीय रुपको मर्यादित रुप प्रदान गरिएको छ भने कतिपयले उनीहरुका प्रेमप्रसङ्गलाई अति श्रृङ्गारिक रुप दिएर अश्लीलताको पराकाष्ठासम्म पुऱ्याउने काम पनि गरेका छन् । साथै बाललीलाका रुपमा आल्हादकारी वात्सल्य रसको निस्पादन प्रयास पनि देखिन्छ । यसका साथै राधाकृष्णको स्वकीया उदात्त प्रेमले प्रेमको जगत्मा आदर्श खडा गर्न खोज्दछ ।

त्यसैगरी भानुभक्तको 'बालाजी' को वर्णनमा श्रृङ्गार रसको एक पद्य पनि पाइएको छ । मोतीरामले यस पद्यका दुई पङ्क्तिहरुमा मात्र भेटेका थिए, ती यिनै हुन्-

विन्ती एक म गर्दछू सुन प्रिये । प्रीती निरन्तर रहोस् ।
ताहाँको मन पिंजरा म मुनियाँ यै चाल् सदाकाल् रहोस् ॥

पछि प्राप्त भएका शेष पङ्क्ति यी हुन् :-

तिम्रो त्यो मुख चन्द्र झल्कि मनमा तेस्ले उज्यालो गरी ।
शीतल् गर्नु उचीत हो अधिक ताप् गर्दोछ सूर्यै सरी ।

यो विप्रलम्भ श्रृङ्गारको सुन्दर अभिव्यक्ति हो । यस समयका कवितामा श्रृङ्गारमूलक भावनालाई महत्व दिइएको कारणले गर्दा यो पनि एउटा पूर्वमध्यकालीन नेपाली भक्तिधाराको प्रवृत्ति हो ।[५६]

## (३) उद्दीपनका रुपमा प्रकृतिको चित्रण

पूर्वमध्यकाल वा भक्तिकालको अर्को प्रवृत्ति प्रकृतिको चित्रण पनि हो । राधाकृष्ण तथा गोपिनीहरुका क्रीडास्थलका रुपमा वृन्दावनको खुला प्रकृतिको प्राङ्गण रहेको छ । निकुञ्ज वन, नदी, मैदानको चित्रण उद्दीपनका रुपमा प्रस्तुत गरिएको छ । प्रकृतिको यो मनोहारी रुपको दिग्दर्शन गराउँदै त्यसले प्रस्तुत नायकनायिकाका अन्तर्हृदयका 'रति' स्थायी भाव जागृत गराउन आलम्वनका रुपमा पनि काम गरेको देखाइएको छ भने प्रकृतिलाई कविले उपमा अलङ्कारका भण्डारका रुपमा पनि प्रयोग गरेका छन् । प्रकृति यहाँ प्रस्तुत पात्रपात्रा (कृष्ण-राधा, गोपिनी) का मनोदशाका भिन्न रुप दर्शाउने तथा आँसु-हाँसो बृद्धिमा सहायक तत्वका रुपमा पनि प्रयोग गरिएको छ ।

---

५६. डा. केशवप्रसाद उपाध्याय, पृ. १४०, पूर्ववत् ।

प्रकृतिलाई अवलम्बन बनाएर वर्णन गर्ने काम रामायणमा पनि यत्रतत्र भएको छ तर बालाजु वर्णन भानुभक्तको स्वतन्त्र प्रकृति वर्णन हो यसमा बालाजुको नामोल्लेख बाहेक स्थानीयताको अर्को वैशिष्ट्य छैन । पृथ्वी तलभरिमा त्यो स्वर्ण हो भन्ने कविलाई लाग्यो तर त्यो किन स्वर्ग हो, यसको अनुभूति कविको मार्फत हुन सक्तैन अर्थात् यो कविता पढेर बालाजु स्वर्गै रहेछ भन्ने अनुभव हुँदैन । यहाँ केवल लहरामा झुलेर मधुर वचन बोल्ने चराको उल्लेख छ । 'बालाजी' को वर्णनमा प्रकृति र नारीप्रति अनुराग भावहरुको प्रकाशन गर्ने भानुभक्तले कान्तिपुरीको वर्णनमा पनि गुनकेसरीको फूल शिरमा सिउरेर हिड्ने चपला अबलाहरुप्रति आकर्षकण देखाएका छन् । भानुभक्तले बालाज्यूका वनको सौन्दर्यदेखि दङ्ग भएर यो कविता रचना गरेका थिए-

> ञाहाँ बसेर कविता यदि गर्न पाऊँ ।
> यसदेखि सोख अरु थोक म के चिताऊँ ॥
> यसमाथि झन् असल सुन्दरि एक नचाउँ ।
> खैचेर इन्द्रकन स्वर्ग यही बनाऊ ॥

## ४. परम्परागत भाषाशैली

यो पनि एउटा पूर्वमध्यकालीन/ भक्तिधाराको प्रवृत्ति हो । कृष्ण भक्तिधाराका कृतिहरु गद्यमा भन्दा पद्यमा बढी देखिन्छन् । यो तत्कालीन समयको रुचि वा माग पनि थियो । कृष्णभक्तिधाराका प्राय सबैजसो कृतिहरु परम्परागत वार्णिक छन्दलाई नै वरण गरेर लेखिएका छन् । आलङ्कारिक प्रयोगका सन्दर्भमा कविहरुले प्राय : रुढ परम्परालाई नै अँगालेका छन् । उपमा, उत्प्रेक्षा, श्लेष, यमक, अनुप्रास आदिमा मोह देखिए पनि त्यस्ता प्रयोगले काव्यमा अपेक्षाकृत भाव र सौन्दर्यवर्द्धनको काम गर्न सकेका छैनन् । तिनबाट चमत्कार सिर्जना हुन सकेको छैन । गीति तत्व एवम् त्यसमा पाइने लयात्मकताको कमी देखिन्छ । सांगीतिक

ज्ञानको कमी, गहिरो अनुभूतिको अभाव र केही कविद्वारा सवाई, बालुन र गजलीय लयको वरण पनि गरेको देखिन्छ भने वर्णविन्यासमा पनि अराजकता नै देखापर्दछ । यसरी यस कालका कवितामा कविता कलाको आयोजनाभन्दा श्लोकमा आख्यानलाई उन्ने परम्परागत प्रवृत्ति बढी पाइन्छ । यस बाहेक देवी स्तुतिको धारा र भागवतादिका कथाख्यानाश्रित अनुवाद रुपान्तरणमूलक धारा पनि व्यापक रुपमै देखिन्छ । यस क्रममा विष्णु, देवी, गणेश र शिवसँग सम्बन्धित आख्यानलाई पनि पद्यवद्ध गर्ने परम्परा व्यापक रुपमा फैलिएको देखिन्छ ।

## ५. विभिन्न अलङ्कार तथा रसको प्रयोग

नेपाली कविताको पूर्वमध्यकालीन भक्तिधारा अन्तर्गत रचना गरिएका कविताकाव्यमा विभिन्न अलङ्कार र रसको प्रयोग गरिनुलाई यस कालको एक प्रवृत्तिका रुपमा लिन सकिन्छ । विशेषत रुपक, अनुप्रास, उपमा अलङ्कारको प्रयोग भएतापनि यमक, श्लेष, दृष्टान्त अतिशयोक्ति, स्वभावोक्ति, समासोक्ति जस्ता अलङ्कारहरुको समेत प्रयोग गरिएको पाइन्छ । विभिन्न अलङ्कारहरुको प्रयोग गरी रचना गरिएका कविताका श्लोकका केही उदाहरण यहाँ दिइन्छ-

**उपमा :-**

लोह स्तम्भ उचालि घुम्न बिचमा गरुडझैं जसै ।
आयो श्री रघुनाथको पनि विमान् चन्द्रै सरीको भई ॥
गम्भीर श्याम शरीर, किरीट् छ शिरमा माला पिताम्बर धरी ।
कोटी काम समान सुन्दर स्वरुप वामतर्फ सीता धरी ॥

**दृष्टान्त :-**

जस्तै चुम्बकका नगिच् परिगया नाच्छन् यी लोहा पनि ।
तस्तै जस्कन पाइ नाच्तछ जगत् नाना प्रकारको बनी ॥
सूर्यमा पनि अन्धकार्छ कहि क्या तस्तै यि रामा पनि ।
शोक् अज्ञान रति छैन जान्नु सबले आत्मा यिनै हुन् भनि ॥

**रुपक :-**

भस्मासुर पनि अग्नि रुपि हुनगो देखेर ज्वाला तहाँ ।
देख्या काल स्वरुप् र वेर नगरी जल बीच कूदिगया ॥
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

त्यस्तै यस चरणको प्रमुख रस शान्त (भक्ति) भए तापनि विभिन्न प्रसङ्ग अनुसार अन्य रसहरु जस्तै :- श्रृङ्गार, हाँस्य, करुण, रौद्र, वीर तथा भयानक आदिको प्रयोग सचेत भक्तिकालीन कवितकाव्यमा हुनुले यी कविताकाव्यको साहित्यिक मूल्य अझ उचिन पुगेको देखिन्छ । वसन्त शर्माद्वारा रचित श्रीकृष्णचरित्र तथा भानुभक्त रचित “रामायण”मा भिन्नभिन्न प्रसङ्गानुसार विभिन्न रसको प्रयोग भएको देखिन्छ । यद्यपि मूल रस भनेको शान्त -भक्ति) नै हो । विभिन्न रसमा आधारित भई रचना गरिएका कविताका श्लोकका केही उदाहरण यसप्रकार छन्-

**रौद्र :-**

राता नेत्र गरेर कंस रिसले दिएन उत्तर तसै ।
मायाका वशमा जफत् गरिलियो मार्छू अवश्यै भनी ॥
राजा इन्द्र रिसाउँदा तही भया मालीनिहरु रुँदा ।
ठूलो क्रोध गरी नजर् घुमिगयो खण्डित् पुजाको हुँदा ॥

**करुण :-**

भोकी मैलि निन्याउरी न त कपाल् कोर्‍याकि सब् केश उसै ।
लट्टा मात्र धन्याकि खालि भूमिमा रुँदै बस्याकी यसै ॥
रां रां रां यति मात्र बोलिरहँदी देख्या र साना भई ।
पात्का अन्तरमा लुक्या ति हनुमान् रुखका उपमा गई ॥
(प्राथमिककालीन कवि र कविताबाट साभार)

यसरी यस चरणका नेपाली कविताहरुबाट विभिन्न अलङ्कार तथा रसको प्रयोग भएको हुनुलाई एक प्रवृत्तिकै रुपमा लिनुपर्ने हुन्छ ।

## ६. नीति उपदेशलाई महत्व दिनु

यस कालको (पूर्वमध्यकाल/भक्तिकाल) एउटा विशेषताका रुपमा नीति उपदेशलाई पनि लिन सकिन्छ । यसका क्रममा विधि निषेधको व्यवस्थाका प्रसङ्गहरु देखापर्दछन् । आचारसंहिताका कुराहरु, धर्मसंस्कार, परम्पराका मूल्य, मान्यता र आदेशहरुका साथै केही व्यावहारिक आचार विचार, यम, नियमका नीति उपदेश पनि यस कालका कवितामा देखिन्छन् । यस्तो गरे भलो हुन्छ, यस्तो गरे कुभलो हुन्छ, यस्तो गर्नुहुन्छ, यस्तो गर्नु हुँदैन भन्ने जस्ता विधि निषेधका कुराहरु यस अन्तर्गत देखिन्छन् । यसरी व्यवहारिक एवम् धार्मिक आध्यात्मिक संहिताले निर्धारित गरेका सीमारेखाहरु यसमा निर्धारित गर्न खोजिएको देखिन्छ । पुराण, भागवत्, उपनिषद आदिका सूक्तिउक्ति नै यस कालको नीतिपरक साहित्यको स्रोत बनेको देखिन्छ । याज्ञवल्क्य, शंकराचार्य, वल्लभाचार्य, व्यास, चाणक्य, भर्तृहरि आदिका स्मृति संहिता, चिन्तन नीतिद्वारा निर्मित नीति आदर्शलाई अनुशरण गरेर कविता लेख्ने परम्परा त्यतिबेला देखिन्छ । शशिधर, ज्ञानदिलदास (उदयलहरी), गोविन्ददास, रामदास, वसन्त शर्मा (समुन्द्रलहरी), भानुभक्त (प्रश्नोत्तरमाला, वधुशिक्षा, भक्तमाला, रामगीता) ले यसै परम्परालाई आधार मानेर कवितकाव्यको निर्माण गरेको देखिन्छ ।[५७]

## ७. धार्मिक एवम् पौराणिक विषयवस्तु

श्रीकृष्णको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरु यस धाराअन्तर्गत पर्दछन् । यस कालमा कृष्णभक्तिलाई कवितात्मक अभिव्यक्ति दिने तथा धार्मिक तथा पौराणिक विषयवस्तुलाई समावेश गर्ने मुख्य कविहरु इन्दिरस विद्यारण्यकेशरी अर्ज्याल, वसन्त शर्मा लुइटेल, वीरशाली पन्त, यदुनाथ पोखरेल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुर्‍याल आदि हुन् । भक्तिकालका प्रथम कवि इन्दिरसको 'गोपिकास्तुति' देखि नै भक्तिकालीन कविहरुले धार्मिक र पौराणिक विषयवस्तुलाई आधार मानी कविताकाव्यको रचना गरेका छन् । यसैगरी विद्यारण्यकेशरी अर्ज्यालका युगलगीतमा कृष्ण भगवानकै आराधना गरिनुका साथै कृष्णकै क्रियाकलापलाई समेटी त्यसैको सेरोफेरोमा कविता रचना गरिएको छ । द्रोपदी स्तुति महाभारतको कथावस्तुमा आधारित कविता हो । अनि वसन्त शर्मा तथा यदुनाथ पोखरेलले कृष्णलीलाको वर्णन गर्ने कार्य गरेका छन् । त्यस्तै वीरशाली पन्तको विमलबोधानुभव, प्रेमावली आदि कृतिमा आध्यात्मवादी चिन्तन पाइन्छ । भानुभक्तले आध्यात्म रामायणको भावानुवाद गरी रामायण जस्तो महाकाव्य रचना गरेका छन् । रामायणमा रामलीलाको वर्णन गरिएको छ । त्यसैगरी उनका कृतिमा युगीन जीवनका यथार्थ अनुभूति सहज एवं स्वभाविक ढङ्गले अभिव्यञ्जित भएको देखिन्छ । उनका फुटकर रचनाहरुमा पनि सामाजिक व्यङ्ग्य, नैतिकतामूलक औपदेशिकभाव, प्रकृतिको मनोहरी चित्रण पनि अलिअलि मात्रामा पाइन्छ तर उनले भक्ति र आध्यात्मवादलाई जोड दिएको पाइन्छ । परम्परित हिन्दू आदर्श, धर्म, संस्कार, संस्कृति र रीतिरिवाजप्रति विशेष अनुराग व्यक्त गर्ने भानुभक्तले धार्मिक, आध्यात्मिक भावधारालाई प्रस्तुत गरेको पाइन्छ । भानुभक्त मूलतः धार्मिक नीति र उपदेशहरुको

मुक्तकण्ठले प्रशंसा र प्रचार गर्ने कवि हुन् । त्यतिखेरको राजनैतिक-सामाजिक जीवनबाट मुक्ति पाउने एउटै मात्र उपाय धार्मिकता थियो । उनी ब्राह्मण संस्कारमा हुर्किएका र धार्मिक-आध्यात्मिक प्रभाव परेकाले धर्मप्रति प्रेरित हुनु स्वभाविकै हो । त्यसैले उनले धार्मिक विषय चयन गरेको देखिन्छ । उक्त समयका जनताले रुचाएको धार्मिक विषयलाई लिएर कवितात्मक रुप दिएका छन् । निर्गुण सन्तधाराका कवि ज्ञानदिलदासले आफ्नो 'उदयलहरी' मा निर्गुण परब्रह्मको स्तुतिगान गरेका छन् । उपर्युक्त सबै कविताकाव्यहरुलाई हेर्दा तिनमा हिन्दू धार्मिक एवम् पौराणिक तथ्यलाई उद्घाटन गरिएको पाइन्छ । यसरी भक्तिकालमा जे जति कवितकाव्यको रचना भयो, प्राय : जसो सबै धार्मिक एवम् पौराणिक विषयवस्तुमा आधारित छन् ।

---

५७. डा. रामनाथ ओझा र मधुसुदन गिरी, पृ. २०८, पूर्ववत् ।

पौराणिक घटना र कथावस्तुलाई आधार मानी कविताकाव्यको रचना गर्नु भक्तिकालीन कविहरुको मुख्य काव्य प्रवृत्ति रहेको पाइन्छ । समसामयिक वातावरण युद्ध र हिंसादेखि घृणित भएको र ईश्वरस्तुतिमा आधारित थियो । ईश्वरको केन्द्रियतामा भगवान्मा उल्लेख प्रमुख पात्र कृष्ण, अध्यात्म रामायणमा उल्लेख प्रमुख पात्र राम र निर्गुण निराकार परब्रह्मको स्तुति गर्नुलाई भक्तिकालीन कविहरुले आफ्ना रचनाको मुख्य स्रोत बनाए । युद्धदेखि विरक्तिएका नेपालीमा ईश्वरप्रतिको तीब्र भावना जतिको त्यस समयमा जनमानसमा व्याप्त थियो, त्यतिकै भक्तिकालीन कविहरुमा पनि भएको तथ्य त्यसबेला कविताकाव्यहरुबाट फेला पार्न सकिन्छ । धार्मिक, सांस्कृतिक र पौराणिक विषयवस्तु भक्तिकालीन कविहरुले अंगालेको कविताकाव्यको महत्वपूर्ण प्रवृत्ति हो । [५८]

## ८. सामाजिकतामा जोड

साहित्य र समाजलाई जोड्ने कार्य प्राथमिककालीन भक्तिधाराका सशक्त कवि भानुभक्तले गरेका छन् । यिनले परम्परित सामाजिक भावनालाई उजागर गर्ने कार्य आफ्ना रचना मार्फत गरेका छन् । वीर पुरुष तथा देवतासित सम्बन्धित रहेको काव्यलाई जीवन र प्रकृतिको विस्तृत क्षेत्र प्रदान गरेर अनुभूति र अभिव्यक्तिका लागि नौला प्रदेशहरुको अविष्कार गरिदिनु कविको अविस्मरणीय देन मान्नुपर्दछ । यस्तो काम उनीभन्दा अघि कसैबाट भएन र उनीभन्दा पछि खास रुपमा लेखनाथबाट नै सम्भव भयो । उनका लागि कविता स्वान्तसुखाय मात्र थिएन, अपितु हतियार पनि थियो । उनले कवितालाई एकातिर सौन्दर्य चेतना, राष्ट्रिय स्वाभिमान तथा ज्ञान र भक्तिको प्रकाशनका लागि उपयोग गरे भने अर्कोतिर प्रशासकीय अविवेक र सामाजिक अनीति, नीचता, अकर्मण्यता एवम् अनावश्यक कलहमाथि आक्रमण गर्नका लागि उनको सामाजिक वोध आधुनिक कोटिको प्रगतिशिल हुन सक्तैनथ्यो । त्यो आफ्नो परम्परा र संस्कृतिले देखाइराखेको पौराणिक ढङ्गको नैतिक बोधले समन्वित थियो ।

उनले समाजका नरनारीलाई एउटा हितैषी अनुभवीको सल्लाह दिन मन पराए । उनले आलोचना पनि गरे, उपदेश पनि दिए । सम्पूर्ण अव्यवस्था, कलह र अशान्तिको कारण उनको दृष्टिमा उचित अनुचितको विवेक नहुनु र कर्तव्याकर्तव्यको चेतना नहुनु नै थियो । फलत : उनले घटनावश आफ्ना दृष्टिमा पर्न आएका समस्या र विषयलाई लिए । कही आलोचना मात्र र कही समाधान पनि दिए । उनले स्वधर्म र स्वकर्मको शिक्षा दिनुमा रचना शक्तिको प्रयोग गरे । तारापतिको घरमा सासूबुहारीको कलह देखेर उनले वधुशिक्षा लेखे । दोष सासूको पनि हुँदो हो तर कविले आफूभन्दा ठूलाको दोष देखाउनुभन्दा सानाले शिष्ट र उचित व्यवहार गरेर आफूमाथि दोष वा गाल गर्ने स्थिति नै आउन नदिनु बुद्धिमानी हो भनिठाने ।

---

५८. कृष्णविलास पौड्याल, पृ. ९८, पूर्ववत् ।

साँचो बोल्नु नबोल्नु बात कहिल्यै हो भनिठाने ।
आखिर मर्नु छ पाउनू छ उति फल याहाँ गऱ्याको जति ॥
यस्तो ज्ञान् मनमा लिइकन रहनु सासू ससुरा पनि ।
जे भन्दछन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गति ॥
(पुराना कवि र कविताबाट साभार)

पूजाको सरजाम जति जति थोक चाहिन्छ सो सब गरी ।
साँझमा बत्ति जलाउन् अनि ठुला पानस विषे तेल् धरी ॥
खान्या चीज बनाइ खानदिनु जो खान्छन् परिवारले ।
जुन चीज् राख्नु भँडार पर्छ नभुली सब राख्नु सम्भारले ॥
(पुराना कवि र कविताबाट साभार)

पूर्वमध्यकाल वा भक्तिकालमा परम्परागत सामाजिकतालाई स्थान दिनु  पनि एक प्रवृत्तिका रुपमा रहेको पाइन्छ ।

## ९. नेपाली भाषाशैलीको प्रयोग

भक्तिकालीन कविहरु नेपाली भाषाको प्रयोग गरी आफ्नो मौलिकता कायम राख्न सफल देखिन्छन् । भक्तिकालको प्रारम्भबाटै नेपाली भाषाको प्रयोग गरी कविताकाव्यको रचना गरिनु नेपाली साहित्यकै महत्वपूर्ण उपलब्धि हो । भक्तिकालीन कविप्रतिभाहरुले व्याकरणका निश्चित सीमाभित्र बाँधिएर शास्त्रीय छन्दको प्रयोग गरी स्वतन्त्र रुपमा आफ्ना भावना अभिव्यक्त गरेका छन् । शास्त्रीय छन्दका साथसाथै यस कालमा व्याकरणका निश्चित सीमाभित्र नबाँधी लोकलयको प्रयोग गरी समेत स्वतन्त्र रुपमा कविका भावना

अभिव्यक्त भएका पाइन्छन् । नेपाली भाषाशैलीसँगसँगै संस्कृत, हिन्दी, अरबी, अवधी, भोजपुरी र मैथिली भाषामा शब्दहरु समेत यस कालका कविताकाव्यमा प्रयोग भएका पाइन्छन् ।

भक्तिकालका प्रवर्तकका रुपमा चिनिएका कवि इन्दिरसको कविता 'गोपिकास्तुति'मा भाषिक दृष्टिले संस्कृत, अरबी र फारसीका साथै अवधी, भोजपुरी र मैथिलीका शब्दहरुको बढी प्रयोग भएको छ, तर पनि त्यस समयमा नेपाली भाषाको चाहिंदो छटा देखिएको हुँदा उनको भाषिक सीपको कदर गर्नै पर्ने देखिन्छ । यिनका कवितामा ब्रजभाषाका शब्दहरु र हिन्दी व्याकरणको प्रभाव पाउन सकिन्छ । यिनका वाक्यांश समेत हिन्दी प्रकृतिले ग्रस्त रहेका छन् । 'गोपिकास्तुति' कवितामा 'निहार', घर जस्ता क्रियापद बारम्बार दोहोरिएका छन् । सामरो, गाऊ, जौनजस्ता ब्रज शब्द परेका छन् । हिन्दी भाषाको लिङ्गप्रयोगको प्रभाव स्वरुप तिमरि हुन् विधि किविन्ति, मयकि सन्तती जस्ता वाक्यांश छन् । हिन्दी व्याकरणले समर्थन नगर्ने तिम्री जन्म, तिम्री नेत्र जस्ता वाक्यांश चित्रित छन् । उनको भाषाशैलीलाई दुषित गर्ने ब्रज शब्दहरु होइनन् किनभने ती नगण्य छन् । यसलाई दोषपूर्ण तुल्याउने स्त्रीलिङ्गी पदयोजनाहरु हुन् । त्यस्तै पण्डित विद्यारण्यकेशरीको भाषामा प्रशस्त अप्रचलित संस्कृत तत्सम शब्दहरुको प्रयोग गरेको देखिन्छ । यिनको पनि लिङ्ग प्रयोगमा हिन्दी प्रभाव देखिन्छ । विद्यारण्यको 'द्रोपदीस्तुति' मा हिन्दी शब्दको प्रभाव बढी छ । हिन्दीका संज्ञा र विशेषण मात्र होइन, यसमा हिन्दीका वाक्यहरु नै निर्धक्कसँग बसेका देखिन्छन् । जस्तै-

आइनाथ शरणगत तेरी ।
हूँगी मै जन्म जन्मकि चेरी ॥
हाँसिका नयलने तिर मारी ।
टुटिगै हृदय कृष्ण हमारी ॥
(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

विद्यारण्यकेसरीका कवितामा शुद्ध नेपाली भाषाशैलीको प्रयोग भएको देखिन्छ । कुनै कुनै श्लोक शुद्ध नेपाली भाषाका शब्दहरु प्रयोग गरी रचना गरिएका पाइन्छन् । हिन्दी वाक्यबाट तर्सेर यिनलाई कवि दर्जा दिन नै अनुपयुक्त ठान्नु पनि उत्तिकै बेठिक देखिन्छ किनभने यस दोषको निकै परिमार्जन 'युगलगीत' मा भएको पाइन्छ । स्वागतमा बाँधिएको मूलको भावलाई 'युगलगीत' मा शार्दूलविक्रिडितद्वारा अभिव्यक्ति गरेर यिनले छन्द प्रयोग र भाव निवेदनमा नौल्याइ मौलिकतापट्टि ढल्किने पहिलो लिस्नो लगाएका छन् । यो कृति भन्नै भन्नै चोखो नेपाली भाषामा लेखिएको छ ।

कवि विद्यापतिले एउटै पनि विदेशी शब्दको प्रयोग नगरेर कविता रचना गरेका छन् । तर यिनले कवितामा संस्कृत तत्सम शब्दहरु र सन्धिसभायुक्त पदको प्रयोग भने ज्यादा नै गरेको पाइन्छ । तत्सम शब्दप्रधान शैलीको प्रयोग गरेर यिनले भाषालाई जटिल बनाइदिएका

छन् । सम्भवत : यिनी भक्तिधाराका एक्ला कवि हुन्, जसले भाषालाई विभाषीय शब्द र प्रभावबाट मुक्त राखेका छन् । तत्सम शब्दको प्रयोग ज्यादा गरी पण्डितपूर्ण शैलीमा कविता लेख्ने काम वीरशाली पन्तद्वारा गरिएको छ । अर्का भक्तिवादी कवि हीनव्याकर्णी विद्यापतिको भाषा पाको र सँस्कृतनिष्ठ छ भने शैली चाहिँ कठोर र पण्डितपूर्ण छ ।

एक अर्का सशक्त कवि वसन्त शर्माको भाषाशैलीका सम्बन्धमा पण्डित बाबुराम आचार्यले पुराना कवि र कविता भन्ने पुस्तकमा यसरी टिप्पणी गरेका छन्- "संस्कृत शब्दको रुप बिगार्न ती वसन्त कवि हदभन्दा ज्यादा भएका छन् । यशोदाका बदलामा 'जसुदा र जसमती' भन्नु औ मुखलाई मुख बनाएर अरबिन्द शब्दसँगै जोडी 'मुखारविन्द' शब्द बनाउनु इत्यादि उचित सीमादेखि बाहिर छन् । शब्द बनाउने र बिगार्ने कुनै सीमा वा हद वसन्तको युगले बाँधेको थिएन । छन्द निर्वाहका लागि अथवा लापर्वाहीवश त्यस युगका जुनसुकै कविले शब्दलाई बिगार्न र हिन्दूस्थानी शब्दहरु घुसाउन कुनै सीमाको वास्ता राखेका थिएनन् । तसर्थ यो वसन्तको विशेष दोष नभई सबैको साझा दोष थियो । आचार्यले इङ्गित गरेका दोष वसन्तमा अवश्य छन् । उनले आफ्नो भाव प्रकट गर्न शब्दको वाधालाई प्रवाह नगरी छन्दको नियम पूरा गरेका छन् र मन्तव्य पनि प्रकट गरेका छन् । उनको वर्णनशैलीलाई यति सजिलैसित राम्रो भन्नु उचित छैन । वसन्त शर्माभन्दा पहिलेका भक्तिवादी कविहरु- इन्दिरस, पण्डित विद्यारण्यकेशरी, विद्यापतिका सापेक्षतामा वसन्तको भाषा झर्रा प्रवृत्तिको देखिन आउँछ । यिनले आदिकवि भानुभक्त आचार्यको भाषाशैलीका निम्ति पृष्ठभूमि तयार पारिदिएको जस्तो लाग्छ । भन्नुपर्छ, उनी 'झर्रा नेपाली भाषा' लाई कवितामा निम्त्याउने प्रथम कवि हुन् । नेपाली वातावरणको निर्माण पनि वसन्तको विशेषता हो ।

वसन्तको हिन्दी प्रयोग शुद्ध हिन्दी शब्दको रुपमा देखिन्छ । त्यो हिन्दी ढङ्गको शब्द निर्माणमा देखिन्छ । जस्तै : भगत, जसुमती, बच्छा, खटिया, चदर, पास इत्यादि । उनले एक ठाउँमा निर्धक्कसित हिन्दी वाक्यको प्रयोग पनि गरेका छन् जुन यसप्रकार छ-

'खेलो जी शकुनी । युधिष्ठिरजिसे'
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

यस्ता प्रकारका श्लोकहरुको रचनाले वसन्त शर्मालाई हिन्दी भाषाका प्रयोगकर्ता भनी चिनाउँदैनन् । यी प्रयोगले त एकातिर नाटकीयता ल्याउँछ भने अर्कातिर हाँस्यको श्रृष्टि गर्दछ । यसरी हिन्दी तथा अन्य जस्तै- भोजपुरी, मैथिली, अवधीजस्ता भाषामा कविता पङ्क्तिको रचना गरी नाटकीयता र हाँस्य सिर्जना गर्नु पनि भक्तिकालको एक काव्यप्रवृत्ति रहेको पाइन्छ । विभिन्न भाषाका शब्दहरु तथा वाक्यहरु मिश्रण भएर नेपाली भक्तिकविता रचनाक्रम निरन्तर अगाडि बढ्दै आएकोमा भानुभक्तमा पुग्दा नेपाली भाषाशैलीले स्पष्ट स्वरुप निर्धारण गरेको पाइन्छ । भानुभक्तपूर्व कसैका कवितामा थोरै नेपाली भाषाशैली भित्रिएको होला र कसैका

कवितामा कही न कही अवश्य पनि नेपाली बाहेक अन्य भाषाको प्रभाव परेकै देखिन्छ । यो क्रमको अन्त्य त्यतिबेलाबाट भएको मान्न सकिन्छ, जतिबेला भानुभक्तले ‘रामायण’ जस्तो महत्वपूर्ण कृति रचना गर्दछन् । सरल, सरस, भाषाशैलीको प्रयोग गर्ने कार्य भानुभक्तले गरेका छन् । संस्कृत तत्सम शब्द बाहेक उनले अन्य भाषाका शब्दको प्रयोगलाई बहिष्कार गरिदिएका छन् । आंशिक रुपमा संस्कृत तत्सम शब्दहरुको प्रयोग हुनुलाई अन्य भाषाका शब्दको प्रयोग भएको भन्नु अनुपयुक्त ठहर्छ । किनभने नेपाली भाषाको उत्पत्तिको स्रोत नै संस्कृत भाषा हो । भानुभक्तद्वारा स्वच्छ नेपाली भाषाशैलीको प्रयोग गरी कविताकाव्य रचना गरिनुले भक्तिकालीन कविताको नेपाली भाषाशैलीसम्बन्धी प्रवृत्तिलाई स्पष्ट पारेको देखिन्छ ।

यसरी नेपाली भाषाशैलीलाई अंगाली कवितकाव्यको रचना गरिनु भक्तिकालको एक मुख्य प्रवृत्तिका रुपमा रहेको छ । यद्यपि नेपाली भाषाशैलीलाई स्वच्छन्दताको दिशातर्फ आमुख पार्ने क्रममा कही अत्याधिक मात्रामा त कही न्यून मात्राका हिन्दी, अवधि, मैथिली, भोजपुरी र संस्कृत भाषाका शब्द तथा शैलीको प्रयोग जरुर भएको छ ।

## १०. हाँस्यप्रसङ्गलाई स्थान दिइनु

हाँस्यव्यङ्ग्य व्यक्तिपरक र बढीमा जाति वा समूहपरक हुनसक्थ्यो । भानुभक्तले भोगेको पीडा र रमाइला क्षणलाई व्यङ्ग्य र हाँस्यमा व्यक्त गरे । पण्डितसँग बन्दुक फुत्काउँदा र लोकलाङका जैसीले सितनबिनाको भुटेको मकै दिंदा भानुभक्त विनोदी मनोदशामा थिए र उनले यी रमाइला क्षणहरुलाई हाँस्यमय पद्यमा बाँधे । अड्डाअदालतको भोलिवाद (ढिलासुस्ती) ले उनलाई पीडा दिएको थियो र उनले त्यस अनुभूतिलाई यसरी व्यङ्ग्यवाणीमा बाँधेका छन् । जस्तै-

बिन्ती डिट्टा विचारीसित म कति गरुँ चुप रहन्छन् नबोली,  
बोल्छन् तर ख्याल् गऱ्या झैं अनि पछि दिन दिन भन्दछन् भोलि भोलि ॥  
की ता सक्तीन भन्नू कि तब छिनिदिन् क्यान भन्छन् इ भोली ।  
भोली भोली हुँदैमा सब घर बितिगो बक्सियोस आज भोली ॥  
(पुराना कवि र कविताबाट साभार)

यो अड्डा धायर दिक्क भएका कविको सुस्केरा थियो, तर यसमा अड्डा धाउने प्रत्येक नेपालीको व्यथा र असन्तोषले अभिव्यक्ति पाएकाले यो उहिले र अहिले पनि जनमानसको नम्र आक्रोशका रुपमा रहेको छ । कविले अर्को हाँस्यात्मक अनुभूतिलाई प्रस्तुत गरेका छन् । जस्तै :-

रोज् रोज् दर्शन पाउँछू चरणको ताप् छैन मनमा कछू ।

रात् भर् नाच पनि हेर्छु खर्च नगरी ठूला चयन्मा म छू ॥
लाङ्खुट्टया उपिञा उडुस इ संगि छन् इन्कै लहड्मा बसी ।
लाङ्खुट्टयाहरु गाउँछन् ति उपिञा नाच्छन् म हेर्छु बसी ॥
(पुराना कवि र कविताबाट साभार)

यस कविताको भावविन्यास अभिधार्थमा त हाँस्यात्मक छ, तर उपियाँ, उडुस र लामखुट्टेबाट चुसिएको मानिस चयनमा रहनु अस्वाभाविक बुझिन्छ र लक्षण-लक्षणद्वारा सकारात्मक कुराहरु नकारात्मक हुन जान्छन् । यो लक्षणा विधानको राम्रो उदाहरण हो । यसको लक्ष्यार्थ व्यङग्यार्थको उत्तम रुप बनेको छ । 'गजाधर सोतीकी घर बुढि अलच्छिन्की रहिछन्' मा हाँस्यको छनक त छ तर पनि त्यो वैयक्तिक आक्षेप मात्र भएको छ । एक पाल्पाली सुब्बाले पछिल्लो विवाह गरेपछि ज्योतिषी धर्मदत्तसँग आफ्नो आयु सोधि पठाए । भानुभक्त र धर्मदत्त दुबै ती सुब्बाका मित्र थिए । ज्योतिषीका भाषाबाट भानुभक्तले चिठ्ठीको जवाफमा यो पद्य लेखिदिए-

पैले दाङ गई एक विवाह गरियो भन्या पनी लेखियो ।
फेर तेसै चिठ्ठीमा म गर्छु कहिले भन्या पनी देखियो ॥
आयूको त विचार विवाह नगरी पैल्हे उचित् हो लिन्या ।
उल्लु हौ तिमी उल्लुलाई अहिले कुन उत्तरै हो दिन्या ॥
(पुराना कवि र कविताबाट साभार)

त्यसैगरी काठमाडौं मखन्टोलका एक खनाल पण्डित भानुभक्तका मित्र थिए । ती मित्र परलोक भएपछि तिनका छोरालाई भेट्न भनेर गए । तर मित्रपुत्रले भानुभक्तको शिष्टाचार नगरी खेलमा लागिरहेका हुनाले कागतका एक टुक्रामा यो पद्य लेखेर उनकी ब्राह्मणीलाई भो एकान्तमा पतिलाई दिनू भनी छोडेर गए-

न पोथी पात्रा छन् न कलय मस्यानी छ सङमा ।
सधै हुक्का नारी थरकि फिजि खेल्छौ चयनमा ॥
कती विरता तिम्रो कति छ धन दौलथ् यस घरी ।
उडाउँछौ यस रीतले र अनि पछि रहौला त कसरी ॥
(पुराना कवि र कविताबाट साभार)

आदिकवि भानुभक्त आचार्यले आफ्नो रचना रामायणमा विभिन्न ठाउँमा हाँस्य प्रसङ्गलाई स्थान दिएको भेटिन्छ । राम अहिल्याको उद्धार गरेर गंगाको तीरमा आइपुगी माझीलाई पार उतार्न भन्दा माझीले भनेको कुरालाई रामायणमा यसरी प्रस्तत गरिएको छ-

ख्वामित् यि दुई पाउको अति असल् धूलो जसै ता पऱ्यो ।
पत्थर हो त पनी मनुष्य सरिको सुन्दर स्वरुप पो धऱ्यो ॥
तस्तै पाठ यहाँ भयो पनि भन्या डुङ्गा स्वरुप धर्दछन् ।
डुङ्गाले पनि रुप धऱ्या यदि भन्या हाम्रा जहान मर्दछन् ॥
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

यहाँ प्रस्तुत गरिएको श्लोकले हाँस्यभावको प्रतिनिधित्व गर्दछ । माझी ज्यादै नै चलाख देखिएको छ । ऊ अत्यन्तै विनोदी पनि छ । उसलाई यसो भनेर मर्यादापुरुषोत्तम रामचन्द्र भगवानको पाउँ शिरमा अभिषक गरेर आफू धन्य हुन चाहन्छ । तर ऊ भन्नुपर्ने कुरा सोझै भन्न चाहदैन । ऊ डुङ्गा मान्छे होला भन्ने डरले पाउ पखाल्ने सर्त राख्दछ । यहाँ निर्दोष र अत्यन्त सरल हाँस्यको प्रयोग गरिएको छ ।

आदिकवि भानुभक्त आचार्यले आफूले भोगेको पीडा र रमाइला क्षणलाई व्यङ्ग्य र हाँस्यमा प्रस्तुत गर्ने कार्य गरेका छन् । यसरी आफ्ना कविताकाव्यमा हाँस्यप्रसङ्गलाई स्थान दिनु यस चरणको एक प्रवृत्तिका रुपमा रहेको पाइन्छ ।

## ११. धार्मिक चेतनामा जोड

भक्तिकालीन कविहरुले नेपाली समाजको हिन्दू धार्मिक संस्कृतिलाई आफ्ना कविताकाव्यको विषयवस्तुका रुपमा अगाडि सारेका देखिन्छन् । प्राथमिककालका भक्तिधाराका त्यसमा पनि रामभक्ति धाराका सशक्त प्रतिभा भानुभक्त आचार्यले पनि धार्मिक चेतनालाई बढी जोड दिएका छन् । त्यस्तै अर्का कवि वसन्त शर्माले पनि धार्मिकतालाई नै महत्व दिएका छन् । वसन्त शर्माको ‘श्रीकृष्णचरित्र’ भगवान् कृष्णको चरित्रलाई (जीवनलीलालाई) प्रस्तुत गर्न लेखिएको हो भन्ने शीर्षकले जनाउँछ । यसरी चरित्रको एकनिष्ठता नै केन्द्रविन्दु भएकाले यो खण्डकाव्यको श्रेणीमा आउन सक्छ । कवि वसन्त कुनै साहित्यिक चेतनाले सम्पन्न भएर काव्यशास्त्रलाई मनमा राखी खण्डकाव्य लेख्न उद्वत भएका थिएनन् । उनी फगत भक्तिवश कृष्णको गाथा गाँस्न बसेका थिए । यसमा देखिएको उद्देश्यको एकरुपता र यसको आधारलाई ध्यानमा राख्दा यसलाई खण्डकाव्य भन्नुपरेको हो । नत्र यसले विषयवस्तु त विस्तृत लिएको छ । उद्देश्यको कुरा चलेपछि यस काव्यको लेखनको उद्देश्यमाथि पनि प्रकाश पार्नु आवश्यक देखिन्छ । कवि वसन्तले समाज हितको यो चेतना आधुनिक युगको जस्तो थिएन,

धार्मिक उद्देश्यले नै अनुप्राणित थियो, जसअनुसार ईश्वरको गुणगान गरेर परलोक सुधार्नु वा मुक्ति पाउनु मानव जीवनको मुख्य लक्ष्य मानिन्छ । बाबुराम आचार्यको कथन छ 'तुलसीदासले आफ्ना अन्तःकारणलाई सुख दिनका लागि रामकथा लेखेका थिए, यिनले पनि आत्मानन्दको लाभका निमित्त श्रीकृष्ण चरित्र लेखेका हुन् ।' हो, लेखेका छन्- 'यति मात्र छ मन्सुवा भगतको सो नाथ । पूरा हवोस् । यो संसार असारबाट मकनै मुक्ती मुरारे मिलोस् ।' यो उनको कामना हो । तर उनले तुलसीदासले झै 'स्वान्त सुखाय राम गाथा लेख्दै छु भनेका छैनन् । यसको विपरित उनले त समस्त नेपाली भाषीको सुख वा आत्महितका लागि यो काव्य लेखेको हुँ भन्ने पनि घोषित गरेका छन् । जस्तै 'यती कृष्णलीला जपोस त नरमा मुक्ति पदार्थागतम् हिन्दू धार्मिक उद्देश्यले अनुप्राषित भक्तिकालमा ईश्वरको गुणगान गरेर परलोक सुधार्नु वा मुक्ति पाउनु मानव जीवनको मुख्य लक्ष्य हो र यसैमा परमाहित हुन्छ भन्ने हिन्दू धार्मिक चेतनालाई कवि वसन्त शर्माले यसरी प्रस्तुत गरेका छन्-

जसले यो हरिको कथा मन दिई एक चित्तले पढ्दछन् ।<br>
तिन्ले हृदघटमा सदा दिनदिनै श्रीकृष्णकजी देख्तछन् ॥<br>
जस्ले यो हरिको कथा दिल दिई आनन्दले सुन्दछन् ।<br>
तिन्को जन्म सफल भएर ति ठूलो कीर्ति पनी पाउँछन् ॥<br>
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

उनी चाहन्छन्, उनको यो ग्रन्थ कोही पढून, कोही (पढ्न नजान्ने सुनून र सबै जान्ने (ज्ञानी) होऊन । भक्तिकालीन कविहरुले हिन्दू धार्मिक चेतनालाई बढी मात्रामा लिएको हुँदा यसलाई भक्तिधाराअन्तर्गतको एउटा महत्वपूर्ण प्रवृत्तिका रुपमा लिनुपर्ने हुन्छ ।

## १२. अनुवादमा जोड

इन्दिरस, पण्डित विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, भानुभक्त आचार्यजस्ता प्रायः सबै कवि प्रतिभाहरुले मौलिक सिर्जनाभन्दा अनुवादमा नै ज्यादा जोड दिएको पाइन्छ । युगलगीत, गोपिकास्तुति, रामायण, कृष्णचरित्रजस्तो सबै कविताकाव्यका मूलस्रोत भनेका हिन्दू धर्मसँग सम्बन्धित रामायण, महाभारत, श्रीमद्भागवत् तथा पुराणहरु नै हुन् । यिनै धार्मिक तथा साहित्यिक ग्रन्थहरुबाट कथावस्तु साभार गरी नेपालीमा अनुवाद गर्ने काम नेपाली कविहरुद्वारा गरिएको हुँदा यस समयको एक प्रवृत्तिका रुपमा अनुवाद गर्ने प्रचलनलाई लिन सकिन्छ । नेपाली कविताको पूर्वमध्यकालीन भक्तिधाराअन्तर्गत रचना भएका कविताहरु प्राय : मूल संस्कृत भाषाबाट अनुवाद गरिएका पाइन्छन् । अनुवाद

गर्ने प्रक्रिया दुबै प्रकारको हुन्छ । एउटा छयानुवाद र अर्को भावानुवाद । भक्तिकालीन कविताकाव्य छायानुवाद तथा भावानुवाद दुबै प्रंकारमा रहेका छन् ।

इन्दिरसको गोपिकास्तुति भागवतबाट लिइएको देखिन्छ । यसमा एकदम छायानुवाद गर्ने चेष्टा गरिएको छ, तर अनुप्रास मिलाउने चेष्टा गर्दा छाया ठिक उत्रेको छैन । युगलगीतमा अनुप्रासको प्रयोजन राखिएको छैन, भागवतका संस्कृत पद्य जस्तै गरी नेपाली भाषामा लेखिएको छ । कविता लेख्ने अभ्यास गर्नलाई पहिले छायानुवाद गर्न सिक्नु स्वभाविक छ । यस नियम अनुसार इन्दिरसको गोपिकास्तुतिको पहिलो कविता देखिन्छ । श्रीमद्भागवत् (दशमस्कन्ध पूर्वाद्धका एकतीसौ अध्याय) का मूल पद्यको सँगसँगै 'गोपिकास्तुति' दिइएको छ ।

**संस्कृत :-**

विषजलाप्यवाद व्यालरक्षसाद् ।
वर्षमारुताद् वैद्यतानलात् ॥
वृषमयात्मजाद् विश्वको भया
दृषभ ते वयं रक्षिता मुहु : ॥

**नेपाली :-**

विषय विष् भयो व्याल दुष्ट भो ।
बिजुली अग्नि भो आँधिभौरी भो ॥
मयकि सन्तती लोकभीति भो ।
रिस निहार भयो येति दुःख भो ॥

(पुराना कवि र कविताबाट साभार)

**संस्कृत :-**

न खलु गोपिकानन्दनो भवा
नखिल्देहिनामन्तरात्मट्टक् ॥
विखतसार्थितो विश्वगुप्तये
सख उदेयिवान् सात्वतां कुले ॥

**नेपाली :-**

तिमी रहयानछौ पुत्र गोपिका ।
हृदयसाक्षि हौ सर्व देहिका ॥

विधिकि विन्तिले लोक पाल्नुभो ।
यदुकुलैविषे जन्म लीनुभो ॥
(पुराना कवि र कविताबाट साभार)

विद्यारण्यकेशरीको ‘युगलगीत’ पनि भागवत्का पद्यहरुको छायानुवाद जत्तिकै छ । विद्यारण्यकेशरीले आफ्नो युगलगीत कवितामा भागवत्का मूल पक्षहरुको अनुवाद यसरी गरेका छन् :-

**संस्कृत :-**

व्योमयानवनिता : सह सिद्धै
र्विस्मितास्तदुपधार्य सलज्जा : ।
काममार्गणसमर्पितचिता :
कश्मले ययुरपस्मृतनीव्य : ॥

**नेपाली :-**

किन्नर्नारि र सिद्ध देव मुनिका फिर्या विमान्मा बसी ।
आफ्ना स्वामिसहित् भई रसभरी गर्न्या विहारै पनी ॥
देखी कृष्णचरित्र कामशरले छाती विदीरण् भई ।
नीवी खुस्किगई सलज्ज मनले धिक जन्म भन्छन् सखि ॥
(पुराना कवि र कविताबाट साभार)

**संस्कृत :-**

सरसि सारसहंसविहङ्ग ।
श्चारुगीतहतचेतस एत्य ।
हरिमुपासत ते यतचिता
हन्त मीलितदृशो धृतमौना :

**नेपाली :-**

सुन्दर श्रीहरिगीतले मनहरण गर्दा सरोवर पनी ।

छाडी हंस चकोर सारसहरु उडी नगिच बस्तछन् ॥
बोल्नै छाडि सखी नयन्कन पनी चिम्ली मनै थीर् गरी ।
ध्यानैले हरिका चरण्कमलको सार्थक् जनम् गर्दछन् ॥
(पुराना कवि र कविताबाट साभार)

भानुभक्तको रामायण अध्यात्मक रामायणको अनुवाद हुनाले त्यसमा मौलिकता कम पाइन्छ । अनुवादमा जोड दिनु पनि भक्तिकालको एउटा प्रवृत्तिका रुपमा लिएको पाइन्छ ।[५९]

## १३. धर्म तथा संस्कृतिप्रेमको भावना

नेपाली भक्तिकाव्यलाई धर्म तथा सांस्कृतिक परम्पराकै उपज मानिएको छ । सुगौली सन्धिले एकातिर नेपालीहरुका लागि युद्धबाट फुर्सद लिने परिस्थितिको सिर्जना

५९. बाबुराम आचार्य, पृ. १५, पूर्ववत् ।

गऱ्यो भने अर्कातिर मेची-कालीबीच साँध लागेको नेपालले आफ्नो सम्प्रभुता जोगाएर बस्ने सौभाग्य पायो । यसले गर्दा समाजमा शान्तिपूर्ण वातावरण सृजित भयो र सम्पूर्ण संवेदनशील प्रबुद्ध कविहरु भागवत्भक्तितर्फ उन्मुख भए । यसरी धेरै पहिलेदेखि चल्दै आएको सांस्कृतिक परम्परा (जो युद्धको बादलभित्र केही समयसम्म हराएको थियो र बादल फाटेपछि) पुनः देखा परेर नेपाली साहित्यमा 'भक्तिकालको प्रणयन भयो । पूर्वमध्यकाल भक्तिधाराका कविहरुले सांस्कृतिक विषयवस्तुलाई आधार बनाई कृति रचना गरेका थिए ।

भक्तिकालीन कविहरुले पनि यिनै हिन्दू धार्मिक ग्रन्थहरुलाई आधार मानी हिन्दू धर्म एवम् संस्कृतिको रक्षा एवम् निरन्तरतार्थ कविताकाव्यको रचना गरी धर्म एवम् संस्कृतिप्रति प्रेमको भावना झल्काएका छन् । कुनै कविहरुले आफ्ना कविताकाव्यमा लोकसंरक्षक विष्णु भगवान्को एक अवतार कृष्ण भगवानको स्तुतिगान गर्दै हिन्दूधर्म एवम् संस्कृति प्रेमको भावना प्रस्तुत गरेका छन् भने कसैले रामको । अर्कातिर निर्गुण भक्तिधाराका कविहरुले निराकार परब्रह्मको स्तुतिगान गर्दै कविताकाव्यको रचना गरी हिन्दू धर्म एवम् संस्कृतिप्रेमको भावना प्रस्तुत गरेका छन् । यो लोकको सिर्जना, संरक्षण तथा संहार सबै ईश्वरीय सत्ताभित्र पर्दछ भन्ने मान्यता हिन्दू संस्कृतिमा रहेको छ । यहाँ कोही कसैको केही पनि छैन : हामी जति जीवजीवात्मा यस लोकमा छौ, त्यो सबै ईश्वरको कृपा हो । असत्य, अन्याय, अत्याचार, दमन, थिचोमिचो इत्यादि निराकरणार्थ ईश्वरको सहयोग अनिवार्य छ । ईश्वरविना संसार चल्न सक्दैन र कुनै पनि जीवजीवात्मा सुखपूर्वक जीवन व्यतीत गर्न सक्दैनन् । तसर्थ ईश्वरको पूजा तथा आराधना गर्नुपर्छ भन्ने मान्यता हिन्दू धर्म संस्कृतिमा रहेको पाइन्छ । यसै भावनालाई आधार मानी भक्तिकालमा कविताकाव्य रचना भएका छन् । वसन्त

शर्माको 'श्रीकृष्णचरित्रमा' कंशजस्तो अत्याचारी राक्षसको श्रीकृष्णद्वारा वध गराई हिन्दू धर्म एवम् संस्कृतिको संरक्षण गरिएको देखाइएको छ । त्यस्तै भानुभक्त रचित 'रामायण' मा नारी पिशाच राक्षसी प्रवृत्तिको रावणको वध मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रद्वारा गराई हिन्दू धर्म एवम् संस्कृति प्रतिको प्रेम झल्काइएको छ ।

भक्तिकालीन कविहरुले आफ्ना कविताकाव्यहरुमा धर्म तथा संस्कृतिप्रेमको स्वर चर्को रुपमा प्रस्तुत गरेको पाइन्छ । हिन्दू धर्मका विभिन्न पौराणिक र सांस्कृतिक विषयवस्तुको वर्णन गरी नेपाल र नेपाली जातिको धर्म एवम् संस्कृतिप्रेमको धार्मिक एवम् सांस्कृतिक स्वरसलाई आफ्ना कविताकाव्यमा सजाएका छन् । हिन्दू संस्कृति भनेको हिन्दू धार्मिक एवम् ग्रन्थ वेद, पुराण, रामायण, महाभारत, श्रीमद्भागवत् आदि ग्रन्थहरुमा उल्लेखित विभिन्न आदर्श तथा दर्शनको आधारमा चलेको संस्कृति हो । यिनै धार्मिक ग्रन्थहरुमा तोकिएका धार्मिक मूल्यलाई आधार मानी हिन्दू सामाजिक संस्कृतिको विकास भएको पाइन्छ । भक्तिकालमा यस्तै विभिन्न कारणहरुले तत्कालीन कविहरुमा धर्म र संस्कृतिप्रतिप्रेमको भावना जागृत गराएको पाइन्छ । यस कालका कविहरुले आफ्ना कविताकाव्यहरुमा नेपाली धर्म एवम् सांस्कृतिक वर्णन मुक्त कण्ठले गरेका छन् । जसको परिणाम+स्वरुप भक्तिकालीन कविहरुले धर्म एवम् संस्कृतिप्रेमको स्वरलाई आफ्ना कविताकाव्यमा सहज रुपमा उतारेका छन्, जुन भक्तिकालको काव्य प्रवृत्तिकै रुपमा रहेको छ ।[६०]

## १४. शास्त्रीय छन्दको प्रयोग :

पूर्वमध्यकालीन अर्थात भक्तिकालीन कविताकाव्य परम्पराका कवि प्रतिभाहरुले शास्त्रीय छन्दको प्रयोग गरी आआफ्ना रचना गरेका पाइन्छन् । इन्दिरसले 'गोपिकास्तुति' मा कनकमञ्जरी छन्दको प्रयोग गरेका छन् । विद्यारण्यकेशरीले 'युगलगीत' कवितामा मुख्यतः शार्दूल- विक्रिडित छन्दको प्रयोग गरेका छन् । वीरशाली पन्तको विमलबोधानुभव भन्ने साढे अठासी श्लोकको रचना शिखारिणी छन्दमा लेखिएको छ । वसन्त शर्माको श्रीकृष्णचरित्रमा शार्दूलविक्रिडित छन्द प्रयोग गरिएको छ । त्यस्तै 'समुद्रलहरी' सवाई छन्दमा लेखिएको सवाइकाव्य हो । यदुनाथ पोखऱ्यालले इन्द्रबज्रा, शार्दूलविक्रिडित, मालिनी, स्रग्धारा आदि छन्दलाई सफलतापूर्वक प्रयोग गरेका छन् । त्यस्तै रघुनाथ पोखऱ्यालले आफ्ना रचनामा मालिनी छन्दको प्रयोग गरेका छन् । भक्तिसाहित्यका युगपुरुष आदिकवि भानुभक्त आचार्यले मुख्यतः शार्दूलविक्रिडित छन्दकै प्रयोगमा जोड दिएका छन् । यसका साथसाथै अन्य शास्त्रीय छन्दको प्रयोगमा पनि भानुभक्तको विशेष योगदान रहेको पाइन्छ । 'बालगोपालवाणी' भन्ने कवितामा कवि पतञ्जलि गजुऱ्यालले स्वागता छन्दको प्रयोग गरेका छन् । पतञ्जलिले भने शब्दको रुप बिगार्न अचाक्ली गरी 'तहाँ' बदलामा 'ताँ' 'ञहाँ'का बदलामा 'हयाँ' 'रहे'का

बदलामा 'हे', भएका बदलामा भ्या इत्यादि प्रयोग गरेका छन् । यसो हुँदा यिनको कविता गाह्रा हुन आएका छन् ।

यस कालका कविताकाव्यहरुमा शार्दूलविक्रिडित, स्वागता, मालिनी, शिखरिणी, कनकमञ्जरी आदि शास्त्रीय छन्दहरुको प्रयोग भएको पाइन्छ । छन्द मिलाउनाका लागि भानुभक्तले एक ठाउँमा 'ज्रहाँ'का बदलामा 'ज्राँ' शब्दको व्यवहार गरेका छन् । रघुनाथले 'वहाँ'का बदलामा 'वाँ' शब्द प्रशस्त प्रयोग गरेका छन् । अन्यत्र भानुभक्तले बहुत बिगारेका छन् । यसरी विभिन्न शास्त्रीय छन्दको प्रयोग गरी कविताकाव्य रचना गरिनु भक्तिकालको मूलभुत प्रवृत्ति हो । शास्त्रीय छन्दमा रचना गरिएका केही श्लोकहरुको उदाहरण यहाँ प्रस्तुत गरिन्छ-

---

६०. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पृ. २०, पूर्ववत् ।

**शार्दुलविक्रीडित छन्द :-**

वृक्षैका ज्यादि शब्दले गरिकनै लश्कर मन्यो सब तहाँ ।
अग्निमा समिधा गिऱ्या भन्जि सखाप् पारीदिया छिन् महाँ ॥
सैरन्धीसँगली वृकोदर गया अर्नुन्जिका पासमा ।
बाह्रै वर्ष बितो विराट् नगरीमा दर्शन दिया साथमा ॥
(प्राथमिककालीन कवि र काव्य प्रवृत्तिबाट साभार)

**मालिनी छन्द :-**

फलामूका थाम हात्मा पखत समान्का ति हनुमान ।
विहार्को घर तोडी बन पनि त नास्दा ति बलवान् ॥
बडो लस्कर आयो बुझिकन मनैमा खुशि भया ।
रमाया सिंहै झै गरिकन कराया उठिगया ॥
(प्राथमिककालीन कवि र काव्यप्रवृत्तिबाट साभार)

**कनकमञ्जरी छन्द :-**

दिन बित्यापछि नील केश् झरी ।
कमलझैं वदन् शोभमान् धरी ॥
दरश दान् गरी धूलो धेर् धरी ।
हृदयमा दिया काम देव् भरी ॥
(पुराना कवि र कविताबाट साभार)

## १५. विभिन्न रुपका कविताकाव्यको रचना :

साहित्यका विभिन्न विधाहरुमध्ये कविता विधा पनि एक हो । कविताको विधागत विभिन्न रुपलाई आयाम, विषयवस्तु आख्यानीकरण आदिका आधारमा निम्नानुसार देखाउन सकिन्छ :-

(१) लघुतम रुप- मुक्तक
(२) लघु रुप- फुटकर कविता
(३) मझौला रुप- खण्डकाव्य
(४) बृहत रुप- महाकाव्य

यसरी कविताको सबैभन्दा सानो रुपलाई लघुत्तम कविता भनिन्छ । लघुतम कवितामा न्युनतम दुई पङ्क्तिदेखि सात पङ्क्तिसम्मको कवितात्मक लम्बाईको स्वरुप रहेको हुनुपर्दछ । लघुतम कवितालाई स्फूट र मुक्तक पनि भनेको पाइन्छ । कविताको लघुत्तम रुपभन्दा ठूलो र खण्डकाव्य भन्दा सानो रुपलाई लघु कविता भनिन्छ । लघु कवितालाई फुटकर कविता पनि भनिन्छ । लघु कविताको कथ्य विषयवस्तुको आयाम लघुतम कविताको सापेक्षतामा बढी हुने गर्दछ । फुटकर कविताभन्दा ठूलो र महाकाव्यभन्दा सानो रुपलाई खण्डकाव्य भनिन्छ । खण्डकाव्यलाई कविताको मझौला रुपमा लिने गरिन्छ । खण्काव्यलाई पाश्चात्य साहित्यमा लामो कविता भन्ने गरिन्छ । जीवन र जगतको व्यापक विषयवस्तुलाई समेटिएको कविताको उच्च बृहत रुपलाई महाकाव्य भनिन्छ । भक्तिकालमा इन्दिरस, पण्डित विद्यारण्यकेशरी, हीनन्याकर्णी विद्यापति, वीरशाली पन्त आदिकवि प्रतिभाहरुले लघु आकारका कविताहरु (फुटकर कविताहरु) रचना गरेको पाइन्छ । कवि वसन्त शर्मा, रघुनाथ पोखऱ्याल, यदुनाथ पोखऱ्याल आदि कविहरुले खण्डकाव्य आकारका कविता रचना गरेको पाइन्छ । कविताको बृहत् रुप जसलाई हामी महाकाव्य भन्दछौ यसको रचना आदिकवि भानुभक्त आचार्यद्वारा गरिएको छ ।

यो सबै कुराहरुलाई नियाल्दा भक्तिकालीन कविताकाव्यपरम्परामा कविताको लघु रुपदेखि बृहत् रुपसम्मका कविताकाव्य रचना हुनु नै यस कालको प्रवृत्तिको रुपमा रहेको देखिन्छ ।

## १६. लोकलयको प्रयोग

संस्कृत वाङ्मयमा 'लोक' शब्दको प्रयोग मूलतः दुई अर्थमा गरिएको पाइन्छ । १. स्थानका रुपमा र २. सामान्य जनताका रुपमा । स्थानवाचक शब्दका रुपमा स्वर्गलोक, मर्त्यलोकजस्ता शब्द प्रचलित छन् । 'जन' शब्दको अर्थ सामान्य जनता हो । लोकजीवनका आँसु, हाँसो, हर्ष, विस्मात्, जीवन भोगाइ आदि कुराहरुलाई विषयवस्तुका रुपमा प्रस्तुत गर्दा लोकलयको प्रयोग गरिन्छ । मनोरञ्जनात्मकता, औपदेशिकता, आदर्श आदि पक्षको समावेश गर्दा पनि लोकलयको प्रयोग गरिन्छ । त्यस्तै घात, प्रतिभात, उन्नति प्रगति धार्मिक, पौराणिक, सांस्कृतिक विषयवस्तु उल्लेख गर्दा पनि लोकलयको प्रयोग गरिन्छ । उपनिषद् र पुराणहरुमा इहलोक, परलोक, स्वर्गलोक र मर्त्यलोक जस्ता शब्दहरुको प्रयोग भएकाले यो शब्द वैदिककालभन्दा अघिदेखि नै प्रचलनमा आएको अनुभव हुन्छ । जब साहित्यमा मानिसले आफ्ना मनभित्रका रागात्मक अभिव्यक्तिहरुलाई लयवद्ध रुपमा बाहिर प्रकट गर्दछ तब त्यसले लोकलयको रुप लिन थाल्दछ । लोकलय भन्ने बित्तिकै सामान्य जनजीवनका कण्ठबाट स्वभाविक रुपमा निस्किएका स्वतः स्फूर्त लयहरु हुन् । वन, पाखा, ओराली, उकाली, देउराली, चौतारी र भञ्जाङ्गमा बसेर सुस्ताएका बेला सरल र सुमधुर रुपमा निस्किएका लयलाई लोकलय भनिन्छ । नेपाली कविताको भक्तिधाराअन्तर्गत निर्गुण भक्तिधारा (क) कवि सन्त ज्ञानदिलदासले आफ्ना 'उदयलहरी' कवितामा लोकलयको प्रयोग गरेको पाइन्छ । त्यस्तै झ्याउँरे भजन र टुङ्ना भजनमा पनि उनले लोकलयको प्रयोग गरेका छन् । यिनी कही पनि 'तगण मगण' का नियममा बाँधिएका छैनन् मुक्त वा लोकलयी देखिएका छन् । जस्तै :-

श्रीगुरु गणपति बुद्धिका दाजा
गायत्री सावित्री सरस्वती माता
धन्ये हौ सरस्वती जगदम्बी माई
अष्ट सिद्धि देउन गरिप्जनलाई
धन्ये भावीले लेषिदियो पूर्व कमाई
प्रमाण लगाऊँ चरण समाई
हरिजिउका चरणमा रषवाल रहन्छ
उदयलहरी सूस्म कहन्छु ।

(जोसमनी सन्तपरम्पराबाट साभार)

हिराको दर्बार सुन गरिपर्वर
मन मात्रै पल्कायौ
गंगाको सरन् भेडीको चरन्
नुन खानु कुत्तिको
हिर्दय चिरी ज्ञान् बताई दिने
को होला उत्तिको ।
हिराको दर्बार सुन गरिपर्वर
को होला उत्तिको

(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

माऱ्यो चाङ्वा माऱ्यो,
षरानीमा पाऱ्यो,
बिचै बाटा छाडयो,
छोरो जन्मी जोगी भैन,
पुनस् जन्म हाऱ्यो,
रामजी ! पुनस् जन्म हाऱ्योनी ॥

(जोसमनी सन्तपरम्परा र साहित्यबाट साभार)

सन्त कवि ज्ञानदिलदासले आफ्ना रचनाहरुमा लोकलयको प्रयोगगरी नेपाली कवितामा लोकलयलाई स्थान दिएका छन् । लोकलयलाई कवित्वको मर्यादा दिई सुशोभित पार्ने प्रथम कविका रुपमा ज्ञानदिलदासलाई लिइन्छ । भक्तिकालमा लोकलयलाई महत्व दिई कविता निर्माण गर्नु भक्तिकालको विशेषता (प्रवृत्ति) का रुपमा रहेको छ ।

*परिच्छेद छ*

# भक्तिकालीन कविताकाव्यको मूल्याङ्कन

कुनै पनि कविताकाव्यको मूल्याङ्कन अन्तर्गत सो कविताकाव्यले सही रुपमा काव्यात्मक धर्म निर्वाह गरेको छ, छैन त्यसको लेखाजोखा गर्ने कार्य पर्दछ । कविताकाव्यको मूल्य निरुपण गर्नु सजिलो काम होइन । भक्तिकालीन कविताकाव्यको मूल्याङ्कन गर्दा काव्यात्मक धर्मका साथै यस कालमा रचना भएका कविताकाव्यले नेपाली साहित्यमा दिएको योगदानलाई समेत मापन गर्नुपर्ने हुन्छ । भक्तिकालीन कविताकाव्यका विषयवस्तु, रसभाव, लयविधान भाषाशैली तथा विधागत संरचनाको प्रयोग र परीक्षणलाई समेत हेर्नुपर्ने हुन्छ । साहित्य सिर्जनाको मूल्याङ्कन गर्दा समयक्रमको विशेष ख्याल राख्नुपर्ने हुन्छ । हामीले भक्तिकालीन कविताकाव्यको मूल्याङ्कन गर्दा त्यस समयको वातावरण र परिवेशलाई हेर्नु बुद्धिमानी हुन्छ । यसरी भक्तिकालीन कविताकाव्यको वास्तविक मूल्याङ्कन गर्न सजिलो पर्ने देखिन्छ ।

नेपाली कविताले आजसम्म लगभग अढाइसय वर्षको इतिहास पार गरिसकेको छ । यस लामो कालखण्ड पार गर्ने क्रममा कविताविधाले अनेक स्वरुप र चिन्तन ग्रहण गरिसकेको छ । प्रारम्भदेखि वि.सं. १९४० सम्मको समयावधिलाई नेपाली साहित्यको प्राथमिक काल मानिन्छ । मूलत : श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेपालको एकिकरण अभियानसँगसँगै नेपाली भाषामा साहित्यको सिर्जना गर्ने क्रम प्रारम्भ भयो । तत्कालीन राजनैतिक परिवेश तथा नेपालीहरुको स्वभावअनुकूल नेपाली साहित्यको प्राथमिक काल वीरधाराबाट प्रारम्भ हुन्छ र यही नै नेपाली साहित्यको प्राथमिक कालको पहिलो धारका रुपमा रहेको छ ।

नेपाली साहित्यमा वीरधाराको थालनी लगभग १८२६ सालतिर भएको मानिन्छ । कवि सुवानन्ददासको 'पृथ्वीनारायण शाह' नामक कविता नै नेपाली साहित्यको प्राथमिक कालको वा नेपाली कविता परम्पराकै प्रथम रचना हो । पृथ्वीनारायण शाहको नेपालको एकीकरण अभियानसँगै प्रारम्भ भएको वीरभावमूलक नेपाली कविता वि.सं. १८७२ सम्म अर्थात् सुगौली

सन्धि सम्पन्न हुँदासम्म प्रमुख धाराका रुपमा रह्यो । वीरधाराका उल्लेखनीय कविहरुमा सुवानन्ददास, यदुनाथ पोखऱ्याल, राधा वल्लभ, शक्ति वल्लभ अर्याल आदि प्रमुख रहेका छन् । यिनीहरुले आफ्ना कविताका माध्यमबाट वीर नेपालीहरुको वन्दना गर्नुका साथै देशभक्तिको तीव्र भावना जगाएर सारा नेपालीहरुलाई राष्ट्रनिर्माणको महायज्ञमा लाग्ने प्रेरणा दिएका छन् । यस धाराका कवितामा केही भाषिक कसरमसर फेला पर्दछन् तापनि प्रारम्भिक रचना भएका हुँदा अनौठो मान्नु पर्दैन । नेपाली भाषाले कवितात्मक अभिव्यक्ति प्राप्त गर्नु सक्नु नै यस धाराको महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ ।

वीरधारा कवितामा देशनिर्माणमा लाग्ने मानिसहरुको उत्साह जगाउने काम गरिएको छ । यसका साथै वीरताको प्रशंसा र गुणगान पनि त्यसबेलाका कविता गरिएको पाइन्छ । त्यसबेला कविता गीति लय र शास्त्रीय लयमा लेखिएका छन् । वीरधारा पनि भक्तिधाराको पूर्व रुप भएकाले यसलाई पनि भक्तिधाराअन्तर्गतको प्राप्ति नै मान्नुपर्दछ । यसरी वि.सं. १८७२ मा सुगौली सन्धिले वीर नेपालीहरुको स्वाभिमानमा ठूलो चोट पुऱ्यायो । नेपाली देशनिर्माणको निम्ति जुन उत्साहका साथ अघि बढिरहेका थिए त्यसमा विराम चिन्ह लाग्यो । वीर तथा उत्साही नेपालीहरुका खुँडा, खुकुरी थन्किए । विशाल नेपालको सपना देख्ने नेपालीहरु आत्मग्लानि र चिन्तामा परे । यसै फलस्वरुप नेपाली कविताको परम्परामा भक्तिधाराको सुरुवात हुन पुग्यो । नेपाली साहित्यमा वि.सं. १८७३ देखि मोतीराम भट्टको उदय हुनुपूर्व अर्थात् वि.सं. १९३९ सम्मको समयावधिलाई भक्तिकाल भनेर चिनिएको छ । नेपाली साहित्यमा भक्तिकालको प्रारम्भदेखि नै नेपाली भाषाको प्रयोग गरेर कविता रचना गरिनु यस कालको महत्वपूर्ण उपलब्धी हो । यस समयावधिमा विशेषगरी दुईवटा धाराहरु छन्- सगुण भक्तिधारा र निर्गुण भक्तिधारा । भक्तिपरक कविता रचना गर्ने विभिन्न प्रतिभाहरु छन् । उनीहरुका आफ्नै मूल्य र मान्यता छन् । त्यही मूल्य र मान्यतामा रहि सगुण भक्तिधाराका कविहरुले र निर्गुण भक्तिधाराका कविहरुले कविताहरु सिर्जना गरेका छन् । सगुण भक्तिधारा फेरी रामभक्तिधारा र कृष्णभक्तिधारामा विभाजित गरिएको छ । यी सबै धाराहरुमध्ये नेपाली भाषामा सबैभन्दा पहिले कविता रचना गरेको भेटिएको कृष्णभक्ति धाराको नै हो । प्राथमिककालीन भक्तिधाराअन्तर्गत देखापर्ने कृष्णधाराका कविहरुले भगवान् श्रीकृष्णलाई आराध्यदेव मानेर उनको अद्‌भूत चरित्र र विभिन्न क्रियाकलापलाई काव्यात्मक अभिव्यक्ति दिने काम गरेका छन् । कवि इन्दिरस नै नेपाली भक्तिसाहित्यको सबैभन्दा पहिलो कवि हुन् । उनीबाट नै नेपाली भाषामा भक्तिपरक कविता लेख्ने प्रचलनको सुरुवात भएको देखिन्छ । भक्तिपरक कवितामा इन्दिरस-गोपिका स्तुति, विद्यारण्यकेशरी अर्ज्याल-युगलगीत, द्रौपदीस्तुति, वसन्त शर्मा लुँइटेल- श्रीकृष्ण चरित्र, वीरशाली पन्त- श्रीकृष्ण चरित्र, हीनव्याकर्णी, विद्यापति-गीतगोविन्द, पतञ्जलि गजुऱ्याल-बालगोपालवाणी आदि प्रमुख मानिन्छन् । यी सबै कवि प्रतिभाहरूमध्ये काव्यिक दृष्टिकोणलाई आधार मानी कविताकाव्य रचना गर्ने कविका रुपमा वसन्त शर्मा अगाडि रहेका देखिन्छन् । यिनको 'श्रीकृष्णचरित्र' खण्डकाव्य काव्यिक मूल्याङ्कनका दृष्टिकोणले अन्य कविका कृतिहरुभन्दा उत्कृष्ट

फेला पर्दछ । यसमा कृष्ण भगवान्को चरित्र (जीवनलीला) लाई प्रस्तुत गरिएको छ । चरित्रको एक निष्ठता नै यस कृतिको केन्द्रबिन्दु भएकोले यो खण्डकाव्यको श्रेणीमा आएको हो । यसमा नेपाली वातावरणको झलक देखाउन शब्द एवं वाक्य योजनाको तथा भावसौन्दर्यपरक वा व्यञ्जनात्मक भाषिक प्रयोग गरिएको छ । रूपात्मक दृश्यपरक अभिव्यक्ति प्रणालीको प्रयोगले यस कृतिलाई झनै माथिल्लो श्रेणीमा श्रेणीवद्ध हुन मद्दत पुऱ्याएको पाइन्छ । वसन्तको श्रीकृष्ण चरित्रसँग प्रतिस्पर्धा गर्ने अर्को कुनै काव्य कृति रचना हुन नसकेको देखिन्छ । नतिजास्वरुप श्रीकृष्ण चरित्र कृष्णभक्तिधाराको उत्कृष्ट काव्यकृति र यसका रचनाकार वसन्त शर्मा उक्त धाराका विशिष्ट कविका रुपमा चिनिएका छन् । तथापि वसन्त शर्मा रचित श्रीकृष्णचरित्रका कयौं दुर्बल पक्षहरु समेत फेला पर्दछन् । कवि वसन्तका आफ्ना दुर्बलताहरु छन् । तैपनि नेपालीका प्रथम खण्डकाव्यकारका रुपमा यिनको महिमा अक्षुण छ । कृष्णभक्तिधारामा कवि वसन्तका कृतिलाई महत्वपूर्ण उपलब्धी मानिन्छ ।

कृष्णभक्तिधारापछि रामभक्तिधारालाई लिइएको पाइन्छ । राम भक्तिधारा समग्रमा प्राथमिककालकै सशक्त धारा हो । यस धाराका कविहरुले मर्यादापुरुषोतम रामलाई आराध्यदेव मानेर उनको क्रियाकलाप र चरित्रलाई काव्यात्मक वाणी दिने काम गरेका छन् । यस धाराको सूत्रपात गर्ने पहिलो कवि रघुनाथ पोखऱ्याल हुन् । उनले अनुवाद गरेको 'सुन्दरकाण्ड' कविताकै माध्यमबाट यस धाराको सूत्रपात गरिएको हो । यसपछि नेपाली साहित्यका प्राथमिककालका शीर्षस्थ प्रतिभा भानुभक्त आचार्य देखापर्दछन् । उनले फुटकर कविताका अतिरिक्त भक्तमाला, प्रश्नोत्तरमाला, रामायण, वधूशिक्षा, रामगीताजस्ता उत्कृष्ट काव्यकृतिहरुको सृजना गरे । उनका रचनाहरु मौलिक हुनुका साथै सरल र सरस रहेका छन् । उनले कविताका लघु, मध्यम र बृहत गरी तीन प्रकारका रचनाहरु सिर्जना गरेका छन् । उनमा मोतीराम भट्टले भनेझै सहज कविमा हुने गुणहरु प्रशस्त मात्रामा भेट्न सकिन्छ । उनको 'रामायण' प्राथमिककालकै प्रतिनिधि रचना हो । यो सरल, सहज, स्वाभाविक तथा मीठो भाषाशैलीमा लेखिएको छ । 'रामायण' का माध्यमबाट नेपाली जनजीवनमा सामाजिक, नैतिक र आध्यात्मिक चेतना फिजाउन सक्नु भानुभक्तको आफ्नै विशेषता हो ।[६१] भानुभक्तीय रामायण कवित्व, आध्यात्मिक भाव र अभिव्यक्ति शिल्पका दृष्टिले नेपाली साहित्यको एक युगीन उपलब्धी हुन आएको छ । उनले अध्यात्मरामायणको मूलकथा, विषयवस्तु, भाव, विचार र सङ्गठनमाथि कुनै हस्तक्षेप नगरेरै त्यसलाई निजी मौलिकताले रङ्गाएका छन् । मूलकथाका डोबभित्रै रहेर आफ्नै छन्द र लयमा भानुभक्तले रामकथाको वर्णन साह्रै हृदयस्पर्शी तरिकाले गरेका छन् । रामायणमा प्रयोग हुन आएका प्राय : सबै छन्दहरु लोकलयकै हाराहारीमा उभिन सफल छन् र साङ्गीतिक माधुर्यको झङ्कार थप गर्न समर्थ छन् । शार्दूलविक्रिडित छन्द त जनजनका कण्ठमा विशेष गरेर नारीकण्ठमा स्थान ओगट्न सफल भएको छ । त्यस्तै प्रकारका अनेक यस्ता वैशिष्ठ्यले गर्दा भानुभक्तीय रामायण नेपाली काव्यकै एक कोशेढुङ्गा सावित भएको छ ।

रामभक्तीय रामायण स्वयंमा महाकाव्य होइन तर महाकाव्यात्मक प्रभाव दिन समर्थ छ । भानुभक्तीय रामायण अध्यात्मरामायणकै नेपाली पाठ हो । यसको अध्ययन काव्यात्मक रुचीले भन्दा धार्मिक वा भक्तिभावको आस्थाले गरिन्छ । तर नेपालीमा परिणत हुँदा यसले धर्म-ग्रन्थ र काव्य दुबैको खाँचो पूरा गऱ्यो । यस दृष्टिले महाकाव्यधर्मी पौराणिक काव्यको श्रेणीमा भानुभक्तीय रामायणले स्थान पाइसकेको छ । यसभन्दा अगाडि पनि नेपालीमा धेरै नै कविता लेखिसकिएका थिए । धार्मिक वा पौराणिक काव्यहरु पनि जनताका सामु आइसकेका थिए । तर ती रचनाहरुले न त जनमानसमा भक्तिभावको स्पष्ट आकार कोर्न सकेका थिए न त काव्यात्मक रुचि नै पैदा गराउन समर्थ बनेका थिए । यी सबै खाँचोलाई भानुभक्तीय रामायणले मात्र टार्न सक्यो । त्यसैले भानुभक्तीय रामायणको महत्व युग प्रभावी हुन पुग्यो ।

भानुभक्तभन्दा पहिलेका कविहरुले नेपाली कविताको निमित्त गरेको प्रयास अभ्यास मात्र थियो । एकाध छन्द वा अभिव्यक्तिमा कविताको झल्याकझ्लुक  रुप  दिन खोजे पनि समष्टिमा

---

६१. डा. दयाराम श्रेष्ठ, नेपाली साहित्यका केही पृष्ठ, पृ. २, साझा प्रकाशन, पाँचौ संस्करण, २०६३ ।

नेपाली कविताको सग्लो रुप आउन सकेको थिएन । उनीहरुले भाव, भाषा र अभिव्यक्तिमा सन्तुलन स्थापित गर्न सकेका थिएनन् । त्यसैले गर्दा यसभन्दा पहिलेका काव्यचेष्टा जनमानसमा घुल्न सकेनन् न त कवितामा नै जनमनको धुकधुकी उत्र्यो । न त ती सिलोक नै जनजिभ्रोमा चढे । यस्तो स्थितिमा भानुभक्तीय रामायणले यस्तो मोहनी लगायो जसबाट बच्न कोही पनि सकेन । रामायणले नेपालभित्रका नेपालीलाई मात्र होइन नेपाल बाहिर छरिएर रहेका नेपाली जातिलाई पनि एकसूत्रमा उन्यो । पृथ्वीनारायण शाहले भौगोलिक रुपमा जुन विशाल नेपालको निर्माण गरेका थिए त्यसलाई भानुभक्तले भाषा र संस्कृतिको रसान दिएर जातीय एकतामा जुटाए । यो महान् काम भानुभक्तका रचनाले गरे । त्यसैले भानुभक्तका रचनाको विशेष गरेर उनको रामायणको युगवाणी प्रभाव रहन गएको हो । महाकाव्यको प्रमुख वैशिष्ट्य युगव्यापी प्रभाव सृष्टि गर्नु हो भने भानुभक्तीय रामायणलाई महाकाव्यको दर्जा दिन कुनै सङ्कोच मान्नु पर्दैन ।[६२]

भानुभक्तका कृतिहरुमा उनको रामायणको युगव्यापी महत्व छ । एकातिर यस कृतिले भानुभक्तले अभिव्यक्ति-विस्तारलाई खुला र व्यापक भूमि प्रदान गऱ्यो भने अर्कोतिर उनको प्रभाव विस्तृतिमा पनि यसले सघाउ पुऱ्यायो । सप्ताह, चतुर्मासाजस्ता अनुष्ठानका रुपमा परम्परादेखि चल्दै आएका विधिविधान नै नेपाली भक्तिसम्प्रदायका कारक संस्था थिए । नेपालमा प्रचालित राम, कृष्ण शाक्त, सन्तजस्ता पौराणिक पन्थका सम्प्रदायहरुलाई यस्तै सप्ताह-चतुर्मासाजस्ता अनुष्ठानले बल पुऱ्याउँदै आएका हुन् । भानुभक्तीय रामायणले अब ती अनुष्ठानलाई घरघरमा पुऱ्याइदियो र उनको रामायणले अब ती अनुष्ठानलाई घरघरमा पुऱ्याइदियो  र उनको रामायणसँगै भानुभक्तको प्रभाव पनि फैलिन पुग्यो । रचनात्मक दृष्टिले

भानुभक्त नै भक्तिधारालाई मौलिक प्रतिष्ठा दिने कवि हुन् । वसन्त शर्मा, इन्दिरस, विद्यारण्यकेशरी, वीरशाली पन्त, रघुनाथ, सुन्दरानन्द आदि कवि लेखकहरुले भक्तिरचनाको निर्माण गरेका भए पनि ती रचनाहरुले जनमानसलाई आफूतिर तान्न सकेका थिएनन् । त्यसैले गर्दा भक्तिकाव्यको कुनै मानस्तर निर्धारित हुन पाएको थिएन तर भानुभक्त आएपछि उनका रचनाले काव्यकविताका रुपमा प्रचलित भक्तिधारालाई चरम उत्कर्षमा पुऱ्याए । भानुभक्तीय रामायण, भक्तमाला र प्रश्नोत्तरी नेपाली भक्तिसाहित्यका मानक रचना प्रमाणित भए । भक्ति साहित्यमा भानुभक्तपूर्वका र समकालिक कविहरुले मात्र होइन उत्तरवर्ती कविहरुल पनि उनको समता गर्न सकेनन् । यसरी भक्तिसाहित्यमा अजेय स्थान पाउनुका साथै भक्तिधारालाई मूल प्रतिष्ठा दिलाउनमा पनि भानुभक्त उत्तिकै अविष्मरणीय रहेका छन् । भानुभक्त यस चरणमा देखापर्नु नेपाली साहित्यको भक्तिधारामा महत्वपूर्ण प्राप्ति हो ।

६२. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पृ. ११६, साझा प्रकाशन, संस्करण दोस्रो, २०५६ ।

अर्कातिर निराकार परब्रह्म चिन्तनमा जोड दिनुपर्ने तक अघि सार्दै सन्त कविहरुले निराकार परब्रह्मको स्तुति गरी कविताकाव्य रचना गर्ने कार्य पनि यसै समयमा भएको पाइन्छ । यसरी साकार तथा निराकार ईश्वरवन्दना गरी कविताकाव्य रचना गरिनु भक्तिकालको महत्वपूर्ण उपलब्धी हो । समाजलाई नैतिक सन्देश लिएर समाजमा धार्मिक प्रगति होओस् भन्ने भावनालाई आत्मसाथ गरी कवितकाव्यको सृजना हुनु भक्तिकालको महत्वपूर्ण प्राप्ति हो । निर्गुण भक्तिधारा अन्तर्गत देखापरेका तीनजना कविप्रतिभाहरु अगमदिलदास, अषडदिलदास र ज्ञानदिलदास हुन् । अगमदिलदास र अषडदिलदासले आफ्ना रचनाहरु शुद्ध नेपाली भाषामा रचना नगरेका भए तापनि तिनका कविता नेपाली भाषाका शब्दहरुको विजय भएको देखिनाले उक्त द्वय कवि प्रतिभालाई सन्त साहित्यमा स्थान दिएको हो । यसपछि उदाएका अर्का कवि प्रतिभा ज्ञानदिलदास नै निर्गुण भक्तिधारामा सर्वश्रेष्ठ कवि हुन् र उनको ‘समुन्द्रलहरी’ उत्कृष्ट कृति हो । यो कृति शुद्ध नेपाली भाषामा रचना गरिएको छ । नेपाली साहित्यमा निर्गुण भक्तिधारालाई स्थापित गराउने कवि प्रतिभाका रुपमा ज्ञानदिलदासलाई बिना सन्देह लिन सकिन्छ । यिनी कविहरुले पनि निराकार परब्रह्ममा जोड दिने कार्य गरेकाले यिनको पनि यस धारामा ठूलो उपलब्धी रहेको छ ।

भक्तिकालीन कविहरुले शास्त्रीय छन्दमा कविताकाव्य रचना गरी कविताको आन्तरिक सौन्दर्य बढाउन प्रयत्न गर्नु नै नेपाली साहित्यकै महत्वपूर्ण उपलब्धी मान्नुपर्दछ । यस चरण भक्तिकालीन प्रथम कवि इन्दिरसदेखि लिएर आदिकवि भानुभक्त आचार्यसम्म प्राय : सबैले शास्त्रीय छन्दमै आधारित रहेर कविताकाव्यको रचना गरेका छन् । शास्त्रीय छन्दहरु जस्तै- शिखरिणी, शार्दूलविक्रीडित, मालिनी इत्यादिको प्रयोग गरेर कविताकाव्यको रचना गरी नेपाली

कवितालाई स्पष्ट दिशा निर्देश गर्नु भक्तिकालीन काव्यपरम्पराको महत्वपूर्ण उपलब्धी हो । यसका साथै लोकलय (झयाउँरे) मा आधारित रहेर विभिन्न कवि प्रतिभाहरुले कविताकाव्य रचना गरेको पाइन्छ । यी कविताहरुमा लोकलयमा पाइने लय, अनुप्रास र सूत्रात्मक कथनको प्रवृत्ति अङ्गीकार गरिएको पाइन्छ । यसरी भक्तिकालीन कविताको प्रारम्भदेखि नै शास्त्रीय छन्दमा आधारित रही कविताकाव्यको रचना हुनु यसकालको मुख्य प्राप्ति वा मूल्य हो ।

भक्तिकालीन काव्यपरम्परामा कविता रुपका प्रयोगका दृष्टिले कवितामा लघु रुप (फुटकर कविता) मध्यम रुप (खण्डकाव्य) र बृहत् रुप (महाकाव्य) समेतको प्रयोग भएको देखिन्छ ? कवि इन्दिरस, विद्यारण्यकेशरी, हीनव्याकर्णी विद्यापति, पतञ्जलि गजुऱ्याल आदिले फुटकर कविता रचना गरेका छन् भने कवि वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, रघुनाथ पोखऱ्यालले खण्काव्य रचनामा योगदान पुऱ्याएका छन् ।

यस चरणको महानतम् उपलब्धी भनेको कविताको बृहत रुप महाकाव्यको रचना हुनु हो । यो महाकाव्य केवल भक्तिकालको मात्र महानतम् उपलब्धी नभएर सिङ्गो नेपाली साहित्यकै अमूल्य सम्पत्ति हो । भक्तिकालीन फुटकर कवितादेखि लिएर महाकाव्यसम्मका सबै कृतिहरुमा धार्मिक-पौराणिक विषयवस्तुलाई अङ्गीकार गरी कविताकाव्यको रचना गरिएको छ । यसरी भक्तिकालीन परम्परामा आकारप्रकार दृष्टिले विभिन्न रुपका कविता रचना हुनु यस कालको महत्वपूर्ण उपलब्धी हो । यो नेपाली साहित्यकै ठूलो सौभाग्य पनि हो । भक्तिकालीन कविताकाव्यले समग्रमा काव्यात्मक उचाई प्राप्त गरेको छ । लोकलयका साथै विभिन्न शास्त्रीय छन्द, विधि र विभिन्न रुपका कविताकाव्य रचना हुनु, ती कविताकाव्यहरु साकार तथा निराकार ईश्वरवन्दनामा आधारित हुनु, कविता-काव्यमा स्थान पाउनु, नेपाली बाहेक अन्य भाषाका शब्दहरुको प्रयोग भएतापनि चर्को रुपमा नेपालीपन अभिमुख भएको हुनु आदिजस्ता विविध कारणहरुले नेपाली साहित्यको भक्तिवाद उपलब्धीपूर्ण देखिन्छ ।

# परिच्छेद सात

# उपसंहार

नेपाली साहित्यमा ईश्वर वन्दनाको रुपमा प्रार्दुभाव भएको भक्तिधाराको नेपाली कविताकाव्यको श्रीबृद्धिमा अतुलनीय योगदान रहेको छ । कवि इन्दिरसको 'गोपिकास्तुति' नै नेपाली साहित्यमा भक्तिधारा आमन्त्रण गर्ने प्रथम कविता मानिन्छ । कवि इन्दिरसपछि विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, वीरशाली पन्त, भानुभक्त आचार्य आदि कविहरु भक्तिसाहित्यका कवि/सर्जकको रुपमा उदयमान भएको पाइन्छ । भक्तिकालीन कविहरुले आफ्ना कविता/कृतिहरुमा प्रमुखतः ईश्वरीय साकार रूप श्रीकृष्ण र श्रीराम तथा निराकार परब्रह्मको देवोवन्दना बडो सरस, सहज र सरल ढङ्गले व्यक्त गरेको दृष्टान्त छर्लङ्गै हुन्छ ।

यद्यपी भक्तिकालीन कविताकाव्यहरुमा अन्य भाषाहरु जस्तै :- अवधि, भोजपुरी, मैथिली हिन्दी आदिको छिट्पुट प्रभाव भेटिए पनि यी कविता कृर्तिहरुमा नेपाली भाषाको प्रबल छटा सशक्त रुपमा विराजित रहेको छ । संस्कृत तत्सम शब्द र हिन्दी भाषी शब्दहरुको अलिक बाक्लो उपस्थिति रहे तापनि भक्तिकालीन कविताकाव्यमा नेपाली मौलिकपन यत्रतत्र सर्वत्र छचल्किएको पाइन्छ ।

कविताको सौन्दर्य बृद्धि गर्न भक्तिकालीन कविहरुले अलिक बढी नै मात्रामा संस्कृत साहित्यका शास्त्रीय तत्वहरुलाई समेत समाविष्ट गरेको पाइन्छ । श्रृङ्गारिकताप्रति आकृष्ट हुँदै अघि बढेको भक्तिकालीन कविताकाव्य लेखनले ईश्वरवन्दनाका साथसाथै नैतिक चेतना, हिन्दू धार्मिक सांस्कृतिक मोह मानवतावादी चिन्तन र आध्यात्मिक दर्शनको पक्षमा समेत सशक्त रुपमा वकालत गरेको देखिन्छ । भक्तिकालीन कविताकाव्यहरु लघुरुपी मुक्तकदेखि, फुटकर कविता, खण्डकाव्य हुँदै बृहत रुपका महाकाव्यसम्म अगाडि बढेको पाइन्छ ।

ईश्वर आराधनाबाट शुरु भएको भक्तिकालीन कविताकाव्यले नैतिक चेत, आध्यात्मिक दर्शन, संस्कृत शास्त्रीय छन्द, लोकलय, अनुवाद, श्रृङ्गारिकता, हाँस्यप्रसङ्ग, संस्कृतिप्रेम, मानवतावाद र नेपाली भाषा जस्ता विविध आयामहरुलाई भक्तिकालीन मुख्य काव्य प्रवृत्तिहरुको रुपमा समेट्दै अगाडि बढेको पाइन्छ ।

यसरी नेपाली साहित्यमा विशेषत : कविताकाव्यको श्रीबृद्धिमा पूर्वमध्यकालीन भक्तिधाराको निकै महत्वपूर्ण काव्यात्मक मूल्य रहेको प्रष्ट हुन्छ । भक्तिकालीन कविताकाव्यहरु समग्रमा सौन्दर्यका हिसाबले केही श्रृङ्गारिक, संरचनाका हिसाबले छन्दोवद्ध र भाषिक हिसाबले केही हदसम्म बहुभाषीय प्रभाव देखिएतापनि नेपाली भाषाको केन्द्रियता स्थापित गरेको देखिन्छ । तसर्थ यी समस्त काव्यात्मक प्राप्तिका आधारमा नेपाली साहित्यमा भक्तिकालीन कवि र उनका कविताकाव्यहरुको उच्च मूल्याङ्कन गर्न सकिन्छ ।

# सन्दर्भग्रन्थ–सूची


१. आचार्य, बाबुराम, **पुराना कवि र कविता**, ललितपुर : साझा प्रकाशन, २०६२ ।

२. आचार्य, भागवत, **कविता सिद्धान्त र नेपाली कविता**, काठमाडौं : नवीन प्रकाशन, २०५८ ।

३. उपाध्याय, केशवप्रसाद, **केही रचना केही विवेचना**, (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन, २०६२ ।

४. उपाध्याय, केशवप्रसाद, **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति**, (चौथो सं.), ललितपुर : साझा प्रकाशन, २०६० ।

५. ओझा, रामनाथ र मधुसुदन गिरी, **लोकसाहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध** (दोस्रो सं.), कीर्तिपुर, स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०६२ ।

६. ओझा, रामनाथ र मधुसुदन गिरी, **भाषाविज्ञान**, (चौथो सं.), कीर्तिपुर : सनलाइट पब्लिकेशन, २०६२ ।

७. गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६२ ।

८. गौतम, देवीप्रसाद, **नेपाली भाषा परिचय**, ललितपुर : साझा प्रकाशन, २०४९ ।

९. पराजुली, ठाकुर, **नेपाली साहित्यको परिक्रमा**, (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन, २०५६ ।

१०. पौड्याल, कृष्णविलास, **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना**, काठमाडौं : नवीन प्रकाशन, २०६० ।

११. प्रसाई, गणेशबहादुर, **सुवानन्ददासदेखि राजीवलोचनसम्म**, (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन, २०६४ ।

१२. बन्धु, चुरामणि, **नेपाली भाषाको उत्पत्ति**, ललितपुर : साझा प्रकाशन, २०५२ ।

१३. शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रुपरेखा**, (दोस्रो सं.), काठमाडौं : अभिनय प्रकाशन, २०५६ ।

१४. शर्मा, जनकलाल, **जोसमनी सन्त परम्परा र साहित्य**, (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन, २०५२ ।

१५. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **नेपाली कविता आख्यान**, काठमाडौं : नवीन प्रकाशन, २०५५ ।

१६. शर्मा, हिरण्यप्रसाद, **नेपाली कवितामा भक्तिधारा : परम्परा र प्रवृत्ति**, नेपालगन्ज : म.ब. क्याम्पस, अप्रकाशित, एम.ए. शोधपत्र, २०६२ ।

१७. श्रेष्ठ, दयाराम, **नेपाली साहित्यका केही पृष्ठ**, (पाँचौ सं.), ललितपुर : साझा प्रकाशन, २०६२ ।

१८. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (चौथो सं.), ललितपुर : साझा प्रकाशन, २०४९ ।

१९. त्रिपाठी, वासुदेव र अन्य, **नेपाली कविता (भाग २)**, ललितपुर : साझा प्रकाशन, २०४९ ।